. In Public Domain. Digitization by eGangotri.Funding: I

नं. ४१४५

२६४

वेदान्त-संग्रह

द्वितीय भाग

लेखक र प्रकाशक :—

राम बहादुर गोतामे क्षत्री

१७/१२८ लाजिम्पाट, काठमाडौं

नेपाल

विक्रम सम्वत् २०१८

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२६८ नं. ४९४७

वेदान्त-संग्रह

द्वितीय भाग

श्री ५ को सरकार
वेदान्त
१६९

[सर्वाधिकार सुरक्षित]

लेखक र प्रकाशकः—
रामबहादुर गोतामे क्षत्री
१७।१२८ लाजिम्पाट, काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

दुइ कुरा

मैले लखेको प्रथमभाग वेदान्त–संग्रह पुस्तकलाई सबै सज्जन महानुभावहरूले पढी विशेष रुचाउनु भएको र द्वितीयभाग पढ्न पनि इच्छा प्रकट गर्नु भएकोले नै मेरो उत्साह बढ्दै गएकोमा यो पुस्तक लेखेको हुँ। जसरी प्रथमभागलाई रुचाउनु भयो त्यसै गरी यो भागलाई पनि रुचाउनु भएमा यथाशीघ्र तृतीयभागको रचनाको निमित्त पनि प्रयत्न गर्ने थिएँ। यो द्वितीय-भाग प्रथमभागभन्दा विशेष प्रौढ लेखिएको छ। यसमा केही नकेही त्रुटि पर्न गएमा र छापा दुइचार अक्षर अशुद्ध परेकोमा त्यस उपर ध्यान नराखी यस पुस्तकलाई सबैले अध्ययन गरी मेरो उत्साहलाई बढाइ-दिनु होला भन्ने आशा गर्दछु।

—लेखक

प्रथमवार १०२५
विक्रम संवत् २०१८।१०।१ ।६।
सन् १९६२।१।२३।

मूल्य— मो० रु० ३।
भा० रु० २।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आर्थिक सहयोगी

श्रीमती महारानी साहेबा बलरामपुर स्टेटबाट, यो द्वितीयभाग पुस्तक प्रकाशन गर्नलाई समेत लागेको आर्थिक सहायता बक्सेकोमा म उहाँलाई सादर धन्यवाद समपर्ण गर्दछु। यसरी बारंबार सहयोग बक्सेकोबाट उहाँको उदारता र उच्चविचार स्पष्ट हुन्छन्। महारानी साहेबबाट यदि सहानुभूतिपूर्ण सहयोग नबक्सेको भए यो पुस्तक छपाउन मलाई कठिन नै पर्ने थियो यसमा सन्देह छैन। यसकारण दुवैभागको रचनाको श्रेय उहाँमा नै हुनु पर्दछ भन्ने मेरो विश्वास छ।

—लेखक

कृतज्ञता

यो पुस्तक लेख्नलाई लाजिम्पाट ॐ पुस्तकालयका सदस्यहरूले र टोल रक्षासंघका सदस्यहरूले समेत विशेष प्रोत्साहन दिनु भएकोले म उहाँहरूलाई धन्यवाद अर्पण गर्दछु। —लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:



श्री ५ महाराजाधिराज—महेन्द्र वीरविक्रम शाहदेव

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

१. २।ई-ग/११९/१

श्री ५ महाराजाधिराजका प्रमुख निजी सचिवालय

राजदरबार नेपाल २०११ निजी

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराजवाट
वक्सेको शुभसंदेश

श्री राम वहादुर गोतामे दौत्रीले लेखेको बेदान्त संग्रहमा खास गरी पौराणिक र परम्प-रागत कथाहरू द्वारा धर्म र दर्शन संवन्धि विषयहरूलाई सरल र रोचक ढंगले बुझाईएका छन् । मलाई आशा तथा विश्वास छ की धर्म प्राण नेपालीहरूले यसलाई उत्साहपूर्वक अपनाउने छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

श्री १०८ स्वामी ईश्वरानन्द

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

गुरु

श्रीगीताप्रचार आश्रम सरस्वती अखडा स्वयम्भूः निवासी श्रोत्रिय— ब्रह्मनिष्ठ गुरु श्री १०८ स्वामी ईश्वरानन्दको आशीर्वादले मैले यो द्वितीयभाग वेदान्त–संग्रह पुस्तक लेखेको हुँ र यसै गरी गुरुको कृपाबाट म माथि बारंबार वेदान्तको उपदेश भयो भने यसै पुस्तकको अन्य भाग र अरू ग्रन्थ समेत लेख्नलाई मलाई केही कठिनता पर्ने छैन भन्ने निश्चयमा छु।

—लेखक शिष्य

कृतज्ञता–प्रा० जुननाथ प्रति

यो मेरो द्वितीयभाग पुस्तकमा पनि पण्डितजीले संशोधन गरिदिनु भएकोले नै मैले सफलता प्राप्त गर्न सकेको हुँ। यसको निमित्त म उहाँको हृदयदेखि हार्दिक कृतज्ञ र आभारी छु।

—लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

लेखक—
श्री रामबहादुर गोतामे क्षत्री
१७।१२८ लाजिम्पाट, काठमाडौं

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विषय-सूची

विषय		पृष्ठ संख्या
१ ब्रह्म-प्रार्थना	....	१
२ आत्मज्ञको महत्व	....	३
३ आयु	....	६
४ जन्म र मरण	....	१०
५ पाप र पुण्य	....	१३
६ प्रारब्धको निराकरण पुरुषार्थ र ज्ञान	....	२१
७ धर्म	....	२९
८ मनको स्वरूप	....	३७
९ आत्म-निरूपण	....	४०
१० ज्ञान	...	४५
११ भावना	....	५४
१२ महात्मा	....	६०
१३ दीर्घदृष्टि र एक सन्तको सम्वाद	....	६६
१४ सत्संग	....	७०
१५ शुकदेवको ज्ञान प्राप्ति	....	७७
१६ विचित्र माया नगरी	...	८५
१७ आत्मारूपी मिश्री	....	९०
१८ गुरु नानक	...	९३
१९ राजा भोज र कालिदास	....	१००
२० कलियुगको स्वरूप	....	१०२
२१ शास्त्रको प्रयोजन	...	१०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

विषय		पृष्ठ संख्या
२२ कर्ता-भोक्ता	....	११५
२३ नवीन वेदान्तीको नवीन विचार	....	१२१
२४ आफैंले बनाएको नाटकको तमासा	...	१२६
२५ नास्तिक र आस्तिकको संवाद	...	१२९
२६ मुख्य कोषको प्राप्ति	....	१३५
२७ वीर आत्माको एक झलक	....	१४०
२८ बन्धन कसको ?	...	१४४
२९ याज्ञवल्क्य-मैत्रेयी संवाद	....	१४८
३० ब्रह्ममय जगत्	...	१५३
३१ जीव र ब्रह्मको एकत्व	....	१५९
३२ आत्मा–अनात्मा विवेचन	...	१६७
३३ विषय–सुख	....	१७०
३४ वेदान्ती संन्यासी	....	१७७
३५ स्वप्न अवस्था	....	१८१
३६ सुषुप्ति	....	१८६
३७ जीवको मोहको सात अवस्थाहरू	....	१९२
३८ ईश्वर	....	१९५
३९ उमेर घटाउने र बढाउने साधन	....	१९८
४० भावना शक्ति	....	२००
४१ वेदान्त प्रक्रिया	....	२०६
४२ आत्मा सम्बन्धी प्रश्नोत्तर	....	२२१

———

epal Sanskrit University, Balmeeki Campus, Kathman

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ब्रह्म-प्रार्थना

यतः सर्वाणि भूतानि प्रतिभान्ति स्थितानि च ।
यत्रैवोपशमं यान्ति तस्मै सत्यात्मने नमः ॥

जुन परब्रह्मबाट आकाशादि महाभूतहरू, सृष्टिको आदि कालमा जसको सत्ताले नै सत्ता पाएर सृष्टि कालमा आविर्भाव हुन्छन्, स्थिति कालमा जसको सत्ताले नै रहेका छन्, प्रलय कालमा पनि जसको सत्ता मात्र परिशेषले तिरोभाव हुन्छन् ती सत्य-स्वरूप परब्रह्मलाई नमस्कार छ ।

यत्सर्वं खल्विदं ब्रह्म तज्जलानिति च स्फुटम् ।
श्रुत्या ह्युदीर्यते साम्नि तस्मै ब्रह्मात्मने नमः ॥

(सर्वं खल्विदं ब्रह्म तज्जलानिति) भन्ने श्रुतिले सामवेदमा जो बताइएको छ ती ब्रह्म स्वरूपलाई नमस्कार छ ।

हृदयकमलमध्ये निर्विशेषं निरीहम्
हरिहरविधिवेद्यं योगिभिर्ध्यानगम्यम् ।
जननमरणभीतिभ्रंसि सच्चित्स्वरूपम्
सकलभुवनबीजं ब्रह्म चैतन्यमीडे ॥

हृदय कमलको बीचमा रहेका, नाना किसिमको भेद शून्य, निराकांक्ष, समस्त ऐश्वर्य पाएका विष्णु, शिव, ब्रह्माले थाहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

पाइने, योगीहरूले ध्यानद्वारा जानिने, जन्म मृत्यु निमित्तका भयलाई नाश गर्ने, सदा स्थायीस्वरूप र ज्ञान स्वरूप भएका सबै भुवनको कारण, चैतन्य चेतन ब्रह्मको म ध्यान गर्दछु ।

नमस्ते सते सर्वलोकाश्रयाय
नमस्ते चिते विश्वरूपात्मकाय ।
नमोऽद्वैततत्त्वाय मुक्तिप्रदाय
नमो ब्रह्मणे व्यापिने निर्गुणाय ॥

सधैं स्थायी भएर रहने, सबै लोकको आधार भएका ब्रह्मलाई नमस्कार । चैतन्य विश्वरूप आत्मा भएका ब्रह्मलाई नमस्कार । सजातीय विजातीय देहमा रहेका भेद शून्य तत्त्व भएका, मुक्ति दिने ब्रह्मलाई नमस्कार । सबै वस्तुमा रहेका सत्त्व, रज तमो गुण रहित ब्रह्मलाई नमस्कार ।

त्वमेकं शरण्यं त्वमेकं वरेण्यं
त्वमेकं जगत्कारणं विश्वरूपम् ।
त्वमेकं जगत्कर्तृ पातृप्रहर्तृ
त्वमेकं परं निश्चलं निर्विकल्पम् ॥

केवल तपाईं शरण लिनमा साधु हुनुहुन्छ । केवल मुख्य तपाईं जन्म मृत्यु दुःखदेखि डराउनेहरूले उपासना गरिने हुनुहुन्छ । तपाईं एक जगत् निर्माण गर्ने, रक्षा गर्ने, नाश गर्ने

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुनुहुन्छ। तपाईं नै मुख्य श्रेष्ठ निश्चल नाना किसिमको कल्पनाले शून्य हुनुहुन्छ।

तं ह देवमात्मबुद्धि प्रकाशं
मुमुक्षुर्वै शरणमहं प्रपद्ये।

(अहं ब्रह्मास्मि) भन्ने स्वपदको प्राप्तिको साधन बुद्धिलाई प्रकाश गर्ने ती यी ईश्वरको म शरण पर्दछु।

आत्मज्ञको महत्त्व

आत्मानं चेद् विजानीयादयमस्मीति पूरुषः।
किमिच्छन् कस्य कामाय शरीरमनुसंज्वरेत्॥
(बृह० ४।४।१२)

यदि पुरुषले आत्मालाई म यही हुँ भनी यस्तो प्रकार विशेषरूपले जान्यो भने फेरि के इच्छा गर्दछ र कुन कामनाले शरीरको पछि संतप्त (संतापले युक्त) हुन्छ ?

सहस्रमा कोही एक सम्पूर्ण प्राणीहरूको बुद्धिवृत्तिलाई जान्ने, हृदयस्थ र क्षुधादि धर्मदेखि अतीत, जसदेखि भिन्न कुनै आर्को द्रष्टा, श्रोता, मन्ता र विज्ञाता हुँदैन, तथा सम्पूर्ण भूतमा सम एवं स्थित र नित्य शुद्ध-बुद्ध-मुक्तस्वरूप हो, त्यो मै नै हुँ। यस्तो प्रकारले जुन पुरुषले जानेको छ उसलाई आफ्नो स्वरूपको अतिरिक्त कुनै वस्तुको इच्छा हुँदैन अर्थात् उसको आत्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

लागि कुनै इच्छा गर्न योग्य फल नै छँदै छैन, किनकि आत्मादेखि भिन्न कुनै अन्य पदार्थ छैन। त्यो कुन कामनाले इच्छा गरोस्, किनकि त्यो सबको आत्मस्वरूप हुन जान्छ। त्यो कुन कामनाको लागि शरीररूप उपाधिको दुःखको कारणमा चिन्तित रहोस्।

जो शरीरादि अनात्मामा आत्मबुद्धि गर्दछ, आत्मादेखि भिन्न वस्तुको इच्छा गर्ने भएको त्यस अनात्मज्ञलाई नै अनुताप (पश्चात्ताप) हुन्छ। मलाई यस्तो प्राप्त होस्, मेरो पुत्र, पत्नीलाई यस्तो प्राप्त होस्, यस्तो प्रकारको इच्छा गर्ने जो छ पुनः पुनः जन्म-मरण-परम्परामा परिरहन्छ र शरीरको रोगको पछि रोगी हुन्छ। परन्तु सर्वात्मदर्शीलाई यस्तो हुनु असम्भव छ। यही कुरा श्रुतिमा पनि बताइन्छ—

यस्यानुवित्तः प्रतिबुद्ध आत्माऽ-
स्मिन् संदेह्ये गहने प्रविष्टः।
स विश्वकृत् स हि सर्वस्य कर्ता
तस्य लोकाः स उ लोक एव॥

(बृह० ४।४।१३)

यस अनेकौं अनर्थदेखि पूर्ण र विवेक-विज्ञानको विरोधी विषम (विकट) शरीरमा प्रविष्ट भएको आत्मा जुन ब्राह्मणलाई प्राप्त र ज्ञात भएको छ, त्यही विश्वकृत् (कृतकृत्य) हो त्यही सबको कर्ता हो, उसको लोक हो र स्वयं त्यही नै लोक पनि हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

इहैव सन्तोऽथ विद्मस्तद्वयं न चेदवेदिर्महती विनष्टिः।
ये तद्विदुरमृतास्ते भवन्त्यथेतरे दुःखमेवापियन्ति ॥

(बृह० ४।४।१४)

हामीले यस शरीरमा रहेर ब्रह्मलाई आत्मभावले जान्यौं भने हामी कृतार्थ हुन्छौं। यदि त्यसलाई जान्न सकिएन भने ठूलो हानि हुन्छ। त्यसलाई जो जान्दछ, त्यो अमृत हुन जान्छ; परन्तु जो जान्दैन त्यो दुःखमा प्राप्त हुन्छ अर्थात् जन्म मरणरूप भवचक्रमा घुमिरहन्छ।

सम्यगालोकनात्सत्याद्वासना प्रविलीयते
वासनाविलये चेतश्शममायाति दीपवत् ॥

(श्रुतिसिद्धान्तसारसंग्रह. मु. २।१७)

ब्रह्मदेखि अतिरिक्त केही छैन भनी राम्ररी देख्नाले वासना विलय हुन्छ। वासना रहित चित्त तेल नभएको बत्ति झैं शान्त हुन्छ।

जो पुरुष आत्मज्ञ भएको छ उसलाई कुनै कुरामा पनि सन्ताप हुँदैन। त्यस पुरुषले पाप पुण्य नै तापको हेतु हो भनी जानेको हुन्छ र आत्मालाई प्रसन्न गराउँछ अर्थात् पाप पुण्य दुवैलाई परमात्मभावले देख्तछ र त्यसलाई पाप-पुण्यले कुनै सन्तप्त गराउन सक्तैन। त्यस पुरुषको निमित्त पाप पुण्य दुवै भोग्नु नपर्ने हुनाको कारण जीवन-मुक्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

आयु

मानिसको आयु अति अल्प छ। तताइराखेको फलाममा पानी हाल्नासाथ तत्कालमा नै सुक्तछ एवं पानीमा फोका उठ्नाको साथै फुटिहाल्छ, बिजुलीको चमक जस्तो छ उस्तै आयु क्षणिक छ, देखिएको केही क्षणमा नै नष्ट हुन्छ। यसकारण बुद्धिमान् मानिसले आफ्नो कल्याणको निमित्त धर्म, कर्म र शास्त्र अध्ययन यथाशीघ्र गरिहालोस्। भनेको पनि छ--

अनन्तपारं किल शब्दशास्त्रं
स्वल्पं तथाऽऽयुर्बहवश्च विघ्नाः।

शास्त्र पढ़ेर काहिल्यै पार हुँदैन, उहीमाथि आयु थोरै छ र विघ्न धेरै छन्। तसर्थ धर्म, कर्म, शास्त्र अध्ययन इत्यादि गर्ने अहिले समय भएको छैन, बूढो भएपछि गरौंला भन्नेपट्टि नलागोस्, किनकि—

यावत्स्वस्थमिदं शरीरमरुजं यावज्जरा दूरतो
यावच्चेन्द्रियशक्तिरप्रतिहता यावत् क्षयो नायुषः।
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान्
संदीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः॥

(वैराग्य शतक० ९९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जबसम्म शरीर आफ्नो पुष्ट र निरोग हुन्छ र वृद्धावस्था आउन धेरै बाँकी छ, जबसम्म इन्द्रियका शक्ति घटेका हुँदैनन् र आयु पनि क्षीण भएको नहोस् तबसम्म बुद्धिमान् पुरुषले आफ्नो कल्याणको यत्न राम्रो तरिकाले गर्न उचित छ, जब घर जल्न थाल्दछ तब कूप (कुवा) खन्ने उद्योगमा लागेर के हुन्छ ?

यसो विचार गर्दा त आजकल धेरैजसो मानिसले आफ्नो विकारी शरीरलाई नित्य मानी मेरो मरण नै हुँदैन भनिठानेका छन्। यो निश्चय छ, जसले मर्नुपर्छ भनी देखेको छ, त्यसले कुकर्म गर्दैन र आफ्नो कल्याणको मार्ग खोजेको हुन्छ।

व्याघ्रीव तिष्ठति जरा परितर्जयन्ती
रोगाश्च शत्रव इव प्रहरन्ति देहम्।
आयुः परिस्रवति भिन्नघटादिवाम्भो
लोकस्तथाप्यहितमाचरतीति चित्रम् ॥

(वैराग्य शतक० १११)

वृद्ध अवस्था बाघिनी झैं सम्मुख खड़ा भएको छ, सब रोग शत्रुहरूका समान शरीरमा दण्डप्रहार गरिरहेका छन्, आयु प्रतिदिन यस्तो प्रकारले निक्लिदै गइरहेको छ, जस्तै फुटेको घडा-बाट पानी निक्लेर जान्छ, त्यस्तो हुँदाहुँदै पनि दुनियाँ जस-द्वारा आफ्नो खराब हुन्छ त्यही काम गर्दछ भने यो जस्तो ठूलो आश्चर्य अर्को के होला !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवितं
व्यापारैर्बहुकार्यभारगुरुभिः कालोऽपिन ज्ञायते ॥
दृष्ट्वा जन्मजराविपत्तिमरणं त्रासश्च नोत्पद्यते
पीत्वा मोहमयीं प्रमादमदिरामुन्मत्तभूतं जगत् ॥

(वैराग्य शतक० ३४)

सूर्यको उदय र अस्त हुनाले दिन–दिन आयु घट्तै जान्छ, अनेक कार्यपूर्ण व्यापारमा काल व्यतीत भएको थाहा हुँदैन र जन्म, वृद्धापन, विपत्ति, मरण इत्यादि देखेर पनि भय मान्दैन, यसबाट निश्चय हुन्छ कि मोहमयी प्रमादरूपी मदिरा पिएर जगत् मतवाला भइरहेको छ।

दृष्टान्त—कुनै एक ब्राह्मण बाटो भुल्नाले एउटा भयानक वनमा पुग्न गएछन्। त्यहाँ हात्ती, सर्प प्रभृति भयानक हिंसक पशुहरू घुमिरहेका थिए। एक पिशाचिनी हातमा शस्त्र लिएर अगाडि आइरहेकी थी। त्यसलाई देखेर डरले रक्षाको निमित्त स्थान खोज्न लागे। त्यस्तैमा उनले एक अन्ध कूप देखे, जसमा घासैघास र अनेक लहरा थिए। उनी लहरा समाती कूपमा झुन्डिएर रहे। केही समय-पश्चात् उनले तलतिर हेरे, त्यहाँ एक अति ठूलो सर्प मुख बाएर बसेको देखे। त्यस हात्तीका छः मुख थिए र शरीर भने आधा सेतो र आधा कालो थियो। जुन लहरालाई ती ब्राह्मणले समातेका थिए त्यही लहरालाई हात्तीले खाइरहेको थियो। सेतो तथा कालो दुइ मूसा त्यस लहराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जरालाई काटिरहेका थिए। त्यसै लहराको एक ठाउँमा माउरीको चाका रहेछ। त्यसबाट मह खसी ती ब्राह्मणको मुखमा पर्ने हुनाले त्यसको रसस्वादमा उनी मग्न थिए।

सिद्धान्त—ती ब्राह्मण भनेका जीव हुन्। वन भनेको यो संसार हो। हात्ती, सर्प इत्यादि भयानक हिंसक पशु भनेका काम, क्रोधादि हुन् र यस जीवलाई नष्ट गर्नको हेतुले घुमिरहेका हुन्। स्त्रीरूपी पिशाचिनी, भोगरूपी पास लिएर यस जीवलाई भुलाउन घुमिरहेकी हुन्छे। अन्ध कूपमा जो लहरा झुन्डिएका थिए ती जीवका आयु हुन्। उसलाई समातेर यो जीव झुन्डि-रहेको छ। कुवामा जो कालसर्प छ, त्यो यस जीवको काल हो, त्यो कहिले जीवलाई मारूँ भनी बाटो हेरिरहन्छ। उता रात दिनरूपी मूसा यस आयुरूपी लहराको जरा काटिरहेका छन्। त्यो हात्ती वर्ष हो, उसका छः मुख छः ऋतुहरू हुन्। शुक्ल र कृष्ण दुइ पक्ष त्यस हात्तीको रंग हो। मह भनेको आशा हो अर्थात् विषय तृष्णा हो र त्यही तृष्णाले गर्दा जीव सब कष्टलाई भुल्दछ। मनुष्य यस किसिमले कालको मुखमा परेको छ। हरेक क्षण काल उसलाई निल्दै गइरहेको छ, तर आश्चर्य यो छ कि यस्तो आपत्मा मृत्युको मुखमा परेको छँदा पनि जीव आफूलाई खुशी मान्दछ र यस भयपूर्ण जीवनदेखि सन्तुष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

जन्म-मरण

शिष्य प्रश्न गर्दछन्–मनुष्यको जन्म मरण कसरी हुन्छ ?

गुरु उत्तर दिन्छन्—जब मनुष्यको मरण हुन्छ तब यदि त्यो-तपले शुद्ध छ र ज्ञान प्राप्त गरिसकेको छ भने त्यो प्रकाशमा प्राप्त हुन्छ। प्रकाशबाट दिनमा, दिनबाट शुक्ल पक्षमा, शुक्ल पक्षबाट उत्तरायणमा, उत्तरायणबाट संवत्सरमा, संवत्सरबाट आदित्यमा, आदित्यबाट चन्द्रमामा, चन्द्रमाबाट त्यो विद्युत् लोकमा पुग्दछ। तब उसलाई दिव्य पुरुष मिल्न जान्छन् र उनले उसलाई ब्रह्मलोकमा पुऱ्याइदिन्छन्। यसलाई देवयान मार्ग भन्दछन्। जब ऋषि, मुनि र ज्ञानीहरूको मृत्यु हुन्छ, अनि उनीहरू यसै मार्गबाट जान्छन् फर्केर फेरि आउँदैनन्।

जुन मानिसलाई ज्ञान प्राप्त भने भएको छैन तर जो आफ्नो जीवनमा शुभ कर्महरूको अनुष्ठान (क्रिया) गरिसकेका छन्, ती मरेर पहिले धूममा प्राप्त हुन्छन्, फेरि रात्रिमा, फेरि कृष्ण पक्षमा, फेरि दक्षिणायनमा फेरि पितृलोकमा जान्छन्, एवं प्रकारले आकाशमा अनि चन्द्रमामा पुग्न जान्छन् र त्यहाँ देवताहरूको अन्न बन्दछन् र पुनः देवयोनिमा प्राप्त भएर आफ्नो पुण्य कर्महरूको जबसम्म क्षय हुँदैन तबसम्म सुख भोग गर्दछन्। जब पुण्य फल समाप्त हुन्छ, अनि ती त्यही मार्गबाट पृथ्वीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

फर्केर आउँदछन्। पहिले आकाश, फेरि वायु, फेरि घाम, फेरि कुहिरो। अनिपछि बादल भएर त्यहाँबाट पानीको थोपा बनी-कन पृथ्वीमा खस्तछन्। यहाँ अन्न हुन्छन् र उनीहरूलाई मनुष्यले खान्छन्। जसको कर्म असल हुँदैन तिनीहरू नीच योनि अर्थात् पशु आदिको शरीर धारण गर्दछन्। लगातार यस लोकमा आउने जाने गरिरहन्छन्। यही कारण हो कि पृथ्वी न त कहिल्यै भरिन्छ न खालि नै हुन्छ।

शिष्य प्रश्न गर्दछन्—मानिसको जन्म-मरणको विषयमा त सबै कुरा मलाई बोध भयो, तर मलाई यो एउटा कुराको शंका छ; त्यसको पनि वर्णन सुन्न इच्छा लागेको छ, अब हे गुरु! मेरो इच्छा पूर्ण गरिदिनुहोस्। श्रोत्र, त्वचा, चक्षु, जिह्वा र घ्राण यो पाँच ज्ञान इन्द्रियहरू प्रत्यक्ष देखिन्छन् तर मृत्यु भएपछि विषयलाई किन ग्रहण गर्दैनन् र जीवित रहँदा किन ग्रहण गर्नमा समर्थ हुन्छन्?

गुरु उत्तर दिन्छन्—देह र इन्द्रियहरू माणिक्य समान छन्। यिनैलाई जोडेर जीव भनिन्छ, मै नै देख्तछु, सुँघ्दछु, सुन्दछु, घुमफिर गर्दछु, बोल्दछु भनेर यिनीहरूकै अभिमानबाट विषयको ग्रहण गर्दछ। देह, इन्द्रिय, मन आदि जड छन्, परन्तु आत्माको सत्ता पाएर आफ्ना-आफ्ना विषयलाई ग्रहण गर्दछन्। जबसम्म पुर्यष्टक देहमा हुन्छ, तबसम्म इन्द्रियहरू विषयलाई ग्रहण गर्दछन्। जब पुर्यष्टक देहदेखि निस्की जान्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

अनि इन्द्रियहरू विषय ग्रहण गर्न असमर्थ हुन्छन् । यी जो प्रत्यक्ष नेत्र, नासिका, कान, जिब्रो र त्वचा देखिएका छन् ती इन्द्रियहरू होइनन्, इन्द्रियहरू भनेका त सूक्ष्म भूत हुन् । यी उनीहरूका रहने स्थान मात्र हुन् । जस्तो गृहमा झ्याल हुन्छ त्यस्तै यो स्थान हुन् । अब जीवको रूप सुन–आत्मतत्त्व सबै ठाउँमा पूर्ण छ, परन्तु उसको प्रतिबिम्ब त्यहीं प्रकाश हुन्छ जहाँ निर्मल अन्तःकरण हुन्छ । जस्तै निर्मल जल भएको स्थानमा सूर्यको प्रतिबिम्ब स्पष्ट देखिन्छ र आर्को दुइ कुण्ड छन् । त्यसमध्ये एउटा जलले पूर्ण छ र आर्को जलले रहित छ तापनि सूर्यको प्रकाश त दुवैमा तुल्य हुन्छ परन्तु जसमा जल छ उसैमा नै प्रतिबिम्ब देखिन्छ तर जल मैलो हुनाले स्पष्ट रूपमा देखिदैन अर्थात् जल हल्लिनाले प्रतिबिम्ब पनि हल्लेको झैं देखिन्छ । आर्को जुन जलले रहित भएको कुण्ड छ त्यसमा प्रतिबिम्ब पनि छैन । त्यस्तै किसिमले जहाँ सात्त्विक अंश अन्तःकरण हुन्छ त्यहीं आत्माको प्रतिबिम्ब जीव पनि छ र जबसम्म शरीरमा हुन्छ तबसम्म शरीरमा चेतन भान हुन्छ । जब त्यो जीवकला शरीरलाई त्यागेर जान्छ अनि शरीर जड हुन्छ । जस्तो कुण्डमा जल शुक्न गयो भने कुण्ड सूर्यको प्रतिबिम्बले हीन हुन जान्छ । त्यस्तै अन्तःकरण र पुर्यष्टकमा आत्माको प्रतिबिम्ब हुन्छ । जब पुर्यष्टक शरीरलाई त्याग गरेर जान्छ अनि शरीर जड हुन्छ । जस्तो झ्यालको अगाडि कुनै चीज राखेको छ तापनि झ्याललाई त्यो पदार्थको ज्ञान हुँदैन । जब उसको स्वामी आएर हेर्दछ अनि पदार्थलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ग्रहण गर्दछ। त्यस्तै इन्द्रियको स्थानमा जो सूक्ष्म तत्त्व ग्रहण गर्ने हुन्छ, त्यही विषयलाई ग्रहण गर्दछ र जब त्यो हुँदैन तब इन्द्रिय ग्रहण गर्न सक्तैनन्। प्रत्यक्ष देखिन्छ कि कथा सुन्ने पुरुष कथा सुन्न भनी बसेको हुन्छ, तर यदि उसको मन अरू कुनै वस्तुमा निक्लेर गएको हुन्छ, त्यो भने प्रत्यक्ष बसेको छ तर केही पनि सुन्दैन, किनकि श्रवण इन्द्रिय मनको साथमा गएको छ। यस्तै प्रकारले पुर्यष्टक शरीरबाट निक्लेर जान्छ तब शरीर मृतक हुन्छ र इन्द्रिय पनि विषयलाई ग्रहण गर्दैनन्। अहं, मम आदि जो दृश्य छ त्यो पनि सर्गको आदिमा आत्मारूपी समुद्र-बाट तरङ्गवत् फुरेको छ, उसलाई पश्चात् दृश्य भनिन लाग्यो। उसको न देश छ न काल छ, न क्रिया, यी सब असत् रूप हुन्। वास्तवमा केही पनि होइन। यस्तो जानेर संसारको सुख, दुःख, हर्ष, शोक, राग-द्वेषले रहित भएर विचार गर, तिमी मायादेखि तर्नेछौ।

पाप र पुण्य

पाप पुण्यको विषय अति गम्भीर भएकोले यसलाई यथार्थ बताउनु असम्भव नै देखिन्छ तथापि संक्षेपमा साररूपले बताउँछु, तर मैले नै वर्णन गरेको ठीक छ भनी म भन्न सक्तिनँ।

जीव हिंसा गरी मासु खानु, आर्कालाई बिगार्ने काम गर्नु, असत्य बोल्नु, अभक्ष्य खाना खानु, मादक पदार्थको सेवन गर्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

परस्त्री गमन गर्नु; ईश्वर र धर्मशास्त्रलाई नमान्नु, आफूले मान्नु पर्ने मान्ने जनको आदर सत्कार नगर्नु, अर्काको वस्तु हरण गर्नु इत्यादि गर्नुलाई पाप भनी मानिएको छ ।

सत्य बोल्नु, आफ्नो मन, वाणी, शरीरद्वारा सदा प्राणी मात्रको असल चिताउनु, मान्ने जनको सेवा गर्नु, शास्त्र, गुरुको वचनमा विश्वास मान्नु, ब्रह्मचर्य धर्म पालन गर्नु अर्थात् एक पत्नीव्रत धर्म पालन गर्नु, यज्ञ गर्नु, दान दिनु, अतिथिलाई आदर सत्कार गर्नु इत्यादि कर्मलाई पुण्य मानिएको छ ।

यी वर्णन गरिएका सबै कुरा त धेरैलाई थाहा नै भएको हुनु पर्छ, यतिले मात्र पाप पुण्यको वर्णन सकिदैन, अब अरू पनि गरिन्छ। जुन मानिस पञ्चतत्त्वबाट बनेको देहलाई आफ्नो मान्दछ त्यो महापापी हो। स्मृतिमा भनेको छ—(नानृतात्पातकं परम्) असत्य भाषणभन्दा ठूलो अर्को कुनै पाप छैन। अर्थात् झूटो बोल्नु महापाप हो।

देह पंचभूतको कार्य हो र आत्मा पञ्चभूतको कारण हो। देह दृश्य, विकारी, अनित्य, जड र परिच्छिन्न छ र आत्मा द्रष्टा, अविकारी, नित्य, ज्ञानस्वरूप, परिपूर्ण र निरवयव छ। देह अशुचि, (अशुद्ध), दुर्गन्ध, मल, मांस, मूत्र, रुधिर आदि विकारहरूले पूर्ण छ र आत्मा सर्वदा शुद्ध, निर्मल, आनन्दघन छ। यसकारण देह र आत्माको लक्षण परस्पर भिन्न-भिन्न हुनाको कारण आत्मा र देह भिन्न छ। इत्यादि कुरा थाहा पाईकन पनि जो आफूलाई

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: N

देहरूप नै जान्दछ त्यो अवश्य महापापी हो। जुन प्रकार वात, पित्त र कफ यी सबै विकारलाई महादोष वा त्रिदोष अथवा सन्निपात भनिन्छ। यस सन्निपातमा प्राप्त भएको पुरुष जुन किसिमले मृत्युमा प्राप्त हुन्छ; उस्तै किसिमले देहाभिमानी पुरुष पनि महादोषी हो, त्यो पनि जन्म मरणबाट कहिल्यै पार पाउँदैन र बारम्बार आवागमनमा प्राप्त भइरहन्छ।

भागवतमा भगवान् श्रीकृष्णले उद्धवजीलाई भन्नुभएको छ कि हे उद्धव! अहंता र ममतारूप बुद्धिलाई सन्निपात भनी जान्नुपर्छ। अर्थात् सत्त्वगुण, रजोगुण र तमोगुणरूप तीनै गुणलाई तथा तिनको कार्यमा अहंता, ममता गर्नुलाई सन्निपात जान्नुपर्छ। यस्ता सन्निपातवालाहरू बारम्बार जन्म मरणमा प्राप्त भइरहन्छन्।

जुन पुरुषलाई सच्चिदानन्दरूप आत्माको बोध भएको छ त्यो महापुण्यमा प्राप्त भएको हुन्छ। ब्रह्मविचार नै महापुण्यको हेतु हो भन्ने कुरालाई लिएर सिद्धान्तमुक्तावलिमा यस्तो प्रकारले वर्णन गरेको छ।

स्नातं तेन समस्ततीर्थसलिले दत्ता च सर्वावनि
र्यज्ञानां च कृतं सहस्रमखिला देवाश्च संपूजिताः।
संसाराच्च समुद्धृताः स्वपितरस्त्रैलोक्यपूज्योप्यसौ
यस्य ब्रह्मविचारणे क्षणमपि स्थैर्यं मनः प्राप्नुयात्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्मविचारमा जुन पुरुषको मन क्षण मात्र स्थिर भए पनि त्यस पुरुषलाई गंगादि सर्व तीर्थहरूमा स्नान गरको फल प्राप्त हुन्छ। त्यस पुरुषलाई समस्त पृथ्वी दान गरेको फल तथा हजारन् यज्ञ, सर्व देवताको पूजा, सर्व पितृहरूलाई तृप्त गरेको पुण्य प्राप्त हुन्छ। यस्तो पुरुषको पुण्यले उसका सारा पितृदेव सद्गतिमा प्राप्त हुन्छन् र त्यो पुरुष स्वयम् त्रिलोकमा पूज्य हुन्छ।

कुलं पवित्रं जननी कृतार्था
वसुन्धरा पुण्यवती च तेन।
अपारसंवित्सुखसागरे ऽस्मिं-
ल्लीनं पर ब्रह्मणि यस्य चेतः ॥

(स्कन्द० पु० कौ० खं० ४५।१४०)

जसको चित्त अपार संवित्सुखसागर परब्रह्ममा लीन छ, उसको जन्मले कुल पवित्र हुन्छ, उसकी जननी कृतार्थ हुन्छिन् र पृथ्वी समेत पुण्यवती हुन्छिन्। यसै कुरालाई लिएर व्यासले पनि भनेका छन्—

नृदेहमाद्यं सुलभं सुदुर्लभं
प्लवं सुकल्पं गुरुकर्ण धारम्।
मयानुकूलेन न भस्वतेरितं पुमान्
भवाब्धिन तरेत्स आत्महा ॥

(भागवत-११।२०।१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

परम दुर्लभ र सुदृढ़ नरदेहरूपी नौका, गुरुरूपी कर्णधार र ईश्वररूपी अनुकूल वायु, पाएर पनि जो मनुष्य भवसागर पार गर्दैन भने त्यो आत्महत्यारा हो।

देहात्मबुद्धिजं पापं न तद्गो बधकोटिभिः।
आत्माहं बुद्धिजं पुण्यं न भूतं न भविष्यति॥

आफूलाई देह माननाले यत्तिको पाप हुन्छ कि जो करोडौं गोहत्याको पाप भन्दा बढी हुन्छ। म सच्चिदानन्द आत्मा हुँ भन्ने यस्तो किसिमको ब्रह्मबुद्धि जसलाई प्राप्त भएको छ उसलाई यस्तो पुण्य प्राप्त हुन्छ, जुन पुण्य न प्रथम प्राप्त भएको छ न पछि प्राप्त हुनेछ।

जसलाई चैतन्य स्वयंप्रकाश देव भनेको छ त्यो देव मै नै स्वयम् चैतन्यस्वरूप हुँ भनी जान्नुपर्छ। ता चैतन्यरूप स्वयंप्रकाश देव सर्व प्राणीहरूमा एकै आत्मरूपले रहेको हुनाले आफूलाई नै चैतन्य स्वयंप्रकाश देव हुँ भनी जान्नुपर्छ। जुन मानिस अज्ञानवश चैतन्यरूप आत्मदेवलाई भूलेर आफूलाई देह मानेर चैतन्य देवलाई आफूदेखि भिन्न मान्दछ भने त्यो सदा बन्धनमा रहन्छ। अर्थात् जुन पुरुष अद्वैत ब्रह्ममा भेदबुद्धि गर्दछ सो पुरुष बारम्बार मृत्युमा प्राप्त हुन्छ।

स्मृतिमा पनि गुरु शिष्यको सम्वादद्वारा सबैको मनको साक्षी एकै देवलाई सिद्ध गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

को देवो यो मनः साक्षी। मनो मे दृश्यते मया।
तर्हि देवस्त्वमेवासि एको देव इति श्रुतेः॥ १॥

कुनै उत्तम अधिकारी मुमुक्षुले वेदवाक्यमा सुने कि, "एक देवलाई जान्नाले सर्व बन्धन छूटेर जान्छ।" यो सुनेर मनमा विचार गर्न लागे, म देवलाई कसरी जानु? मलाई त्यस देवको अनुभव को गराई दिन्छ? यस्तो विचार गरी कुनै ब्रह्मनिष्ठ गुरु कहाँ गएर उनले प्रश्न गरे कि (को देवः) अर्थात् देव कुन हुन्? तब गुरुले उत्तर दिए कि (यो मनः साक्षी) अर्थात् जो मनको साक्षी छ, सोही देव हो।

गुरुको वचनलाई सुनेर शिष्यले फेरि विचार गरे कि मनलाई जान्ने को होला? इन्द्रादि देव मनलाई जान्ने हुन कि कोही आर्कै हुन्? यस्तो किसिमले उनले मनमा अति विचार गरे तै पनि केही निश्चय गर्न सकेनन्, तब ती कुनै बुद्धिमान् मानिस कहाँ गएर सोधे कि यो मेरो मनलाई जान्ने कुन हो? उनले उत्तर दिए, आफ्नो मनलाई जान्ने तिमी स्वयम् होऊ, आर्को को हुन्छ?

यस उत्तरलाई सुनेर पनि उनलाई सन्तोष भएन र धेरैसित त्यही प्रश्न सोधे। सबैबाट एकै प्रकारको उत्तर पाए। त्यसपछि तिनी एकान्तमा बसेर स्वयम् विचार गर्न लागे कि उनीहरूले उत्तर दिएको कुरा सत्य हो वा असत्य? म मनको साक्षी हुँ कि होइन?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

इत्यादि विचार गर्दागर्दा उनले थाहा पाए कि मनको धर्म संकल्प विकल्प गर्नु हो र सुखदुःख पनि मन नै भोग गर्दछ र बाहिरी पदार्थहरूमा गमनागमन पनि मन नै गर्दछ, यस मनको धर्मलाई जान्ने भएको मै नै यसको साक्षी हुँ।

जब कोही पुरुष कसैको साथ कुरा गर्न लाग्दछ तब सुन्ने चाहिँको मन अर्कै कुनै वस्तुमा गएको छ भने त्यसले एउटा कुरा पनि सुनेको हुँदैन। वक्तालाई यस्तो प्रतीत हुन्छ कि श्रोताले कुरा सुनेको छैन, किनभने उसको मन मेरो कुरामा छैन। अनि वक्ता श्रोतालाई सोद्धछन् कि तिमीले मेरो कुरा सुनेका छैनौ? श्रोता उत्तर दिन्छन्, मेरो मन अर्कै ठाउँमा गएको हुनाले मैले केही पनि सुन्न सकिन। अब मन ठेगानमा आएको छ, भन्नुहोस् के भन्नु हुन्छ? अब सबै सुन्दछु।

यसबाट यो सिद्ध हुन्छ कि मनको बाहिर जानु र फेरि फर्केर आउनु त्यो सब जान्ने साक्षी मै नै हुँ। तथा सुषुप्ति अवस्थामा मन र बुद्धिको अभाव भएको जान्ने प्रकाशक मै नै हुँ। यस्तो प्रकारले अनुभवद्वारा सिद्ध गरेर शिष्य गुरु कहाँ गएर भने—(मनो मे दृश्यते मया) मेरो मन मलाई नैं देखा पर्छ अर्थात् मनको साक्षी त मै नै हुँ। शिष्यको कुरा सुनेर गुरुले भने—(तर्हि देवस्त्वमेवाऽसि) तब देव तिमी नै हौ, अर्थात् प्रत्येक चैतन्य स्वयंप्रकाश देवरूप साक्षी आत्मा तिमी नै हौ।

एको देवः सर्वभूतेषु गूढः
सर्वव्यापि सर्वभूतान्तरात्मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी
चेता केवलो निर्गुणश्च ॥

(श्वेता० ६।११)

समस्त प्राणीमा एकदेव छन्, उनी सर्वव्यापक, समस्त भूतहरूको अन्तरात्मा, कर्मको अधिष्ठाता, समस्त प्राणीमा बसेका सबका साक्षी, सबलाई चेतनत्व प्रदान गर्ने भएका शुद्ध र निर्गुण छन्।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥

(गीता० १०।३९)

हे अर्जुन! जो सब भूतहरूको उत्पत्तिको कारण हो त्यो पनि मै नै हुँ, किनभने यस्तो चर—अचर कुनै भूत छैन जो मदेखि रहित भएको होस्, यसकारण जो जति छ मेरै स्वरूप जान।

यसबाट यो सिद्ध हुन्छ कि एकै अद्वितीय देव सबैमा एक समान व्यापक सबैको अन्तरात्मा र पुण्य पापरूप कर्महरूको फल प्रदाता तथा पृथ्वी आदि सर्व भूतहरूको अधिष्ठान तथा सर्व भूतहरूको साक्षी द्रष्टा चैतन्यरूप हुँदा पनि वास्तवमा केवल निष्प्रपंच निर्विकल्प रूप छ।

यसकारण हे शिष्य! मन बुद्धिको जो साक्षी आत्मा छ सोही देव हुन्, यस्तो निश्चय गरेर आफूदेखि भिन्न देवको अस्तित्व

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

0. In Public Domain. Digitization by eGangotri.Funding: N

भ्रान्ति छोडिदेऊ। आफूदेखि भिन्न अर्थात् द्वैतभाव गर्नाले जन्म—मरण आदिरूप भय प्राप्त हुन्छ। श्रीमद्भागवत पुराणमा एउटा श्लोक छ, तदानुसार आफूमा निश्चय गर्न सक्यो भने जन्मनु—मर्नु पर्दैन।

अहं ब्रह्म परं धाम ब्रह्माहं परम पदम्।
एवं समीक्षन्नात्मानमात्मन्या धायनिष्कले ॥

(भा० पु० १२।५।११)

जो म हुँ त्यही परम पदरूप ब्रह्म हो। जो परम पदरूप ब्रह्म हो त्यो म हुँ।

स यो ह वै तत्परमं ब्रह्मवेद ब्रह्मैव भवति।

(मु० ३।२।९)

जसले त्यो परमपद (ब्रह्मैवाहमस्मि) म ब्रह्म नै हुँ भन्ने जान्दछ त्यो ब्रह्म नै हुन्छ।

प्रारब्धको निराकरण पुरुषार्थ र ज्ञान

मानिसले जो जति सुखदुःख पाएको छ त्यो सब उसको पूर्व जन्मको कमाई हो। पूर्व जन्ममा गरेको कर्मको फल भोग्न शरीरको जन्म भएको छ। पूर्व जन्मको फल भोगको नाम प्रारब्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

हो। आफ्नो प्रारब्धमा जो जति दुःखसुख भोग्नु छ त्यो न भोगी सुख पाइदैन भनी मानेका छन्। यस्तो प्रारब्धको वशमा बस्ने र पुरुषार्थ न गर्ने अल्छीको लागि शुक्राचार्य्य महाराजले अति ठीक भन्नु भएको छः—

धीमन्तो वन्द्यचरिता मन्यन्ते पौरुषं महत्।
अशक्ताः पौरुषं कर्त्तुं क्लीवा दैवमुपासते॥

बुद्धिमान् र माननीय लोक पुरुषार्थलाई ठूलो मान्दछन्; परन्तु नपुंसकहरू पुरुषार्थ गर्न सक्तैनन् र दैव वा प्रारब्धको उपासना गर्दछन्।

यसकारण मुमुक्षुपुरुषले उद्योग वा पुरुषार्थमा लागि दैव वा प्रारब्धको भरोसामा नलागि शुभ कार्यमा लागिरहनु पर्छ, त्यसबाट अवश्य सिद्धि प्राप्त हुन्छ। वसिष्ठले पनि राम चन्द्रलाई पुरुषार्थ गर, पुरुषार्थबाट जुन सुकै कार्य पनि सिद्ध हुन्छ। केवल प्रारब्ध वा भाग्यको भरभा पर्नाले मात्र कार्य सिद्ध हुन सक्तैन।

उत्साहः पौरुषं सत्त्वमानृशंस्यं कृतज्ञता।
विक्रमश्च, प्रभावश्च, सन्ति वानर राघवे॥

सीताले लंकामा हनुमानलाई भनेकी थिन् कि—उत्साह, पुरुषार्थ, बल, अक्रूरता, कृतज्ञता, विक्रम, प्रभाव यी सब गुण राममा छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: N

जुन व्यक्ति यी कुराको विचार नगरी प्रारब्धको भरमा परी उद्योग गर्दैन त्यो अज्ञानी हो। पुरुषार्थबाट प्रारब्धलाई जिती आत्मलाभ गर्नु पर्छ। पुरुषार्थबाट नै ठूला महात्मा, विद्वान र ज्ञानी बन्न सकिन्छ। विश्वामित्रले पुरुषार्थबाट ब्रह्मर्षत्व प्राप्त गरेका हुन् र अरू देवताहरूले पनि जो जति उच्चपद प्राप्त गरेका छन् ती सब पुरुषार्थबाट नै गरेका हुन्। चाङ्गदेव नाम गरेका एक योगी थिए, उनले तपस्याद्वारा आफ्नो १०० वर्षको आयुलाई बढ़ाई १४०० वर्ष पुऱ्याए। सय—सय वर्ष पुगेपछि काल लिन आउँथ्यो तब उनी आफ्नो प्राणलाई ब्रह्माण्डमा पुऱ्याई दश दिन-सम्म उहीं रहन्थे। यसरी उनले चौदह चोटी योग—बलद्वारा काललाई फर्काएका थिए। के यो प्रारब्धलाई जितेको होइन ?

भीष्मपितामह अर्जुनसँग युद्ध गर्दा वाण लागी लडे। त्यस समयमा सूर्य दक्षिणायनमा भएकाले प्राण न त्यागी सूर्य उत्तरा-यणमा गएपछि प्राण त्यागे। काललाई आफ्नो वशमा राखी आफ्नो इच्छा बमोजिम प्राण त्यागनु के यो प्रारब्धलाई जितेको होइन ? कहाँ सम्म प्रारब्ध रहन्छ भन्ने एक दृष्टान्तः—कुनै एउटा मानिस अति गरीब थिए ता पनि उनको स्वभाव भने शान्त थियो। धर्मकर्ममा लागेका हुनाले आर्काको कुभलो कहिले चिताउदैन थे। उनका बन्धु दाजुभाइहरूले समेत उनलाई साऱ्है हेला गरेका थिए। उनको साथमा धनको नाममा एउटा खुर्पी मात्र थियो। त्यही खुर्पीले घाँस काटी बेचेर आफ्नो जीवनो-पार्जन गर्ने गरेका थिए। घाँस बेचेको पैसाले उनलाई दुइटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

गहूँको रोटी मात्र खान पुग्दथ्यो। एक दिन विचार गरे कि जति परिश्रम गरे पनि मीठो खान पाइएन भने यो संसारमा बसी सुख हुँदो रहेनछ भनी संन्यास लिने निश्चय गरे र आफू-सँग भएको खुर्पी ब्राह्मणलाई दान दिई सन्यासी बने। आफू त संन्यासी भए परन्तु उनको प्रारब्ध भने सन्यासी भएन। दिन भर मागेर जम्मा गरेको पीठोबाट पनि दुइटा रोटी भन्दा ज्यादा भएन । संन्यास लिदा पनि मीठो खान नपाएकाले तपस्या गर्ने विचार गरी वनमा गए। जुन वनमा ती तपस्या गर्न गएका थिए त्यो वन एउटा महाजनको थियो। खुर्पेबाबा आफ्नो वनमा तपस्या गर्न आएको थाहा पाई महा-जनले उनलाई दिनहूँ दुइ रोटी र नूनखोर्सानी पठाउने गरे। एवं प्रकारले खुर्पेबाबाले तपस्या गरी बाऱ्ह वर्ष बिताए।

एक दिन एउटा राजा आफ्नो राजपाट त्यागी त्यही वनमा तपस्या गर्न गए, जुन वनमा खुर्पेबाबा तपस्या गरी बसेका थिए। ती राजाले वनमा खुर्पेबाबा बसेका ठाउँमा नै बसी तपस्या गर्ने विचार गरेका थिए। खुर्पेबाबाले भने, तिमी कहिले संन्यासी भयौ ? राजा—हिजो। खुर्पे—तब तिमी मेरो साथमा बस्न योग्य छैनौ। म बाऱ्ह वर्ष तपस्या गरिसकेको संन्यासी हुँ। तिमी हिजोको, यस उसले अलिपर गएर बस। राजा त्यहाँ-बाट अलिपर गई तपस्या गरी बसे। राजाको शरीरमा भस्म लेपन गरेको थियो ता पनि राजतेज दबदैनथ्यो। जब महाजन-लाई राजा आफ्नो वनमा आई तपस्या गरी बसेका छन् भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

थाहा भयो अनि उनले चाँदीको भाँडामा अनेक प्रकारको म्यावा-मिष्ठान्न हाली पठाई दिए।

एक दिन खुर्पेबाबाले विचार गरे कि ती नयाँ तपस्वी राजा-लाई कसले खान देला ? गएर हेर्नु पर्‍यो भनी उनी राजा साधु कहाँ गए। चाँदीको भाँडामा नाना प्रकारको मिष्ठान्न खान लागेका राजालाई देखेर उनलाई अतिशय डाहा भयो। साधु राजासँग केही कुरा नगरी आफ्नो आश्रममा फर्की आए। यत्तिकैमा महाजनबाट उनलाई साविक बमोजिम दुइ रोटी लिएर मानिस आइपुग्यो। खुर्पेबाबाले भने—रोटी फर्काएर लिएर जा आजदेखि म रोटी खान्न, नयाँ साधु भएका राजालाई भने चाँदीको भाँडामा अनेक प्रकारको मिष्ठान्न, मलाई भने खाली जहिले पनि गहूँको दुइटा रोटी ! महाजनको नोकरले खुर्पेबाबाले भनेका कुरा महाजनलाई सुनायो। महाजन तुरुन्त आएर खुर्पे-बाबालाई भने—तिमीले मैले दिइपठाएको रोटी खान्न भनी किन रिसाएको ? खुर्पेबाबा—नयाँ साधुको भने त्यत्रो सत्कार, मलाई भने खाली त्यही मात्र पठाएको हुँदा अब म तिम्रो रोटी खान्न। महाजन—तिमी एउटा खुर्पी त्यागेर साधु भएकाछौ, उनी राजपाट त्यागी साधु भएका छन्। तिम्रो प्रारब्धै दरिद्रताको छ, उनको राज्यको छ। खुर्पेबाबालाई यो कुरा मन परेन र त्यो दुइ रोटीलाई समेत त्यागी उग्र तपस्या आरम्भ गरे। उग्र तपस्या गरेको सात दिनपछि इष्ट देवता खुसी भएर दर्शन दिए। तिमीले यस्तो उग्र तपस्या के उद्देश्यले गरेका हौ भनी सोधे ? खुर्पेबाबा—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

मलाई खान पिउनको अति कष्ट छ, मैले जन्मेदेखि आजसम्म मीठो भनेको खान पाएको छैन। योगी भएर पनि सुख मलाई भएन। इष्टदेव—मनुष्यले आफ्नो पूर्व जन्मको भोग प्राप्त गरेको हुन्छ, त्यसकारण जो जति तिमीले दुःख पायौ त्यो प्रारब्धले भोगाएको हो। खुर्पेबाबा—के मेरो प्रारब्धमा यस्तै दुःख मात्र पाउनु छ ? इष्टदेव—तिम्रो आयु धेरै बाँकी छ, तिमी बँचुनज्याल जम्मा एक सय १०० रुपैयाँले पुराउनु परेको छ अनि मीठो खाना कहाँबाट प्राप्त हुन्छ ! साधु—उसो भए मलाई एकै पल्ट त्यो १०० रुपैयाँ दिनुहोस्। इष्टदेव—हुन्छ, रुपैयाँ पाउने छौ तर पछि एक रुपैयाँ पनि तिमी पाउने छैनौ ! साधु—केही हर्जा छैन। इष्टदेव—रुपैयाँ तिमी पाउनेछौ, परन्तु त्यो रुपैयाँ लिएर तिमी साधु राजा कहाँ जाऊ र सबै वृत्तान्त सुनाऊ, जस्तो उनले भन्दछन् उही हिसाबसँग रुपैयाँ खर्च गर।

इष्टदेवले महाजनलाई प्रेरणा गरे। महाजनले भोलिपल्ट १०० रुपैया ल्याई खुर्पेबाबालाई दिए। खुर्पेबाबाले उक्त रुपैयाँ लिएर साधु राजा कहाँ गएर सबै वृत्तान्त सुनाए। साधु राजाले भने तिमी यो रुपैयाँ लिएर बजारमा जाऊ र सबै रुपैयाँको खानेकुरा किनेर ल्याई साधुमहात्मालाई भण्डारा लगाऊ र आफू समेत खाऊ ! बाँकी रह्यो भने पनि सबै गरीबलाई बाडिदेऊ, भोलिलाई भनेर केही पनि नराख। साधुले पनि साधु राजाले भने बमोजिम गरे। त्यसो गरेकोले यत्र तत्र साधु खूब त्यागी रहेछन् भन्ने हल्ला फैलियो। दोस्रो दिन कुनै एउटा जमिन्दार आएर एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सय रुपैयाँ दिए। साधुले त्यसको पनि भण्डारा लगाइदिए। साधु आर्कालाई खुवाउन पाएकोमा र आफूले समेत मीठो खान पाएकोमा खुसी भए।

सिद्धान्त—प्रारब्धको मात्र भरमा नपरी पुरुषार्थ गरिरहेमा अवश्य विजय प्राप्त गर्न सकिन्छ। प्रारब्धमा सय रुपैयाँभन्दा ज्यादा थिएन ता पनि साधुले पुरुषार्थबाट नित्य सय रुपैयाँ प्राप्त गरे। यसबाट यो थाहा हुन्छ कि उद्योगी वा पुरुषार्थीको लागि दैव वा प्रारब्धले केही नबिगारी झन सहायक बन्नु पर्दो रहेछ। अब ज्ञानीको विषयमा प्रारब्धको वर्णन गरिन्छ—

उपाधितादात्म्यविहीन केवल—
ब्रह्मात्मनैवात्मनि तिष्ठतो मुनेः।
प्रारब्धसद्भावकथा न युक्ता स्वप्नार्थ—
सम्बन्धकथेव जाग्रतः॥

(विवेक—चूडामणि ४५५)

जो मुनिश्रेष्ठ उपाधिको सम्बन्धलाई छोडेर केवल ब्रह्मात्म-भावले नै आफ्नो स्वरूपमा स्थित रहन्छन् भने उनलाई प्रारब्ध—कर्महरूको स्थितिको कुरा स्वप्नमा देखिएको पदार्थहरूदेखि जागा भएका पुरुषका सम्बन्ध बताउनुको समान अनुचित छ।

तत्त्वज्ञानोदयादूर्ध्वं प्रारब्धं नैव विद्यते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

देहादीनामसत्यत्वाद्यथा स्वप्नोविबोधतः ॥

(अपरोक्षानुभूति ९१)

जागा भएपछि जस्तो स्वप्न रहँदैन त्यस्तै नै देहादि असत्य हुनाको कारण ज्ञानोदयको पश्चात् प्रारब्ध रहँदैन ।

कर्म जन्मान्तरकृतं प्रारब्धमिति कीर्तितम् ।
तत्तु जन्मान्तराभावात्पुंसो नैवास्ति कर्हिचित् ॥

(अ० ९२)

जन्मान्तरमा गरिएका कर्मलाई नै प्रारब्ध भनिन्छ, अतः ज्ञानीको दृष्टिमा जन्मान्तरको अभाव हुनाले त्यो कुनै अवस्थामा पनि हुँदैन ।

स्वप्नदेहो यथाध्यस्तस्तथैवायं हि देहकः ।
अध्यस्तस्य कुतो जन्म जन्माभावे हि तत्कुतः ॥

(अ० ९३)

जुन प्रकार स्वप्नशरीर अध्यस्त छ उस्तै प्रकार यो देह पनि हो, अध्यस्तको जन्म कसरी हुन सक्छ ? र जन्म नहुनाले प्रारब्ध कहाँबाट हुन्छ ?

इत्यादि सिद्धान्तबाट यो मान्नु पर्छ कि देह पनि प्रपञ्च नै हो, तब फेरि प्रारब्ध कहाँ रहन सक्छ ? केवल अज्ञानीहरूलाई समझाउनको निमित्त नै श्रुतिले प्रारब्ध भनी बताएकी हुन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: N

धर्म

धर्म यही हो भनी निश्चय गरी व्याख्यान गर्नु ठूलाठूला वेदज्ञ विद्वान्‌लाई समेत कठिन पर्छ भने म जस्तो वेद अध्ययन नगरेको व्यक्तिले गरेको वर्णन सर्वथा ठीक होला जस्तो मलाई लाग्दैन। तथापि शास्त्रकारको आधारमा केही विवेचन गरिन्छ।

अहिंसा, सत्य, सन्तोष, क्षमा, दया, ईश्वर भक्ति, धृति, जप, ध्यान, यज्ञ, दान इत्यादि पालन गर्नुको नाम धर्म हो। परन्तु यतिले मात्र धर्मको व्याख्या समाप्त हुँदैन, यी कुरा सबैले जानेकै हुनुपर्छ। यति जन्नाले मात्र धर्मको यथार्थ स्वरूप जानिदैन। यक्षले धर्म क्या हो भनी युधिष्ठिरलाई प्रश्न गर्‍यो? युधिष्ठिरले उत्तर दिए कि—

तर्कोऽप्रतिष्ठः श्रुतयो विभिन्ना नैको ऋषिर्यस्य मतं प्रमाणम्। धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः॥

(म० भा० वनपर्व० ११७)

धर्मको विषयमा तर्कको प्रतिष्ठा (आधार) छैन, श्रुतिहरू पनि भिन्न-भिन्न तात्पर्यका छन्, तथा ऋषिमुनि पनि धेरै छन् कसको वचन मान्ने? धर्मको तत्त्व गुहामा लुकेको छ अर्थात् धर्मको रूप अति गहन छ, यसकारण मेरो विचारमा जुन मार्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

बाट कुनै महापुरुष गएका छन्, त्यही मार्ग हो अर्थात् यस्ता महापुरुषहरूको अनुकरण गर्नु नै धर्म हो।

यहाँ युधिष्ठिर जस्ता धर्मज्ञ पुरुषले समेत धर्म भनेको यही नै हो र यसै गर्नु पर्छ भनी तोकेर न भन्नु नै ठीक छ, किनभने अवस्था अनुसार एकै थोक गर्नमा कहिले धर्म र कहिले पाप हुन जान्छ।

दृष्टान्त–कुनै एकजना डाँकु मोटोघाटो र बलवान् समेत थियो। त्यसले आफ्नो जीवन–उपार्जनको लागि आर्काको धन हरण, बध गरेर गरेको थियोः। एवं प्रकारबाट त्यसले जम्मा ७० जनाको बध गरिसके पछि त्यसले आफूले गरेको कुकर्ममा खेद प्रकट गऱ्यो। त्यसले विचार गऱ्यो कि मैले ७० जना मनुष्यको बध गरें, त्यो महापापको निवारण गर्न सकिन भने म अवश्य नरकमा पर्ने छु। यसको निवारणको लागि कुन प्रायश्चित कर्म गर्नु पर्ने हो त्यो आफूलाई थाहा छैन, अरू कसैलाई सोधूँ भने पनि झन यो त हत्यारा रहेछ भनी भयालखानामा लगिहाल्छ। अब कसो गरौं? इत्यादि विचार गर्दै भऱ्यो यो कुरा साधु महात्मासँग गर्नुपर्छ। उनीहरू केवल परोपकार मात्र गर्दछन् अर्थात् आर्कालाई कल्याण गर्नामा नै उनीहरू श्रेष्ठ मान्दछन। यही कुरा निश्चय गरी त्यसले महात्मा कहाँ गई आफूले गरेको कुकर्मको निवृत्ति हुने उपाय सोध्ने विचार गऱ्यो। महात्मासँग एकान्तमा आफूले गरेको कुकर्मको यथार्थ वर्णन गरी त्यसबाट मुक्त हुने उपाय सोध्यो। महात्माले विचार गरे

epal Sanskrit University, Balmeeki Campus, Kathmand

). In Public Domain. Digitization by eGangotri.Funding: N

कि यस्तो पापिष्ठलाई ज्ञानको उपदेश दिऊँ भने ग्रहण गर्न सक्तैन। त्यसकारण पहिले यसलाई तीर्थाटन् गर्न लगाउनु पर्‍यो भनी एउटा कालो झण्डा दिई भने संसारमा जति तीर्थ छन् सबै ठाउँमा भ्रमण गर्नु, जुन तीर्थमा पुग्दा झण्डा सेतो हुन्छ अनि पापबाट मुक्त भयो भनी ठानी म कहाँ आउनु भनी पठाए।

महात्माको आज्ञा पाई त्यो पापिष्ठ डाँकु हातमा कालो झण्डा लिई संसारमा जति तीर्थ स्थान छन् त्यहाँ भ्रमण गर्न लाग्यो। केही वर्ष पश्चात् उसले सबै तीर्थ भ्रमण गरी सक्यो, तर झण्डा सेतो नभएकोले अति दिकदारीको साथ महात्माको आश्रम तिर फर्किरहेको थियो। त्यस्तैमा एउटी युवती आफ्नो सानो देवरको साथ जङ्गलको बाटो गरी आफ्नो इष्ट-मित्र कहाँ विवाहमा जान हिडिरहेकी थिन्। देवर चाहि भाउजू भन्दा धेरै पर पुगिसकेको थियो। दशजना डाँकुहरूले ती भाउजू चाहिलाई जङ्गलमा एकलै फेलापारे र तिनीहरू सबैको सम्मतिबाट तीन ऐन पास भयो। पहिले सबैले पालो-पालो ती युवतीको पतिव्रत धर्म नष्ट गर्ने, अङ्गमा लगाएको गहना सबै खोस्ने र पछि मारने। इत्यादि ऐन पास भएपछि पहिले मेरो पालो भनी त्यस मध्ये एकजना डाँकु अग्रसर हुन लागेको थियो। अनि युवतीले भगवान्‌लाई पुकारिन् हे भगवान्! जसरी सभामा द्रौपदीको लाज बचायौ, त्यस्तै मेरो निमित्त यी पापिष्टहरूको हत्या गरी मेरो धर्म र ज्यान बचाऊ। यो सब घटना हातमा कालो झण्डा लिने डाँकुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

लुकेर सुनिरहेको थियो । उसको मनमा ती स्त्रीको जिउ, धन र धर्म नष्ट हुन लागेको देखेर अति करुणा भयो । उसले विचार गऱ्यो कि म त यसै पापी उसै पापी ७० जना मारिसकेको छु, फेरि १० जनाको बध गर्नाले ८० जना पुग्छ परन्तु ती स्त्रीको जिउ, धन र धर्मको त रक्षा हुन्छ । इत्यादि विचार गरी त्यसले आफ्नो पराक्रमले अर्थात् तरवार चलाउन निपुणताको कारण ती प्रत्येक डाँकुहरूको शिर एक-एक गरी काट्यो ।

यसरी ती स्त्रीको जिउ, धन र धर्मको रक्षा गरिदिएकोले ती स्त्रीले त्यसलाई पुरस्कारको रूपमा ५००० रुपैयाँ म घर पुगेपछि तिमीलाई दिनेछु भन्ने वचन दिइन् । उसले ती स्त्रीलाई घर-सम्म पुराई दियो तर पुरस्कार एक पैसा पनि लिन मञ्जूर गरेन न त नाम कमाउन इच्छा गऱ्यो । यहाँ उसले जो जति गऱ्यो सबै परोपकार निमित्त गऱ्यो, यसमा उसको स्वार्थ थिएन । अब महात्मा कहाँ जान्छु भनी छिड्न लाग्दा उसले आफ्नो कालो झण्डा सेतो भएको देख्यो र अति हर्ष भयो । महात्माले पनि उसको झण्डा सेतो भएको देखेर खुशी भई कुन तीर्थमा पुगेपछि झण्डा सेतो भयो भनी सोधे । उसले भन्यो, संसार भरमा जति तीर्थ छन् सबै भ्रमण गरिसकें झण्डा सेतो भएन, अन्तमा फर्केर आउनलाग्दा ८० घाटमा पुगेपछि झण्डा सेतो भयो । ८० घाटको मतलब महात्मालाई थाहा भएन र उसले १० जना डाँकुहरूको बध गरी ७० बाट ८० गराई एक स्त्रीको जिउ, धन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: N

र धर्म रक्षा गरेको यथार्थ वर्णन गरी सुनायो । महात्मा खुसी भई भन्दछन् गीतामा श्रीकृष्णले भन्नु भएको ठीकै भयो ।

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१८-१७॥

जुन मानिसमा अहङ्कारको भाव छैन, जसको बुद्धि केही कुरामा लिप्त छैन. त्यसले यी सब लोकलाई मारे पनि त्यो न घातकी भनिन्छ न कर्मद्वारा नै बाँधिन्छ ।

आर्को एक दृष्टान्त—अर्जुन अश्वस्थामासँग युद्ध गरी अनेकौं कौरव सेना नष्ट गरिरहेका थिए। त्यस युद्ध क्षेत्रमा युधिष्ठिरलाई नदेखी अर्जुनले भीमसँग सोधे। भीमले भने, सूतपुत्र कर्णद्वारा घायल भई दाइ युधिष्ठिर शिविरमा गएका छन्। यो खबर सुनेर दाइलाई हेर्न हतारले कर्णसँग युद्ध नगरी तुरुन्त अर्जुन शिविरमा आए।

अर्जुनले कर्णलाई नमारी आएको देखेर युधिष्ठिरले अत्यन्त क्रोधित भई भने, हे अर्जुन ! तँलाई धिक्कार छ । निर्लज्ज भएर मलाई मुख देखाउन आइस्। कर्णलाई मार्छु भन्ने तेरो प्रतिज्ञा कहाँ गयो ? तैंले भनेको थिइस् कि सूतपुत्रलाई म एक्लै मार्ने छु । परन्तु आज युद्धमा भीमलाई एक्लै छोडी यहाँ भागेर आइस् । अब तैंले त्यो गाण्डीव धारण गर्नु पनि वृथा छ । तैंले गाण्डीव-लाई फ्याँकी दिनु अर्थात् बाली दिनु नै उचित छ। इत्यादि कुरा भनेर युधिष्ठिर पलंगमा लंपसार परी सुते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

गाण्डीवलाई फ्याँकी दिनु र बाली दिनु भन्ने शब्द सुनेर अर्जुन अति क्रोधित भए। उनीले तुरुन्त म्यानबाट तलवार झिकेर युधिष्ठिरतिर बढ़े। तब श्रीकृष्णजीले अर्जुनलाई रोकेर सोध्नु भयो, अर्जुन! यो के गर्न लागेको, तलवार किन झिकेको? अर्जुनले भने, युधिष्ठिरलाई मार्नको निमित्त। तपाईंलाई पनि थाहा भएकै हुनुपर्छ कि मेरो प्रतिज्ञा यस्तो छ जो गाण्डीवको अपमान गर्दछ त्यसको शिर काट्तछु। अहिले युधिष्ठिरले मेरो गाण्डीवको ठूलो अपमान गरी बाली दे भनी भने।

श्रीकृष्णले भन्नु भयो अर्जुन! तिमीलाई धर्मको तत्त्व थाहा छैन। ठूलाको अपमान गर्नु नै उनलाई मार्नु हो। तिमी बुद्धिमान भएर पनि यस्तो अनुचित कर्म गर्न तयार हुन्छौ? युधिष्ठिरले सूतपुत्रको वाणद्वारा घायल भई दुःखित भएर त्यसतो भनेकामा के आश्चर्य? उनको भनाईको त यो आशय हो कि तिमीलाई उत्तेजित (जोश भरिएको) गराई कर्णको शीघ्र बध गर्नु हो।

हे अर्जुन! धर्मको तत्त्व कस्तो छ त्यो सुन। प्राचीनकालमा बलाक नामले प्रसिद्ध एक ब्याधा रहन्थ्यो, जो आफ्ना स्त्री र पुत्रहरूको जीवन रक्षाको निमित्त हिंसक पशुहरूलाई मार्ने गर्दथ्यो, कामनावश होइन। त्यो बूढा माता-पिता तथा अन्य आश्रित जनहरूको पालन—पोषण गर्दथ्यो। सदा आफ्नो धर्ममा लागिरहन्थ्यो, सत्य बोल्दथ्यो र कसैको निन्दा गर्दैनथ्यो। एक दिन त्यो पशुलाई मार्नको लागि वनमा गयो; परन्तु कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

पनि त्यहाँ हिंसक पशुलाई फेला पार्न सकेन। यस्तैमा उसले एउटा पानी पिउन लागेको हिंसक पशुलाई देख्यो, जो अंधा थियो, नाकले सूँघेर नै आँखाको काम लिन्थ्यो। यद्यपि यस्तो जनावरलाई व्याधाले पहिले कहिले पनि देखेको थिएन, तै पनि त्यसलाई मार्‍यो। त्यस कानो पशुलाई मार्नासाथ आकाशबाट व्याधामाथि फूलको वर्षा हुन लाग्यो। त्यसै समयमा त्यो हिंसक पशुलाई मार्ने व्याधालाई लिनको लागि स्वर्गबाट एउटा सुन्दर विमान आयो, जहाँ अप्सराहरूको गीत र बाद्यको मधुर ध्वनि-देखि मन अति सुखी हुन्थ्यो। हे अर्जुन! त्यो पशुले पूर्वजन्ममा तप गरी सम्पूर्ण प्राणीलाई संहार गर्नको लागि वर प्राप्त गरेको थियो; यसकारण ब्रह्माजीले त्यसलाई कानो बनाई दिएका थिए। यस प्रकार समस्त प्राणीहरूको नाश गर्न निश्चयले युक्त त्यस पशुलाई मारेर बलक स्वर्गलोकमा गए; अतः धर्मको स्वरूप अत्यन्त दुर्ज्ञेय छ।

हे धनंजय! अब तिमी यस्तै प्रकारको आर्को एउटा कौशिक नाम गरेका तपस्वी ब्राह्मणको विषयमा सुन, जो धेरै पढ़े—लेखेका शास्त्रज्ञ थिएनन्। उनी गाउँको नजिक नदीको संगममा निवास गर्दथे। उनी नित्य सत्य बोल्ने हुनाले, उनको नाम सत्यवादीले विख्यात थियो। एक दिन केही मानिसहरू लुटेराका भयले वनमा लुक्न गए जुन वनमा ती कौशिक तपस्या गरी बसिरहेका थिए। लुटेराहरू पनि ती मानिसहरूलाई खोज्दै त्यही वनमा पुगे र सत्यवादी कौशिक मुनिको समक्ष गई सोधे, हे भगवन्!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

केही मानिसहरू यतातिर भागी आएका थिए, कतातिर लुकेका छन् वा कुन बाटो गरी कतातिर गए ? तपाईं सत्यवादी हुनुहुन्छ यस उसले हामीलाई सत्य कुरा बताई दिनुहोस् ? कौशिक मुनि सत्यवादी भएको हुँदा ती लुटेराहरूलाई सत्य कुरा बताइदिए, यस बनमा जहाँ अति बाक्ला वृक्ष छन् त्यहीं लुक्न गएका छन् । यस्ता प्रकारले कौशिक मुनिले डाँकुहरूलाई यथार्थ हाल बताइ-दिए। ती डाँकुहरूले तिनीहरू सबैलाई फेला पारी मारेर जो जति भएको धन लिएर गए। यहाँ कौशिक मुनिलाई सत्य बोल्दा महापाप लाग्यो, जसले गर्दा उनले नरकको कष्ट भोग्नु पर्‍यो, किन भने उनले धर्मको सूक्ष्म स्वरूपलाई बुझ्न सकेनन् । इत्यादि कुराको वर्णन गरी श्रीकृष्णले अर्जुनलाई युधिष्ठिरसँग क्षमा माग्न लगाउनु भयो ।

धर्मको तत्त्व अति सूक्ष्म हुनाले देश, काल, परिस्थिति अनु-सारको धर्म हुन्छ र समयानुकूल विचारद्वारा कार्य गर्नु नै धर्म हो । प्राणि मात्रको कल्याण गर्नु नै महान् धर्म हो । भूतकालको मात्र विचार गर्नु हुन्न र भविष्यको मात्र विश्वास मान्नु हुंन्न। अहिले जुन हामी सबैको सामुन्ने वर्तमानकाल छ त्यसलाई सत् व्यवहारमा लगाउनु नै ठूलो धर्म हो भन्ने लेखकको भनाई छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

मनको स्वरूप

हे मन ! तेरो कर्तव्य कर्म यो हो कि नित्य परमात्माको चिन्तन गरिरहनु । परमात्मालाई तत्काल खुसी तुल्याउन असंभव छ, उनीलाई त अनेक जन्म जन्मान्तरको पुण्य कर्मले मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरामा लागिस् भने तँ अवश्य धोका खान्छस् । परमात्मा प्रेमी हुनाको कारण प्रेमलाई थाहा पाउँछन् । अर्थात् प्रेमको विषयलाई प्रेमी नै जान्दछन् । ती अन्तर्यामी भगवान् शुद्ध प्रेम गर्नेलाई तत्कालमा नै दर्शन दिन्छन् । जब शुद्ध प्रेम र श्रद्धा विश्वासरूपी डोरी तयार हुन जान्छ तब त्यस डोरीद्वारा बाँधिएर भगवान् आपसे आप आउँछन्, तर तँ मूर्ख मन भने मिथ्या प्रेमद्वारा उनलाई प्राप्त गर्न चाहन्छस् । के तेरो मिथ्या प्रार्थना उनी जान्दैनन् ? जो त मन बुद्धिलाई उत्पन्न गर्नाको कारण र तिनका विषयलाई पनि जान्दछन् भने त्यहाँ सांसारिक मनुष्यमाथि कुटनीति गरे झैं कुट व्यवहारले कसरी हुन सक्छ ?

हे मन ! तँलाई नमस्कार छ । तेरो सम्बन्ध गर्नाले मैले अनेक जन्म संसार चक्रमा भूली व्यतीत गरें । जसले तेरो साथ सम्बन्ध गऱ्यो उसलाई जन्ममरणरूपी संसार चक्रमा घुमाउने तेरो स्वभाव रहेछ । भागवतमा भनेको पनि ठीकै नै रहेछ—

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

नायं जनो मे सुखदुःखहेतुर्न
देवतात्मा ग्रहकर्मकालाः ।
मनः परं कारणमामनन्ति
संसारचक्रं परिवर्तयेद् यत् ॥

(भागवत० ११।२३।४३)

यी स्वजन, देवगण, आत्मा, ग्रह कर्म र काल आदि कोही पनि मेरा सुखदुःखको कारण होइनन् यसको कारण त एक मात्र मनलाई बताएको छ जो कि यस संसार चक्रलाई निरन्तर चलाउने गर्दछ ।

यो कुरालाई नजान्दा मैले पनि अनेक जन्म यस असार संसार सागरमा घुमेर रहन पऱ्यो । आज मलाई सत्, चित्, आनन्द स्वरूप भगवानको अनन्त चिन्तन गर्नाले ज्ञानको प्रकाश हुन गयो । जुन जान्नु पर्ने तत्त्व हो त्यो थाहा भयो । जसकोद्वारा मनको स्वरूप र व्यवहार यस्तो रहेछ भन्ने ज्ञान थाहा भयो ।

मनो हि द्विविधं प्रोक्तं शुद्धञ्चाशुद्धमेवच ।
अशुद्धं कामसंकल्पं शुद्धं काम विवर्जितम् ॥

(श्रुतिसिद्धान्त सार संग्रह. ४।६)

मन दुइ किसिमको छ शुद्ध र अशुद्ध । विषय वासनाले युक्त भएको मन अशुद्ध र विषय वासना नभएको मन शुद्ध ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

अयं सोऽहमिदं तन्मे एतावन्मात्रकं मनः।
तद भावनमात्रेण दात्रेणेव विलूयते ॥
(श्रुतिसिद्धान्त सार संग्रह ४।९४

यो त्यो म मेरो हो भन्नु नै मन हो। यी भावना नहरनु नै मनको क्षय गर्नु हो।

मेरो मनको नाश वासनाको क्षय भएको हुँदा अब मलाई काम क्रोध आदि दुर्गुणले प्रवाहमा पार्न सक्तैनन्। अब मैले अमृत पान गरिसकें। तँ मलाई आफ्नो माया जालमा भूलाउन सक्तैनस्। हे मन! पहिले मेरो साधकावस्थामा तँलाई वश गर्न मैले प्रयत्न पनि गरें, तेरो अनुयायी बनी पछि पनि हिंड़े, धोका पनि खाएँ। जे जति गरिस् गरिस्, अब भने तेरो जोड चल्न सक्तैन, मलाई जगदीश्वरको कृपा भइसकेको छ। तँ जहाँ इच्छा छ जा म तँलाई रोक्ने चेष्टा गर्दिन, अन्त्यमा तैंले तेरो उत्पत्ति स्थान आत्माको आश्रय लिनु पर्छ पर्छ। जस्तै जहाजमा बसी समुद्रको यात्रा गरेको समयमा कसैले परेवा उड़ायो भने त्यो परेवा अन्यत्र बस्ने ठाउँ नपाउनाको कारण जहाजमा आई बस्तछ। त्यस्तै तँ जहाँ गए पनि बस्ने ठाउँ नपाउनाको कारण म कहाँ आएर बस्न करै लाग्छ।

हे मन! तेरो प्रत्येक व्यवहार अति निन्दनीय छ ता पनि तँमा एक अति श्रेष्ठ गुण छ त्यसको प्रशंसा नगरो कोही रहन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

सक्तैनन् । तँलाई एक पटक परमात्म चिन्तनको रस स्वाद चटाई दिएपछि फेरि अन्य पदार्थको इच्छा गर्दै गर्दैनस् । चारै मुक्तिलाई आफ्नो दासी बनाई छोड्दछस् । मनले मनलाई मार्दै र परमात्माको चिन्तन गर्नुं नै मनमाथि विजय प्राप्त गर्नु हो ।

आत्म-निरूपण

अथ ते सम्प्रवक्ष्यामि स्वरूपं परमात्मनः ।
यद्विज्ञाय नरो बन्धान्मुक्तः कैवल्यमश्नुते ॥

(विवेक-चूडामणि १२६)

अब म तिमीलाई परमात्माको स्वरूप बताउँदछु जसलाई जानेर मनुष्य बन्धनदेखि छुटेर कैवल्यपद प्राप्त गर्दछन् ।

न जायते म्रियते वा कदाचिन्नायं
भूत्वा भाविता वा न भूयः ।
अजो नित्य शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥

(गीता २।२०)

आत्मा न कहिले जन्मन्छ न मर्छ । यो पहिले जन्मेर फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

पछि नहुने पनि होइन । यो अजन्म, नित्य, नाश, रहित, नमासिने छ, शरीरको मृत्यु हुँदा यसको मृत्यु हुँदैन ।

अच्छेद्यो ऽयमदाह्यो ऽयमक्लेद्यो ऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलो ऽयं सनातनः ॥

(गीता २।२४)

काट्ता न काटिने, डढाउँदा न डढ्ने, भिजाउँदा न भिज्ने, सुकाउँदा न सुक्ने यो नित्य, सबमा रहेको स्थिर, अचल र सनातन छ ।

अव्यक्तो ऽयमचिन्त्यो ऽयमविकार्यो ऽयमुच्यते
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥

(गीता २।२५)

आदि औ अन्त पत्तालाउन न सकिने, विचारले भेट्न न सकिने, विकार रहित कहिएको छ । यसकारण त्यसलाई यस्तो जानेर तिमीले शोक गर्न योग्य छैन ।

यो विजानाति सकलं जाग्रत्स्वप्नसुषुप्तिषु ।
बुद्धितद्वृत्तिसद्भावमभावमहमित्ययम् ॥

(विवेक—चूडामणि १२८)

जो जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थामा बुद्धि र उसको वृत्तिहरू भएको नभएकोलाई पनि जान्द छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

यद्वाचानभ्युदितं येन वागभ्युद्यते ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥
यन्मनसा न मनुते येनाहुर्मनो मतम् ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥

(केनो० १।४-५।)

जसलाई वाणी प्रकाशित गर्न सक्तैन, परन्तु जसको सकाशले (नजीक) वाणी प्रकाशित हुन्छ, उसलाई तिमी ब्रह्म जान, यो नाम रूपात्मक दृश्य जसलाई अविवेकी लोक उपासना गर्दछन् त्यो ब्रह्म होइन। जसलाई मन मनन गर्न सक्तैन, परन्तु उसैकोद्वारा मनले मनन गरेको बताइन्छ, उसलाई तिमी ब्रह्म जान; यो नाम-रूपात्मक दृश्य जसलाई अविवेकीहरू उपासना गर्दछन्, त्यो ब्रह्म होइन ।

एको देवः सर्वभूतेषु गूढःसर्वव्यापी
सर्वभूतान्तरात्माः ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी
चेतः केवलोनिर्गुणश्च ॥

(श्वेता० ६।११)

ती एकै देव नै सब प्राणीहरूमा लुकेर रहेका छन्, सर्वव्यापी र समस्त प्राणीहरूका अन्तर्यामी परमात्मा हुन्;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding: I

उनै सबका कर्महरूको अधिष्ठाता, सम्पूर्ण भूतहरूका निवास स्थान, सबका साक्षी, चेतन स्वरूप, सर्वथा विशुद्ध र गुणातीत छन् ।

एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते ।
दृश्यते त्वग्रयया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥

(कठ० १।३।१२)

सम्पूर्ण भूतहरूमा लुकेर रहेको यो आत्मा प्रकाशमान हुँदैन । यो आत्मालाई सूक्ष्मदर्शी पुरुषहरू आफ्ना तीव्र र सूक्ष्म बुद्धिले जान्दछन् ।

येन विश्वमिदं व्याप्तं यन्न व्याप्नोति किञ्चन ।
आभारूपमिदं सर्वं यं भान्तमनु भात्ययम् ॥

(विवेक-चूडामणि १३०)

जसले सम्पूर्ण विश्वलाई व्याप्त गरेको छ, परन्तु जसलाई कोही व्याप्त गर्न सक्दैनन् तथा जसको भासनाले यो आभासरूप सारा जगत् भाषित भइरहेको छ ।

यस्य सन्निधिमात्रेण देहेन्द्रियमनोधियः ।
विषयेषु स्वकीयेषु वर्तन्ते प्रेरिता इव ॥

(विवेक-चूडामणि १३१)

जसको सन्निधिमात्रले देह, इन्द्रिय, मन र बुद्धि प्रेरित भएर आफ्ना-आफ्ना विषयलाई ग्रहण गर्दछन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

नियमितमनसा त्वं स्वमात्मानमात्म-
न्ययमहमिति साक्षाद्विद्धि बुद्धिप्रसादात्।
जनिमरणतरङ्गापारसंसारसिन्धुं
प्रतर भव कृतार्थो ब्रह्मरूपेण संस्थः ॥

(विवेक–चूडामणि १३८)

तिमी यस आत्मालाई संयतचित्त (चित्तलाई वशगर्नेवाला) भएर बुद्धिलाई प्रसन्न तुलाएर (यै मै हुँ) भनी आफ्नो अन्तःकरणमा साक्षात् अनुभव गर र 'जन्म-मरणरूपी तरङ्गरूप अपार संसार सागरलाई पार गर र आफू ब्रह्ममा स्थित भई कृतार्थ भएर रहू।

मुमुक्षी पुरुषले यो वर्णन गरेको आत्म-निरूपण निश्चय गर्न अति योग्य छ। यसको निश्चय जहाँ सम्म हुँदैन त्यहाँ सम्म संसारमा आवागमन् छुट्टैन, यसकारण मुमुक्षु पुरुषले यस कुराको विचार विवेक अवश्य गर्नुपर्छ, यसैको निमित्त नर देह उत्पन्न भएको हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञान

ज्ञान कसरी प्राप्त हुन्छ, ज्ञान भनेको के हो र ज्ञानीको स्थिति कस्तो हुन्छ ? यस कुरालाई जान्न सबैलाई उत्कण्ठा लागेको हुन्छ र लाग्नु पर्ने कुरा पनि हो।

ज्ञानं मोक्षैक कारणम्।

कौलोपनिषद्

ज्ञान मोक्षको एक कारण हो।

चित्तस्य शुद्धये कर्म न तु वस्तूपलब्धये।
वस्तुसिद्धिर्विचारेण न किञ्चित् कर्मकोटिभिः॥

(विवेक–चूडामणि ११)

कर्म चित्त शुद्धको निमित्त मात्र हो, वस्तुपलब्धि (तत्त्व-दृष्टिको निमित्त होइन) वस्तु सिद्ध त विचारदेखि हुन्छ, करोडौं कर्मबाट पनि केही हुन सक्तैन।

अर्थस्य निश्चयो दृष्टो विचारेण हितोक्तितः।
न स्नानेन न दानेन प्राणायामशतेन वा॥

(विवेक–चूडामणि १३)

कल्याणप्रद उक्तिहरूद्वारा विचार गर्नाले नै वस्तु निश्चय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

भएर देखिन्छ, स्नान, दान अथवा सैकडौं प्राणायामहरूबाट पनि हुँदैन।

दृष्टान्त—एक दिन सायंकालमा क्षत्री, ब्राह्मण र महात्मा तीन जना साथै डुल्न निस्केका थिए। त्यस्तैमा उनीहरूले मार्गमा एक सर्प देखे। सर्प हटाउनको निमित्त क्षत्रीले खुकुरीको झटारो हान्यो तर सर्प भागेन, अनि ब्राह्मणले वेद मन्त्र पढी फुके तै पनि सर्प हटेन। अन्तमा महात्माले नगीचै गई हेर्दा त डोरी पो रहेछ, डोरी भनी जाने पछि सर्पको भ्रम हट्यो र महात्मा भन्दछन्—

मोक्ष के हेतु ज्ञान एक नहीं कर्म नहीं ध्यान।
रज्जु सर्प तबही नसे होइ रज्जुके ज्ञान॥

मोक्षको हेतु केवल एउटा ज्ञान नै छ कर्म, ध्यान, मन्त्र इत्यादि होइन। कुनै प्रयत्नले पनि सर्पको भ्रम हट्दैन जहाँसम्म रज्जुको ज्ञान हुँदैन।

अज्ञानमेवास्य हि मूलकारणं तद्धान मेवात्र विधौ विधीयते।

विद्यैव तन्नाशविधौ पटीयसी न कर्म तज्जं सविरोध मीरितम्॥

(राम गीता ९)

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यस संसार चक्रको मूलकारण अज्ञानै हो, अज्ञान नाश गर्ने आत्मज्ञान हो। अरू कर्मले अज्ञानको नाश हुन सक्तैन किन-भने कर्म अज्ञानदेखि भएको छ। त्यसकारण अज्ञानको त्यो विरोधी हुँदैन।

श्री कृष्णजीले पनि यसै कुरालाई लिएर अर्जुनलाई भन्नु भएको छ।

सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते।

(गीता ४।३३)

हे पार्थ! सम्पूर्ण कर्महरूको टुङ्गो अन्त्यमा ज्ञानमा गएर लाग्छ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि॥

(गीता ४।३६)

तिमी पापीहरू मध्येका उग्रपापी भएता पनि ज्ञानरूप नाउँ-द्वारा सम्पूर्ण पापदेखि अवश्य तर्ने छौ।

दृष्टान्त—कुनै एक धनवान्को एउटा श्यामलाल नाम गरेको छोरा रहेछ। उसले आफ्नो यौवनकालमा नै अनेक भाषाको विद्या अध्ययन गरिसकेको थियो। उसलाई एक दिन नदीको सयर गर्न मन लागेछ र नाउमा बसी घुम्न लाग्यो। आफू-सँग कुरा गर्ने व्यक्ति अन्य कोही नहुनाले उसले केवटलाई

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सोध्यो—तैंले ज्योतिष शास्त्र पढेकोछस् ? केवट भन्दछ—ज्योतिष शास्त्र भनेको क्या हो मलाई थाहा छैन। श्यामलालले भन्यो तेरो जीवनको चार भागमा एक भाग व्यर्थ गएछ भनी अरु अंग्रेजी, उर्दू, बंगाली आदि भाषा पनि सोध्यो तर कुनै भाषाको पनि केवटलाई ज्ञान नभएको देखी उसले भन्यो। तैंले आफ्नो जीवनको तीन भाग त व्यर्थ खेर फालिछस्। तेरो जीवनलाई धिक्कार छ।

संयोगवश आँधीवेरी आई वर्षा समेत भयो र नौकामा समेत पानी भरिनगई डुब्न लाग्यो। केवटले अनुकूल अवसर देखी श्यामलाललाई भन्यो—तपाईंलाई धेरै भाषाको ज्ञान त रहेछ तर पार तैरनु जान्नु हुन्छ कि हुन्न ? मेरो त जीवनको तीन भाग नष्ट भए पनि बाँकी बचेको एक भागद्वारा पार तैरी आफ्नो जीवनको रक्षा गर्दछु, परन्तु तपाईंको त जीवनको चारै भाग नष्ट हुन लाग्यो, यति भनी केबटले नदी पार गऱ्यो। श्यामलाल भने डुबी गऱ्यो।

सिद्धान्त—श्यामलाल भनेको सांसारिक विद्याले मात्र निपुण भएको ब्रह्मज्ञानले रहित भएको जीव हो। नदी भनेको भवसागर हो, त्यो पार गर्न ज्ञानै चाहिन्छ। केवट भनेको ब्रह्मज्ञानी पुरुष थियो र त्यो ज्ञानको प्रभावले गर्दा भवसागर पार भयो। यसबाट यो सिद्ध हुन्छ ज्ञान विना जीवन मुक्त हुँदोरहेनछ। ज्ञानको नाम नै प्रकाश हो, जहाँ प्रकाश छ त्यहाँ अन्धकार हुँदैन, जहाँ ज्ञान

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

छ त्यहाँ अज्ञान हुँदैन। अनादि कालदेखिको अन्धकार भए ता पनि दीपकको प्रकाश हुनासाथ भागिहाल्छ।

(तरति शोकमात्मवित्)

(छा० उ० ७।१।३।)

आत्मज्ञानी शोक—मोहदेखि पार हुन्छन्।

तथा विद्वान्नामरूपाद्विमुक्तः
परात्परं पुरुषमुपैति दिव्यम् ॥

(मु० ३।२।८।)

ज्ञानी महात्मा नामरूपबाट मुक्त भएर परात्पर ब्रह्ममा प्राप्त हुनजान्छन्।

(ब्रह्मविदाप्नोति परम्)

(तै० २।१)

ब्रह्मवेत्ता परमात्मामा प्राप्त हुनजान्छन। यस प्रकार श्रुतिको कथनबाट पनि यही सिद्ध हुन्छ कि जीवन मुक्त केवल ब्रह्मज्ञान-द्वारा मात्र हुन सक्छ, अन्य पदार्थको ज्ञानद्वारा हुँदैन। श्रीकृष्ण-जीले पनि भन्नु भएको छ—

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥

(गी० ४।३७)

जस्तै दनदन बल्न लागेको आगोले दाउरालाई खरानी

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

तुल्याई दिन्छ, त्यस्तै ज्ञानरूपी अग्निले सम्पूर्ण कर्मलाई भस्म गराई दिन्छ।

नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।

(गी० ४।३८)

यस संसारमा ज्ञान जस्तो पवित्रकुरा अरू केही छैन यो निश्चय छ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानंयदतोऽन्यथा॥

(गी० १३।११)

आध्यात्मिक ज्ञान नै नित्य हो भन्ने विचारलाई र आत्म दर्शनलाई ज्ञान भनिन्छन्। यिनीहरूभन्दा जो उल्टो छ त्यसलाई अज्ञान भनी जान्नु।

निर्विकारो निराकारो निरवद्योऽहमव्ययः।
नाहं देहो ह्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः॥

(अपरोक्षानुभूति० २५)

म निर्विकार, निराकार, निर्मल र अविनाशी हूँ; असत्स्वरूप देह म होइन भनी जान्नुलाई बुधजन ज्ञान भन्दछन्।

निर्गुणो निष्क्रियो नित्यो नित्यमुक्तोऽहमच्युतः।
नाहं देहो ह्यसद्रूपो ज्ञानमित्युच्यते बुधैः॥

(अपरोक्षानुभूति २७)

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

म निर्गुण, निष्क्रिय, नित्यमुक्त र अच्युत हुँ, असत्स्वरूप देह म होइन भनी जान्नुलाई बुधजन ज्ञान भन्दछन्।

कसैले ज्ञान भनेको के हो भनी प्रश्न गर्‍यो भने त्यसको उत्तर केही पनि दिन सकिन्न। यदि शरीरलाई ज्ञानी भनौं भने शरीर त जड छ त्यसलाई ज्ञान हुन असम्भव छ। उसो भए जीवलाई नै ज्ञानी मानौं भने पनि ज्ञानोत्तरकालमा त्यस चेतनलाई जीवसंज्ञा रहँदैन। यदि अब शुद्ध चेतनलाई नै ज्ञानी मानौं भने पनि शुद्ध चेतन त कहिले अज्ञानी भएकै छैन। यस-कारण यो भन्न सकिन्न कि ज्ञानी कुन हो। वास्तविक दृष्टिमा ज्ञानी कसको संज्ञा हो यो कोही पनि वाणीद्वारा बतलाउन सक्तैनन्, किनभने ज्ञानीको दृष्टिमा त ज्ञानीपना पनि हुँदैन। ज्ञानी र अज्ञानीको संज्ञा केवल लोकशिक्षाको निमित्त मात्र हो र अज्ञानीहरूका भित्र मात्र यसको कल्पना हुन्छ। जुन किसिम गुणातीतको लक्षण बताउँदछन्। जो त तीनै गुणदेखि अतीत छ त्यसको लक्षण कसरी? लक्षण त अन्तःकरणमा पैदा हुन्छ र अन्तःकरणदेखि हुने क्रिया त्रिगुणात्मिक छ। कुरा यो हो कि गुणातीतलाई बुझ्नको निमित्त अन्तःकरणको क्रियाहरूको लक्षण वर्णन गरिन्छ।

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठतिनेङ्गते॥
समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः॥
मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते॥
(गीता० १४। २२-२३-२४-२५)

हे पाण्डव! जो प्रकाश, प्रवृत्ति र मोह आइलागेमा रिसाउँदैन औ आएन भने तिनको इच्छा पनि गर्दैन, जो उदासीन जस्तो भएर गुणहरूद्वारा विचलित हुँदैन, यो त गुणहरूको काम हो भनेर जो मति-स्थिर गरेर डगमग गर्दैन, जो सदा आत्मचिन्तनमा मात्र मग्न रहन्छ, सुखदुःखलाई समान ठान्ने, माटो-ढुङ्गा-सुन सबैलाई बराबर देख्ने, धीर, प्रिय अप्रियलाई एकै मान्ने, आफ्नो निन्दा-स्तुतिलाई एकै बुझ्ने, मान-अपमान दुवैलाई बराबर जान्ने, शत्रु-मित्र दुवैको पक्षमा एकनास विचार गर्ने, सबै काममा कर्त्ता म हुँ भन्ने अभिमान त्याग गर्ने जो हो त्यो गुणातीत भनिन्छ।

अन्तःकरणमा कुनै धर्म नरहनाको कारण द्वेष र आकांक्षा फसैमा हुँदैन। राग-द्वेष र हर्ष-शोकादि न हुनाको कारण यो सिद्ध हुन्छ कि उसमा कुनै धर्म छैन। यदि जड अन्तःकरणको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

साथ समष्टि–चेतन रहेको हुँदो हो त जड अन्तःकरणमा राग–द्वेषादि विकारहरूको हुनु सम्भव हुन्थ्यो, परन्तु समष्टि–चेतनको संबन्ध अन्तःकरणदेखि रहँदैनथ्यो, केवल उसैको सत्ता-स्फूर्तिदेखि चेष्टा हुन्छ । यी सब लक्षणहरू पनि त्यहींसम्म रहन्छन् जहाँसम्म संसारको चित्र हुन्छ र यो साधकका लागि आदर्श उपायस्वरूप हो ।

गुणातीतको वास्तविक अवस्थालाई नकोही जान्न सक्छन् न त बताउनै सक्छन्, त्यो स्वसंवेद्य (आफै जानने) स्थिति हो । परन्तु यदि कसैले यस्तो प्रकारले ज्ञानको परीक्षा गरेछ कि ममा ज्ञानको लक्षणछ कि छैन भने यहाँ यो जान्नु पर्छ कि त्यसमा ज्ञान छैन, लक्षणहरूको खोजीले नै यो कुरा सिद्ध भयो कि त्यसको स्थिति शरीरमा छ, त्यस ज्ञानीको सत्ता ब्रह्मदेखि भिन्न छ, नत्र भने खोज्ने चाहिं कुन हो र स्थिति कसको ? जसमा त ज्ञाता, ज्ञान र ज्ञेय सबै एकै बन्न जान्छन् ।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥

(गीता० १४ । १९)

जुन कालमा द्रष्टा तीनै गुणहरूका अतिरिक्त अन्य कसैलाई कर्ता देख्दैन अर्थात् गुण नै गुणहरूमा "रहन्छन् यस्तो देख्तछ र तीनै गुणहरूदेखि अति पर सच्चिदानन्दघन परमात्माको तत्त्व जान्दछ त्यस कालमा त्यो पुरुष मेरो स्वरूपमा प्राप्त हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

परन्तु जो मलाई ज्ञान भएको छैन भनी भन्दछ भने त्यो ज्ञानी होइन, किनभने त्यसले स्पष्ट भन्यो। जो मलाई ज्ञान भयो भनी भन्दछ भने त्यो पनि ज्ञानी होइन, किनभने यस्तो भन्नाले त ज्ञाता, ज्ञान र ज्ञेय तीन पदार्थ सिद्ध हुन्छन् र जो मलाई ज्ञान भयो कि भएन मलाई थाहा छैन भनी भन्दछ भने त्यो पनि ज्ञानी होइन, किनभने ज्ञानोत्तर-कालमा यस्तो प्रकारको सन्देह रहन सक्तैन। उसो भए ज्ञानी को हो ? यसको उत्तर नै छैन। यसकारण यो स्थितिलाई अनिर्वचनीय भनी बताएको छ।

भावना

भावना अनुसार फल प्राप्त हुने भएकोले जसले जस्तो भावना गर्दछ उस्तै फल अवश्य प्राप्त गर्दछ। किन्तु मलिन र अदृढ भावनाले फल प्राप्त हुँदैन परन्तु फल प्राप्त गर्नको निमित्त त निश्चय, दृढता र तीव्रता हुनु पर्छ अनि मात्र भावना अनुसारको फल प्राप्त हुन्छ। कुनै एक सज्जन आफ्नो कोठामा बसी ध्यान गरिरहेका थिए। उनको भावना घरको भैंसीमा गएछ र उनले आफैलाई भैंसी भएको ठानेछन्, त्यस्तैमा उनलाई कसैले बाहिर आऊ भनी डाक्दा ती सज्जनले मेरो सिंग ढोकामा अडकिन्छ म कसरी बाहिर आऊँ भनेछन्। यसबाट यो सिद्ध हुन्छ कि जसरी

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ती सज्जनले भावनाले गर्दा भैंसी आफैलाई ठाने त्यस्तै भावना ध्यानावस्थामा परमात्माको भयो भने आफै भगवान् भएको भान हुन्छ। यस उसले हामीले यही भावना नित्य गर्नु पर्छ कि जुन परमात्मा भगवान् जन्ममरण, विकार रहित हुनुहुन्छ हामी पनि त्यही नै हौं। भगवान्को पनि भनाई यही छ कि जुन व्यक्ति आफूमा र ममा एकै भावना गर्दछ भने त्यो मै तुल्य हुन्छ अर्थात् त्यसमा र ममा केही फरक हुँदैन।

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव॥

(गीता ७।७)

हे धनंजय! मदेखि अतिरिक्त किञ्चित्मात्र पनि आर्को कुनै वस्तु छैन, यो सम्पूर्ण जगत् धागामा उनिएको मणिका दानाझैं मैमा उनिएका छन्।

अहं भवान्न चान्यस्त्वं त्वमेवाहं विचक्ष्व भोः।
न नौ पश्यन्ति कवयश्छिद्रं जातु मनागपि॥

(श्रीमद्भागवत महापुराण ४।२८।६२)

हे ज.व! जो म हुँ सो तिमी हौ, मदेखि तिमी भिन्न छैनौ। जो तिमी हौ सोही म हुँ। यसकारण तिमी आफूमा मेरो एकता विचार गरी हेर। ज्ञानी जीव आफूलाई र ईश्वरलाई एकै रूप मान्दछन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

जस्तो भावना गर्‍यो उस्तै हुन्छ भन्ने कुरा त हामी सबैले प्रत्यक्ष नै देखेकाछौं। कुमालकोठी भन्ने कीराले अनेक थरी-थरी कीराका बच्चालाई ल्याई आफ्नो गुडमा राख्तछ। ती कीराका बच्चाहरूले नित्य आफूलाई कुमालकोठी सम्झेका हुन्छन् र अन्तमा त्यही नै हुन्छन्।

तदेष श्लोको भवति। तदेव सक्तः सह कर्मणैति लिङ्गं मनो यत्र निषक्तमस्य। प्राप्यान्तं कर्मणस्तस्य यत्किञ्चेह करोत्ययम्। तस्माल्लोकात् पुनरैत्यस्मै लोकाय कर्मण इति नु कामयमानोऽथाकामयमानो योऽकामो निष्काम आप्तकाम आत्मकामो न तस्य प्राणा उत्क्रामन्ति ब्रह्मैव सन् ब्रह्माप्येति।

(बृह० ४।४।६)

त्यस विषयमा यो मन्त्र छ–जसको लिङ्ग अर्थात् मन जसमा अत्यन्त आसक्त हुन्छ, त्यसै फलको यो साभिलाष भएर कर्मको सहित प्राप्त गर्दछ। यस लोकमा यो जे जति गर्दछ, त्यस कर्मको फल प्राप्त गरेर त्यस लोकबाट कर्म गर्नको लागि पुनः यस लोकमा आउँदछ, अवश्य नै कामना गर्ने पुरुषको यस्तो गति हुन्छ। अब जो कामना नगर्ने चाहिं पुरुष छ त्यो अकाम, निष्काम, आप्तकाम र आत्मकाम हुन्छ, उसको प्राणको उत्क्रमण हुँदैन; त्यो ब्रह्ममा नै रहेर ब्रह्ममा प्राप्त हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥
(गीता० ८।५)

मर्ने बेलामा जो मलाई नै संझेर शरीर त्याग गर्दछ त्यो मेरो स्वरूपमा प्राप्त हुन्छ यस कुरामा अलिकता पनि सन्देह छैन ।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥
(गीता० ८।६)

हे कुन्तिपुत्र ! मानिस अन्त्यकालमा जुनजुन भावना लिएर शरीर त्याग गर्दछ त्यो आफूले भावना गरिरहेको भावनाले युक्त भएर त्यही त्यही भावमा प्राप्त हुन्छ ।

श्रीकृष्णको भनाई अनुसार यो ज्ञात हुन्छ कि ज्ञानी भए ता पनि अन्त समयमा खराब भावना गऱ्यो भने पनि भावना अनुसार फल अवश्य भोग्नैपर्छ । अब जड भरतको भावनाको वर्णन गरिन्छ ।

एक दिन भरतजी गण्डकीमा स्नान गरी नित्य-नैमित्तिक तथा शौचादि अन्य आवश्यक कर्मदेखि निवृत्त भएर प्रणवको जप गर्दै तीन मुहूर्तसम्म नदीको किनारामा बसिरहेका थिए । त्यस्तैमा एउटी हिरनी पनि पानी पिउनको इच्छाले नदीमा आई । जब त्यो हिरनी पानी पिउन लागेकी थिई, त्यस समयमा सिंह गरजेको भयङ्कर शब्द कानमा पर्न गई भयले नदी पार गर्न

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उफ्रिदाँ गर्भ पतन भयो। त्यस बच्चालाई आफ्नो आश्रममा ल्याएर भरतजीले पाले। दिन प्रतिदिन उनको स्नेह त्यस हिरनी-को बच्चामाथि बढ़दै गयो। बच्चाको लालन–पालन आदि कर्ममा डूबे। एवं प्रकारबाट उनको नित्यकर्म पनि छुट्न गयो। उनको वासना बच्चामा ज्यादा हुनाको कारण आत्मस्वरूपलाई पनि भुल्दा भए। त्यो बच्चा जब जवान भयो तब जङ्गलमा चर्न जान्थ्यो र फेरि भरतजीकै आश्रममा फर्की आउँदथ्यो। यसै गरी वनमा चर्न गएको थियो तर त्यो दिनमा भने फर्केर आएन। त्यसको वियोगमा उनी अति चिन्ताग्रस्त भए। केही दिन पश्चात् उनको मरणको समय आयो, अन्तकालमा पनि उनको वासना मृगमा गएको थियो। त्यसको फल स्वरूप मरेर उनले मृगको शरीर धारण गर्नु पर्‍यो। परन्तु उनको पूर्वजन्मको स्मृति नष्ट भएन।

मृग शरीर धारी भरतजीले वासना अनुसार मृग भएकोमा ठूलो खेद मानी उक्त शरीर त्यागनको निमित्त कालको प्रतीक्षा गरिरहे। अन्तमा उनले आफ्नो शरीरको आधा भाग गण्डकीको जलमा डुबाएर राखी मृगशरीरलाई त्यागि दिए।

मृगशरीरलाई त्यागेपछि भरतजी आङ्गिरस गोत्रमा ब्राह्मण-कुलमा जन्मे। उनलाई पूर्वजन्मको स्मृति भई नै रहेको हुँदा घर परिवारमा वासना जाला कि भन्ने भयले पागलझैं भई हिड्ने गरे। अकस्मात् उनलाई एक रात डाँकुहरूले समाती भद्रकाली-लाई बलि दिन भनी लगे। जसरी बोकालाई बलिदान दिंदाखेरी

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

राखेको हुन्छ, उस्तै गरी भरतजीलाई भद्रकाली अगाडि बाँधेर आफूहरू मृदङ्ग ढोल आदि बजाई पूजा, पाठ, स्तुति गर्न लागे। केही क्षण पश्चात् बध गर्नका निमित्त पुरोहितले देवीमन्त्रले अभिमन्त्रित एक तलवार उठायो। त्यस्तो परम ज्ञानी भक्तलाई मूर्खहरूले मार्न लागेको यस्तो भयङ्कर कुकर्म देखी भद्रकालीले ती मूर्ख डाँकुहरू सबैलाई बध गरी भरतजीको रक्षा गरिन्।

एक दिन सिन्धुसौवीर देशका स्वामी राजा रहूगण पालकीमा चढ़ेर गइरहेका थिए। त्यस्तैमा ती राजाको पालकी बोक्नलाई एउटा डोलेको आवश्यकता परेछ र मार्गमा भरतजीलाई फेलापारी पालकी बोकाए। राजाले भरतजीले बोकेको पालकीको चाल ठीक नभएकोले अति गाली गरे। ती परम प्रभावशाली ब्रह्मर्षिपुत्रले आफ्नो अपमान गर्ने भएका सिन्धुनरेश रहूगणलाई अत्यन्त करुणावश आत्मतत्त्वको उपदेश दिए। तब राजाको शंका सबै समाधान भएकोले उनको चरणमा परे। अनि राजाले आफ्नो अन्तःकरणमा आरोपित भएको अविद्या देहात्मबुद्धिलाई त्याग गरे। भरतजी पनि परिपूर्ण समुद्रको तुल्य शान्तचित्त र जितेन्द्रिय भएर पृथ्वीमा घुम्न लागे।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उफ्रिदाँ गर्भ पतन भयो। त्यस बच्चालाई आफ्नो आश्रममा ल्याएर भरतजीले पाले। दिन प्रतिदिन उनको स्नेह त्यस हिरनीको बच्चामाथि बढ्दै गयो। बच्चाको लालन–पालन आदि कर्ममा डूबे। एवं प्रकारबाट उनको नित्यकर्म पनि छुट्न गयो। उनको वासना बच्चामा ज्यादा हुनाको कारण आत्मस्वरूपलाई पनि भुल्दा भए। त्यो बच्चा जब जवान भयो तब जङ्गलमा चर्न जान्थ्यो र फेरि भरतजीकै आश्रममा फर्की आउँदथ्यो। यसै गरी वनमा चर्न गएको थियो तर त्यो दिनमा भने फर्केर आएन। त्यसको वियोगमा उनी अति चिन्ताग्रस्त भए। केही दिन पश्चात् उनको मरणको समय आयो, अन्तकालमा पनि उनको वासना मृगमा गएको थियो। त्यसको फल स्वरूप मरेर उनले मृगको शरीर धारण गर्नु पर्‍यो। परन्तु उनको पूर्वजन्मको स्मृति नष्ट भएन।

मृग शरीर धारी भरतजीले वासना अनुसार मृग भएकोमा ठूलो खेद मानी उक्त शरीर त्यागनको निमित्त कालको प्रतीक्षा गरिरहे। अन्तमा उनले आफ्नो शरीरको आधा भाग गण्डकीको जलमा डुबाएर राखी मृगशरीरलाई त्यागि दिए।

मृगशरीरलाई त्यागेपछि भरतजी आङ्गिरस गोत्रमा ब्राह्मणकुलमा जन्मे। उनलाई पूर्वजन्मको स्मृति भई नै रहेको हुँदा घर परिवारमा वासना जाला कि भन्ने भयले पागलझैं भई हिड्ने गरे। अकस्मात् उनलाई एक रात डाँकुहरूले समाती भद्रकालीलाई बलि दिन भनी लगे। जसरी बोकालाई बलिदान दिंदाखेरी

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: I

राखेको हुन्छ, उस्तै गरी भरतजीलाई भद्रकाली अगाडि बाँधेर आफूहरू मृदङ्ग ढोल आदि बजाई पूजा, पाठ, स्तुति गर्न लागे। केही क्षण पश्चात् बध गर्नका निमित्त पुरोहितले देवीमन्त्रले अभिमन्त्रित एक तलवार उठायो। त्यस्तो परम ज्ञानी भक्तलाई मूर्खहरूले मार्न लागेको यस्तो भयङ्कर कुकर्म देखी भद्रकालीले ती मूर्ख डाँकुहरू सबैलाई बध गरी भरतजीको रक्षा गरिन्।

एक दिन सिन्धुसौवीर देशका स्वामी राजा रहूगण पालकीमा चढ़ेर गइरहेका थिए। त्यस्तैमा ती राजाको पालकी बोक्नलाई एउटा डोलेको आवश्यकता परेछ र मार्गमा भरतजीलाई फेलापारी पालकी बोकाए। राजाले भरतजीले बोकेको पालकीको चाल ठीक नभएकोले अति गाली गरे। ती परम प्रभावशाली ब्रह्मर्षिपुत्रले आफ्नो अपमान गर्ने भएका सिन्धुनरेश रहूगणलाई अत्यन्त करुणावश आत्मतत्त्वको उपदेश दिए। तब राजाको शंका सबै समाधान भएकोले उनको चरणमा परे। अनि राजाले आफ्नो अन्तःकरणमा आरोपित भएको अविद्या देहात्मबुद्धिलाई त्याग गरे। भरतजी पनि परिपूर्ण समुद्रको तुल्य शान्तचित्त र जितेन्द्रिय भएर पृथ्वीमा घुम्न लागे।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

महात्मा

महात्मा शब्दको अर्थ हो 'महान आत्मा' अर्थात् सबको आत्मा नै जसको आत्मा हो। यस सिद्धान्तले (महात्मा) शब्द वस्तुतः एक परमेश्वरको लागि नै शोभा दिन्छ; किनभने सबको आत्मा हुनाको कारण त्यही महात्मा हो। गीतामा श्रीकृष्ण भगवान् स्वयं भन्नु हुन्छ—

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः।

(गीता० १०।२०)

हे अर्जुन ! म सब भूत-प्राणिहरूको हृदय स्थित सबको आत्मा हुँ।

यस्मिन् सर्वाणि भूतानि ह्यात्मत्वेन विजानतः।
न वै तस्य भवेन्मोहो न च शोकोऽद्वितीयतः॥

(अपरोक्षानुभूति० ५४)

जहाँ अज्ञानले द्वैत भाव हुन्छ त्यहाँ अन्य केही देखापर्छ, जब सबै आत्मरूप नै देखापर्छ तब अन्य केही पनि रहँदैन। त्यस अवस्थामा सम्पूर्ण भूतहरूलाई आत्मभावले जान्ने भएको त्यस (महात्मा) को कोही आर्को न रहनाको कारण न मोह हुन्छ न त शोक।

परन्तु जो पुरुष भगवान्को तत्त्वलाई जान्दछ अर्थात

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

भगवान्मा प्राप्त हुन जान्छ त्यो पनि महात्मा नै हो, अवश्य यस्ता महात्मालाई भेट्न अति दुर्लभपर्छ। गीतामा भगवान्ले भन्नु भएको छ—

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः॥

(गीता० ७।३)

हजारौं मान्छेमा कोही मात्र मलाई पाउन उद्योग गर्दछन्। फेरि ती उद्योग गर्ने योगीहरू मध्ये पनि कसै कसैले मात्र मलाई यथार्थ गरेर जान्दछन्।

जसले भगवान्लाई प्राप्त गरेको छ, उसको लागि सम्पूर्ण भूतहरूको आत्मा उसको आत्मा हुनजान्छ, किनभने परमात्मा सबको आत्मा हुन् र त्यो भक्त परमात्मामा स्थित छ। यसकारण सबैको आत्मा नै उसको आत्मा हो। यसको अतिरिक्त (सर्व-भूतात्म भूतात्मा) गीता ५।७० यो विशेषण पनि उसैको लागि आएको हो त्यो पुरुष सम्पूर्ण भूत-प्राणीहरूलाई आफ्नो आत्मा र आत्मालाई सम्पूर्ण भूत-प्राणीहरूमा देख्दछ। त्यसको ज्ञानमा सम्पूर्ण भूत-प्राणीहरूमा र आफ्नो आत्मामा केही भेद-भाव रहँदैन।

यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते॥

(ईश० ६)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

जो समस्त भूतहरूलाई आफ्नो आत्मामा र समस्त भूतहरूमा आफ्नो आत्मालाई देख्दछ, त्यो फेरि कसैमा घृणा गर्दैन। सर्वत्र उसको आत्मदृष्टि हुनजान्छ, अथवा उसको दृष्टिमा एक भगवान्को सिवाय अरू केही रहँदैन।

वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः॥

(गीता० ७।१९)

सब वासुदेव हो भनी यस्तो प्रकारले जान्ने महात्मा अति दुर्लभ हुन्छन्।

एउटा दुःखको कुरा यो छ कि आजकाल मानिसहरू सर्वसाधारण भेष बदलेर हिंड्ने व्यक्तिलाई समेत महात्मा शब्द प्रयोग गर्दछन्। महात्मा अथवा भगवान् शब्दको प्रयोग वस्तुतः खूब बुझेर विचार गरेर मात्र गर्न पर्ने हो। वास्तवमा महात्मा त त्यही नै हो जसमा महात्माको लक्षण र आचरण हुन्छ, न कि केवल गेरुवस्त्र लगाउनाले मात्र बन्द छ। यस्तो महात्माको दर्शन पाउन अति दुर्लभ छ, यदि केही गरी देखिहाले ता पनि उनलाई चिन्न त असम्भव नै पर्छ।

महत्सङ्गस्तु दुर्लभोऽगम्योऽमोघश्च।

(नारद भक्ति सूत्र० ३९)

महात्माको सङ्ग हुनु दुर्लभ, दुर्गम र अमोघ (निष्फल नहुने) हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

साधारणतया उनलाई यस किसिमबाट चिन्न सकिन्छ कि उनीसँग अमोघ हुनाको कारण उनको दर्शन, भाषण र आचारणहरूले मनुष्यहरूमा अतिशय ठूलो प्रभाव पर्दछ। ईश्वर-स्मृति, विषयमा वैराग्य, सत्य, न्याय र सदाचारमा प्रीति, चित्तमा प्रसन्नता तथा शान्ति आदि सद्गुणहरूको स्वाभाविक नै प्रादुर्भाव (प्रकट) हुनजान्छ। यति हुँदा पनि बाहिरी आचरणले मात्र त महात्मालाई चिन्न अति कठिन पर्छ; किनभने पाखण्डी मनुष्य पनि दुनियाँलाई ठग्नको निमित्त महात्माहरूका झैं स्वाँग रचेर हिंडेका हुन्छन्। परमात्माको दयाले मात्र महात्मासँग भेट हुन्छ र उनै परमात्माको दयाले चिन्न पनि सकिन्छ।

दृष्टान्त—एक पटक एउटा बादशाहले महात्मालाई सोधेछन् कि तपाईं को हुनुहुन्छ, कसको आधारमा बस्नु भएको छ र दीन पुरुषहरूलाई केही दिई तुष्ट गराउन सक्नु हुन्छ ?

महात्मा—म शाहपति शाहन्शाह हुँ।

बादशाह—तपाईंसँग म फौज, खजना, सेवक र रानी आदि शाहन्शाहको सामग्री केही पनि देख्तिन।

महात्मा - रोगको लागि सबै औषधिहरू गरिन्छ, यदि रोगै नभएमा औषधिको के काम। मेरो कोही शत्रु नै छैन तब म कसको भयले फ़ौज राखौं। मलाई यो सांसारिक विषय सुख भोग भोग्ने इच्छा नै छैन, त्यसो हुनाले खजानाको पनि आवश्यकता परेन। म जो जति काम छ त्यो सबै स्वयं आफ्नै शरीरद्वारा गर्दछु; मलाई कुनै आराम लिन परेको छैन, त्यसकारण दास·

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

दासीहरूका जरूरत नै पर्दैन। चौथो कुरा त यो छ मलाई अन्तर्वृत्तिको (भित्री वृत्ति) कामना शान्त गर्दा मलाई अखण्ड सुखको अनुभव भएको छ, स्वतंत्र स्वच्छन्द (स्वाधीन) सुखको अगाडि भूलेर पनि म मलिन स्त्रीमा सुखको इच्छा गर्दिन। बिना भोग भोगीकन नै विवेक र साधनले मेरो इच्छा शान्त छ त मलाई रानीको के आवश्यकता पर्छ जो कि सब आपतिहरूको मूल कारण मानिएको छ ?

आत्माकै आधारमा यो विश्व रहेको छ र सो आत्मा आफ्नै स्वरूप भएकोले म कसैको भरोसामा रहेको छैन। धैर्य नै मेरो पिता हो, संकष्टमा अति सहयोग दिन्छ। क्षमा मेरी माता हुन्, सब प्रकारले पालन गर्दछिन्। शान्ति मेरी मनोहर स्त्री हो, मलाई निर्विक्षेप (अटल) अभय सुख दिन्छे। सत्य मेरो पुत्र हो, मलाई दुःख दारिद्र्यदेखि बचाउँछ। दया मेरी बहिनी हुन्, मलाई विपत्ति परेमा काम दिन्छिन्। संयम (मनलाई जित्नु) नै मेरो प्रिय भाइ हो, जो तृष्णा, भोग, कुसंग, प्रलोभन (लालच) आदि विपत्तिको समयमा मलाई बचाउँछ। यस्ता किसिमका मेरा कुटुम्ब छन् त्यसकारण म निर्धक्क शान्तिले रहन्छु।

अर्थानामीशिषे त्वं वयमपि च गिरामीश्महे यावदित्थं
शूरस्त्वं वाग्मिदर्पज्वरशमन विधावक्षयं पाठवं नः।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: I

सेवन्ते त्वं धनाढ्या म तमलहृतये मामपि श्रौतुकामाः
मय्यप्यास्था न चेत्तत्त्वयि मम सुतरामेष राजन्ननास्था॥

(वैराग्य शतक० ७१)

हे राजन्! तिमी धनका कोशको मालिक हौ त म पनि विद्याका कोशको मालिक हुँ, तिमी युद्ध गर्नमा वीर छौ त म पनि शास्त्रार्थ गर्ने भएका वादीप्रतिवादीहरूका अभिमानलाई नाश गर्नमा कुशल छु, तिमीलाई ठूला मानिस धनाढ्य अथवा धनको इच्छा गर्ने भएका आशाग्रसितहरूले सेवन गर्दछन्, त्यस्तै मलाई पनि आफ्ना बुद्धिको अज्ञान हटाउनको निमित्त शास्त्र सुन्ने इच्छा भएकाहरूले सेवन गर्दछन्। त्यसकारण हे राजन्! यदि मेरो विषयमा तिम्रो श्रद्धा छैन भने मेरो पनि तिमीमा श्रद्धा छैन।

वयमिह परितुष्टा वल्कलैस्त्वं दुकूलैः
समइव परितोषो निर्विशेषोविशेषः॥
स तु भवति दरिद्रो यस्य तृष्णा विशाला
मनसि च परितुष्टे कोऽर्थवान् को दरिद्रः॥

(वैराग्य शतक० ७४)

म वृक्षको बोक्रा लगाएर नै संतुष्ट छु, तिमी दोसल्लादि अनेक प्रकारका राम्राराम्रा वस्त्र लगाएर संतुष्ट छौ, जब मेरो र तिम्रो तुष्टि सम ठहऱ्यो तब संतोष पनि निर्विशेष (विशेष

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

नभएको , भयो अर्थात् भेद रहेन । दरिद्री भनेको त्यो हो जसलाई अति तृष्णा छ, जब मन संतोषले पूर्ण भएको छ भने त्यस्ताको लागि कुन दरिद्र कुन धनवान् ?

राजा महात्माको यस्तो मनोहर वाक्य सुनेर अति खुशी भए। केही दिनपछि राजपाट समेत त्याग गरी जङ्गलको बाटो लागे।

दीर्घदृष्टि र एक संतको सम्वाद

दीर्घदृष्टि भन्ने एक जिज्ञासुपुरुषले ज्ञान प्राप्त गर्ने उद्देश्यले स्वामी रामदासजी कहाँ गई प्रश्न गरे। म को हुँ ? जगत् क्या हो ? कता को हो ? मेरो उद्धार कसरी हुन्छ ?

स्वामीले जुन उत्तर दिनु भयो, त्यसले उनको चित्त बुझेन। त्यहाँपछि एक मण्डलाध्यक्ष कहाँ गए र पूर्वोक्त प्रश्न गरे। मण्डलाध्यक्षले जुन उत्तर दिनु भयो त्यसबाट पनि उनको शंका निवारण भएन। पुनः स्वामी ब्रह्मानन्द कहाँ गए र पूर्वोक्त प्रश्न गरे। स्वामीजीले जुन उत्तर दिनु भयो त्यसबाट पनि उनको शंकासमाधान भएन र मनमा अति चिन्तित भई अब कहाँ जाऊँ, कुन वस्तुलाई धर्म र कसको कुरामा सत्य मानु, सबै आफ्ना-आफ्ना मतलाई सत्य र आर्काको मतलाई असत्य मान्दछन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

वक्ताहरू पनि आफैले गरेका उपदेशलाई सत्य र आर्काकालाई मिथ्या मान्दछन्। इत्यादि कुराको तर्कवितर्क गरी दीर्घदृष्टि घुमिरहेका थिए। त्यस्तैमा एक महात्मा हातमा कमण्डलू लिएका, श्वेत वस्त्र लगाएका केही मन्द गतिले आइरहेका थिए।

दीर्घदृष्टिले संतलाई शीघ्र प्रणाम गरी केही क्षणपछि हात जोडेर आफ्नो शंकालाई विनय पूर्वक प्रकट गरे।

दीर्घदृष्टि—हे प्रभु ! म को हुँ ? जगत् क्या हो ? कर्ता को हो ? मेरो उद्धार कसरी हुन्छ ?

संत—हे जिज्ञासु ! तिमीलाई कुनै सिद्धान्त निश्चय छ कि छैन ?

दीर्घदृष्टि—छैन।

संत—किन ? सुखको निमित्त केही आधार प्रत्येक प्राणीले निश्चय गरेका हुन्छन्।

दीर्घदृष्टि—ठीक हो तपाईंले भन्नु भएको, तब तिनले आफ्नो पहिलेदेखिको सबै हाल भन्न लागे। घरबाट आएर सरलता, निष्पक्षताले धेरै महात्मासँग प्रश्नोत्तर गरें तै पनि कुनै सिद्धान्त निश्चित हुन सकेन भनी सब हाल बताएर र पुनः दीर्घदृष्टिले भने अब तपाईं नै कृपापूर्वक म दीनको उद्धार गर्नुहोस्।

संतले दीर्घदृष्टिलाई निष्पक्ष परम जिज्ञासु उत्तम मुमुक्षु भनी जानेर भन्नु भो—हे कुशाग्र बुद्धे ! तिमी निःशंक पारखी हुने छौ। अब म तिमीलाई केही उपदेश गर्दछु, त्यत्ति मै तिम्रो सब भ्रम नाश हुनेछ। अब तिमी यो भन कि जत्ति मत-पंथ-सिद्धान्त

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

छन् ती सब कसका आधारमा छन् र कसले तिनलाई सिद्ध गर्दछन् ?

दीर्घदृष्टि—मनुष्य नै सर्व कल्पनाहरूको आधार प्रतीत हुन्छ।

संत—कोही विशेष शक्तिमान् ईश्वर सर्व सिद्धान्तहरूलाई संचालन गर्ने होइनन् र ?

दीर्घदृष्टि—कुनै पनि मतलाई कोही सर्व शक्तिमान् ईश्वर, खुदा अथवा अन्य कर्ताले मत, पंथ चलाएको हुँदो हो त उनैको एक आज्ञालाई मान्न छोडेर मनुष्य अनेक मत पंथ चलाउनमा कसरी समर्थ हुन्थे ? यसबाट यो सिद्ध हुन्छ कि सबै कल्पनाहरूको कर्ता मनुष्य नै हुन्।

संत—ठीक छ कल्पना गरेको वस्तुहरूदेखि कल्पना गर्ने चाहिं भिन्न र श्रेष्ठ हुन्छ कि हुँदैन ?

दीर्घदृष्टि—कल्पनाकर्ता कल्पनादेखि भिन्न र श्रेष्ठ नै हुन्छ।

संत—यसले त सबैभन्दा श्रेष्ठ मनुष्य नै भयो। अब यसभन्दा पनि माथि विचार गर कि मनुष्य देहमा पंचतत्त्वहरूको शरीर नै कल्पनाकर्ता हो कि अन्य ? यो शरीर नै सर्व कल्पनाहरूको कर्ता हो भनौं भने शरीर त जड वस्तु हुनाले त्यो कसरी भयो ? फेरि यी इन्द्रियहरू पनि जड हुनाले एउटाले आर्कालाई जान्न सक्तैनन्। दश इन्द्रिय, प्रकृति, पंच प्राणादि भएको यस्तो स्थूल शरीर मेरो हो भनी कल्पना गर्ने चाहिने यिनीहरूमा कोही छन् अथवा अन्य कुनै छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

दीर्घदृष्टि—अन्य परन्तु जो यिनलाई आफ्नै हो भनी कल्पना गर्दछ, त्यो को हो यो जान्नमा आउँदैन ।

संत—हे सुबुद्धे ! हेर अहिले शीघ्र तिमीलाई बोध हुन्छ । कुनै वस्तुको ज्ञान न भई कल्पना हुन सक्छ कि सक्तैन ?

दीर्घदृष्टि—सक्तैन ।

संत—त्यसो भए प्रत्यक्ष अनुमान जसलाई हुन्छ उसलाई ज्ञान छ कि छैन ?

दीर्घदृष्टि—अवश्य छ ।

संत—तब त्यो ज्ञानस्वरूपको ज्ञाता सबैको परीक्षक तिमी अपरोक्ष हौ कि होइनौ ?

दीर्घदृष्टि—अब भने मलाई स्वरूपको अपरोक्ष बोध भयो । मै नै साक्षात् सबैको परीक्षक रहेछु, यो कसरी भूल हुन गए छ ? तिलको दानालाई पहाडको समान देख्ने अहंता जहाँ हट्न गयो त्यहाँ पछि आफै स्वयंप्रकाश, जहाँ कुनै पनि शंकाभास (भान), अध्यास (भान), अनुमान कल्पनाले बिद्ध गर्न सक्तैन । यस्तो स्वच्छ स्वरूप, यी देह, प्राण, मन आदिको पारखी मै नै हुँ ।

संत—ठीक हो, अब अरू पनि सुन । कारणको कारण, कर्ताको कर्ता छैन, जस्तै सूर्यको सूर्य पृथ्वीको पृथ्वी कर्ता हुँदैन इत्यादि । पृथ्वी, जल, अग्नि, वायु कारणरूप अनादि हुन्, यिनीहरूका अन्य कारण छैनन्, त्यस्तै तिनका कार्य पनि अनादि प्रतीत हुन्छन् । कर्ता देहधारी अविनाशी जीवहरूको माथि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अन्य जगत् कर्ता आदि चेतन पुरुष कुनै प्रतीत हुँदैन। अण्डज, स्वेदज, उद्भिज, जरायुज यस्ता चार प्रकारबाट उत्पन्न भएका अनन्त देहधारी जीव जस्तो आज देखिएका छन् त्यस्तै अनादि कालदेखि कर्म गर्दै भोग्दै सबै आइरहेका छन्, जो वर्तमानमा देखिएका छन्। यस प्रकार जड र चेतन दुवै पदार्थ अनादि छन्। चेतन जीव आफ्नो आफैं छ, त्यो दृश्य जड पदार्थहरूमा अनादिकालदेखि भूलेको छ। यो जीव त आफ्नो साक्षात् स्वरूपलाई भूलेर जड वस्तुमा अहंता राखी अनादिकालदेखि बाँधिएर आएको छ। यद्यपि यो जीव जडतत्त्वहरूदेखि पर शुद्ध स्वरूप छ ता पनि अनादि सम्बन्धको कारण भ्रममा परी बाँधिएको छ। त्यही कारणले गर्दा जीवलाई आफ्नो वास्तविक स्वरूप चिन्न अति कठिन परेको छ।

सत्संग

सत् वस्तु जो छ त्यो नाशरहित नित्य ब्रह्मरूप छ। त्यसलाई निर्विकार, निराकार, स्वयंप्रकाश, कूटस्थ, साक्षी, द्रष्टा, उपद्रष्टा, अनन्त, अखंड, असंग, अद्वितीय, अजन्मा, अव्यक्त, अव्यय, अक्षर इत्यादि भन्नु त्यसैको नाम हो।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

संग नाम मेल हुनु हो अर्थात् सत्को अनुसन्धान विषय गरिने संगको नाम सत्संग हो। श्री मद्भागवतमा सूतजी भन्दछन् –

तुलयाम लवेनापि न स्वर्गं नापुनर्भवम् ।
भगवत्सङ्गिसङ्गस्य मर्त्यानां किमुताशिषः ॥

(भा० १।१८।१३)

भगवत्सङ्गी अर्थात् नित्य भगवान्को साथ रहने भएका अनन्यप्रेमी भक्तहरूको निमेषमात्रको पनि सङ्को साथ म स्वर्ग तथा मोक्षको पनि समानता गर्न सक्तिन। फेरि मनुष्यहरूको इच्छित पदार्थको त कुरै छैन।

बिनु सतसंग न हरि कथा तेहि बिनु मोह न भाग ।
मोह गए बिनु राम पद होइ न दृढ अनुराग ॥
सर्व स्वर्ग अपवर्ग सुख, धरिय तुला इक अंग ।
तुलै न ताहि सकल मिलि, जो सुख लव सत्संग ॥

(तु० रामायण)

सत्संग नगरीकन हरिकथामा विश्वास हुँदैन, विश्वास न भई मोह नष्ट हुँदैन, मोह नष्ट नभईकन राममा दृढ अनुराग हुँदैन। स्वर्ग, मर्त्य र पाताल यी तीनै लोकमा सर्व सुखको तथा मोक्षको अखण्डसुखको राशिलाई तराजूको एकापट्टि राखी आर्कोपट्टि क्षण भर मात्र सत्संगबाट प्राप्त भएको सुखलाई अर्थात्

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सत्संगको फलरूप सुखलाई राखेर तौल्यो भने सत्संग सुखको फल गरौं हुन जान्छ, अर्थात् तीनै लोकको मोक्षपर्यन्त सुख पनि त्यो-भन्दा हलुका नै हुन्छ। यस्तो अगाध महिमा सत्संगको छ, त्यसको यथार्थ महात्म्य वर्णन गर्नामा शेष र शंकर पनि असमर्थ हुन्छन्।

दृष्टान्त—एक दिन वसिष्ठमुनि विश्वामित्र कहाँ जानु भो। विश्वामित्रले वसिष्ठलाई आफू कहाँ आएको देखेर तुरुन्त उठी अति आदरसत्कारपूर्वक उहाँको आतिथ्य गर्नु भो। नाना-प्रकारको पुष्प, फल, फूलादिले उहाँको यथोचित पूजा गरी भोजन गराउनु भो। पछि जब दक्षिणा दिने समय आयो अनि आफ्नो एक हजार वर्षको तपस्याको फल सङ्कल्प गरेर उहाँलाई दिनु भो। यसपछि वसिष्ठजी आफ्नो आश्रममा आउनु भो। तदुपरान्त केही वर्ष पछि विश्वामित्र पनि वसिष्ठको आश्रममा आउनु भो; वसिष्ठले पनि उहाँको आदरसहित पूजन गरी प्रसन्न गराई दक्षिणाको रूपमा एक घडी सत्संगको फल अर्पण गर्नु भो। यो देखेर विश्वमित्रलाई क्रोध उत्पन्न भयो र भन्नु भो के वसिष्ठजी तपाईंले मेरो दिल्लगी गर्नु भएको? मेरो हजार वर्षको तपस्याको फललाई तपाईंले के एक घडी सत्संगको फल समान सम्झनु भो? वसिष्ठले भन्नु भो—विश्वामित्रजी! तपाईंको मनमा दुःख लाग्यो र क्रोध उत्पन्न भयो; परन्तु मलाई भने तपाईंले क्रोध गर्नु बिना कारण जस्तो लाग्छ। के तपाईंलाई सत्संगको योग्यता तथा त्यसको फल र माहात्म्य केही थाहा छैन? यदि यस विषयमा तपाईंलाई शंका छ भने हिंड्नुहोस्

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

कुनै महान् पुरुष कहाँ जाऊँ, अनि यसको निर्णय हुन्छ। यति भनी दुवैजना सत्यलोकमा ब्रह्माजीलाई न्याय गराउन जानु भो। ब्रह्माजीले विचार गर्नु भयो यी दुवै ब्राह्मण समान पराक्रमी छन् यदि म उत्तर दिऊँ त यी दुइ मध्ये एक त अवश्य म माथि अप्रसन्न हुनेछन्, यदि रिसाई शाप दिए देखिन् त मलाई महान कष्ट सहनु पर्ने हुछ। यसकारण यिनीहरूलाई त्यसै टारेर पठाउनु नै ठीक छ। यस्तो मनमा विचार गरी ब्रह्मजीले भन्नु भयो—हे ऋषिहरू! तपाईंहरूको यो प्रश्न अति कठिनको छ, यसकारण तपाईंहरूको प्रश्नको उत्तर सत्यशील पुरुषदेखि मात्र हुनसक्छ र म रजोगुणी छु तसर्थ तपाईंहरू श्रीविष्णु भगवान् कहाँ जानुहोस् र आफ्ना प्रश्नलाई प्रस्तुत गर्नुहोस्। यति सुनी दुवै ऋषि वैकुण्ठमा जानु भो। भगवान्ले पनि ब्रह्माजीको जस्तो विचार गरी उत्तर दिनु भो कि—हे मुनिवर! यो त समाधिमा रहने तथा एकाग्रचित्त भएका पुरुषको काम हो, अतएव तपाईंहरू दृढध्यानी शिवजीको समीपमा जानु भएमा उहाँले तपाईंहरूको प्रश्नको तुलना न्यायपूर्वक गरी दिनु होला। यति सुनी दुवै ऋषि कैलास जानु भो। शिवजी त्यस समयमा समाधिमा बस्न तयार भइरहनु भएको थियो। त्यसकारण शिवजीले भन्नु भो कि—मेरो समाधि गर्ने समय भएकोले मलाई उत्तर दिने अवकाश छैन। तपाईंहरू शेष नाग कहाँ जानुहोस्। त्यहाँबाट उहाँहरू दुवै शेषजी कहाँ जानु भो। ऋषिहरू आफू कहाँ आएको देखेर शेषजी अति प्रसन्न भई भन्न लाग्नु भो—अहो!

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

ममाथि भगवान्को ठूलो कृपा हुनाको कारण मुनीश्वर म कहाँ आई आज मेरो मनोरथ कृतार्थ गर्नु भो। भन्नुहोस् तपाईंहरूको के आज्ञा छ ? अनि ऋषिहरूले आफूहरू आएको कारण र ब्रह्माजीदेखि लिएर शिवजीसम्म कहाँ गएको यथार्थ बताउनु भो। अस्तु, तपाईं हाम्रो न्याय गर्दिनुहोस् कि एक हजार वर्षको तपस्याको फल ठूलो हो कि एक घडी सत्संगको फल ठूलो हो।

शेषजीले त्यस प्रश्नलाई ध्यानपूर्वक विचार गरी भन्नु भो—हे विश्वामित्र ! मलाई यस पृथ्वीको भारले गर्दा मेरो चित्त अति ब्याकुल भइरहेछ। यदि केही क्षणको लागि यस पृथ्वीलाई तपाईंले मेरो शिरबाट आफ्नो शिरमा धारण गरिदिनु भए म शान्तिपूर्वक तपाईंहरूको प्रश्नको न्याय गर्ने थिएँ। विश्वामित्रले भन्नु भो—शेषजी ! मसँग त्यतिको शक्ति कहाँ छ। शेषले यो कुरा सुनी भन्नु भयो यदि तपाईं स्वयं यस पृथ्वीलाई उठाउन सक्नु हुन्न भने तपाईंको एक हजार तपस्याको शक्ति लगाई उठाउनुहोस्। विश्वामित्रले तुरुन्त हातमा जल लिएर भन्नु भो—हे पृथ्वी ! म तिमीलाई आफ्नो एक हजार वर्ष तपस्याको फल दिन्छु त्यस तपोबलको प्रतापले तिमी शेषको शिरदेखि उठ। किन्तु पृथ्वी रौं भर मात्र पनि उठिनन्। अनि शेषले वसिष्ठलाई भन्नु भो अब तपाईं आफ्नो एक घडी सत्सङ्गको फलद्वारा पृथ्वीलाई उठाउनुहोस् भन्दा तत्काल वसिष्ठले हातमा जल लिएर भन्नु भो—हे पृथ्वी देवी ! म तिमीलाई एक घडी सत्सङ्गको फल दिन्छु, तिमी उठ जसदेखि हाम्रो प्रश्नको निर्णय होस।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

त्यसै क्षणमा पृथ्वी शेषको शिरदेखि उठिन्। केही क्षणपछि विश्वामित्रले शेषलाई भन्नु भो तपाईं हाम्रो प्रश्नको शीघ्र उत्तर दिनुहोस्। यस कुरालाई सुनेर शेषजीले अति हाँसेर भन्नु भो— उत्तर त दिइसकियो! बिना मुखले नबोलीकन पनि तपाईंहरूको प्रश्नको निर्णय भइसकेको छ। यो कुरा सुनेर विश्वामित्रले बुझ्नु भो र उहाँलाई केही लाज लाग्यो परन्तु निष्पक्षपातको उत्तर भएकोले केही पनि क्रोध नगरी वसिष्ठको साथ फर्की आउनु भयो।

यस कुराबाट हामीलाई यो ज्ञात भयो कि हजार वर्षको तपस्याभन्दा पनि एक घडी सत्सङ्ग गरेको श्रेष्ठ रहेछ। परन्तु यहाँ अर्को एक दृष्टान्त छ त्यो पनि पढ्न अति उचित देखिन्छ।

कुनै एउटा पसले थियो, उसका बन्धुमा आफू, स्त्री र १० वर्षको पुत्र थियो। त्यो पसले नित्य दिनको दुइ घडी सत्संगमा जान्थ्यो। एवं रीतले सत्संगमा गएको २५ वर्ष भइसकेको थियो। एक दिन त्यो सत्संगमा गएको समयमा चामल किन्न भनी एक गाहक आएछन्। त्यस समय पसलेको छोरा पसलमा बसेको थियो। उनले मलाई पाँच पाथी चामल देउँ भनेछन्। पाँच पाथी चामलको कति रुपैयाँ हुन्छ त्यो जोडन पसलेका छोराले नजानेको हुँदा म बाबुलाई डाकी ल्याउँछु भनी सत्संग गर्न लागेको ठाउँमा गयो। त्यस समयमा सत्संगमा यस विश्वमा जति प्राणी छन् ती आफूदेखि भिन्न छैनन् अर्थात् आफू पनि त्यही हो यो जान्नु नै ईश्वर चिन्नु हो भन्ने प्रशंसा चलेको रहेछ। त्यो कुरा पसलेको छोराले ध्यानपूर्वक सुनेको थियो। बाबुले छोरालाई देखी किन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

आइस् भनी सोध्यो। छोराले बाबुलाई डाक्न आएको कारण बतायो। बाबुले भन्यो—हुन्छ, तँ जाँदै गर म आउँछु भनी छोरालाई पठायो। छोरा पसलमा आइपुग्दा गाहकी पनि गइसकेछन्। त्यस बालकले सत्संगमा आफूदेखि भिन्न कुनै प्राणी छैनन् भनेको कुरामा विचार गर्न लाग्यो। त्यस्तैमा एउटी गाई आई पसलको चामल खान लागिन्। बालकले पनि यी गाईमा रहेको चेतन देव र म मा रहेको चेतन देव एकै हुन् कि होइनन् भनी ध्यान गर्न लाग्यो। बालक ध्यानमा मग्न हुँदा गाईमा रहेको चेतन देव र आफूमा रहेको चेतन देवलाई एकै देखेछ। गाईले चामल खाएकोमा त्यो बालक पनि अघाउँदै जान्थ्यो। यस्तैमा बाबु चाहिं आइपुग्यो र गाईले चामल खान लागेको देखेर गाईलाई लट्ठीले हान्यो। उसको छोराले अइया मलाई लट्ठीले नकुटनुहोस् भनी रोयो। छोराले रोएको देखेर तँ किन रोइस् भनी सोध्यो। छोराले यथार्थ हाल बताइदियो। उसले छोराको आँगमा हेर्दा गाईलाई तीनचोटी लट्ठीले हानेको त छोराको आँगमा पो तीनवोटा निलडाम परेको देख्यो। यो देखी छोरालाई हपकाएर भन्यो—धत मूर्ख! आज मैले सत्संग गरी हिंडेको ६५ वर्ष व्यतीत भइसक्यो र पनि कुनै आफ्नो व्यवहार न त्यागी आफ्नो काम गरिरहेको छु र सत्संगमा सुनेको जति कुरा उहीं छोड्दछु। तँ मूर्ख भने एक क्षण सुनेकोमा त्यस्तो चमत्कार देखाउँछस्। मैले पनि तेरो जस्तो बुद्धि लिएको भए आजसम्म मेरो धोती न टोपी भइसक्ने थियो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यो सार्है विचारणीय कुरा छ, हामीले पनि जस्तो त्यो बालकको पिताले सत्संग गर्‍यो त्यस्तो गर्‍यौं भने २५ वर्ष त के कुरा हजार वर्षमा पनि केही लाभ उठाउन सक्तैनौ। त्यसै कारण याज्ञवल्क्य आफ्नी प्रिय पत्नी मैत्रेयीलाई भन्नु हुन्छ —

आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो मैत्रेय्यात्मनो वा अरे दर्शनेन श्रवणेन मत्या विज्ञानेनेदँ सर्वं विदितम्।

(बृह० २।४।५)

हे मैत्रेयी ! यो आत्मा नै दर्शनीय, श्रवणीय, मननीय र ध्यान गर्न योग्य छ। हे मैत्रेयी ! यस आत्माको नै दर्शन, श्रवण, मनन एवं विज्ञानले यी सबको ज्ञान हुन जान्छ।

शुकदेवको ज्ञान प्राप्ति

शुकदेवजी जन्मनासाथ संसारलाई त्यागी वनको बाटो लागे। त्यस समय उनको शरीर भर्खर जन्मेको बालकको समान थिएन, किन्तु सोरह वर्षको किशोर समान थियो। वेदव्यासजी छोरालाई फर्काउन भनी पछि पछि लागे। छोरालाई फर्काउने

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

चेष्टाले अनेक प्रकारसँग संझाए, परन्तु उनले पिताको आग्रहलाई कुनै प्रकारले पनि मंजूर गरेनन् किनभने उनको मनमा म ज्ञानी छु भन्ने अभिमान थियो।

शुकदेवजीले पितालाई उत्तर दिए कि—हे पिताजी ! तपाईं म फर्कौंला भन्ने आशा नगर्नु होस्। म ज्ञानी छु, यसकारण म जानी जानीकन सांसारिक भोग विलाशमा भूल्दिन। जब शुकदेवले भनेको मानेनन्, तब व्यासजीले देखे कि अब मेरो पुत्रको भविष्य राम्रो हुने छैन किनभने त्यसलाई आफ्नो ज्ञानको अति घमण्ड छ। यदि त्यसको यो अभिमानलाई हटाउन सकियो भने त्यो साक्षात् ब्रह्मरूप हुने छ यसमा केही सन्देह छैन। अतः त्यसलाई केही बोध गराउन नितान्त आवश्यक छ। यस्तो विचार गरी पुत्रको अभिमान नष्ट गराउने उद्देश्यले वनमा दौड्दै गइरहेका शुकदवलाई भने– मैले भनेको तैंले मानिनस्, परन्तु जे भए पनि म तेरो पिता हुँ यसकारण मेरो आज्ञा पालन गरी एकपटक जनक राजा कहाँ जा, त्यस पछि तेरो जहाँ इच्छा छ उहीं जा !

पिताको यो वचनलाई उनले राम्रोसँग सुनेका थिए। पिताको आज्ञा पालन गर्न उनी घुम्दैघुम्दै जनकपुर पुगे। महाराज जनक साक्षात् विदेह मुक्त भइसकेका ज्ञानी हुनाले शुकदेव आफ्ना पिता व्यासजीको आज्ञाले ज्ञान सिक्न आएका हुन् भन्ने कुरा र व्यासजीको अभिप्राय पनि राजालाई थाहा भयो। राजाले शुकदेवको आदर सत्कार गरे स्वयं सत्र

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

वृत्तान्त जानकार भएर पनि सोधे—हे गर्भज्ञानी! तपाईंको आवागमनले मेरो घर राज्य सब पवित्र भयो। तपाईंको आउनाको के प्रयोजन हो सो कृपापूर्वक भन्नुहोस्।

शुकदेवजीले भने—हे राजन्! मलाई आत्मोपदेश दिनुहोस्।

जनकले भने—हे व्यास पुत्र! तपाईं स्वयं ज्ञानीमा श्रेष्ठ भएर पनि म जस्तालाई आत्मोपदेश गर भन्नु हुन्छ यसको के कारण? परन्तु तपाईंको त्यस्तै अभिप्राय छ भने तपाईं यस संसारमा जुन निरुपयोगी वस्तु छ त्यो मलाई ल्याइदिनुहोस् तब म तपाईंलाई आत्मोपदेश गर्ने छु।

यो सुनेर पनि शुकदेवजी जस्तो परम ज्ञानी पुरुषले ज्ञानाभिमानको कारण जनकको उपदेशको मर्म बुझ्न सकेनन्, र निरर्थक वस्तु खोजको निमित्त भ्रमण गर्न लागे। परन्तु संसारको अनुभव-गर्नु त परै रहोस् उनलाई त संसारको गंध समेत थाहा थिएन, तब उनी कसरी जान्न सक्दथे कि संसारमा कुन चाहिं वस्तु उपयोगी हो र कुन चाहिं निरुपयोगी हो। जसले सांसारिक भोगै भोगेको छैन भने त्यस्तालाई पदार्थको गुण अवगुण कसरी थाहा हुन्छ। उनले संसारको प्रत्येक दृश्य वस्तुलाई निरुपयोगी ठाने र यही लैजान्छु भनी एउटा ढुङ्गो टिप्न लाग्दा ढुङ्गामा जनकराजाको ज्ञानशक्तिको प्रभाव पर्‍यो र त्यसले भन्न लाग्यो- हे शुकदेवजी! तिमी मलाई निरुपयोगी ठानेर मेरो मान भंग गर्नको लागि राजा जनक कहाँ लैजान खोज्दछौ, तर विचार गर म निरुपयोगी वस्तु होइन। म हजारौं काममा उपयोगी छु। घर,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

देवालय, मार्ग, भाँडा, देवमूर्ति, औजार इत्यादि अनेकौं काम मबाट हुन्छ भने म कसरी निरुपयोगी भएँ ? ढुङ्गाका यस्तो कुरा सुनी त्यसलाई उपयोगो जानी छोडिदिए र अरू वस्तु लैजान लाग्दा जुन वस्तु उनले निरुपयोगी ठानेका थिए ती सबैले आफ्ना-आफ्ना गुण वर्णन गरे र शुकदेवको अज्ञानता देखी हाँसो गर्न थाले।

यस्तो किसिमले पदार्थ मात्रलाई उपयोगी देखेर आश्चर्यमा प्राप्त भए, अनि उनको म ज्ञानी हुँ भन्ने यस्तो अभिमान विस्तार-विस्तार नष्ट हुँदै जान लाग्यो; परन्तु अझ पनि उनलाई थाहा हुन सकेन कि कुन चाहिं वस्तु निरुपयोगी हो। विचार गरिरहेका थिए त्यस्तैमा उनको दृष्टि विष्ठामा पर्‍यो। अब भने मैले निरुपयोगी वस्तु फेला पारें भनी अति हर्ष भए र जसै हातले उठाउन लागेका मात्र थिए त्यहाँबाट वाणी प्रकट भई भन्यो — तिमी को हौ ? हजारौं कामको उपयोगी मलाई तिमी कहाँ लिएर जान्छौ ? के तिमी मलाई निरुपयोगी ठान्दछौ ? मेरो उपयोग सारा संसार जान्दछन् परन्तु तिमी योगी भएर पनि अजान नै रहेछौ ?

विष्ठाको यस्तो वचन सुनेर शुकदेवजीलाई साह्रै आश्चर्य लाग्यो र उनले प्रश्न गरे कि हे विष्ठा ! तँ कुन कामको उपयोगी छस्। तँलाई कुनै मानिस आफ्नो आँखाले पनि हेर्न चाहँदैनन् र केही गरी देखिहाल्यो भने पनि दुर्गन्धको कारण आफ्नो नाक थुन्दछन्। यस्तो भएर पनि तँ म खूब उपयोगी छु भनी अभिमान गर्दछस् त्यसको के कारण हो ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

विष्ठाले—भन्यो हे सन्त! कुक्कुर, सुंगुर, कीरा आदि प्राणीहरू मलाई खाएर आफ्नो पेट भर्दछन्, किसानहरू मलाई सबभन्दा उपयोगी वस्तु जानेर खेतीको काममा लगाउँछन्, म पनि तिनका भूमिलाई विशेष उपजाऊ र फलदायक पारिदिन्छु। मेरो संगले भूमिले दोबर अन्न उपजाऊ गरिदिन्छ जसलाई तिमीहरू जस्ता मानिसले खान्छन् र मोटो-घाटो बन्दछन्, त्यही अन्नबाट वीर्य बन्दछ र मनुष्यहरूको सृष्टि हुन्छ। यस्तो म उपयोगीलाई तिमी के कारणले निरुपयोगी संझन्छौ? आज मेरो जुन दुर्गन्धमय स्थिति भइरहेको छ यस्तो स्थिति मेरो पहिले थिएन। पूर्वमा साक्षात् परब्रह्मरूप अन्न थिएँ। (अन्नं ब्रह्म रसो विष्णुः) अन्न साक्षात् ब्रह्मरूप र रस अर्थात् जल विष्णुरूप हो। हे सन्त! त्यस समय मैले अनेक प्रकारको सुन्दर स्वादिष्ठ मिष्टान्नहरूको रूप धारण गरेको थिएँ र मलाई सुवर्णको रत्नजडित थालमा राख्दथे। परन्तु मलाई मनुष्यले खाइदिनाले, एक रात भर तिनको साथमासँग हुनाले मेरो यस्तो दुर्गन्धित स्थिति हुन गयो। तब हे सन्त! के तिम्रो मनुष्यको शरीरभन्दा पनि म नीच भएँ?

यति भनेर विष्ठाबाट शब्द बन्द भयो र जस्तै निद्रामा नाना प्रकारको स्वप्ना देखिन्छ र बिउँझेपछि ज्ञान प्राप्त हुन्छ त्यस्तै शुकदेवलाई पनि ज्ञान प्राप्त भयो र उनले भने—अहो! सत्य कुरा त यही हो कि यो मेरो मनुष्य देहभन्दा अर्को निरुपयोगी वस्तु जगतमा अन्य कुनै रहेनछ। जसको संगले अन्नको यस्तो दुर्दशा हुनगयो, र प्राणीहरूको देह त मृत्युको पश्चात् पनि काममा आउँछन्, परन्तु

६

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding

यस देहबाट जीव निस्केर गएपछि यो देहलाई एक घडीभन्दा ज्यादा तेसै राख्यो भने दुर्गन्ध आउँन थाल्दछ। यही कारणले नै जीव शरीरदेखि वियोग हुना साथ लाशलाई तत्काल गाडिदिन्छन् कि त जलाएर भस्म गरिदिन्छन्। शुकदेवजीलाई यस्तो ज्ञानको निश्चय भयो र जनक राजा कहाँ गए र लिनुहोस् यो निरुपयोगी वस्तु, यस्तो भनी आफ्नो शरीर राजाको सम्मुख झुकाए। त्यस पछि मलाई आत्मोपदेश सुनाउनुहोस् भनी भने!

यो कुरा सुनेर जनकले भने—हे शुकदेवजी अजसम्म उपदेश बाँकी छ, यो देह मिथ्या छ देह आत्मा होइन। देहलाई मिथ्या, असार जान्नाले तपाइंलाई देहाभिमान नष्ट हुनु रूप बोध भैसक्यो। अब तपाईं एक काम गर्नुहोस्। यो तेलले पूर्ण भएको थाल आफ्ना दुवै हातले समाती मेरो नगर प्रदक्षिणा गरेर आउनुहोस। परन्तु ध्यान राख्नुहोस् कि एक थोपा तेल पनि खस्न नपावोस, यदि खस्यो भने तपाईंको अगाडि पछाडि नाङ्गो तलवार लिएर आइरहेका सिपाहीहरूले तपाईंको शिर काट्ने छन्।

शुकदेवजी दुवै हातले तेलले पूर्ण भएको थाललाई समाती नगर प्रदक्षिणा गर्न लागे। उनको अगाडिपछाड नाङ्गो तलवार लिएका सिपाहीहरू पनि साथसाथै हिंडिरहेका थिए। त्यस दिन जनकपुरमा एक अति ठूलो जात्रा लागेको थियो। कतैतिर नाना प्रकारका मिष्ठान्न र स्वादिष्ठ फलहरूको बजार लागेको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

थियो । कतैतिर भने वस्त्र, भूषण, भाँडाकुँडा आदिका व्यापारीहरू ठूलो स्वर गरी किन्नुहोस् किन्नुहोस् भनी कराइरहेका थिए । कतैतिर अनेक प्रकारका कौतुहल लाग्ने खेल तमासा भइरहेका थिए । कुनै स्थानमा भने मधुर स्वरले अनेक प्रकारका बाजा बजिरहेका थिए । यस्तो प्रकारले नगरमा धूमधाम जात्रा भइरहेको थियो ता पनि शुकदेवजीको दृष्टि भने त्यही तेल पात्रमा मात्र थियो । किनभने उनलाई यस्तो डर थियो कि एक थोपा मात्र भूमिमा खस्यो भने सिपाहीद्वारा मृत्यु होला । त्यस कारण उनले कतै नहेरी तेल छचल्किएला र खस्ला भनी केवल तेल पात्रमा मात्र दृष्टि राखी राज दरवारमा पुगे ।

जनक राजाले प्रणाम गरी शुकदेवलाई धन्यवाद दिई हात-बाट थाल झिकिदिए । तब शुकदेवजीले भने—हे राजन् ! मलाई आत्मबोध गराउनुहोस् ।

जनक राजाले सोधे के अहिलेसम्म आत्मबोध अवशिष्ट (बाँकी) रह्यो ? हुन्छ, म तपाईंलाई बोध गराउने छु । परन्तु पहिले तपाईं भोजन गर्नुहोस् अनि म तपाईंलाई आत्मबोध गराउने छु ।

तत्कालमा नै सुन्दर रत्नजडित आसन बिछाई रत्नजडित सुवर्णको थालमा नानाप्रकारको स्वादिष्ठ व्यञ्जनले पूर्ण गरी बालयोगीश्वरको सम्मुख राखिदिए । तब राजाले निवेदन गरे कि "हे सन्त श्रेष्ठ ! भोजन गर्नुहोस्" ।

परन्तु प्राणाहुति गरेर जसै गास हाल्न लागेका थिए त्यसैमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding

उनको दृष्टि एक शिलामाथि पऱ्यो। त्यो शिला उनकै ठीक शिरमाथि झुण्डिरहेको र खस्लाखस्ला जस्तो थियो। त्यो झुण्डिएको शिलालाई रोक्ने काहीं आधार देखिदैनथ्यो। त्यस कारण शुकदेवले यो निश्चय गरे कि यो शिला अवश्य खस्दछ र मेरो शिर फुटी मृत्यु हुनेछ। यस्तो भयले गरी उनको ध्यान त्यस शिलामा नै रह्यो, यद्यपि भोजन अति स्वादिष्ठ थियो ता पनि उनको दृष्टि र मन शिलामा नै लागेको थियो यस उसले थालमा के छ र मैले के खाइरहेछु भन्ने भान रहेन र यथाशीघ्र भोजन गरी उठे।

तदनन्तर ताम्बूलादि खाएर आसनमा बसी आत्मबोध विषयक प्रश्न गरे। यो कुरा सुनेर राजा जनकले भने—हे व्यासपुत्र! तपाइँ कृपा गरेर भन्नुहोस् कि आज तपाईंले मेरो नगर प्रदक्षिणा गर्दा के के देख्नु भो?

शुकदेवजीले भने—हे राजन्! मैले आफ्नो हातमा रहेको तैलपात्र सिवाय अरू केही पनि देखिन।

भोजन गर्दा थालमा के के व्यञ्जन थिए र तपाइंलाई भोजनको स्वाद कस्तो लाग्यो त्यो पनि भन्नुहोस्?

खोई, मलाई त केही पनि थाहा भएन कि थालमा कुनकुन प्रकारका व्यञ्जन राखिएका थिए र स्वाद कस्तो थियो म केही पनि भन्न सक्तिन किनभने मेरो आसनको माथि एक शिला झुण्डिरहेको थियो। त्यसलाई देखेर शिरमाथि खस्ला भन्ने भयले मेरो दृष्टि र मनोवृत्ति त्यसै शिलामा लागेको थियो।

यो सुनेर राजाले भने—हे सन्त श्रेष्ठ! यही तपाइंको बोध

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

हो र यही उपदेश हो। तपाईं पूर्ण आत्मज्ञानी भएको हुँदा यस कारण तपाईंलाई परमात्मस्वरूपको साक्षात्कार त भइसकेको छ, परन्तु जुन प्रकार तपाईंले नगर—प्रदक्षिणा गर्ने समय मार्गमा रहेको अनेक प्रकारको वस्तुलाई देख्नु भएन, भोजन गर्ने समयमा देहको भयले भोज्य पदार्थहरूको लक्ष्य राख्नु भएनर र तपाईंको दृष्टि तथा मनोवृत्ति केवल भयप्रद वस्तुमा नै गएको थियो, त्यस्तै स्थिर वृत्तिले तदाकार रूपले तपाईं आफूले जानेको परमात्मस्वरूपमा अविचल दृष्टि लगाएर रहनुहोस् त तपाईंको लागि यो संसार कुनै प्रकारले पनि बाधक हुने छैन।

यस्तो प्रकारले प्रत्यक्ष समाधान भएको हुनाले परम प्रसन्न भएर जनक राजालाई गुरु मानीकन शुकदेवजी त्यहाँ-बाट फर्के।

विचित्र माया नगरी

पुरञ्जन नाम गरेका एक प्रसिद्ध राजा थिए। उनको अज्ञात नाम गरेको एक परम मित्र थियो। पुरञ्जन आफूलाई बस्नको निमित्त ठाउँ खोज्दै पृथ्वीमा भ्रमण गरिरहेका थिए। एक दिन उनले एउटा यस्तो विचित्र नगर देखे कि जसमा आवागमनको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

in Public Domain. Digitization by eGangotri.Funding

लागी ९ द्वार थिए। त्यहाँ घुमिरहेकी एक सुन्दरी स्त्रीलाई पनि देखे। ती सुन्दरीको साथमा १० नोकरहरू पनि थिए र ती नोकरहरू सय सिपाहीहरूका रेख-देख गर्दथे। आर्को एक पाँच शिर भएको सर्पले पनि ती सिपाहीहरूको रक्षा गरिरहेको थियो। अकस्मात् पुरञ्जनका चार आँखा हुनगए। ती स्त्री पुरञ्जनलाई देखी मोहित भइन् र उनी पनि स्त्रीलाई देखी मोहित भए। यसरी दुवैमा प्रेम भयो र राजा-रानी बनेर रहन लागे। यस्तै प्रकारले ती रानीसँग भूली त्यस स्थानमा बसी पुरञ्जनले १०० वर्ष व्यतीत गरे। त्यस नगरको नौ द्वारमा सात द्वार भने माथि थिए र दुइ द्वार तलतिर थिए। पुरञ्जन रानीको आज्ञा सर्वदा पालन गर्दथे। एक दिन पुरञ्जन आफ्नो धनुषवाण लिएर रथमा बसी पञ्चमप्रस्थ नाम गरेको जङ्गलमा शिकार खेल्न गए। रथमा पाँच घोड़ाहरू लगाइएका थिए र दुइ पाङ्ग्रा, एक धुरी, तीन ध्वजदण्ड, एक डोरी, पाँच बन्धन तथा एक रथवानको बस्ने स्थान थियो। आवेष्टन वस्त्र जसमा सात पर्दा लगाइएका थिए, रथको गति पाँच प्रकारका थिए। पुरञ्जनले सुनको कवच लगाएका थिए। यस्तो अक्षय किरिच-वाण कमरमा धारण गरी त्यस विचित्र रथमा बसी वनमा गए। राजाको साथमा ११ प्रकारका सेना थिए। शिकार खेल्दाखेल्दा ज्यादै नै भोक र प्यास लाग्न गएछ र घर फर्की आए। केही समय पश्चात् उनकी रानीबाट ११०० सय छोरा ११०० सय छोरी उत्पन्न हुन गएछन् जो कि आफ्ना आमा-बाबुको कीर्ति वैभवलाई बढ़ाउँदथे। एवं प्रकारले खूब

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आनन्द मानी दुवैले आफ्ना आयुको धेरै भाग व्यतीत गरिरहेका थिए। त्यस्तैमा एक दिन एउटा चण्ड नाम गरेका गन्धर्व राजाले ३६० गन्धर्व वीर र ३६० गन्धर्वी औ आधा कृष्ण वर्ण र आधा गौर वर्णका थिए। त्यस्ता फौज लिएर पुरञ्जनको देशमा चढाई गरे। यस्तै प्रकारले गन्धर्व सेनासँग युद्ध गर्दागर्दै पुरञ्जनले १०० वर्ष व्यतीत गरे। गन्धर्व देशकी एक दुर्भागिनी आफ्ना योग्य पतिको खोजमा समस्त भूमण्डलमा घुमिन् परन्तु पाउँन सकिनन्। अन्तमा देवर्षि नारद सँग भेट भयो र नारदको आज्ञा मुताविक आफ्नो भय नाम गरेको साख्खै भाइलाई वरण गरेकी थिइन्। यी दुवैले पुरञ्जनको नगरमा प्रवेश गरे। अनि यौवन सेनाका साथमा नवद्वार भित्र पसी समस्त नगरलाई नष्ट-भ्रष्ट गर्दा भए। केही दिनपछि भयको दाइ पनि आइपुग्यो र पुरञ्जनको नगरमा आगो लगाइदियो र अन्तमा राजा पुरञ्जनलाई समेत पक्ड्यो। पुरञ्जनलाई त्यस समयमा आफ्नों परममित्र अज्ञातलाई सहयोगको निमित्त डाक्ने पनि होस भएन, यदि उसलाई डाकेको भए त्यो आपत्तिलाई ऊ क्षणभरमा मुक्त गर्न सक्थ्यो।

वास्तवमा महर्षि वेदव्यासले यो एउटा दृष्टान्त मात्र दिनु भएको हो त्यसको तात्पर्य त यो हो—

पुरुषं पुरञ्जनं विद्याद्यद् पुरुषस्य सखेश्वरः।
बुद्धिन्तु प्रमदां विद्यात् संवत्सरश्चण्डवेगः॥

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

in Public Domain. Digitization by eGangotri.Funding

कालकन्या जरा साक्षात् प्रज्वारो द्विविधो ज्वरः ।
स्वसारं जगृहे मृत्युः क्षयाय यवनेश्वरः ॥

(भागवत० ४।२९)

अर्थात् पुरञ्जन नाम राजा जीव हुन् उनको परम सहायक मित्र अज्ञात परमेश्वर हुन्, जीव अनेक योनिहरूमा भ्रमण गरेर आफ्नो योग्य शरीरको खोज गरेर हिंड्दछ। नौ द्वार भएको मनुष्य शरीर हो, त्यस नौ द्वारमा दुइ द्वार तलतिर पर्छन् जसको नाम हो गुदा र लिङ्ग। अरू सात द्वार माथि पर्छन् जसको नाम हो मुख, कानको प्वाल दुइ, नाकको प्वाल दुइ र आँखाको प्वाल दुइ हुन्।

यस्तो शरीर रूपी नगरमा जीव निवास गर्दछ। जहाँ उसलाई बुद्धि रूपी सुन्दरी स्त्री प्राप्त हुन्छ जसका पाँच ज्ञानेन्द्रियहरू र पाँच कर्म इन्द्रियहरू नोकर छन् जो सैकडौं प्रकारको इन्द्रियहरू-को कार्यको निरीक्षण गर्दछन्। ती कन्याको रक्षा गर्ने भएको सर्प प्राण हो जसको १ प्राण २ अपान ३ उदान ४ समान ५ व्यान रूपी पाँच शिर छन्। ती रक्षकको समान प्राणलाई सुरक्षित राख्द-छन् जसको प्रतापले जीव पुरुष र बुद्धि स्त्रीरूप दम्पती आनन्दले १०० वर्ष जीवन व्यतीत गर्दछन्। शिकारको निमित्त पुरञ्जन जुन रथमा बसी गएका थिए त्यो रथ मानव शरीर हो जसमा इन्द्रियका विषय रूपी शब्द, स्पर्श, रूप, रस, तथा गन्धका ८

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

घोडाहरू लगाइएका हुन्। पाप-पुण्य रूपी दुइ पाङ्ग्रा हुन्। तीनै गुण (सत्व, रज, तम) भनेका तीन ध्वजा हुन्। पाँच प्राणका डोरीले पाँच स्थानमा बाँधिएकाहुन्। यी सब घोडाहरूमा मन रूपी एकै लगाम छ। बुद्धि सारथी हो, हृदय जीव बस्ने मुख्य ठाउँ हो। सुख-दुःखको दुवै ठाउँ बन्धन स्थान हो। जुन रथमा सवार भएर जीवरूप पुरञ्जन विषय प्राप्तिरूप शिकारमा प्रवृत्त हुन्छ। ११ इन्द्रिय सेनाका साथमा पाँच, पञ्चप्रस्थ वन हो, जीव जगत्को विषय वासनारूपी मृगतृष्णाले दुःखी तथा श्रान्त (थाकेको) भएर हृदय रूप निवास स्थानमा आउँदछ। जहाँ उसलाई बुद्धि पनि विक्षिप्त (विचलित) मिल्दछ। केही-दिन व्यतीत भएपछि अनेक संकल्प, विकल्प तथा विषय—वासना रूपी सन्तानहरूको अत्यन्त वृद्धि हुन्छन् जसको माया मोहमा परेर जीव आफूलाई भूल्दछ। काललाई नाप-तोल गर्ने भएको गन्धर्वका राजा (चण्डवेग) हो जसको नायक ३६० दिन तथा उज्यालो र अँध्यारो रात गन्धर्व राजाको ३६० रानी हुन् र यस प्रकार ७२० व्यक्तिका सेना मानव शरीरमा आक्रमण गर्दछन्। यस जीवरूपी पुरञ्जनको शरीररूप पुरञ्जन नगरको अध्यक्ष उसको अहंकार नै हो। विचरा यतिका सेनाबाट मार खान्छ।

जरा अर्थात् वृद्धावस्था भनेको गन्धर्व कन्या हुन् जो प्रत्येक प्राणीलाई वरण गर्न उपाय गर्दछिन् परन्तु कोही उनलाई स्वीकार गर्दैनन्। अतः अभिन्नवेश-मृत्यु भयरूपी आफ्नो साख्खै भाइलाई आफ्नो पति बनाउँदछिन् र पतिको साथ संसर्ग हुनासाथ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

समयानुसार शरीर—रूप नगरमाथि आफ्नो कब्जा गर्दछिन्। अनि आफ्नो नाना प्रकारका आधि—व्याधि दुःख रूपको साथ पुरञ्जनपुर मुख, नाक, कान आदि नौ द्वारबाट पसेर नगरलाई छिन्न—भिन्न गर्न लाग्दछिन्। मृत्युको सानो भाइ जोरो (प्रज्वर) जो शरीर रूपी पुरञ्जन नगरमा आगो लगाइदिन्छ। यस्तो दीन हीन दशामा मृत्युरूपी यौवन उसलाई आएर घेर्दछ जसको कारण विचरा पुरञ्जन (जीव) यक्तिको हताश हुन्छ कि त्यो आफ्नो परम सहायक परमेश्वरलाई समेत भूल्दछ।

हामीहरूले पनि सदा यस आध्यात्मिक दृष्टान्तलाई आफ्नो मनले कहिले पनि नभूली परम पिता परमात्माको स्मरण गर्‍यौं भने यस्ता जुनसुकै विपत्तिहरू परी आउन् ता पनि क्षणमात्रमा त्यसलाई हटाउने सामर्थ्य हामीमा अवश्य प्राप्त हुन जाने छ।

आत्मा रूपो मिश्री

दुइटा कमिला थिए, त्यसमध्ये एउटा नूनको पहाडमा बस्दथ्यो र आर्को एउटा कमिला भने मिश्रीको पहाडमा बस्दथ्यो। एक दिन नूनको पहाडमा बस्ने कमिला मिश्रीको पहाडमा बस्ने कमिला कहाँ गयो र भन्यो—मित्र, तपाईंको हृदय त अति प्रसन्न देखिन्छ र शरीर पनि खूब मोटो-घाटो छ। यस्तो कुन पदार्थ खानु

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

हुन्छ ? मिश्रीको पहाडमा बस्ने कमिलाले भन्यो—मित्र, मलाई जब खानाको इच्छा हुन्छ अनि म पेट भर मिश्री खान्छु जसको प्रभावले गर्दा मेरो मुख प्रसन्न रहन्छ र रोग—शोक समेत कहिले लाग्दैन। यो कुरा सुनेर नून खाने कमिलालाई पनि मिश्री खान इच्छा भएछ र भन्यो—मित्र, त्यो मिश्रीको पहाड कहाँ छ मलाई बताउँनुहोस्, किनभने आजसम्म मैले नखाएको हुनाले त्यसको आनन्द मलाई केही पनि थाहा छैन। मिश्री खाने कमिलाले भन्यो हिंड्नुहोस् त्यस पहाडमा म तपाईंलाई लिएर जान्छु जति इच्छा छ खानुहोस्, तपाईंलाई मिश्री किन खाइस् भनेर त्यहाँ कसैले रोक्न आउँदैन त्यो मिश्री हामी सबैको हो। इत्यादि कुरा गर्दा गर्दै दुवै कमिला त्यस पहाडमा पुगे। मिश्रीवाला कमिलाले भन्यो—मित्र! मिश्रीको पहाड भनेको यही हो अब जति इच्छा छ खानुहोस् र मेरो भैं नित्यानन्दमा रहनुहोस्। त्यो नूनवाला कमिला त्यस पर्वतमा यत्र-तत्र घुम्यो र मिश्रीवाला कमिलाको नगीचमा आई भन्यो—मित्र! यो पनि नूनैको पर्वत रहेछ यसमा मिश्री भनेको छँदैछैन। यति कुरा सुनेर मिश्रीवाला कमिलाले विचार गऱ्यो कि के कारणले हो मेरो मित्रलाई मिश्रीको पर्वतमा घुमेर पनि मिश्री प्राप्त हुन सकेन। सारै बुद्धिमान् हुनाको कारण उसले नूनवाला मित्रको मुखमा हेर्दा त मुखमा एक सानो नूनको डल्लो अडकिरहेको देख्यो। उसले भन्यो—मित्र! जबसम्म तपाईं आफ्नो मुखमा अडकेको नूनको ढीकालाई उकेल्नु हुन्न तबसम्म तपाईं मिश्री

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

प्राप्त गर्न सक्नु हुन्न। त्यो नूनवाला कमिलाले आफ्नो मुखमा धेरै काल देखिरहेको नूनलाई त्याग गरी पर्वतमा गयो र तृप्त हुने गरी मिश्री खायो र आनन्दमा प्राप्त भयो।

सिद्धान्त—यो हो अन्तःकरण रूपी मिश्रीको पर्वत हो र त्यसको भित्र आत्मारूपी मिश्री भरिएको छ। यदि जो व्यक्ति विषय-वासनारूपी नूनको डल्लोलाई मुखमा राखी मिश्रीको पहाडमा घुम्दछ भने त्यसलाई आत्मानन्द रूपी मिश्री प्राप्त हुँदैन। कुनै व्यक्ति कमिलाले आफ्नो मुखमा रहेको नूनलाई त्याग गरे झैं विषय वासनालाई त्याग गरी अन्तःकरण रूपी मिश्रीको पर्वतमा गयो भने उसलाई अवश्य आत्मानन्दरूपी मिश्री प्राप्त हुन्छ यसमा केही सन्देह छैन। यस लेखको भनाई विषय-वासना त्याग्नु भनेको गृहस्थाश्रमलाई त्यागी सन्यास लिनु भन्ने होइन। यसै गृहस्थाश्रममा नै रही स्वधर्म युक्त परिवारमा व्यवहार गरी आफू आसक्त रहित भई आत्मचिन्तन गर्नु नै भगवानलाई प्राप्ति गर्ने मूल कारण हो। जो व्यक्ति आर्कालाई घरबार नत्यागी आत्मानन्द प्राप्त गर्न सकिन्न भनी भन्दछ र स्वयं सन्यास लिएको छ भने त्यो पनि भूलमा पऱ्यो भनी जाने हुन्छ। यस्तो देखिन्छ कि आज जुन व्यक्तिले संसार त्याग गरी उपदेश दिई भ्रमण गरी हिंड़ेकाछन् तिनै यस सांसारिक व्यवहारमा यस्तो बाँधिएका छन् कि जस्तै चन्दनको वृक्षमा सर्प बेरिएर रहेको हुन्छ। ज्ञानी पुरुष भनेको त्यही हो जो

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो गर्नु पर्ने कर्तव्य पालन गरी आत्मानन्द एवं परमपिता परमानन्द परमेश्वर मंगलमय अखण्ड भूमण्डलाकारलाई प्राप्त गर्दछ।

गुरु नानक

नानक साहबको जन्म संवत् १५२६ मा कल्याणचन्द नाम गरेका खत्रीकी पत्नी तृप्ताको गर्भबाट भएको थियो । गुरु नानक बालक कालदेखि नै शान्त स्वभावको हुनुहुन्थ्यो र एकान्तमा बस्नमा नै ज्यादा मनपराउँनु हुन्थ्यो। बालकैमा बस्न आरंभ हुन साथै सदैव पद्मासन गरी बस्नु हुन्थ्यो। उहाँको जन्म कुंडलीको ग्रह आदि अवतारी पुरुषको झैं देखेर सब ज्योतिषीहरू चकित हुन्थे। मातालाई ठूलो इच्छा थियो कि मेरो पुत्र नानक पनि बाहिर गएर अरू बालकहरूका साथमा खेलोस्। एक दिन माताले ज्यादै आग्रह गरेकोले उहाँ बालकहरूका साथ खेल्न भनी बाहिर आउनु भयो र सबै बालकहरूलाई भन्नु भो कि तिमीहरू कुनै नयाँ खेल खेल्छौ या पुरानो जो दिनहूँ खेल्ने गरेको ? सबै बालकहरूले नयाँ खेल खेल्नलाई मञ्जूर गरे। अनि नानकले सबै बालकलाई लसकरै राखी पद्मासन गरी चुप-चापसँग बसाली अब तिमीहरू मनै-मन सत्य कर्त्तार, सत्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कर्त्तार, सत्य कर्त्तार भन भन्ने आज्ञा दिनु भयो। आमा छोराले कस्तो खेल खेल्दो रहेछभनी अति चाखले हेर्न आउँदा त सबै बालकहरू समेत चुपचाप पद्मासन गरी बसेका देखेर झन चकित परिन्। जब नानक पढ्ने योग्य हुनु भो अनि पिताजीले हिन्दी पढ्न पाठशालामा पठाए परन्तु जब पंडितजीले पहिले अङ्क लेखेर दिए तब नानकले पंडितजीलाई भन्नु भो कि जसले यस सांसारिक हिसाब-किताब पढेको छ, उसले धेरै दुःख पाएको देखेको छु। अतः मलाई यसको केही प्रयोजन छैन। म त जगत् पिताको नाम पढ्न आएको हुँ र तपाईंलाई पनि यही उचित छ कि झूठो पठन—पाठनलाई छोडी साँचो पठन—पाठनमा लाग्नु। यस्तो कुरा सुनी पंडितजी उहाँको चरणमा परे। अनि त्यस दिनदेखि सत्संग समेत गर्न लागे।

पिताजीले पुत्रको मन पढ्नमा विमुख भएको देखेर उनले घरको कुनै काममा लगाउने निश्चय गरी भैंसी गोठालोमा लगाई दिए। भैंसी गोठालो जादाँ पनि नानक परमात्माको ध्यानमा मग्न रहनु हुन्थ्यो या त गोठालाहरूका साथ भगवान्‌को गुणानुवाद गर्नु हुन्थ्यो। यस्तो चालले गर्दा गाई-भैंसीले आर्काको बाली खान जान्थे र अवगाल आउँदथ्यो। यसकारण पिताले उहाँलाई त्यस कामको योग्य नठानी गोठालो पठाएनन्। पिताले उहाँको व्रतबन्ध गर्ने इच्छा गरी शुभ मुहूर्तमा पंडितजीलाई डाके। जब जनै लगाउने समय आएको थियो त्यस औसरमा उहाँले पुरोहितलाई भन्नु भयो कि यस जनैबाट केही अर्थ निक्लदैन,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

जुन सच्चा यज्ञोपवीत छ त्यसैलाई धारण गर्नाले मात्र मनुष्य-जीवन सफल हुन्छ। गुरु नानकको यो उपदेशले पुरोहितलाई खूब असर पाऱ्यो र उनी गुरु नानकको शिष्य बने।

पितालाई छोराले घरबार छोडी संन्यास लेला भन्ने भय भएकोले उनले कुनै व्यापारमा लगाउने निश्चय गरे। यस विचारले केही रुपैयाँ दिएर उनले पुत्रलाई बाला नाम गरेको एक इमान्दार मानिसकोसाथ लगाई लाहोर पठाए। हिंड्ने समयमा उनले पुत्रलाई खूब संझाई कुनै ज्यादा नाफा हुने माल—मत्ता किन्नु भनेका थिए। जादाँ—जादाँ जब चूडकाना गाउँमा पुग्न भो त्यहाँ केही साधु महात्मासँग भेट भयो जो कि भोकै थिए। गुरु नानकले भन्नु भयो कि योभन्दा ठूलो सच्चा लाभदायक सामान अरू के हुन सक्छ ? त्यस रुपैयाँले एक भण्डारा लगाइदिई आफू खालि हात लिएर घर फर्कनु भो। सन् १४८८ मा नानकको विवाह मूलचन्द चोना खत्रीकी सुपुत्री सुलक्षणासँग भयो। सन् १४९४ मा श्रीचन्द्रको जन्म भयो जो केही दिनमा नै उदासी सम्प्रदायको संस्थापक बने। सन् १४९६ मा अर्को एक पुत्र लक्ष्मीचन्द्रको जन्म भयो।

यदि कसैले केही सोध्यो भने उसलाई गुरु नानक यही उत्तर दिनु हुन्थ्यो कि न केही हिन्दू, न मुसलमान। यस्तो शब्द गुरुको मुखदेखि निस्केको सुनेर सबै चकित हुन्थे। केही समयमा नै अनेकौं हिन्दू र अनेकौं मुसलमानहरू उहाँको समीपमा धुइरे। यो कुरा काजी र मुल्लाहरूले सहन सकेनन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सबैले मिलेर नवाबलाई उजुर गरे कि यी महात्मा हिन्दू र मुसलमानलाई एकै मान्ने उपदेश गर्दछन्। यदि उनले हाम्रो साथमा गई मसजिदमा नमाज पढुन् त जानौं। यस कुराको स्वीकृति नवाबले पनि दिए। मुसलमानहरूले नानकलाई पनि मसजीदमा लिएर गए। सबै मुसलमानहरूले नमाज पढ्न शुरू गरे तर गुरु नानक भने एक कुनामा चुपचापसँग बसिरहनु भएको थियो। नमाज समाप्त भएपछि सबैले भने कि हेर कपट खुल्यो। नवाबले सोद्धा नानकले भन्नु भयो कि जो कोही एक चित्त भएर खुदाको ध्यान गर्दछ त्यसको म साथी बन्न सक्छु। जसको चित्त स्थिर छैन त्यसको र मेरो साथ हुँदैन। मामूली मानिसको त के कुरा, न नवाब साहबको मन नमाजमा थियो न त काजी साहबको नै थियो। नवाब साहब त काबुल कंधारमा घोडा किनिरहेका थिए र काजी साहबको मन भने आफ्नो घोडाबाट जन्मेको नयाँ बचाको रक्षाको लागि दौडिरहेको थियो कि त्यो तबेलाको कूपमा पर्ला कि भनेर। यस्तो प्रकारले नमाज पढेर कसरी खुदाको ध्यान हुन सक्छ? यस्तो सत्य वचन सुनी अन्तर परिचय पाएर नवाब र काजी दुवै चकित परी गुरु नानकको चरणमा परी भने कि तपाईं नै सच्चा अल्लाह हुनुहुन्छ। हामी दीन-दुनियाँ दुवैको लाभको निमित्त केही उपदेश गर्नुहोस् भनी अनुरोध गरे। गुरु नानकले भन्नु भो मैले भनेको अनुसार पाँच नमाज सदा पढेर रहनु। गुरुले (पंज नमाज वक्त पंज) आदिको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

शब्द उच्चारण गर्नु भयो र धेरै समयसम्म परमार्थी लाभदायक चर्चा गरेर रहनु भयो ।

गुरु नानकले भेष बदल्ने भन्ने समाचार सुनेर घरका र ससुरालीका मानिसहरू तथा अन्य सम्बन्धी सबै आई गुरुलाई भरसक रोक्ने प्रयत्न गरे। परन्तु गुरुले मान्नु भएन र सन् १४९९ मा पहिला यात्राको निमित्त हिंड्नु भो। कानपुर, लखनऊ र अयोध्याको यात्रा गर्दै सन् १५०६ मा काशी पुग्नु भो। एक बगैचामा विश्राम गर्नु भो जसलाई गुरुवाग भन्दछन्। काशीमा गुरुजी आउनु भएको छ भन्ने हल्ला फैलियो। सब मतका मानिस हिन्दू, मुसलमान प्रतिदिन दर्शन गर्न र उपदेश सुन्नको निमित्त आउँद थे।

कबीर साहब त्यस समयमा हुनु हुँदैनथ्यो। उहाँ रघुनाथपुर गाउँमा जानु भएको थियो। गुरु नानक काशीमा आउनु भएको छ भन्ने खबर सुनेर उहाँ भेट गर्ने अभिलाषाले काशीमा फर्केर आइरहनु भएको थियो। गुरु पनि कबीर साहबलाई भेट्न भनी रघुनाथपुर गइरहनु भएकोथ्यो। मार्गमा दुवै पुरुषको भेट भयो। धेरै दिनसम्म वार्तालाप भयो। केही दिन काशीमा बसी गुरु नानक छपरा, पटना आदि स्थान हुँदै सन् १५०६ मा गया पुग्नु भो जो हिन्दूहरूको पिण्डदान र दीपदानको मुख्य स्थान हो। त्यहाँ पण्डाहरूले उहाँलाई पिण्डदान आदि गराउनमा अति आग्रह गरे परन्तु गुरुजीले मान्नु भएन।

यहाँ अब संक्षेपमा राजा शिवनाभको हाल वर्णन गरिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

राजा शिवनाभ पक्का वैष्णव थिए र उनको सबै प्रजा पनि त्यही मतमा दृढ़ थिए। मनसुकले सवा पहर रात बाँकी छँदा नै स्नान गरी नानकको शब्द पाठ गरेको, बिना देखेकोमा सुमरन ध्यानमा लागेको, कुनै प्रकारको लौकिक कर्म—धर्मको परवाह नगरेको इत्यादि कुरा त्यहाँका दुनियाँलाई मन परेन र उनीहरूले राजामा उजूर गरे कि मनसुख धर्म विरुद्ध आचरण गर्दछन्। सिंगलाद्पुरको राजाले मनसुखलाई बोलाएर अनेकौं प्रश्न गरे जसको उत्तर मनसुखले दिए, त्यो यस प्रकारको छ। हे राजन्! यो जगत् एक वृक्षको समान छ जसको शिखरमा मुक्तिको फल फलेको छ। उसलाई प्राप्त गर्ने दुइ मार्ग छन्, एक विहंगम मार्ग र अर्को किटी मार्ग छ। जसलाई सद्गुरुको कृपा प्राप्त भएको छ त्यो त पक्षी समान बिना प्रयास त्यस फललाई प्राप्त गर्दछ। जसले सद्गुरुलाई भेटी उहाँको उपदेश ग्रहण गरेको छैन उसलाई यो फल प्राप्त गर्न अति कठिन पर्छ। तिमी एकादशीको व्रतको अनुष्ठान् पन्द्रह दिनमा एक दिन गर्दछौ। काम, क्रोध, आदि विकारका त्याग तथा अल्प आहार र जागरणको निमित्त तिमीहरूले केवल एक दिन मुकुर गरेका छौ। परन्तु संत जनहरूका त प्रतिदिन नै सक्षम छन्। थोरै खानु र सुत्नु उनीहरूको सहज धर्म हो र काम-क्रोध आदिको जोर उनीहरू माथि पर्न सक्तैन। ढुङ्गाको मूर्ति न त केही खानपीन गर्दछ र न केही उपदेश नै गर्दछ। तिनको पूजाबाट किञ्चित फल प्राप्त होला भन्ने आशा छैन। म त केवल आफ्नो सद्गुरु

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

दयालको नै आराधना गर्दछु। जसको वचन सूर्य तुल्य अंधकारलाई नष्ट गर्नमा समर्थ छ। सद्गुरु दयालले विहंगम समान उड्ने युक्तिको दान दिएर मुक्ति फलको रस चखाउनु भएको छ। त्यसलाई त्यागेर अन्य कर्म, मूर्ति पूजा आदि किटी मार्ग रूप तुच्छ आचारलाई कसरी ग्रहण गरू? इत्यादिबाट त केवल अन्तःकरण शुद्ध हुन्छ। किन्तु मुक्ति त सद्गुरुको दयादृष्टि र उपदेशबाट मात्र प्राप्त गर्न सकिन्छ। यस्तै अनेक चर्चा सुनेर राजा शिवनाभको हृदयमा श्रद्धा र प्रीति उत्पन्न भयो। मनसुखलाई सोधे कि तपाईंको सत्गुरु को हुनु हुन्छ? मलाई पनि सत्गुरुको दर्शन गराई दिनुहोस्। मनसुखले भने राजन्! मेरो सत्गुरु नानकले थोरै दिनमा दर्शन दिएर तपाईंको आशा पूर्ण गर्नु हुनेछ। गुरु नानक सिंगलदीपमा आएर राजा शिवनाभसँग भेट गर्नु भयो। राजाले गुरु नानकको दर्शन गरी शिष्य बने।

गुरु नानक साहब ६९ वर्ष १० महीमा १० दिनको दिन संवत् १५९५ मा परमधाम जानु भयो। उहाँको स्वर्ग भएपछि गद्दीमा गुरु अंगद बसे। गुरु नानक तथा कबीर साहबको परम धाम गएको लीला एक समान थियो। कात्रो मुसलमानको हात पर्‍यो र फूल हिन्दूको हातमा पर्‍यो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

राजा शिवनाभ पक्का वैष्णव थिए र उनको सबै प्रजा पनि त्यही मतमा दृढ़ थिए। मनसुकले सवा पहर रात बाँकी छँदा नै स्नान गरी नानकको शब्द पाठ गरेको, बिना देखेकोमा सुमरन ध्यानमा लागेको, कुनै प्रकारको लौकिक कर्म—धर्मको परवाह नगरेको इत्यादि कुरा त्यहाँका दुनियाँलाई मन परेन र उनीहरूले राजामा उजूर गरे कि मनसुख धर्म विरुद्ध आचरण गर्दछन्। सिंगलादपुरको राजाले मनसुखलाई बोलाएर अनेकौं प्रश्न गरे जसको उत्तर मनसुखले दिए, त्यो यस प्रकारको छ। हे राजन्! यो जगत् एक वृक्षको समान छ जसको शिखरमा मुक्तिको फल फलेको छ। उसलाई प्राप्त गर्ने दुइ मार्ग छन्, एक विहंगम मार्ग र अर्को किटी मार्ग छ। जसलाई सद्‌गुरुको कृपा प्राप्त भएको छ त्यो त पक्षी समान बिना प्रयास त्यस फललाई प्राप्त गर्दछ। जसले सद्‌गुरुलाई भेटी उहाँको उपदेश ग्रहण गरेको छैन उसलाई यी फल प्राप्त गर्न अति कठिन पर्छ। तिमी एकादशीको व्रतको अनुष्ठान् पन्द्रह दिनमा एक दिन गर्दछौ। काम, क्रोध, आदि विकारका त्याग तथा अल्प आहार र जागरणको निमित्त तिमीहरूले केवल एक दिन मुकुर गरेका छौ। परन्तु संत जनहरूका त प्रतिदिन नै सक्षम छन्। थोरै खानु र सुत्नु उनीहरूको सहज धर्म हो र काम-क्रोध आदिको जोर उनीहरू माथि पर्न सक्तैन। ढुङ्गाको मूर्ति न त केही खानपीन गर्दछ र न केही उपदेश नै गर्दछ। तिनको पूजाबाट किञ्चित फल प्राप्त होला भन्ने आशा छैन। म त केवल आफ्नो सद्गुरु

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

दयालको नै आराधना गर्दछु । जसको वचन सूर्य तुल्य अंधकार-लाई नष्ट गर्नमा समर्थ छ। सद्गुरु दयालले विहंगम समान उड्ने युक्तिको दान दिएर मुक्ति फलको रस चखाउनु भएको छ। त्यसलाई त्यागेर अन्य कर्म, मूर्ति पूजा आदि किटी मार्ग रूप तुच्छ आचारलाई कसरी ग्रहण गरू ? इत्यादिबाट त केवल अन्तःकरण शुद्ध हुन्छ। किन्तु मुक्ति त सद्गुरुको दयादृष्टि र उपदेशबाट मात्र प्राप्त गर्न सकिन्छ। यस्तै अनेक चर्चा सुनेर राजा शिवनाभको हृदयमा श्रद्धा र प्रीति उत्पन्न भयो। मन-सुखलाई सोधे कि तपाईंको सत्गुरु को हुनु हुन्छ ? मलाई पनि सत्गुरुको दर्शन गराई दिनुहोस्। मनसुखले भने राजन् ! मेरो सत्गुरु नानकले थोरै दिनमा दर्शन दिएर तपाईंको आशा पूर्ण गर्नु हुनेछ। गुरु नानक सिंगलदीपमा आएर राजा शिवनाभसँग भेट गर्नु भयो। राजाले गुरु नानकको दर्शन गरी शिष्य बने ।

गुरु नानक साहब ६९ वर्ष १० महीमा १० दिनको दिन संवत् १५९५ मा परमधाम जानु भयो। उहाँको स्वर्ग भएपछि गद्दीमा गुरु अंगद बसे। गुरु नानक तथा कबीर साहबको परम धाम गएको लीला एक समान थियो। कात्रो मुसलमानको हात पऱ्यो र फूल हिन्दूको हातमा पऱ्यो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

राजा भोज र कालिदास

एक दिन राजा भोज सबेरै आफ्नो नित्य कर्म समाप्त गरी सभामा गए र केही समयसम्म सभामा बसी त्यहाँ जुन आवश्यक कार्य थियो, त्यो शीघ्र नै समाप्त गरे। आफूले गर्न पर्ने काम केही नहुनाले राजालाई के गरुँ जस्तो भयो र मनोरञ्जनको निमित्त एकछिन रनिवासमा गए। महारानी त्यस समयमा आफ्नो खोपीमा थिइनन्। राजाले यताउता हेर्दा रानीलाई अर्को खोपीमा आफ्नी एक सहेलीको साथ बसी हाँसीठट्टा गरिरहेकी देखे। राजा पनि खोपी भित्र गए। सहेली· ले सार्है लाज मानिन्, परन्तु रानीले भने हाँसेर भनिन्— (ओहो मूर्खः)। यस्तो शब्द सुनी राजाको मुख कालो, नीलो भयो। क्षण भर उभी उनले केही विचार गरे। उनले भने— आजसम्म रानीले कुनै भूल गरेकी थिइनन् भने आज फेरि उनीले मलाई किन यस्तो शब्द भनिन्? पहिले त राजालाई रानीले के कारणले मूर्ख शब्द प्रयोग गरेकी हुन भनी सोध्ने विचार भयो। परन्तु पछि के विचार उत्पन्न हुन गएछ र तुरुन्त त्यहाँबाट सभामा आई बसे। सभासद्हरू सबै भेला भए तर के कारणले हो कालिदास उपस्थित हुन बिलम्ब गरे। केही क्षण पश्चात् कालिदास पनि उपस्थित भए। राजाले कालिदासलाई देख्ना साथ विचार गरे कि मेरो शंका निवारण यिनी सिवाय

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अन्य कोही गर्न सक्तैनन् । यस्तो विचार गरी उनले कालिदासलाई भने—(ओहो मूर्खः) कालिदासले उत्तर दिए—(म किन मूर्ख ?) मूर्ख त त्यसलाई भनिन्छ—

खादन्न गच्छामि हसन्न जल्पे गतं न शोचामि कृतं न मन्ये ।

द्वाभ्यां तृतीयो न भवामि राजन् किं कारणं भोज भवामि मूर्खः ॥

म त केही चीज खाँदै मार्गमा हिंड्दिन, हाँस्दै कुरा गर्दिन, व्यतीत भइसकेको कुरामा सन्ताप गर्दिन र दुइ मानिस कुरा गरिरहेका बीचमा जान्न भने फेरि हे राजा भोज ! म मूर्ख कसरी भएँ ?

महाराजको शंकाको समाधान भयो। उनको मनले नै उनलाई भनिदियो कि जब महारानी एकान्तमा सहेलीका साथ कुरा गरिरहेकी थिइन् तब त्यस समयमा तिमीले उहाँ पुग्नु नै मूर्खता युक्त काम गरेकाहौ। यसकारण महारानीले त्यस समयमा मूर्ख शब्दको प्रयोग गरेकी उचित नै थियो अर्थात् मेरो निमित्त त्यो एक उपदेश थियो कि फेरि कहिले पनि त्यस्तो आचरण नहोस्। यस्तो विचार गरी राजाले कालिदाससँग उपर्युक्त कुरा सबै भने। राजाको कुरा सुनी महाकवि कालिदासले पनि अति प्रसन्न भएर गद्गद् वाणीले भने—

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

"यस चातुरीको साथ आफ्नो शंकाको समाधान गर्नु भोज जस्तो महाराजको नै काम हो"।

कलियुगको स्वरूप

अघि महाभारतको अन्तमा श्रीकृष्णजीले युधिष्ठिरलाई राज सिंहासनमा बस्नलाई आज्ञा दिंदा युधिष्ठिरले राज्यलाई सर्व अनर्थहरूको मूल कारण हो भनी गद्दीमा बस्नमा मंजूर गरेनन्। त्यस समय श्रीकृष्णले भन्नु भयो—जबसम्म कलियुगको प्रवेश हुँदैन तबसम्म राज्य गर, जब कलियुगले प्रवेश गर्ला त्यस समयमा भने संसारमा रहन नै योग्य हुँदैन। युधिष्ठिर सहित पाँचै भाइहरूले श्रीकृष्णलाई कलियुगको स्वरूप कस्तो हुन्छ भनी सोधे! श्रीकृष्णले पाँचै भाइलाई भिन्नभिन्न ठाउँमा जाने आज्ञा दिई यो पनि भन्नु भयो कि तिमीहरूले मार्गमा जुन चीज वस्तु अनौठाको देख्तछौ त्यो मलाई आएर भन्नू। पाँचै भाइ भिन्नभिन्न ठाउँमा प्रस्थान गरे। केही टाढा युधिष्ठिर पुगेका मात्र थिए उनले एउटा हात्तीलाई देखे, जसको दुइटा सूँड थियो र दुवै सूँडले तलाउबाट पानी तानी आफ्नो अङ्गमा हालिरहेको थियो। उनले यो अनौठाको कुरा हो भनी श्रीकृष्ण-लाई उक्त समाचार बताउने निश्चय गरी फर्की आए। अर्जुनले

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बनमा एउटा यस्तो पक्षी देखे, जसको खुट्टामा वेद मन्त्र लेखेको थियो र अहिंसा, सत्य, चोरी, मदिरा, परस्त्री गमन इत्यादि कर्म गर्नु अनुचित हो भनी लोकलाई उपदेश दिन्थ्यो तर त्यो स्वयं मांस खाइरहेको थियो। यो अनौठाको कुरा हो भनी श्रीकृष्ण-लाई बताउने निश्चय गरी फर्की आए। एवं प्रकारले भीम आश्चर्य-जनक वस्तुको खोजमा हिंडिरहेका थिए, त्यस्तैमा उनले एक गाईलाई देखे। ती गाईले आफ्नी बाछीको दूध पिइरहेकी देखे। यो अनौठाको कुरा हो भनी श्रीकृष्णलाई बताउने निश्चय गरी फर्की आए। नकुलले पनि तीन कूप देखे। ती तीन कूप लस्करै थिए तर छेउछेउका दुवै कूप जलले पूर्ण थिए, बीचमा रहेको कूपबाट बाटो गरी जल बहन्थ्यो ता पनि सो कूप जलले रहित भएको देखे। यसलाई अनौठा मानी श्रीकृष्णलाई बताउने निश्चय गरी फर्की आए। अन्तमा सहदेवले पनि एक आश्चर्यजनक घटना देखे। एक ठूलो ढुङ्गा पहाडबाट खसिरहेको थियो र बाटोमा पर्न आउने सबै वृक्षलाई भाँची आखिरमा एक अति सानो छेसकाले रोकी दिएको देखे। उक्त कुरा श्रीकृष्णलाई बताउने निश्चय गरी फर्की आए। सबै भाइहरूले आफूआफूले देखेका कुराको वर्णन श्रीकृष्णको समीप गरे।

श्रीकृष्णले सबै भाइहरूले वर्णन गरेका कुरा सुन्नु भई यो सब कलियुगका पूर्व रूप हुन् भनी भन्नु भयो। यी सब कुराको तात्पर्य तिमीहरूलाई बताउँछु सुन। दुइ सूँड भएको हात्तीको तात्पर्य योहो कि कलियुगको न्यायाधीशले वादी र प्रतिवादी दुवै

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

संग घूस खान्छ भन्नु हो। जुन पत्तीको खुट्टामा वेदमन्त्र लेखिएको थियो र अहिंसा इत्यादिको उपदेश दिन्थ्यो आफू भने मांस खान्थ्यो। त्यसको अर्थ यो हो कि कलिको ब्राह्मण वेद शास्त्र पढेर पनि आर्कालाई भने उपदेश दिने आफू भने कुभक्ष आदिको सेवन गरी मरेको मानिसको समेत दान लिनेछ भन्नु हो। गाईको अर्थ यो हो कि कलियुगमा आफ्नी छोरी बेचेर आफ्नो पेट पाल्नु हो। तीन कूपको अर्थ यो हो कि कलियुगमा दुइ जना धनी मानिसहरूमा रुपैयाँ सापट ओहोर-दोहोर भइरहन्थ्यो, बीचमा घर भएको गरीबलाई भने दुइ चार रुपैयाँ पनि सापट दिदैनथे अर्थात् आफ्नो गरीब भाइको सहायता नगरी अन्य जातीसँग ब्यवहार गर्नु हो। पहाडबाट ढुङ्गा खसेको तात्पर्य यो हो कि कलिमा संसाररूपी पर्वतबाट धर्मरूपी ढुङ्गा खस्दछ र आचार-विचाररूपी वृक्ष नष्ट हुन जान्छन्। अन्तमा त्यो ढुङ्गो भागवत धर्मरूपी एक सानो छेस्कोमा अडेर रहन्छ। यी पूर्वोक्त कुरा देखिन आएमा कलिले प्रवेश गर्‍यो भनी तिमीहरूले थाहा पाउनु भनी श्रीकृष्णले आज्ञा गर्नु भयो।

जुन कुराको उपदेश महाभारतको अन्तमा भगवान् श्री कृष्णले पाण्डवहरूलाई दिनु भयो, त्यो घटना आज हामीहरू प्रत्यक्ष आफ्ना आँखाका अगाडि देखिरहेकाछौं। उक्त सामाजिक दोषले हामीमा कलिको प्रभाव परेको देखिन्छ र हामीहरूले त्यसबाट बच्ने कोशीश गर्नु पर्दछ। यसभन्दा पनि ज्या

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

शोचनीय यो कुरा छ कि आज हाम्रा बन्धु परधर्ममा प्रवेश गर्दै महाकलिको ठूलो आवाहन गरिरहेका छन् । भगवान उनीहरूलाई सद्बुद्धि देवोस् ।

शास्त्रको प्रयोजन

ज्ञान मात्र सत्य र श्रेष्ठ हो ता पनि कर्म र उपासनाको पनि शास्त्रमा वर्णन गरेको छ । संसारमा तीन किसिमका पदार्थ हुन्छन् प्रातिभासिक, व्यावहारिक र वस्तुस्वरूप ।

(१) भ्रम भएको बखतमा देखिएको सत्यता प्रातिभासिक हो जस्तो केही दोषको कारण एउटा चन्द्रमाको ठाउँमा दुइटा देखिन्छन् । जुन बखत देखिन्छ त्यस समय दोश्रो चन्द्रमा पनि सत्य नै प्रतीत हुन्छ ।

(२) जाग्रत्को ठीक ज्ञान हुनु व्यावहारिक हो, उसमा एउटा चन्द्रमा देख्नु व्यावहारिक सत्य हो । प्रातिभासिक सत्यता व्यावहारमा असत्य हुन्छ र व्यावहारिक सत्यता प्रातिभासिकमा हराएर जान्छ ।

(३) वस्तुस्वरूप सत्यता सम्पूर्ण सत्य छ । उसको सामुन्नेमा प्रातिभासिक र व्यावहारिक दुवै सत्यता असत्य हुन्छन् । वस्तुमा व्यावहारिक पनि प्रातिभासिक भइजान्छ, वस्तु ईश्वर परब्रह्म हो उसको अपेक्षामा दुवै सत्यता अति तुच्छ छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

वस्तु सत्य हुनाले वस्तुको ज्ञान पनि सत्य हुन्छ। यसकारण वस्तुको ज्ञान नै सत्य ज्ञान हो। उसमा सत्य शब्दको उपयोग पनि संझाउनको निमित्त गरेको हो। प्रातिभासिक र व्यावहारिक दुवै उसको उसमा (परस्परमा) असत्य हुन्छन्, वस्तुमा दुवै असत्य छन् किनभने वस्तुको सत्यता कुनै बखतमा पनि असत्य हुँदैन। वस्तु (व्यावहारिक र प्रातिभासिक दुवैको आद्य (पहिलो) अधिष्ठान हो। अज्ञानको कारण उसको सत्यता नदेखियोस् ता पनि काहीं हराएर जाँदैन, जस्तै भ्रान्तिले सर्प देखिने समयमा रज्जुको रज्जुत्व हराउँदैन अर्थात् डोरी स्वरूपैले रहन्छ।

भ्रान्तिमा प्रतीत हुने सत्यता प्रातिभासिक हो। कर्ममा रहने सत्यता व्यावहारिक हो, जो कर्म फल दिएर निवृत्त हुन्छ सो कर्म हो, यसकारण कर्मको फल जो छ त्यसले संसारदेखि बाहिर गराउन सक्तैन। उपासनाको सत्यता पनि व्यावहारिक समानै छ, सो पनि मानसिक कर्मरूप मात्र हो। सर्व श्रेष्ठ ब्रह्मसम्म पुऱ्याउनु अथवा मुक्तिको मार्गमा लैजानु उपसनाको फल हो। यो पनि संसारदेखि बाहिर छैन, यस निमित्त उपासना संसारको अन्तसम्म पुऱ्याइदिन्छ। ज्ञान स्वरूप आत्मा जो छ संसारदेखि बाहिर छ, यसकारण सम्पूर्ण सत्य भनेको ज्ञान स्वरूप नै हो।

कर्म, उपासना र ज्ञानको शास्त्रमा अधिकार अनुसार विधान छ, ज्ञानको अधिकारीका निमित्त ज्ञानै छ। कर्मको विधानबाट

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ऐश्वर्य्य र अन्तःकरण शुद्धि प्राप्त हुन्छ, उपासनाबाट अन्तःकरणको विशेष शुद्धि र इष्टदेवको नजीकैमा पुऱ्याइदिन्छ। उपासनाबाट भएको अन्तःकरणको शुद्धिले ज्ञानको अधिकारी बनाइदिन्छ । ज्ञान अन्तिम सिद्धान्त हो उसलाई साध्य गर्नामा कर्म र उपासना सहाय दिन्छन्। हुन त कर्म र उपासनाले ज्ञान सिद्ध हुने होइन, अन्तःकरणको शुद्धिको निमित्त मात्र कर्म र उपासनाको प्रयोजन छ। कर्म पहिलो सिढी, उपासना दोश्रो सिढी र ज्ञान लक्ष्य हो। परन्तु यी तीनै एउटै चीज होइनन्। कर्म र उपासनाबाट ज्ञान भिन्न छ। कर्म र उपासना मायामा छन्, साध्य ज्ञान मायादेखि पर छ। कर्म र उपासनाका फल स्वरूप ज्ञान होइन, कर्म, उपासनाबाट ज्ञानको उत्पत्ति पनि हुँदैन। वेदान्त मतमा कर्म, उपासना फल उत्पत्ति गर्दछन्, मोक्ष प्राप्त गर्नमा समर्थ छैनन्।

संसारमा अनेक प्रकारका मानिस हुन्छन्। जसलाई भौतिक पदार्थको विशेष चाहना छ भने त्यो कर्मकै अधिकारी हुन्छ, उपासना अथवा ज्ञानको अधिकारी हुँदैन। कर्म पनि सकाम र निष्काम भेदले दुइ प्रकारका छन्, निष्काम कर्म विधिपूर्वक गर्नाले अन्तःकरणको शुद्धि हुन्छ। कर्मको अधिकारीभन्दा उपासनाको अधिकारी ज्यादा सूक्ष्म विचार भएको हुन्छ। ऐश्वर्य सहित परमात्माको भाव राख्नु उसको उद्देश्य हो। उपासना पनि सकाम र निष्काम दुइ प्रकारका हुन्छन्। निष्काम उपासनाले इष्टदेवको माथि विशेष भाव उत्पन्न गर्दछ र अन्तःकरण शुद्ध गरेर ज्ञानमा स्थिर हुन सक्ने योग्य बनाइदिन्छ। ज्ञान पनि दुइ प्रकारका हुन्छन् सांसारिक र

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

पारमात्मिक। यिनमा पनि अपरोक्ष र परोक्ष दुइ छन्। सांसारिक ज्ञान परब्रह्मको ज्ञान नहुनाले सो ठीक छैन, परोक्ष ज्ञान पूर्ण ज्ञान होइन र अदृढ अपरोक्ष ज्ञान पनि मोक्षको हेतु होइन। यी सबै तरहका ज्ञान केवल कहिने मात्र ज्ञान हुन्, वास्तविक ज्ञान ता स्वरूपको दृढ अपरोक्ष ज्ञान नै हो। टाढा बसेर आँखाले नदेखीकन जो जानिन्छ त्यो परोक्ष ज्ञान हो अर्थात् जुन ज्ञानबाट वस्तुलाई भिन्न भावले जान्दछ सो परोक्ष ज्ञान हो। जो एकै भएर जान्दछ सो अपरोक्ष ज्ञान हो। संशय, विपर्यादि दोषहरूदेखि रहित अपरोक्ष ज्ञानलाई दृढ़ अपरोक्ष ज्ञान भन्दछन्, औ संशय, विपर्यादि दोषहरू सहितलाई अदृढ अपरोक्ष ज्ञान भन्दछन् यो मोक्षको हेतु होइन।

वेद, धर्म, शास्त्रादि ईश्वरीय नियम हुन्। संसारका सबै मानिसले शास्त्रबाट उपदेश लिएर सफलता प्राप्त गर्नु पर्दछ। हरएक अधिकारको अनुकूल हरएक प्रकारका उपदेश शास्त्रमा छन् जो जुन उपदेशको योग्य छ त्यो आफ्नो अधिकार अनुसार त्यस उपदेशलाई ग्रहण गर्दछ। अधिकार विना कोही पनि उपदेश ग्रहण गर्न सक्ने हुँदैनन्। यदि शास्त्रमा केवल ज्ञानको मात्र उपदेश भएको भए ज्ञानका अधिकारीहरू बाहेक अरू मानिस उपदेश रहित भएर रहन्थे। जो जति उनीहरू ग्रहण गर्न सक्तथे त्यसदेखि पनि उनीहरू रहित हुनपर्ने हुन्थे। यस्तो हो ता पनि कर्म र उपासनाको उपदेश कर्म र उपासना मात्र गर्नाको निमित्त होइन। यी दुवै अन्तःकरण शुद्धि गराएर ज्ञान प्राप्ति

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

गराउनका निमित्त हुन्। ज्ञान प्राप्तिको पछाडि उपदेश केही रहँदैन। यसकारण ज्ञान अन्तिम लक्ष हो। ज्ञान प्राप्ति भए पछि केही कर्म बाँकी रहँदैन।

दृष्टान्त—कुनै एउटा वनमा एक चमत्कारी साधु रहन्थे। वनका बूटीहरूका गुण दोष यथार्थ जान्दथे। उनी वर्षमा एक दिन रोगीहरूका निमित्त बूटीहरूका गुणदोष बताउने काम गर्दथे। यसको निमित्त उनले शिवरात्रिको दिन नियम राखेका थिए। त्यस दिनमा धेरै रोगीहरू उनको आश्रममा भेला हुन्थे। एक शिवरात्रिको दिनमा उनी वनको तरफ प्रस्थान गरे। तो साधुको साथमा धेरै रोगीहरू पनि पछि लागे। साधुको हातमा एउटा लट्ठी थियो। अलि पर पुगेर उनी उभिए र लट्ठीले एउटा बूटी देखाएर भने कि यस बूटीमा यो यो रोग नाश गर्ने शक्ति छ, यो रीतसँग लिनु पर्दछ, यस्तो हिसाबले सफा गरी बिहान, बेलुका र दिउसो तीन टाइम सेवन गर्नु पर्दछ भनी इत्यादि सबै विधान बताइदिए। त्यसको अतिरिक्त बूटीको गुण-दोष समेत बताइदिए। जुन मानिसहरूलाई त्यो बूटीको जरूरत परेको थियो तिनीहरू त्यही बूटी लिएर फर्के। साधु अगाडि बढे। त्यस्तैमा अर्को एक बूटी लट्ठीले देखाई पूर्ववत् वर्णन गरे। जुन मानिसका निमित्त त्यो बूटी आवश्यक परेको थियो तिनीहरू त्यो बूटी प्राप्त गरी घर फर्के। साधु र उहाँका साथमा आएका अरू मानिस समेत अगाडि बढदै गइरहेका थिए, त्यस्तैमा साधुले तेश्रो बूटी देखाई पूर्ववत् वर्णन गरे। तेश्रो बूटीको गुण

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

पहिलेका दुवै बूटीभन्दा ज्यादा भएकोले धेरै जसो मानिसहरू त्यसलाई प्राप्त गरी साधुलाई छोडी घर आए। यस्तो प्रकारले साधुको साथ लाग्ने सयकड़ौं मानिसमा केवल आठ-दशजना मात्र बाँकी रहेका थिए। तिनलाई उनले भने, अब म दिव्य वनमा जान्छु, त्यहाँको औषधिमा विशेष गुण छ तर बाटो विकट छ। यो कुरा सुनी भयले गर्दा काँतर मानिसहरूले जान हिम्मत गर्न सकेनन्, त्यस मध्ये चार-पाँचजना मात्र साधुको पछि लागे। उक्त वनमा पुगी साधुले औषधिहरू देखाई गुणको वर्णन गर्दै गए। उनले वर्णन गरेको औषधिले हामीलाई फाइदा गर्दछ भनी निश्चय गरी मानिस त्यताबाट फर्किए। अन्तमा साधुले बाँकी रहेका दुइ जनालाई भने कि मैले वनको बूटीहरूको वर्णन गरिसकें अब म तलाउको दिव्य औषधिको खोजमा जान्छु भनी ती दुवैलाई साथ लगे। एउटा विशाल तलाउको किनारामा पुगेर ती दुवैलाई त्यहीं किनारामा राखी आफू एक्लै पृथ्वीमा खुट्टाले हिंडेझैं जलमाथि हिंडी तलाउको बीचमा रहेको टापूमा पुगे। त्यहाँको एउटा बूटीलाई देखाएर किनारमा रहेका दुइ व्यक्तिलाई भने कि यो बूटी अमोघ बूटी हो, यो एउटै बूटीद्वारा जुनसुकै रोग पनि नष्ट हुन्छ। कहिले फेरि रोग भनेको लाग्ने छैन, तर सामान्य मानिसलाई यो प्राप्त गर्न अति नै कठिन छ। जो दृढ़ विश्वासी मानिस छ त्यो श्रद्धाले युक्त भई यस तलाउमा पौडीखेली यो टापूसा आइपुग्न सक्तछ भने त्यसले यो औषधिलाई प्राप्त गर्दछ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

वनमा बताएका औषधिहरूले रोग निवृत्ति ता हुन्छ तर फेरि रोग केही दिनपछि फर्केर आउने सम्भव हुन्छ। जसले यो औषधि खान्छ त्यसको शरीरमा कुनै प्रकारको रोग रहँदैन र सदा अखण्ड आरोग्य भइरहन्छ। वनको औषधि चाहिं घोटेर खानु पर्दथ्यो तर यो औषधि भने आफ्नो शरीरको साथ घोटेर खानु पर्छ, यही नै यसको खाने बिधि हो। यो खानुभन्दा पूर्व ती दिनन सम्म ता अन्न पानी समेत रहित भई भोकै बस्नु पर्छ, जो यो नियम पूर्वक सेवन गर्दछ त्यो अवश्य अमर भइजान्छ। त्यसपछि त्यस पुरुषलाई पंचमहाभूत र उसको कारणरूप मायाले बाधा गर्न सक्तैन, उसलाई जो आनन्द प्राप्त हुन्छ, सो कल्पनातीत छ। म पनि उसको यथार्थ वर्णन गर्न सक्तिन, जो यो औषधि खान्छ त्यो आफै यसको अनुभव गर्दछ, अरू कसैले जान्न सक्तैनन्। यो औषधि खानेलाई देवताहरू पनि नमस्कार गर्दछन्, उसको आज्ञा उल्लङ्घन गर्न कसैमा पनि सामर्थ्य हुँदैन। तिमी दुवैले देखिरहेका छौ कि मैले तलाउमा हिंडेर नै आएँ, त्यसको कारण यो हो कि मैले त्यो औषधि खाएको छु र त्यस-को प्रभावले गर्दा मलाई सबै औषधिको ज्ञान भएको हो। जस्तो तिमीहरू शरीरलाई आफ्नो देख्दछौं त्यस्तो शरीर मेरो होइन। मेरो वास्तविक स्वरूपलाई जसले औषधि खाएको छ उसले नै यथार्थ जान्न सक्छ। मेरो स्वरूप आदि, अन्त्य र मध्यदेखि रहित छ, नाना ऐश्वर्यले परिपूर्ण छ। अब म आफ्नो महिमामा प्राप्त हुन्छु, तिमीहरू दुइमा जसको औषधिलाई प्राप्त गर्ने सामर्थ्य

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

in Public Domain. Digitization by eGangotri.Funding

छ ग्रहण गर। यति भन्दाभन्दैमा उनको शरीर र औषधि एकै बन्यो। किनारामा बसेका दुइ मानिसमा एउटा चाहिंने जो दृढ विश्वासी थियो उसले तलाउमा सजिलैले पार गरी औषधि प्राप्त गऱ्यो। साधुले बताए बमोजिम बिधिपूर्वक औषधि खाएर कृतार्थ भयो।

सिद्धान्त—साधु भनेका वेद हुन्। पहिले दुइ वनको जुन औषधिहरूको वर्णन गरियो ती कर्म र उपासना रूपी दुइ वन हुन्। पृथ्वी भित्र रहेका ती वन माया स्वरूप हुन्, तलाउ भनेको ब्रह्मरस हो, त्यहाँको औषधि ज्ञान हो, दुइ वनलाई त्याग्नु राग—द्वेष हटाउनु हो र जुन तलाउको बीचमा रहेको टापूसा पुग्नु हो सो अनिर्वचनीय पद हो। औषधि खानुको फल ब्रह्म-प्राप्ति हो। देहाध्यासरूप शरीरलाई पिंधेर जब उसको रस लिइन्छ तब ब्रह्मस्वरूप भइजान्छ, अर्थात् सम्पूर्ण वेदको ज्ञान उसलाई भई सर्वज्ञ पनि हुन्छ। माया र मायाको कार्यले बाधा गर्दैन। तीन दिन भोकै रहनु भनेको तीनै शरीरको भावदेखि छुट्नु हो। जस्तै दुइ वन र वनका औषधिहरू मायामा छन् त्यस्तै कर्म र उपासना पनि मायामा नै छन्। ज्ञान मायाको अधिनमा छैन र धेरै माथि छ। यसकारण कर्म र उपासना दुवैबाट ज्ञान विलक्षण छ।

कर्मको सम्बन्ध विशेष गरेर स्थूल शरीरमा हुन्छ, उपासना-लाई सूक्ष्म मानिएको छ औ नित्य स्थित छ, उसमा केही क्रिया छैन। ज्ञानको सत्यताको अगाडि कर्म र उपासनाको सत्यता

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

तुच्छ छ ! केवल कर्म मात्र फल दिनमा समर्थ छैन, कर्ममा रहने जो भाव छ सो अज्ञानको हो, चाहे सो शास्त्र विहित (विधान गरेको) होओस् चाहे निषेध होओस् सो भाव स्थूल क्रियाको साथ बलियो हुन्छ र अधिष्ठानको सत्यताको प्रतिबिम्बबाट सत्यता भास्त छ यस निमित्त उसको फल हुन्छ। तर असत्यको सहारा हुनाले तुच्छ छ। उपासना मानसिक क्रिया हो, यो पनि अज्ञानमा नै फल दिन्छ। अधिष्ठानको सहायता उसमा बिम्बरूप भएर भास्तछ, असत्यको सहारा हुनाले यो पनि अल्प छ। ज्ञान अज्ञानको सहारा रहित हुनाले सम्पूर्ण सत्य छ। ज्ञानीहरू पनि क्रिया गर्दछन् तर उनका क्रियामा सत् स्वरूप ब्रह्मको लक्ष हराएको हुँदैन, ज्ञानीहरूलाई क्रियाको अज्ञान र भौतिक पदार्थहरूमा सम्बन्ध हुँदैन। ब्रह्म भाववाला ब्रह्ममा नै प्राप्त हुन्छ। (या मतिः सा गतिर्भवेत्) जसको जस्तो मति छ उस्तै गति हुन्छ। अधिकार योग्यतालाई भन्दछन्, विना योग्यता कोही पनि केही गर्न सक्तैनन्। कर्मफलको आशा छोडेर कर्म गर्न सामान्य मानिसहरूलाई कठिन नै पर्ने हुन्छ। जुन मानिस सांसारिक विषय आसक्तिलाई हटाउँन सक्तैन उसबाट उपासना र ज्ञान दुवै हुन सक्तैन, यस्ताहरूको निमित्त शास्त्रको उपदेश कर्म गर्नलाई हो। जुन मानिस सांसारिक विषयमा पनि मन दिन्छ र कहिलेकहिले संसार झूठो छ, यसमा ज्यादा आसक्त रहनाले परमात्मादेखि भ्रष्ट हुन्छ भनी चिन्ता पनि गर्दछ अर्थात् जसमा ईश्वरको भाव र संसारको भावको तानातान भइरहन्छ। बारम्बार

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सांसारिक पदार्थलाई त्याग्ने इच्छा पनि गर्दै रहन्छ भने केही न केही आसक्ति त अवश्य क्षय भएको हुन्छ । यस्ताका निमित्त शास्त्रमा उपासनाको कथन गरेको हो । जुन मानिस सांसारिक विषयलाई तुच्छ सम्झी वास्तविक वैराग्यमा प्राप्त भएको छ, आत्म प्राप्तिलाई नै आफ्नो कल्याण संझन्छ भने यस्तो मानिस ज्ञानको अधिकारी हुन्छ ।

अन्तिम सारांश—ज्ञान नै परिपूर्ण सत्य छ । कर्म र उपासना उसको अपेक्षा तुच्छ हुनाले असत्य छन् तर कर्मको अधिकारी-लाई कर्म र उपासनाको अधिकारीलाई उपासनाबाटै फल मिल्ने हुनाले उनीहरूको निमित्त असत्य छैन । संसारमा सबै मानिस एकै प्रकारका हुँदैनन्, सबै मानिसहरूलाई तीन भाग लगाएर योग्यता अनुसार पृथक्‌पृथक् उपदेश गरिएको हो । कर्म र उपासनाको फल ज्ञानको फलको समान अन्तिम र नित्य होइन । जति सक्यो उति कल्याण होस् भन्नाको हेतुले शास्त्रमा कर्म र उपासनाको विधान छ । यी दुइ कुरा गर्नाले ज्ञानको अधिकारी हुन जाइन्छ, कर्म र उपासनाको विधान सत्य तिर लगाउने प्रेरणा गर्ने हुनाले धेरै जसो अधिकारीहरूका निमित्त उपयोगी छन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

कर्ता भोक्ता

सर्व प्रथम हामीले कर्ता-भोक्ता को रहेछ भनी विचार गर्नु परेको छ। जबसम्म कर्ता-भोक्ता यो रहेछ भनी थाहा पाउन सक्तैनौं तबसम्म कर्म गर्ने को रहेछ भन्ने कुरा थाहा हुँदैन। अब पहिले यो स्थूल शरीरकै विचार गरौं जो प्रत्यक्ष देखिन्छ र यसैले कार्य गरेको समेत देखिन्छ। तर एउटा यस्तो नियम छ जो कर्ता हुन्छ भोक्ता पनि त्यही नै हुन्छ। स्थूल शरीर नै कर्ता हो भनौं भने मरेपछि पनि केही समय लाश रहन्छ तर कार्य गर्नमा किन समर्थ हुँदैन ? मरेपछि काम नदेखिनाले यो सिद्ध हुन्छ कि कर्ता कोही अर्कै रहेछ। जहाँसम्म त्यो शरीरमा रहन्छ त्यहाँसम्म क्रिया हुन्छ। कर्ता-भोक्ता र कर्तृत्व भोक्तृत्व-को अभिमान गर्ने त जीव नै हो। सूक्ष्म शरीर स्थूल शरीरको अपेक्षा भिन्न हुन्छ। जीव स्थूल शरीरको आधारमा रहने हुनाले यसलाई त घर भनिन्छ। जस्तो कुनै एउटा व्यापारीले पसलमा बसी धेरै धन आर्जन गरिसकेपछि संयोगवश उसलाई त्यो पसल छोडनु पर्‍यो भने त्यो व्यापारीले आफ्नो मालसामान, धनदौलत इत्यादि लिई अर्कै पसलमा सर्छ र पहिलेको पसलमा कमाएको धनको उपयोग गर्न लाग्छ। यस्तै प्रकार व्यापारीरूप जीव एउटा स्थूल शरीररूप पसलबाट धर्म अधर्मरूप कमाई गरेर अर्कै स्थूल शरीररूप घरमा बसी पूर्व शरीरबाट उपार्जन गरेको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सांसारिक पदार्थलाई त्याग्ने इच्छा पनि गर्दै रहन्छ भने केही न केही आसक्ति त अवश्य क्षय भएको हुन्छ। यस्ताका निमित्त शास्त्रमा उपासनाको कथन गरेको हो। जुन मानिस सांसारिक विषयलाई तुच्छ सम्झी वास्तविक वैराग्यमा प्राप्त भएको छ, आत्म प्राप्तिलाई नै आफ्नो कल्याण संझन्छ भने यस्तो मानिस ज्ञानको अधिकारी हुन्छ।

अन्तिम सारांश—ज्ञान नै परिपूर्ण सत्य छ। कर्म र उपासना उसको अपेक्षा तुच्छ हुनाले असत्य छन् तर कर्मको अधिकारी-लाई कर्म र उपासनाको अधिकारीलाई उपासनाबाटै फल मिल्ने हुनाले उनीहरूको निमित्त असत्य छैन। संसारमा सबै मानिस एकै प्रकारका हुँदैनन्, सबै मानिसहरूलाई तीन भाग लगाएर योग्यता अनुसार पृथक्पृथक् उपदेश गरिएको हो। कर्म र उपासनाको फल ज्ञानको फलको समान अन्तिम र नित्य होइन। जति सक्यो उति कल्याण होस् भन्नाको हेतुले शास्त्रमा कर्म र उपासनाको विधान छ। यी दुइ कुरा गर्नाले ज्ञानको अधिकारी हुन जाइन्छ, कर्म र उपासनाको विधान सत्य तिर लगाउने प्रेरणा गर्ने हुनाले धेरै जसो अधिकारीहरूका निमित्त उपयोगी छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

कर्ता भोक्ता

सर्व प्रथम हामीले कर्ता-भोक्ता को रहेछ भनी विचार गर्नु परेको छ। जबसम्म कर्ता-भोक्ता यो रहेछ भनी थाहा पाउन सक्तैनौं तबसम्म कर्म गर्ने को रहेछ भन्ने कुरा थाहा हुँदैन। अब पहिले यो स्थूल शरीरकै विचार गरौं जो प्रत्यक्ष देखिन्छ र यसैले कार्य गरेको समेत देखिन्छ। तर एउटा यस्तो नियम छ जो कर्ता हुन्छ भोक्ता पनि त्यही नै हुन्छ। स्थूल शरीर नै कर्ता हो भनौं भने मरेपछि पनि केही समय लाश रहन्छ तर कार्य गर्नमा किन समर्थ हुँदैन ? मरेपछि काम नदेखिनाले यो सिद्ध हुन्छ कि कर्ता कोही अर्कै रहेछ। जहाँसम्म त्यो शरीरमा रहन्छ त्यहाँसम्म क्रिया हुन्छ। कर्ता-भोक्ता र कर्तृत्व भोक्तृत्व-को अभिमान गर्ने त जीव नै हो। सूक्ष्म शरीर स्थूल शरीरको अपेक्षा भिन्न हुन्छ। जीव स्थूल शरीरको आधारमा रहने हुनाले यसलाई त घर भनिन्छ। जस्तो कुनै एउटा व्यापारीले पसलमा बसी धेरै धन आर्जन गरिसकेपछि संयोगवश उसलाई त्यो पसल छोडनु पर्‍यो भने त्यो व्यापारीले आफ्नो मालसामान, धनदौलत इत्यादि लिई अर्कै पसलमा सर्छ र पहिलेको पसलमा कमाएको धनको उपयोग गर्न लाग्छ। यस्तै प्रकार व्यापारीरूप जीव एउटा स्थूल शरीररूप पसलबाट धर्म अधर्मरूप कमाई गरेर अर्कै स्थूल शरीररूप घरमा बसी पूर्व शरीरबाट उपार्जन गरेको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कमाई भोग गर्दछ । पसलले धन कमाएको होइन, त्यो त जड हो त्यस्तै स्थूल शरीर पनि जड छ । यस कुराबाट यो थाहा हुन्छ कि व्यापारीले नै आफैले धन कमाएको हो र भोग गरेको हो। जड वस्तु न ता कर्ता हुन सक्छ न भोक्ता हुन सक्छ ।

कुनै एक राजाले तरवारद्वारा शत्रुलाई वश गरी समृद्धि समेत प्राप्त गरेपछि पुरानो तरवारलाई फ्याँकी नयाँ तरवार ग्रहण गरी समृद्धिको उपभोग गरे । त्यस्तैमा कसैले राजालाई भने कि पहिलेको पुरानो तरवारको प्रभावले राज्य प्राप्त गरायो, फेरि दोश्रो तरवार किन ? अब यहाँ राज्य प्राप्त गर्ने राजा हुन् कि तरवार हो भन्ने कुरा जस्तै भयो । त्यसको उत्तर यो हो कि राजा नै शत्रुलाई वश गर्न सक्तछन् खालि तरवारले मात्र शत्रु वश हुँदैन। तरवार त कार्य गर्नाको निमित्त बनाएको एउटा हतियार मात्र हो, यस करण कर्ता भोक्ता दुवै यहाँ राजा नै हुन् ।

जुन स्थूल शरीलाई सबैले देखेका छन् त्यो पंचतत्त्वबाट बनेको छ, कारण भएको पंचतत्त्व त जड छन् भने कार्य भएको स्थूल शरीर पनि जडै हुन्छ । यसमा रहेको कर्ता-भोक्ता यसदेखि भिन्नै छ र यसैले स्थूल शरीरलाई मेरो शरीर भन्दछ । स्थूल शरीर भित्र रहने जुन देह छ त्यसलाई सूक्ष्म शरीर भन्दछन् । सो शरीर पनि पंचमहाभूतदेखि बनेको छ परन्तु स्थूल शरीरको जस्तो हिसावले पंचभूतको पंचीकरण भएको थियो त्यस्तै पंचीकरण भएका भूतहरूबाट सूक्ष्म शरीर बनेको होइन, यो त अपंचीकृत पंचतत्त्वबाट बनेको हो । कर्ता-भोक्ताको अभिमान यसै शरीरमा

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

रहने प्रतिबिम्बित चैतन्य गर्दछ, यस कारण यही नै कर्ता-भोक्ता हो। सामान्य भावबाट यसलाई जीव पनि भन्दछन्। वास्तवमा त सूक्ष्म शरीर पनि जडै हो तर कारण शरीर यसमा रहेको छ चैतन्यको प्रकाशले यो चैतन्यकै समान कर्म गर्दछ।

कुनै एक व्यक्तिको योग्यता देखेर राजाले उनलाई न्यायाधीश बनाइदिएछन्। कुनै एकजनाले लट्ठीले हानी आफ्नो शत्रुको शिर फुटाइदिएछ। त्यो अपराधीलाई राजकर्मचारीले पक्री न्यायाधीशको अगाडि खडा गराइदिए। न्यायाधीशले अपराधीलाई सोधे – तैंले यो मानिसको शिर फुटाएको हो ? अपराधीले जबाफ दियो–यसको शिर मैले फुटाएको होइन तर लट्ठीले फुटाएको भने हो। मेरो शरीरमा शिर फुटाउन सक्ने कुनै हतियार नै छैन, म कसरी शिर फुटाउनामा समर्थ हुन सक्छु ? अपराधी यही लट्ठी हो जो चाहिने दण्ड दिनुपर्छ यसै लट्ठीलाई दिनुहोस्। नाहकमा मलाई पुलिसहरूले पक्री ल्याए। यस्तो कुरा सुनेर— न्यायाधीशले भने, लट्ठी त जड छ त्यो आफै गएर कसैको शिर फुटाउन सक्तैन, तैंले आफ्नो हातमा लट्ठी लिइस् आफ्नो शक्तिद्वारा लट्ठीले उसको शिर फोरी दिइस्, यस कारण लट्ठी अपराधी होइन अपराधी तैं होस्। यस्तो भनी न्यायाधीशले लट्ठीलाई सजाय नदिई त्यो अपराधी पुरुषलाई सजाय दिए। शरीर पनि लट्ठी जस्तै जड भएकोले आफै केही गर्न सक्तैन, शरीरको भित्र बस्नेले जस्तो आज्ञा दिन्छ त्यही आज्ञा मुताबिक शरीर गर्दछ, कर्म गराउने देखिदैन ता पनि कर्ता-भोक्ता त्यही हो। जसले कर्म

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

गराउँछ त्यसलाई आँखाले देखिदैन भने कसरी न्यायाधीशले सजाय दिए ? त्यो कर्म गराउनेले शरीरलाई आफ्नो मानेको हुन्छ, शरीरलाई सजाय दिएमा त्यो आफूलाई दिएको मान्य हुनाले न्यायाधीशले शरीरलाई सजाय दिएका हुन्। कर्म गराउने जुन जीव छ त्यो शरीर मरेपछि पनि मर्दैन, केवल पुरानो शरीरलाई छाडी नयाँ शरीरमा प्रवेश मात्र गर्दछ।

एउटा महाजन अति शान्त स्वभाव र धनी थियो। विषय भोगहरूमा पनि उसको उदार चित्त थियो। उसलाई शान्त स्वभावको देखेर एउटा ठगले आफ्नो स्वार्थ सिद्ध गर्नको उद्देश्यले उसलाई जहाँ देखे पनि राम राम गर्न लाग्यो। अब त महाजनको म माथि विश्वास पर्‍यो होला भनी निश्चय गर्‍यो र एउटा राम्रो सुवर्ण जडेको लट्ठी लिएर महाजनलाई दिन लाग्यो। महाजन—यो लट्ठी कहाँबाट ल्यायौ ? ठग-तपाईंकै हो, लिनुहोस्। महाजन-यो लट्ठी मेरो होइन म कसरी लिऊँ ? ठग-तपाईं धर्मात्मा हुँदा म सुतेर प्रातकाल उठ्दा नित्य तपाईंको नाम स्मरण गर्दछु, तपाईंको नाम र दर्शनले मेरो कल्याण हुन्छ, तपाईंको नामको स्मरण गर्दा मेरो दुःख नष्ट भएर गएको हुँदा तपाईं साक्षात ईश्वर अवतार हुनुहुन्छ। यो हाम्रो शहरमा एउटा परदेशी व्यापारी आएको थियो, त्यसको साथमा लट्ठीको अतिरिक्त अरू माल पनि थिए। त्यो विक्री गर्न शहरको यत्र तत्र घुम्यो तै पनि कसैले उसको माल नकिनेकोले निराश भइरहेको थियो। मैले उसको नगीचमा गएर भनें, यी तिम्रा मालहरू सबै म विक्री गरिदिन्छु, यसको इनाम स्वरूप मलाई त्यो एउटा

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

लट्टी देऊ भन्दा उसले मञ्जूर गऱ्यो। अनि मैले तपाइंको नाम स्मरण गर्न लागें। त्यस्तैमा एउटा धनवान् पुरुष आएर त्यो व्यापारीको सबै माल किनी लगेको हुँदा मलाई यो लट्टी दिएर गएको हो। यस्ता प्रकारले तपाइँको नामबाट, तपाइँकै प्रारब्धले र तपाइँकै ध्यानबाट मैले यो लट्टी प्राप्त गरेको हुँदा तपाइँकै हुन्छ लिनुहोस् भनी महाजनलाई त्यो ठगले भन्यो। महाजनलाई पनि लट्टी सार्है राम्रो लागेको हुनाले त्यो लट्टी लिनलाई मञ्जूर गरेर लियो। ठग पनि हर्ष मानी आफ्नो घर फर्केर आयो। दश दिनपछि दुइ सय रुपैयाँ लिएर उक्त महाजन कहाँ गयो र रुपैयाँ अगाडि राखिदियो। महाजनले आश्चर्य मानी भन्यो यो रुपैयाँ कहाँबाट ल्यायौ? ठगले भन्यो पहिले जुन प्रकारबाट लट्टी लिएर आएको थिएँ उस्तै प्रकारबाट यो रुपैयाँ पनि लिएर आएको हुँ, तपाइंकै हो लिनुहोस्। महाजन सोझो हुनाले ठगको चलाखी जान्न नसकी त्यो रुपैयाँ पनि लियो। त्यसको दश दिन पछि त्यो ठग दुइजना अरू ठगलाई पनि साथमा लिएर महाजन कहाँ गयो र हात जोडी आँखा भरी आँशु गरेर उभियो। महाजन—के भयो? ठग—सेठजी, के भनु जहिलेजहिले म तपाइंको नामबाट काम गर्दथें त्यो सबै सफल हुन्थ्यो। आज पनि पूर्ववत् तपाइंको नाम लिएर काम गरेको त उल्टो पो भएर गयो। तपाइंको नामको उच्चारण गरी, तपाइँकै नामबाट, तपाइँकै प्रारब्धमा भर परी मैले एउटा बाजी लगाएको थिएँ। मलाई निश्चय थियो कि अहिलेको बाजी पनि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अवश्य जीत हुनेछ तर हार हुन गएकोले यी दुइजना मानिसलाई पच्चीस हजार रुपैयाँ दिनु परेको हुनाले साथमा आएका छन्। जति जति तपाईंको नामबाट जीत हुन्थ्यो त्यो सबै तपाईंलाई नै दिने गरेको थिएँ। आज तपाईंकै नामबाट हार भएको हुँदा सो पच्चीस हजार रुपैयाँ तिरी मलाई छुटाउनुहोस्। महाजन-झस्केर हार भयो तिम्रो भयो म के गरूँ ? मैले तिमीलाई बाजी लगाऊ भनी आज्ञा त दिएको थिइन। ठग—पहिले मैले जीतेर जे ल्याए पनि खुशीसाथ लिनमा मञ्जूर गरी तपाईंले लिएपछि अहिले हारेकोमा पनि अवश्य मञ्जूर गर्नै पर्दछ। महाजन—म यो कुरामा स्वीकृति दिन सक्तिन। ठग—यदि तपाईं रुपैयाँ दिनमा मञ्जूर गर्नु हुन्न त तपाईंको नाममा नालिस गर्दछु। वरिपरि बसेका महाजनका मानिसहरूले पनि भने कि यसले भनेको कुरा बिलकुल ठीक छ, तपाईंले रुपैयाँ दिनै पर्छ। अन्तमा महाजनले पच्चिस हजार रुपैयाँ ठगलाई दी पठायो। असङ्ग आत्मा कर्ता भावमा यस्तो तरहले आउँछ।

साहुकार शुद्ध आत्मा हो, अज्ञानमा परेको हुँदा अज्ञान सहित चिदाभास (चेतन प्रकाश) उक्त ठग हो। लिनेदिने काम धन्धा त्यही गर्दछ। आत्मा साहुकार उसको गुणहरूलाई ग्रहण गर्दछ, उसैमा संयुक्त हुन्छ। यस्तै किसिमले शरीरको चेष्टाहरूलाई जीव ग्रहण गर्दछ, यस कारण जीव कर्ता भोक्ता छ, शरीर कर्ता भोक्ता छैन।

अन्तिम सिद्धान्त—कर्म शरीरबाट हुन्छ तर कर्म गर्ने शरीर

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

होइन । कर्म गर्ने र कर्मको अभिमान गर्ने जीव हो । शरीर जीवको बस्ने स्थान हो यसकारण एउटा शरीर रूप स्थानमा बसी जुन शुभाशुभ कर्म गर्दछ त्यसको फल यसै शरीर वा दोश्रो शरीरमा जीवले भोग्दछ ।

नवीन वेदान्तीको नवीन विचार

आठजना मानिसहरू जुन ठाउँमा सत्संग हुन्थ्यो त्यहाँ जाने गरेका थिए। सत्संगीहरूले आफुसआफुसमा वेदान्त शास्त्रलाई सबै शास्त्र भन्दा श्रेष्ठ र ज्ञानै–ज्ञानको मात्र विषयले पूर्ण छ, जुन ज्ञानको बोध भएपछि जीवन मुक्त हुन्छ भन्ने कुरा गरेका ती आठजना नवीन वेदान्तीहरूले पनि सुने। तिनीहरूले पनि वेदान्त शास्त्र पढ्ने र सुन्ने निश्चय गरे परन्तु तिनमा त्यो योग्यता न हुनाको कारण यथार्थ बुझ्न सक्ने सामर्थ्य थिएन। जति पढेसुने पनि राम्रो नबुझ्नाको कारण आनन्द तिनलाई प्राप्त हुन सकेन। एक दिन तिनीहरू मिलेर विचार गरे कि अब हामीहरू परदेशमा जाऔं यहाँ बसेर हामीलाई ज्ञान प्राप्त भएन अर्थात् यहाँ वेदान्तमा निपुण भएका कुनै व्यक्ति नै छैनन् भनी सबैले परदेशमा कुनै ब्रह्मनिष्ठ ज्ञानीसँग ज्ञान सिक्ने निश्चय गरे। तिनीहरू सब गरीब भएकाले कसैको साथमा पनि पैसा नहुनाले टिकट काटी अयोध्याबाट वाराणसी जान असंभव थियो, न त

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पैदलै जाने आँट थियो। यस्तो अवस्था परेकोले तिनीहरू मध्ये एकजनाले भन्यो अब हामीहरू यसो गरौं, घाटमा त नाउ जति भने पनि भइहाल्छन्, आठ नौ बजेपछि मल्लाहहरू सब आफ्ना-आफ्ना घरमा सुत्न जान्छन्। त्यस अवसरमा एक नाउ चढी जाऔं सात आठ घण्टामा काशी पुगिहालिन्छ। यो युक्तिलाई सबैले स्वीकार गरी नाउमा सवार भए। एक एक घण्टाको पालो गरी पंखा चलाउने निर्णय गरी एकजना पंखा चलाउन लाग्यो बाँकी अरू सबै सुते। एवं रीतले पालोपालो गरी चलाउँदा चला-उँदै मिरमिरे उज्यालो भएकोले कहाँ आइपुग्यो भनी हेर्न लागेको थियो, त्यस्तैमा एकजना मानिस किनारामा बसिरहेको देखी त्यस पंखा चलाउने पुरुषले यो कुन शहर हो भनी सोध्यो। त्यस पुरुषले उत्तर दियो—यो अयोध्या शहर हो। त्यो पंखा चलाउनेले सबैलाई उठायो। सबै उठी हेर्दछन् त आफ्नै अयोध्या शहर, यस्तो देखी सबै आश्चर्य मान्न लागे। अब उनीहरू विचार गर्न लागे, रात भर चलाएको नाउ उल्टो कसरी फर्केर अयोध्या आइपुग्यो, त्यस्तैमा उनीहरूले नाउ बाँधिराखेको डोरी हेर्दछन् त बाँधी नै रहेको देखे। डोरी फुकाल्न भूल हुन गएकोले उनीहरूले जति चलाए पनि नाउ अयोध्यामा नै रह्यो।

सिद्धान्त—यहाँ ती आठजना वेदान्तीलाई परमपद जाने पथिक संझनु पर्छ, नदी भनेको भवसागर हो र नाउ भनेको वेद-धर्म-शास्त्र हो। नाउमा बाँधिराखेको डोरी फुकाउन भूलनु वेद-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

धर्मशास्त्र पढ़ेता पनि यथार्थ बोध नहुनाको कारण आवरण दोष नाश न भइसकेको हो।

आर्को एक दृष्टान्त—हरिबहादुर नाम गरेको कुनै एक व्यक्ति आर्काको लईलईमा लागेर जुन ठाउँमा ब्रह्मसभाहुन्थ्यो उहाँ जान्थ्यो। एक दिन ब्रह्मसभामा (एकं ब्रह्म द्वितीयं नास्ति) एक ब्रह्मको शिवाय आर्को केही छैन। (सर्वं वासुदेव कुटुम्बकम्) जति छन् सबै वासुदेवको कुटुम्ब हुन्। इत्यादि भनेको सुनी त्यहाँपछि त्यो हरिबहादुर सबै प्राणीलाई ब्रह्मै हुन् भन्न लाग्यो। एक दिन उसको एक महात्मासँग भेट भयो। महात्माले पनि ब्रह्मको अतिरिक्त आर्को केही छैन भनेको सुन्दा उसलाई झन विश्वास पर्‍यो। एक दिन त्यो एक्लै घुमिरहेको थियो। एउटा बहुला हात्ती आयो, हात्तीमा चढ्ने माहुतेले यो हात्ती बहुलाएको छ, पर भाग नगीच नआऊ भन्ने सूचना दिइरहेको थियो। परन्तु हरिबहादुरले भने यस्तो विचार गर्‍यो कि हात्ती पनि ब्रह्मै हो म पनि ब्रह्मै हुँ, ब्रह्मले ब्रह्मलाई के गर्दछ भनी माहुतेको कुरालाई नटेरी उभिरहेको थियो, त्यस्तैमा हात्ती आएर उसलाई फ्याँकी दियो। केही अङ्गमा उसको घाउ समेत लाग्यो। अनि त्यो हरिबहादुरले महात्मा कहाँ गई भन्यो। ब्रह्मको अतिरिक्त अरू केही छैन भनी तपाईंले भन्नु भएको कुरामा विश्वास परी मैले सबैलाई ब्रह्मै मानेको थिएँ, तर एउटा बहुला हात्तीले मलाई यो हालत तुल्याइ दियो। महात्माले भने हात्तीमा माहुते थियो कि थिएन ? हरिबहादुर—थियो। महात्मा—माहुतेले केही सूचना गर्‍यो

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

कि गरेन ? हरिबहादुर—माहुतेले त यो हात्ती कहुलाएको छ नगीच नआऊ भन्ने सूचना गरेको थियो तर मैले भने हात्ती पनि त ब्रह्म हो भनी उभिरहेको थिएँ। महात्मा—तिमीले जो चेतन माहुतेलाई भने ब्रह्म नमानी एक जड स्वभाव भएको हात्तीलाई मात्र ब्रह्म मान्यौं त्यो त्यसैको फल हो। तिमीले ब्रह्मको अतिरिक्त अरू कुनै छैन भनेको अर्थ राम्रो बुझ्न सकेनौ। ब्रह्म जड चेतन सबैमा सूक्ष्म रीतले रहेको छ। जीवहरूको हृदय गुहामा रहेको छ, सबैको हृदयमा रहेको ब्रह्म एकै हो भनी मान्नु पर्नेमा जड शरीरलाई ब्रह्म मान्यौ। शरीर सबैको एकै छैन, भिन्न भिन्न छ। त्यस शरीरको क्रियालाई जान्ने ब्रह्म एकै छ।

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनि।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः॥
(गीता ५-१८)

ज्ञानी जन विद्याले नम्रता भएका छदाँ ब्राह्मणमा तथा गाई, हात्ती, कुक्कुर र चण्डालमा समेत समदर्शी हुन्छन् भन्ने अर्थमा लाग्यौ। त्यसको सूक्ष्म अर्थलाई भने बुझ्न सकेनौ। यो अरू केही पनि होइन खालि तिम्रो योग्यताको कमी हो। वेदान्ती बनेपछि कर्म गर्नु पर्दैन भनी तिमीलाई कुनै अर्ध वेदान्तीले भन्यो होला। कर्म गर्नको गाह्रोले वेदान्ती बन्ने इच्छाले मात्र तिमी हिंडेका हौ अरू कुनै तिमीमा योग्यता छैन। खोटो रुपैयाँ साथमा लिएर हिंड्नुभन्दा चार पैसा लिएर हिंड्नु उचित छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

रुपैयाँ मात्र भनेर के गर्नु जसबाट एक पैसाको जति काम आउँदैन।

कुनै कुनै वेदान्ती भनाउँदा यस्ता पनि छन्, आफ्ना पेट भर्नका लागि खसी, बोका इत्यादिको हत्या गरी खान्छन्। कसैले जीव हत्या गर्नु त ठूलो पाप हो भनी भन्यो भने ती (नायं हन्ति न हन्यते) यो कसैलाई मार्दा पनि मार्दैन औ कसैद्वारा मारिंदा पनि मारिंदैन भनी जबाफ दिन्छन्। यस्तै विचार भएका वेदान्तीको संख्या अलिकता बढेको खण्डमा त पृथ्वीमा जीव धेरै नै कम हुन जालान्? (नायं हन्ति न हन्यते) भन्दै मानिसलाई पनि मारे भइहाल्यो। सरकारले पनि यस्ता जबाफ दिने जीव हत्यारालाई छोड्नु पर्ने। किन नाहकमा झ्यालखानामा कैद गर्नु? श्रीमद्भागवत पुराणमा जीव हत्या गर्नेलाई त्यसको दण्ड त्यसैद्वारा नै हुन्छ भनी किन लेखेको होला? हंसनाद भन्ने एक ठूलो पुस्तक छ त्यसमा अरू कुरा केही पनि छैन केवल अनेकौं प्रमाणद्वारा जीव हत्या गर्न निषेध गरिएको छ, शायद ती पुस्तक लेखकलाई (नायं हन्ति न हन्यते) भन्ने श्लोक नआएर होला कि जीव हत्या निषेध गरी लेखेको?

यसै कुरालाई लिएर रामायणमा तुलसीदासले लेखेका छन्—

ब्रह्मग्यान बिनु नारि नर, कहहिं न दूसरि बात।
कौडी लागि लोभबस, करहिं विप्र-गुरु-घात॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

वादहि शूद्र द्विजन्ह सन, हम तुम्ह ते कछु घाँटि।
जानै ब्रह्म सो विप्रवर, आखि देखावहिं डाँटि॥

यहाँ लेखकको भनाई वेदान्तशास्त्र नपढ्नु र नसुन्नु भन्ने होइन। वेदान्तशास्त्र पढ्नु र सुन्नु मनुष्य मात्रको कर्तव्य हो तर आफूले पनि खूब विचार गर्नु पर्छ। विचार नगरी यथार्थ बोध हुँदैन। विचार पूर्वक वेदान्त शास्त्र पढुन् र सबै मनुष्यले जीवन सफल गर्नु पर्छ भन्ने उद्देश्य हो। त्यसको लागि विवेक, वैराग्य, षटसम्पत्ति *र मुमुक्षुता चार साधनले युक्त हुनु नितान्त आवश्यक छ। यति भएपछि वेदान्त शास्त्र पढ़ेको रसुनेको यथार्थ बोध हुन्छ भन्ने मुख्य उद्देश्य हो।

---

*सम—वासना त्याग, दम—इन्द्रिय निग्रह, उपरति—प्रपंचदेखि निर्वित, तितिक्षा—शीतोष्णादि द्वन्द धर्मको सहनशीलता, श्रद्धा—ब्रह्मनिष्ठ गुरु तथा वेदान्त वाक्यमा विश्वास, समाधान—चित्तको एकाग्रता।

आफैंले बनाएको नाटकको तमासा

कुनै एक ग्रामका मानिसहरूलाई नाटकको तमासा हेर्न अति इच्छा भएछ। अनि तिनीहरू सबैले चन्दा दिएर एउटा थियेटर बनाए। एक सूत्रधार र अरू अनेकौं तमासा गर्नको लागि खेलाडी

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

पनि राखे। विभिन्न दृश्यले चित्रित पर्दाहरू मनलाई आकर्षण गर्ने छाटका बने। तमासा आरम्भ भयो, नाटक घर सब दर्शकले भरिएका देखेर सूत्राधारले जगन्नाटकको खेल आरम्भ गऱ्यो। संसार दुःखरूप छ, त्यसका पदार्थ विषरूप छन्। संसारको तरफ सुखको वृत्ति हुनु नै जन्ममरणको कारण हो। यस्तो प्रकारको बारम्बार दिन प्रतिदिन उपदेश हुँदामा पनि ग्रामबासी कंगाल भए। परन्तु तिनीहरूलाई तमासा हेर्न यस्तो सोख हुन-गयो कि आफ्नो कर्तव्य कर्मलाई छोडेर पनि हेर्ने भए। जहाँ आफ्नो कर्तव्य कर्मलाई छोड्यो त्यहाँ अवश्य दुःख, पाप, आलस्य, कंगाली इत्यादि हुने नै भए। केही वर्षपछि एक जना बुद्धिमान् मानिसले विचार गरे कि म सहित ग्रामवासीहरू किन यसरी दुःखी भए? कंगाली ज्यादा नै बढ्यो, यसलाई हटाउने कुनै युक्ति त गर्नै पर्छ। यस्तो प्रकारको विचार गरी दुइ चारजनालाई समेत आफ्नो साथ मिलाई नाटक घरमा गएर सूत्रधारलाई भने, अब हाम्रो गाउँबाट तँ आफ्नो सामान लिएर जा, नाटक गर्न पाउन्नस्। जुन दिनदेखि तैंले तमासा आरम्भ गरिस् त्यसै दिनदेखि सबै दुःखी भए। हामीहरूको सब प्रकार-बाट नाश गर्ने तैंनै होस्। सूत्रधारले भन्यो—महाशय! म बारं-बार तपाईंहरूलाई यही उपदेश गरिरहेछु, नाटक हेर्नु खराब हो, तपाईंहरू मेरो उपदेशलाई ग्रहण गर्नु हुन्न, यदि तमासा हेर्नाले तपाईंहरूलाई खराब गर्दछ भने तमासा नहेर्नु होस्। बुद्धिमान मानिसले भने—हुन्न, तँ तमासा गर्न बन्द गर् जब-

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

सम्म तँ तमासा गर्दछस् तबसम्म नहेरी हाम्रो चित्त नै बुझ्दैन। सूत्रधारले भन्यो—ओहो! म तपाईंहरूलाई बोलाउन त जान्न, तपाईंहरू आफ्नै इच्छाले आउनु हुन्छ र दुःखी हुनाको दोष भने मलाई लगाउनु हुन्छ। आफूले गर्न पर्ने काम आफूले नगरी अर्काको काम बन्द गर्न लगाउनु के यो न्याय हो। बुद्धिमान पुरुषले भने—तेरो तमासाले मोह उत्पन्न गराउँछ, तेरो पात्रहरूको शोभा हात, खुट्टा, नेत्र र शरीरको चेष्टा, शब्दको माधुर्यले हामीहरूलाई बलात्कार खिचेर ल्याउँछ। यस कारण तँ आफ्नो तमासा बन्द गर। सूत्रधारले भन्यो—महाशय! न यो मेरो तमासा हो, न म कर्ता हुँ, तपाईंहरूले नै रुपैयाँ जम्मा गरी नाटक घर बनाउन लगाई सब सामग्री तयार गर्नु भएको हो, म तमासा कसरी बन्द गरूँ? तपाईंहरूले तमासा गर्नुभन्दा पहिले नै रुपैयाँ दीइसक्नु भएको छ। बुद्धिमान पुरुष—हाम्रो रुपैयाँ फर्काएर तँ यहाँबाट भागिहाल्। सूत्रधार—तपाईंहरूले दिनु भएको रुपैयाँ कपडाको यो सब तमासा हो। आफैंद्वारा दिएको कपडा तपाईंहरू लिनु हुन्छ भने म जान्छु, नगद मसँग केही छैन। यस्तैमा ती बुद्धिमान पुरुषको एक मित्र आइपुगे र उनैको आज्ञाले ती बुद्धिमानले सूत्रधारको वस्त्र तानेर लिए, तब के देखे कि सूत्रधार कोही होइन, खालि उसको छायाँले वस्त्र धारण गरेर सूत्रधार बनेको थियो। कपडा तान्नको साथै नाटकघर, पात्र, दृश्यका पर्दा लोप हुनगई स्वयं शेष बाँकी रह्यो।

सिद्धान्त—नाटकरूप संसार र ईश्वररूप सूत्रधार हो,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

जीवको वासनामय वृत्तिको मैलोले सूत्रधार र उसको सृष्टि बनेको छ । नाटकको हाव, भाव, काम, क्रोध, लोभ, मोह नाटकको होइन किन्तु जीवको वासनाकै स्वरूप हो। यसबाट यो कुरा थाहा हुन्छ कि संसार र सांसारिक पदार्थ ईश्वर रचित होइनन् किन्तु जीवको वासना रचित हुन् ।

नास्तिक र आस्तिकको संवाद

जयन्त नाम गरेको कुनै एक पुरुष अति नास्तिक थियो, अँग्रेजीमा उसले एम० ए० पास गरेको हुँदा हिन्दू धर्मदेखि उसको विश्वास घट्दै गएको थियो ।

सृष्टि ईश्वर रचित होइन यसको रचयिता प्रकृति हो भनी सदैव आफ्नो मित्र हरिबहादुरलाई भन्दथ्यो ।

हरिबहादुर धार्मिक व्यक्ति हुनाले यो शब्दले उसलाई सार्है दुःख लाग्यो । हरिबहादुर भन्दथ्यो—प्रकृतिलाई सृष्टिको कारण भन्न सकिंदैन, किनभने त्यो जड छ । कुन बखत, कहाँ के वस्तुको आवश्यकता पर्छ, यसको विचार जड प्रकृति गर्न सक्तैन । अतएव त्यसकोद्वारा यस्तो विशिष्ट रचना हुन असंभव छ । चेतन कर्ताको सहायता बिना जड वस्तु स्वयं केही गर्नमा समर्थ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

हुँदैन। जड प्रकृति स्वयं उक्त वस्तुहरूको निर्माण गर्दछ भन्ने यस्तो सिद्धान्त कहीं पनि पाइँदैन। माटो, ढुङ्गो आदि जड पदार्थहरूबाट आपसेआप रचना गरेको कहीं पनि देखिँदैन। भगवान श्रीकृष्ण भन्नु हुन्छ—

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्।

(गीता० ९।१०)

हे कुन्तीपुत्र! मेरो अध्यक्षतामा प्रकृति चर-अचर सब प्राणीलाई सृष्टि गर्दछ।

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्।
संभवः सर्वभूतानां ततो भवति भारत॥

(१४।३)

हे भारत! महत् ब्रह्म मेरो योनि हो। म त्यसमा गर्भ स्थापना गर्दछु। ती दुइको संयोगले सबै प्राणीहरूको जन्म हुन्छ।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता॥ १४।४॥

हे कुन्ती पुत्र! सबै योनिमा जो मूर्ति उत्पन्न हुन्छन् तिनीहरूको योनि महत् ब्रह्म हो औ म बीजदान गर्ने पिता हुँ।

तस्माद्वा एतस्मादात्मन आकाशः संभूतः।
आकाशाद्वायुः। वायोरग्निः। अग्नेरापः।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अभ्द्यः पृथिवी । पृथिव्या ओषधयः ।
ओषधीभ्योऽन्नम् । अन्नात्पुरुषः ।

(तै० उ० २।१)

यस आत्माबाट आकाश उत्पन्न भयो । आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथिवी, पृथिवीबाट औषधिहरू औ औषधिहरूबाट अन्न र अन्नबाट पुरुष उत्पन्न भयो ।

भीषाऽस्माद्वातः पवते । भीषोदेति सूर्यः ।
भीषाऽस्मादग्निश्चेन्द्रश्च । मृत्युर्धावति पञ्चम इति ।

(तै०उ०२।८।१)

यसैको भयले वायु चल्दछ, यसकै भयले सूर्य उदय हुन्छ तथा यसकै भयले अग्नि, इन्द्र र पाँचौं मृत्यु समेत दौडन्छन् ।

अतः कुनै पनि युक्तिले यो सिद्ध हुन सक्तैन कि जड प्रधान यस जगत्को कारण हुन् ।

जयन्त भन्दथ्यो—तैंले दश वर्ष लगाई मैट्रिक पास गरेको सित्तैं खेर फालिस् । अफ्न तँ हिन्दू धर्मलाई विश्वास मानी ईश्वरको सत्तालाई मान्दैछस् ।

हरिबहादुर—यदि तेरो मतमा सृष्टि ईश्वरले रचेको रहिन्छ वा प्रकृतिले कसरी रचना गऱ्यो त्यसको कारण त बता ?

जयन्त—दुनियाँको आरम्भमा परमाणु आकाश मण्डलमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

यत्रतत्र विचरण गर्दथ्यो। एक स्थानमा धेरै परमाणु हुन गए संसार बन्नगयो। यस कारण सृष्टिकर्ता ईश्वरलाई मान्नु ठूलो भूल हो।

हरिबहादुर—तँ जस्तो नास्तिकलाई के भन्नु, विना पित मेरो जन्म भएको हो भने पनि त भैगयो नि, विदेशी आचरण रहन—सहन, धर्मकर्मलाई अपनाई आफ्नो संस्कृतिको घा गर्नु त महापाप र देश द्रोहको लक्षण हो। तँलाई मैले बताएक शास्त्र प्रमाण कुनै पनि मन परेन, अहिले रातको नौ बज्यो, अ म घर जान्छु। यस विषयमा तँसँग भोलि कुरा गरौंला, किनभने जसले यो जगत्‌लाई रचना गरेको छ, जसमा यो लीन हुन्छ त्यस परब्रह्मको चिन्तन गर्ने मेरो समय हुन लाग्यो, यति भनी हरि बहादुर घर गयो।

भोलिपल्ट बिहान उठ्यो र हरिबहादुर विष्णुको मूर्ति लेख्न थाल्यो, किनभने चित्रकला लेख्न निपुण र सोखी समेत थियो उसले अति राम्रो मूर्ति बनाई उसमा अनेक प्रकारको रङ्गहरू सुशोभित पाऱ्यो। तसबीर बनाउने काम समाप्त भएपछि तसबीर लाई टेबुल माथि राखी त्यसको अगाडि किताब, कलम र अने प्रकारका रङ्ग समेत राखी आफू वेदान्त पुस्तक पढ्न लाग्यो केही क्षणमा जयन्त आइपुग्यो र उसले त्यो तसबीरलाई अ राम्रो देखी आश्चर्यमा परी यस्तो राम्रो तसबीर कसले लेख भनी हरि बहादुरसित सोध्यो ?

हरिबहादुरले मुसुक्क हाँसेर भन्यो—यो तसबीर कसैले

. In Public Domain. Digitization by eGangotri.Funding:

लेखेको होइन आफै लेखिएको हो। पूर्वको तिर कागज राखिएको थियो र पश्चिमको तरफ कलम राखिएको थियो, त्यस्तैमा पश्चिम-तिरबाट वायु चल्यो र कलमको परमाणु कागजमा आई जम्मा भयो र जसदेखि यो तसबीर बन्न गयो।

जयन्त—म एम० ए० पास भएको मानिसलाई तँ मूर्ख बनाउन खोज्दछस्। यो कहिले पनि हुनै सक्तैन, रातो परमाणु जति एकै ठाउँमा लाग्नु, हरियो परमाणु जति आर्कै ठाउँमा लाग्नु फेरि जड परमाणुहरूमा यत्तिको ज्ञान कहाँ? म बाजी राख्न सक्छु कि यो तसबीर परमाणु रचित होइन कुनै बुद्धिमान मानिसको काम हो।

हरिबहादुर—यदि यो तसबीर आपसे आप बन्न सक्तैन भने संसार पनि आपसे आप बन्न सक्तैन। तेरो मतमा परमाणुद्वारा सृष्टि समेत बन्न जान्छ भने के कारणले परमाणुद्वारा तसबीर तयार हुन सक्तैन? जस्तो तेरो भनाई छ कि यो तसबीर कुनै बुद्धिमान मानिसद्वारा बनाएको हुनु पर्छ, त्यस्तै मेरो पनि भनाई छ कि यो संसार परमाणु रचित होइन, जगदीश्वर रचित हो जसको हिजो राती चिन्तन गर्ने म घर आएको थिएँ। अब तँ ईश्वरको खण्डन कसरी गर्दछस्? यो सुनेर जयन्त मुखमा बूझो लागे झैं चुप लागेर बस्यो।

वर्तमान कालमा धेरै जसो मानिस विदेशानुरागी स्वदेश-विरागी बनेका छन्। आफ्नो संस्कृति, धर्मकर्म त्यागी विदेशी भाषा, पहिरन इत्यादिलाई अपनाउँछन् र संसार जड पदार्थबाट

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

बनेको छ भनी नास्तिकताको परिचय दिन्छन्। यस्ता विधर्मीहरू-बाट पनि हाम्रो धर्मको रक्षा र देशको हित हुन्छ भनी विश्वास मान्नु नै हाम्रो ठूलो भूल हो।

अब नास्तिक र आस्तिकहरूको एक दृष्टान्त दिइन्छ।

मुकामाघाट गंगातटबाट एक नाउमा बसी कीर्तन मण्डली गंगापार कुनै गाउँमा कीर्तन गर्न भनी गइररेका थिए। त्यसै नाउमा एउटा ईश्वरलाई नमान्ने नास्तिक पनि बसेको थियो। जब नाउ चल्यो अनि त्यस मण्डली मध्येका एकजनाले हातमा सुर्ती र चून लिएर मल्न शुरू गरे। यस्तैमा त्यो नास्तिकले हातमा सुर्ती लिई मल्न लागेका सज्जनलाई तिमीहरू कहाँ जान लागेका छौ भनी सोध्यो। उनले भने हामीहरू कीर्तन गर्न जान्छौं। नास्तिकले फेरि सोध्यो कीर्तन कसको गर्दछौ? उनले भने कीर्तन विष्णु भगवान्को गर्दछौं। नास्तिकले भन्यो विष्णु कहाँ रहन्छन् र को हुन्? उनले भने विष्णु परमात्माको नाम हो र उनी सर्वव्यापक छन्। उनी जल, थल पर्वत आदि सब जग्गामा पूर्ण छन्। यति भनी उनले हातमा रहेको सुर्ती खाए। नाउ बग्दै गइरहेको थियो, केही मिनेट पश्चात् ती सुर्ती खाने सज्जनलाई थूक आयो र जलमा थुक्न भनी लागेका मात्र थिए, त्यो नास्तिकले भन्यो, तिम्रो विष्णु भगवान् त जलमा पनि पूर्ण छन् भने भगवान्को माथि कसरी थुक्दछौ? यस्तो कुरा सुनी उनले नथुकी चुप लागेर बसे। जब नाउ गङ्गा पार पुग्यो तब उनले जमिनमा थुक्न लागेका

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

थिए, फेरि त्यो नास्तिकले भन्यो—तिम्रो विष्णु भगवान् धरतीमा पनि पूर्ण छन् भने उनको माथि कसरी थुक्दछौ ? ती विचारा आस्तिक नास्तिकको कुरा सुनी मुख भरी थूक लिई चुपचाप उभि-रहेका थिए। यस्तैमा नास्तिकलाई हाई आएछ र मुख खोली हाई गर्न लागेको मात्र थियो आस्तिकले उसको मुखमा आफ्नो मुखको जम्मा गरिराखेको सबै थूक थुकिदिए। नास्तिक क्रोधले चूर भएर मनपरी गाली गरी मेरो मुख भित्र किन थुकिस् भन्न लाग्यो। आस्तिकले भने सर्वत्र विष्णु भगवान् पूर्ण हुनुहुन्थ्यो परन्तु तँ नास्तिक भएकोले तेरो मुखमा विष्णु भगवान् हुनुहुँ-दैनथ्यो, यस कारण मैले तेरो मुखमा थुकेको हुँ।

तात्पर्य यो हो कि यस्ता नास्तिकहरूलाई मुखभरको जवाफ दिनाले फेरि आस्तिकको अगाडि आई ईश्वरको खण्डन विषयको कुरा गर्न कहिले पनि आउँदैनन्।

मुख्य कोषको प्राप्ति

कुनै एक पुरुष ज्यादै गरीब रहेछ। द्रव्यार्जनको निमित्त उसले गर्नु नगर्नु अनुचित कर्म गरेछ तै पनि केही द्रव्य प्राप्त गर्न सकेनछ र अनि त्यो निराश भएर आफ्नो घरको बाटो फर्कि-रहेको थियो। अकस्मात् मार्गमा एक महात्मासित भेट भएछ। त्यो दीन पुरुषले महात्मालाई प्रणाम गरी आफ्नो वृत्तांत हाल सुनाएछ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

महात्माले त्यसको त्यस्तो दशा देखेर भनेछन्—यो मन्दिर जो तिम्रो अगाडि छ, त्यसलाई तिमी कोदालीले खन र तलवारले चाहिं जो तिम्रो यस कार्यमा बाधा गर्दछ त्यसलाई बध गर्दै जाऊ। अन्तमा तिमीलाई एक अत्यन्त ठूलो कोष प्राप्त हुनेछ। दीन पुरुषले पनि कोदाली र तलवार लिएर मन्दिरलाई खन्न आरम्भ गऱ्यो। अलिकति मात्र के खनेको थियों त्यसबाट एउटी स्त्री निस्किन्, जसलाई देखेर दीन पुरुषले प्रश्न गऱ्यो—तिमी को हौ र कहाँ बस्तछयौ ? स्त्रीले उत्तर दिइन्—म ब्राह्मणी हुँ, मेरो नाम लज्जा हो र म नेत्रशालामा रहन्छु। यो सुनेर दीन पुरुषले भन्यो—तिमी पृथक् बस, यस्तो भनी त्यो फेरि खन्न लाग्यो। केही समय पश्चात् एक अर्की स्त्री निस्किन्। तिनीलाई पनि तिमी कहाँ बस्तछयौ, र नाम के हो भनी प्रश्न गऱ्यो। ती स्त्रीले उत्तर दिइन्—म ब्राह्मणी हुँ, मेरो नाम दया हो र म हृदयपुर निवासिनी हुँ। तिनलाई पनि पृथक बस्न आज्ञा दिई दीन पुरुष खन्न लाग्यो। केही खनेको मात्र थियो अर्की एक स्त्री निस्किन्, दीनले तिनीसित पनि त्यस्तै प्रश्न गऱ्यो ? स्त्रीले उत्तर दिइन्—म ब्राह्मणी हुँ। मेरो नाम कीर्ति हो र म अन्तुःपुर निवासिनी हुँ। दीनले तिनीलाई पनि पृथक् राखेर आफ्नो काम गर्न लाग्यो। केही काल पश्चात् अर्की एक स्त्री निस्किन्। तिनीसित पनि पूर्ववत् प्रश्न गऱ्यो। स्त्रीले उत्तर दिइन्—मेरो नाम धृति हो र म मनुवाँपुर निवासिनी हुँ। तिनीलाई पनि अलग राखेर दीनले खन्न आरम्भ गऱ्यो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

यति हुँदामा पनि दीनले खन्न छोडेन र अहिलेको पटकमा भने स्त्रीको स्थानमा झक्कटदास हात खुट्टा हल्लाउदै निस्क्यो। दीन पुरुषले प्रश्न गर्‍यो—तपाइँ को हुनुहुन्छ ? त्यस पुरुषले उत्तर दियो कि मेरो जातिपातिको त कुनै ठीक ठेगान छैन, परन्तु मेरो नाम काम हो र म नेत्रशालामा रहन्छु। दीन पुरुषले भन्यो—त्यहाँ त एक स्त्री रहन्छिन् तिनको नाम हो लज्जा। कामले भन्यो-तिनी त मेरी स्त्री हुन्। दीन पुरुषले भन्यो—हे नीच ! जहाँ लज्जा छन् त्यहाँ तेरो के काम। यस्तो भनेर शीघ्र नै तलवारले त्यसको शिर काटिदियो। पुनः कोदाली लिएर त्यो खन्न थाल्यो। केही कालमा नै एक हरिलंठक लाललाल आँखा गरी निक्ल्यो। दीनले त्यो भयंकर मूर्तिलाई देखेर त्यससित पनि पूर्ववत् प्रश्न गर्‍यो। त्यसले भन्यो—म जातिको चाण्डाल हुँ, मेरो नाम क्रोध हो र म हृदयपुरको निवासी हुँ। दीनले भन्यो-उहाँ त एक स्त्री रहन्छिन् जसको नाम हो दया। क्रोधले भन्यो—त्यो त मेरी स्त्री हो। तब दीनले भन्यो-हे पागल ! जहाँ दया रहन्छिन्, त्यहाँ तेरो के काम। यति भनी त्यसको शिर काटिदियो र पुनः खन्न शुरू गर्‍यो। केही खन्ना साथ अर्को एक मंगलदास झकीझकाऊ भएर निस्क्यो। दीनले त्यससित पनि उही आफ्नो पुरानो प्रश्न गर्‍यो। मंगलदासले उत्तरमा भन्यो-म जातिको वैश्य हुँ, मेरो नाम लोभ हो र म अंतःपुर निवासी हुँ। दीनले भन्यो—त्यहाँ त एक स्त्री रहन्छिन्, तिनको नाम हो कीर्ति। लोभले भन्यो-त्यो त मेरी स्त्री हो। दीनले भन्यो—हे नीच ! जहाँ कीर्ति छन्

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

त्यहाँ तेरो के काम। यति भनेर त्यसको बध गरी फेरि खन्न आरम्भ गऱ्यो। केही समय पश्चात् अर्को एक गोथे निस्क्यो। दीनले पनि पूर्ववत् प्रश्न गऱ्यो। गोथेले भन्यो—म जातिको सारकी हुँ, मेरो नाम हो मोह र म मनुवाँपुर निवासी हुँ। यो कुरा सुनेर दीनले भन्यो—त्यहाँ एक स्त्री बसेकी छन्, तिनको नाम हो धृति। मोहले भन्यो—त्यो त मेरी स्त्री हो। दीनले भन्यो—हे मूर्ख! जहाँ धृति बसेकी छन् त्यहाँ तेरो के काम इत्यादि भनी त्यसलाई पनि तलवारले काट्यो।

अब दीनले विचार गर्न लाग्यो कि के यी स्त्रीहरूले मेरो भलाई गर्लान्? यिनीहरूबाट पनि कार्यमा अवश्य हानि पर्न आउँछ। फेरि मानिसलाई एकै स्त्रीबाट पनि दुःख हुन्छ, भने यी चार-चार जनाबाट मेरो के हविगत होला। यस्तो विचार गरी दीनले भन्यो—लज्जा पनि कहिले काहीं पाप गराइदिन्छिन्, जस्तो कि आफ्नो सम्बन्धिहरूको लाजले सत्संग भक्तिमा बाधा तुल्याउने हुन्छिन्। कीर्ति पनि दोष उत्पन्न गराइदिन्छिन्, जस्तै ज्यादा कीर्तिले सम्बन्ध बढ्न जान्छ। यस्तो हुनाले स्वयं सुधारको अभ्यासमा बाधा हुन गई गुरु मार्ग छुट्न जाने हुन्छ। दया पनि कहिलेकाहीं अधर्म र बन्धनको कारण हुन जान्छ। जस्तो जड भरतको मृग माथिको दया। यी तीनैलाई दीनले बाधक सम्झी तलवारले शिरछेदन गऱ्यो। केवल धृतिलाई भने आफ्नो साथमा राख्यो र पुनः खन्न लाग्यो। केही समय पश्चात् त्यो शिला पल्टियो र उसलाई एक महान कोष प्राप्त भयो,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

जसलाई पाएर आफ्नो घरमा आई जीवन सुखपूर्वक व्यतीत गर्न लाग्यो ।

सिद्धान्त—यो हो कि निज स्वरूपलाई भूलेर दीन पुरुष मुक्तिको इच्छाले कर्म, उपासना इत्यादि गर्दै जताततै घुमिरहेको थियो । दैवसंयोगले ब्रह्मज्ञानी सद्गुरुलाई भेट्यो । गुरुले भने —हे मुक्ति इच्छुक ! तिमी नाहकमा किन यताउता घुमेर आफ्नो बहुमूल्य समय नष्ट गर्दछौ ? यो शरीररूप मन्दिर हो, यसलाई विवेकरूप कोदालीले खन्न आरम्भ गर । यस विवेक—परमार्थमा बाधा तुलाउन आउने जुनजुन शत्रु फेलापर्छन् तिनलाई वैराग्यरूप तलवारले काट्दै जाऊ, अनि तिमीलाई नित्य धन अर्थात् मुक्ति प्राप्ति हुनेछ । मुमुक्षु सत्संगको आधारले स्वरूप स्थितिको यत्न गर्न लाग्यो । तब त्यसलाई काम, क्रोध, मोह, राग द्वेषादिले सताउन थाले । मुमुक्षुले ती विघ्न कर्ताहरूलाई वैराग्यरूप तलवारले काट्यो । त्यस पछि पनि मुमुक्षुलाई लज्जा, दया, कीर्ति आदि शुद्ध गुण पनि वैराग्य बोधमा रोकावट गर्न लागे । जस्तै कीर्ति आदिको इच्छामा लाग्नाले जगत् व्यवहार ज्यादा बढ्न जाने हुन्छ र धन ज्यादा जम्मा भएपछि ममता आउँछ र आफ्नो मार्ग भुलिन्छ इत्यादि हानिकार हुन् भनी विचार गरी त्याग गर्‍यो र केवल धैर्यलाई साथलिई अगाडि बढ्यो जहाँ सूक्ष्म अहं सुखाध्यासरूप वज्र समान शिला जमेर रहेको थियो । त्यस सुखाध्यासरूप शिलालाई परीक्षा खड्गले काट्दै अन्तमा स्वरूपस्थितिरूप मुख्य अचल पूर्ण कोषको प्राप्ति हुन गयो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

वीर आत्माको एक झलक

शिवाजी महाराज आफ्नो सद्गुणको बलले एक साधारण योद्धापुत्रको पददेखि उन्नत भएर समस्त भारतको मुख उज्ज्वल पारी गए। महाराज शिवाजी दीन-बन्धु र प्रजावत्सल थिए, यसको अतिरिक्त उनमा सबभन्दा उत्तम गुण यो थियो कि उनी असाधारण इन्द्रियनिग्रह र अलौकिक चरित्रले सम्पन्न थिए।

एक पटक महाराज शिवाजीले मुसलमानको एक किल्ला विजय गरेका थिए। किल्लामा केही मुसलमानहरू लडेर मरे र कोही भागे, परन्तु एउटा परम सुन्दरी युवती कुमारी कन्या त्यस किल्लादेखि भाग्न नसकी त्यही नै लुकिरहेकी थिइन्। किल्लाको अन्तःपुरमा अधिकार गर्ने महाराष्ट्र वीरले ती कन्यालाई बन्दी बनाएर महाराज शिवाजीको अगाडि लिएर गए। त्यस समयमा शिवाजी किल्लाको एक विशाल भवनमा बसी आफ्नो सेनापति-हरूको साथ त्यस नवविजित किल्लाको शासन व्यवस्थाको सम्बन्धमा कुराकानी गरिरहेका थिए। आफ्नो सिपाहीद्वारा घेरिएकी बन्दी कन्यालाई आफ्नो अगाडि देखी शिवाजीको ध्यान त्यस कन्यामाथि आकृष्ट भयो। ती कन्यालाई यो कुरा थाहा थियो कि जुन दिन शिवाजी मुसलमानको हातबाट पक्डिन गएका थिए त्यस औसरमा हिन्दूस्त्रीहरूको मुसलमान-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हरूद्वारा कस्तो दुर्गति भएको थियो, आज मलाई पनि अवश्य हिन्दूहरूले त्यस्तै नै दुर्गति गर्ने छन् भनी मन्दमन्द विलाप गरिरहेकी थिइन्। ती अबलाको विलाप सुनेर छत्रपति अधीर भएर उठे। उनले भने—आमा! तिमी नरोऊ। तिमी आफ्नो पिताको छत्र छायादेखि निक्लेर पुत्रको छत्र छायामा आएकी छौ। यो तिम्रो पुत्र शीघ्र नै तिमीलाई तिम्रो पिताको घरमा पुराइदिने कोशिश गर्ने छ। महाराज शिवाजीको यस्तो दयाले पूर्ण भएको कुरा सुनेर मुसलमानहरूका अत्याचारले परिचित भएका महाराष्ट्र योद्धाहरू दंग परे। ती कन्या अति खुसी भइन् र शिवाजीको मनमनमा प्रशंसा गर्न लागिन्। त्यस समयमा शिवाजीले ऐनामा आफ्नो अनुवार हेरी भने—अहो! म कति नराम्रो रहेछु। विधाताले यदि ती रूपवती दुर्गेशनन्दिनीको कोखबाट मलाई उत्पन्न गरिदिएको भए आज मेरो पनि रूप कति सुन्दर हुने थियो। यति भनेर महाराजले एक असल पालकी मगाई ती कन्यालाई पालकीमा चढाई रक्षक सिपाहीहरू साथ लगाइदिई पराजित दुर्गपति कहाँ फर्काइदिए। धन्य महाराज शिवाजी र धन्य उनको न्यायपरायणा बुद्धि। जुन पुरुष बालककालदेखि सत्मार्गमा लागेको छ त्यसको भगवान्ले असाधारण उन्नति गरिदिनुहुन्छ, अर्थात् त्यस पुरुषलाई कुनै न कुनै असाधारण गुण अवश्य प्रदान गर्नु हुन्छ।

देवता हुन् वा मनुष्य ती सबैलाई कामेन्द्रिय विजय प्राप्त गर्न अति कठिन पर्छ। जसले कामेन्द्रिय जीतेको छ त्यो ठूलो वीर हो र त्यसलाई देवता र मनुष्य समेतले मान्यता गर्दछन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

एक समय कुन्तीपुत्र अर्जुन धनुर्विद्या सिक्नको इच्छाले इन्द्रपुरीमा गएका थिए । इन्द्रलाई प्रणाम गरी भने—महाराज ! म धनुर्विद्या सिक्ने अभिप्रायले तपाईं कहाँ आएको छु । इन्द्रले भन्नु भयो वत्स ! म तिमीलाई धनुर्विद्या सिखाउने छु । अहिले केही काल विश्राम गर भनी अर्जुनलाई बस्नको निमित्त एक कुटी दिनुभयो । अर्जुनले त्यस कुटीमा गई विश्राम गरे । केही कालपछि इन्द्रले विविध अस्त्रविद्याको शिक्षा अर्जुनलाई दिनु भयो । त्ससपछि अर्जुनको आत्मबलको परीक्षा गर्ने विचारले उर्वशीलाई अर्जुन भएको ठाउँमा पठाउनु भयो । एक रात अर्जुन आफ्नो कुटीको ढोका बन्द गरी एक्लै भित्र बसिरहेका दिए । केही छिनपछि उर्वशीले सिंगारपटार गरिसकी अर्जुनको कुटीतिर गइन् । उहाँ पुगेर ढोका घचघचाउँदै भनिन्, ढोका खोल, ढोका खोल, म तिम्रो दर्शनको निमित्त धेरै टाढाबाट आएकी छु । अर्जुन यस्तो करुणापूर्ण पुकार सुनेर ढोका खोली बाहिर आउँदछन् त एक सुन्दरी उभिरहेकी देखे । अर्जुनले सोधे देवी ? तिमी के कारणले यस्तो रातको समयमा म कहाँ आएकी छौ ? उर्वशीले भनिन् प्रिय अर्जुन ! म तिमीसँग गन्धर्व विवाह गर्न भनी यस समयमा आएकी छु । अर्जुनले भने देवी ! जब तिम्रो मसँग गान्धर्व विवाह हुन्छ तब त्यसबाट तिमीलाई के लाभ हुन्छ ? उर्वशीले भनिन् तिम्रो र मेरो विवाह हुनाले त्यसको फल स्वरूप मलाई तिमीझैं एक रूपवान्, गुणवान, बलवान, पुत्र रत्नको प्राप्ति

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हुन जानेछ । जसबाट दुनियाँमा तिम्रो र मेरो अमर कीर्ति फैलने छ। अर्जुनले यो कुरा सुनेर भने यति कुराको लागि तिमी मसँग गान्धर्व विवाह गर्दछु भनी भन्दछथ्यौ। तिमीलाई त छोरा चाहिएको न हो ? उर्वशी भन्दछिन् हो। अर्जुन भन्दछन्, उसो भए फेरि नाहकमा दश-दश महीनासम्म पेटमा बोझा बोकी हिंड्नु, गर्भको कष्ट भोग्नु, त्यसमा पनि छोरा हुने हो कि छोरी केही निश्चय छैन। यदि तिमी बलवान् र तेजस्वी पुत्र चाहना गर्छयौं भने म तिमीलाई एउटा यस्तो उपाय बताईदिन्छु जस-द्वारा तिमीलाई पुत्र हुनेछ। उनीले भनिन् कस्तो उपाय ? अर्जुनले भने म तिमीलाई माता भन्दछु, तिमी मलाई पुत्र भन, भैहाल्यो नि। मैले आजसम्म सम्झेको थिएँ मेरी माता कुन्ती नै संसारमा सबभन्दा रूपवती छिन्, परन्तु आज तिम्रो रूपलाई देखेर आफ्नी माता कुन्तीलाई भूलिरहेको छु। अस्तु म परमात्मासँग यही प्रार्थना गर्दछु कि हे भगवान् यदि पुनः मेरो मनुष्य जन्म भए-देखि यिनै उर्वशीको गर्भबाट होस्। अर्जुनको यो पवित्र विचार सुनेर उर्वशी लज्जित भई अर्जुनलाई श्राप समेत दिई इन्द्रकहाँ फर्किन्।

जुन देशमा यस्ता वीर जितेन्द्रियको जन्म हुन्छ त्यो देश सदा धनधान्यले पूर्ण रहन्छ। यहाँ लेखकको भनाई यो हो कि रावणले जुन दिन अर्काकी स्त्री सीताजीलाई हरेर ल्यायो उसै दिनदेखि लङ्काको पतन भयो। अर्काकी स्त्रीलाई घरमा हुल्नु विदेशी मालको मात्र आफ्नो देशमा प्रयोग गर्नु, विदेशी रहन

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

सहन, धर्मकर्मलाई अपनाउनु यी सबबाट आफ्नो देश बिग्रह जान्छ। यही कारणले लङ्काबाट रावणलाई मारी श्रीरामचन्द्रले पुल वारी आइपुग्ने समयमा आफ्नो सेनालाई भन्नु भयो, जसले जुन वस्तु ल्याएको छ यहीं छोडोस्। विदेशी वस्तुलाई आफ्नो देशमा लैजानु हुन्न भन्नु भयो। विभीषणले रामचन्द्रलाई अनेक प्रकारका रत्न चढाउँदा पनि ग्रहण गर्नु भएन। यदि हामी नेपाल माताका सुपुत्रहौं भने हाम्रो संस्कृति, हाम्रो धर्म हामीले नै रक्षा गरे मात्र रक्षा हुन्छ। यसबाट हाम्रो र हाम्रो देशको कल्याण हुन्छ।

बन्धन कसको ?

कतिपय व्यक्तिहरू यस्तो भन्दछन् कि म देह होइन; आत्मा स्वरूप हुँ, म जन्म मरणदेखि रहित छु र नाश रहित छु। म देह होइन त भन्दछन् तर देहलाई भने मेरै हो भनी ममता त गर्दछन्। जस्तै घरमा बस्ने मानिस आफूलाई घर हुँ भनी मान्दैन तर घर त मेरै हो भनी मान्दछ।

यो देह पंचभूतको हो तर अज्ञानले आफ्नो मानेकाछन्। जस्तै घडा माटाको भएर पनि मेरो घडा भन्दछन्। जुन किसिमले

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

घर काठ, ढुङ्गा, इँट इत्यादिले बनेको छ त्यसलाई आफ्नो मान्दछन् यस्तै किसिमले अस्थि, मांस, त्वचा, नाडी आदिद्वारा बनेको भौतिक शरीरलाई आफ्नो मानेकाछन्, यो ठूलो भूल हो। अर्काको वस्तुलाई मेरो भनी मान्नु नै बन्धनको मूल कारण हो। अर्काको वस्तुमा ममत्व गर्नेलाई कहिले पनि दुःखको सिवाय सुख हुँदैन।

दृष्टान्त—कुनै एक धनवान पुरुषलाई यज्ञादि शुभकर्म गर्ने इच्छा भएछ किन्तु आफ्नो घरको ठाउँ स्यानो हुनाले उसले पंचको घरमा आफ्नो कार्य गर्ने निश्चय गरेछ। अनि उसले पंच-सँग स्थान मागी सकुटुम्ब त्यसमा गएर निवास गर्‍यो। उक्त स्थानमा बस्ता केही दिन पश्चात् केही लोभादिको आवेशले जुन शुभकर्म गर्ने विचार थियो त्यसलाई बिर्स्यो। त्यस स्थानमा ठाउँ ठूलो हुनाले उसलाई त्यहाँ अति सुख लाग्यो। एवं प्रकारले धेरै दिन व्यतीत गरिसकेर पनि ठाउँ नछोडेकोले पंचले उसकहाँ मानिस पठाई उक्त स्थान खाली गर्ने आज्ञा दिए। किन्तु त्यस ठाउँमा विशेष सुख भएकोले त्यो धनवानले पंचको आज्ञा-लाई केही परवाह नगरी स्थान खाली गरेन।

त्यस धनाढ्य पुरुषको प्रमादलाई देखेर पंचहरू मिलेर उसलाई एक स्थानमा बोलाए परन्तु त्यो त्यहाँ गएन। आफ्नो एक मानिसको हातद्वारा चिट्ठी पठायो। त्यस चिट्ठीमा यो स्थान त मेरै हो पंचको केही हक लाग्दैन भनी लेखिएको थियो। पंचले

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

केही दिन पश्चात् अवश्य यसले ठाउँ खाली गरिहाल्ला भन्ने संझी क्षमा गरे।

यस्तो किसिमले क्षमा गर्दा पनि धेरै दिन व्यतीत भइसक्यो तै पनि स्थान खाली नगरेकोले उनीहरूले अड्डामा नालिश गरे। न्यायाधीशले उसलाई भने कि तँ पंचको स्थान किन खाली गर्दैनस्? तब उसले उत्तर दियो कि स्थान मेरो हो त्यसमा पंचको केही हक लाग्दैन। न्यायाधीशले भने, यदि स्थान तेरो हो भने प्रमाणको लागि तँसँग केही लिखत भए देखा। त्यसको साथमा केही प्रमाण पत्र नहुनाले त्यो उल्टोसुल्टो कुरा गर्न लाग्यो; यस उसले न्यायाधीशले उसलाई कैद गरी हुकुम दिए कि जबसम्म यो पंचको स्थान खाली गर्दैन तबसम्म यसलाई कैदमा राख्नू।

सिद्धान्त—जीवरूप धनवान पुरुषलाई मोक्षरूपी शुभकार्य सम्पादन गर्ने इच्छा भयो किन्तु आफ्नो देवगन्धर्व आदि शरीरमा भोगको आसक्तिले गर्दा आत्मज्ञान प्राप्ति असम्भव जानेर तथा पशु, पक्षी आदि देहमा भ्रान्त मूढताको कारण आत्मज्ञान हुने असम्भव ठानेर, मोक्षद्वार भूत यस मनुष्य शरीरलाई पंचमहाभूतसँग मागेर लियो। मनुष्य देहमा पनि अनेक विषय तृष्णा तथा आसक्तिरूप विघ्नको संयोगले मोक्षरूपी कार्य सम्पादन गर्न भुल्यो। झन उल्टो यस्तो ठान्यो कि यो देह मेरो हो। तब पंचभूतले शास्त्ररूपी चिट्ठीद्वारा समाचार पठाए कि यो देह पंचभूतको हो, यसकारण यसमा ममत्व र अभिमान नगर। नित्य शास्त्रद्वारा उपदेश सुनेर पनि त्यो विष-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

यासक्त जीवले शास्त्रको केही पर्वाह नगरी सदा देहमा ममत्व गर्दै रह्यो। यदि कुनै उसको स्नेही, सत्पुरुषले वेदान्त शास्त्र श्रवण गर्न डाकी पठाउँदामा पनि त्यहाँ नगई झन् उल्टो वेदान्त शास्त्रको अनादर गर्दथ्यो। यस्तो गरेको छदाँ पनि पंचभूतले विचार गरे कि केही दिन पश्चात् त यसले अवश्य आत्मतत्त्वको ज्ञान प्राप्त गरी हाम्रो देह हामीलाई नै सुम्पिदेला भनी क्षमा गरे। परन्तु धेरै दिन व्यतीत भइसक्यो तै पनि त्यो जीवले पंचभूतलाई देह सुम्पन इच्छा नगरेकोले उनीहरूले यमराज-कहाँ नालिश गरे कि यो अज्ञानी जीवले मोक्ष सम्पादन गर्ने उद्देश्य लिएर हामीसँग मनुष्य देह मागेर लियो; किन्तु आज-सम्म अनेक पटक क्षमा गर्दा पनि यस जीवले न मोक्ष सम्पादन गऱ्यो न हाम्रो देह हामीलाई नै फिर्ता गऱ्यो। अब यो यस देहको आफूलाई नै मालिक मान्दछ। यसकारण हे यमराज! तपाइँ न्यायपूर्वक हाम्रो देह हामीलाई नै फिर्ता गराई दिनुहोस्। पंचभूतहरूको नालिस सुनेर यमराजले त्यस जीवलाई लिन दूत पठाए। दूतले आफूलाई नछोडेकोले स्त्रीपुत्रादि, सब सम्बन्धि-हरूलाई रुवाउँदै आफू दूतको साथमा लागी यमलोक गयो। यमराजले भने—हे अज्ञानी जीव! यो पंचभूतको देह तँ पंचलाई किन दिदैनस्। यो कुरा सुनी अज्ञानी जीवले भन्यो कि यो देह मेरो हो यसमा पंचभूतको के हक लाग्छ? तब पंचभूतले प्रमाण पूर्वक बतलाए कि यी दुवै स्थुल र सूक्ष्म देह हाम्रा हुन्। साक्षीको लागि चार वेद, छ शास्त्र, अठारह पुराणादि

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

सत्‌शास्त्रहरू अगाडि राखिदिए किन्तु अज्ञानी जीवले कुनै प्रकारले पनि देहमा आफ्नो स्वामित्व सिद्ध गर्न सकेन। अर्काको वस्तुमा जबरजस्ती स्वामित्व स्थापन गरेको अभियोगमा चौरासी लक्ष योनिरूप झ्यालखानामा बन्द गरिदिए। यमराजले त्यस जीव-लाई यो पनि भनेका थिए कि जबसम्म तँ यो पञ्चभूतको देह पञ्चभूतलाई सुम्पिन्नस्‌ तबसम्म तँ बन्धनबाट मुक्त हुन पाउन्नस्‌।

यसकारण आफ्नो कल्याण चाहनेले वेदान्तशास्त्र अध्ययन गरी स्थूल र सूक्ष्म देह पञ्चभूतको रहेछ भनी जानी उनैलाई सुम्पिदिनुपर्छ र देहको जुन अहंता ममता छ त्यसलाई त्याग्नु पर्छ। यस कुराबाट यो ज्ञात हुन्छ कि चाहे भौतिक मार्गहोस्‌ चाहे आध्यात्मिक। जुन व्यक्ति अर्काको वस्तुलाई हरण गरी आफ्नो स्वामित्व कायम गर्दछ भने त्यो निश्चय बन्धनमा पर्छ।

याज्ञवल्क्य-मैत्रेयी-संवाद

याज्ञवल्क्य मुनिका दुइ स्त्री थिए मैत्रेयी र कात्यायनी। तिनमा मैत्रेयी ब्रह्मवादिनी हुनाको कारण श्रेय मार्ग रुचाउँद थिइन्‌ र कात्यायनी भने सर्वसाधारण स्त्रीहरूका झैं स्वभाव भएकी हुँदा उनी प्रेय मार्गलाई नै रुचाउँद थिइन्‌। एक दिन

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

याज्ञवल्क्य मुनिले संन्यास लिने निश्चय गरी आफ्नी दुवै स्त्रीलाई आफ्नो भएको संपति भाग लगाइदिने इच्छा गर्नु भो।

याज्ञवल्क्यले भन्नु भो–हे मैत्रेयी! म यस गृहस्थाश्रमलाई छोडी संन्यास लिने भएको छु। अतः यस समयमा तिम्रो अनुमति लिन चाहन्छु र भएको धन संपत्ति कात्यायनी र तिम्रो भाग लगाइदिन्छु।

मैत्रेयीले भनिन्—भगवन्! यदि यो धनले सम्पन्न भएको सारा पृथ्वी मेरो भएदेखि के म त्यसदेखि कुनै प्रकारबाट अमर हुन सक्तछु? याज्ञवल्क्यले भन्नु भो—हुँदैन, भोग—सामग्रीहरूले सम्पन्न भएका मनुष्यहरूको जस्तो जीवन हुन्छ, त्यस्तै नै तिम्रो जीवन पनि हुन्छ। धनबाट अमृतत्वको आशै छैन।

मैत्रेयीले भनिन्, जसदेखि म अमर हुन सक्तिन त्यसलाई म लिएर मात्र के गरुँ? यसकारण हे भगवन्! जो जति तपाईंले अमृतत्वको साधन जान्नु भएको छ, त्यही मलाई बताउनु होस्।

याज्ञवल्क्यजीले भन्नु भो, धन्य! हे मैत्रेयी, तिमी पहिले पनि मेरो प्रिय थियौ र यस समयमा पनि प्रिय लाग्ने कुरा भनिरहेकी छौ। हुन्छ आऊ, बस, म तिम्रो लागि त्यसको व्याख्या गर्ने छु, मैले व्याख्यान गरेको मेरो वाक्यहरूको अर्थलाई तिमीले चिन्तन गर्नु।

याज्ञवल्क्यले भन्नु भो, हे मैत्रेयी! यो निश्चय छ कि पतिको प्रयोजनको लागि पति प्रिय हुँदैन, आफ्नै प्रयोजनको लागि पति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

प्रिय हुन्छ; स्त्रीको प्रयोजनको लागि स्त्री प्रिय हुँदैन, आफ्नै प्रयोजनको निमित्त स्त्री प्रिय हुन्छे; यस्तै पुत्र, धन पनि आफ्नै प्रयोजनको निमित्त प्रिय हुन्छ। ब्राह्मणको प्रयोजनको निमित्त ब्राह्मण प्रिय हुँदैन, आफ्नै प्रयोजनको निमित्त ब्राह्मण प्रिय हुन्छ, इत्यादि कुराको विचार गर्दा जो जति चीज वस्तु छन् ती सबै आफ्नै प्रयोजनका निमित्त प्रिय हुन्छन् अर्काका प्रयोजनका निमित्त हुँदैन, हे मैत्रेयी! यो आत्मा नै दर्शनीय, श्रवणीय, मननीय र ध्यान गर्न योग्य छ। हे मैत्रेयी! यस आत्माको नै दर्शन, श्रवण, मनन एवं विज्ञानद्वारा यी सब ज्ञान हुन्छन्।

ब्राह्मण त्यसलाई परास्त गरिदिन्छन् जो ब्राह्मण जातिलाई आत्मादेखि भिन्न जान्दछन्। यस्तै क्षत्रिय-जाति, देवगण, भूतगण इत्यादिमा पनि जो आत्मादेखि भिन्न देख्दछन् त्यसलाई परास्त गर्दछन्। सबै त्यसलाई परास्त गर्दछन् जो सबको आत्मदेखि भिन्न देखिन्छ। यी ब्राह्मण-जाति, क्षत्रियजाति, देवगण, भूतगण जो जति छन्, यी सब आत्मा नै हुन्।

त्यो दृष्टान्त यस्तो छ कि जुन प्रकार ताडन गरिएको दुन्दुभिको बाह्य शब्दलाई कोही पनि ग्रहण गर्न सक्तैनन्, किन्तु दुन्दुभि वा दुन्दुभिको आघातलाई ग्रहण गर्नाले उसको शब्द पनि ग्रहण गरिन्छ।

दोस्रो दृष्टान्त यस्तो छ कि जस्तै कुनै पनि बजाइएको शंखको बाह्य शब्दलाई ग्रहण गर्नमा समर्थ हुँदैन, किन्तु शंखलाई अथवा शंख बजाउनेलाई ग्रहण गर्नाले त्यस शब्दको पनि ग्रहण हुन जान्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

तेस्रो दृष्टान्त यस्तो छ कि जस्तै पुरुष बजाइएको वीणाको बाह्य शब्दलाई ग्रहण गर्नमा समर्थ हुँदैन, किन्तु वीणा अथवा वीणाको स्वरको ग्रहण हुनाले त्यस शब्दको पनि ग्रहण हुन जान्छ ।

चौथो दृष्टान्त यस्तो छ कि जुन प्रकार जसको इंधन चिसो हुन्छ, जस्तो बालिएको अग्निदेखि पृथक् धूआँ निक्लन्छ, हे मैत्रेयी ! यस्तै प्रकार यो जो ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, इतिहास, पुराण, विद्या, उपनिषद्, श्लोक, सूत्र, मन्त्रविवरण र अर्थवाद हो, त्यो यस महद्भूतको नै निःश्वास हो ।

यो दृष्टान्त यस्तो छ कि जुन प्रकार समुद्र समस्त जलको एक अयन (प्रलय स्थान) हो, यस्तै प्रकार त्वचा समस्त स्पर्शहरूको एक अयन हो, यस्तै प्रकार घ्राण समस्त गन्धहरूको एक अयन हो, यस्तै प्रकार जिब्रो समस्त रसहरूको एक अयन हो, यस्तै प्रकार कान समस्त शब्दहरूको एक अयन हो, यस्तै प्रकार चक्षु समस्त रूपहरूको एक अयन हो, यस्तै प्रकार समस्त संकल्पहरूको मन एक अयन हो, यस्तै प्रकार समस्त विद्याहरूको हृदय एक अयन हो, यस्तै प्रकार समस्त कर्महरूको हात एक अयन हो, यस्तै प्रकार समस्त आनन्दहरूको उपस्थ (लिङ्ग) एक अयन हो र यस्तै समस्त विसर्गहरूको (मल त्याग) पायु (गुदा) एक अयन हो, यस्तै प्रकार समस्त मार्गहरूको चरण एक अयन हो र समस्त वेदहरूको वाक् एक अयन हो ।

यसमा यो दृष्टान्त छ कि जुन प्रकार जलमा हालेको नूनको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

डल्लो जलमा नै लीन हुन जान्छ। त्यसलाई जलबाट झिक्न कुनै तरिकाले पनि सकिदैन । जहाँजहाँबाट जल लिए पनि त्यहाँ नून नै भएको थाहा हुन्छ, हे मैत्रेयी ! उस्तै प्रकार यो अनन्त, अपार महद्भूत विज्ञानघन नै हो। यो यस विज्ञानघनबाटै उत्पन्न भएर उसैमा प्रविष्ट हुन्छ। देह इन्द्रियभावबाट मुक्त भएपछि यसको कुनै विशेष संज्ञा रहँदैन भन्ने कुरा याज्ञवल्क्यले मैत्रेयीलाई बताउनु भयो।

याज्ञवल्क्यको उपदेशले मैत्रेयीलाई शङ्का उत्पन्न हुन गयो र उनले भनिन्, शरीरपातको अनन्तर कुनै संज्ञा नाम) रहँदैन भनी यस्तो भनेर श्रीमानले मोहमा पारदिनु भो। याज्ञवल्क्यले भन्नु भो, हे मैत्रेयी ! मैले मोहको उपदेश गरेको होइन, केवल त्यस महद्भूतको (महाभूत) विज्ञान गराउनको लागि नै त्यस्तो उपदेश गरेको हुँ।

जहाँ अविद्यावस्थामा द्वैतझैं हुन्छ, त्यहीं अन्यअन्यलाई सूँघदछ, अन्यअन्यलाई देख्तछ, अन्यअन्यलाई सुन्दछ, अन्य-अन्यलाई अभिवादन (ढोग दिनु) गर्दछ, अन्यअन्यलाई मनन गर्दछ तथा अन्यअन्यलाई जान्दछ। किन्तु जहाँ यिनीहरूको लागि सब आत्मा नै भयो भने त्यहाँ कसकोद्वारा कसलाई सूँघोस्, कसकोद्वारा कसलाई देखोस्, कसकोद्वारा कसलाई सुनोस्, कसकोद्वारा कसलाई अभिवादन गरोस्, कसकोद्वारा कसलाई मनन गरोस् र कसकोद्वारा कसलाई जानोस् ? जसको-द्वारा यी सबलाई जानिन्छ, उसलाई कसकोद्वारा जान्नु ? हे

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

मैत्रेयी विज्ञातालाई कसकोद्वारा जान्नु ? इत्यादि व्याख्यान गरी उपदेश समाप्त गर्नु भो ।

ब्रह्ममय जगत्

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

त्यो (परब्रह्म) पूर्ण छ, यो (कार्यब्रह्म) पनि पूर्णछ किनभने पूर्णदेखि पूर्णकै उत्पत्ति हुन्छ तथा (प्रलयकालमा) पूर्ण (कार्यब्रह्म) को पूर्णत्व लिएर (आफैमा लीन गरेर) पूर्ण (परब्रह्म) नै बाँकी रहन्छ ।

सर्वं खल्विदं ब्रह्म तज्जलानिति
शान्त उपासीताथ खलु क्रतुमयः ।

(छन्दो ० ३।१४।१)

यो सारा जगत् ब्रह्मकै नै स्वरूप हो, किनभने ब्रह्मदेखि उत्पन्न भएको छ, ब्रह्मैमा स्थित छ तथा ब्रह्ममै लीन हुन्छ ।

मत्तः परतरं नान्यत्किंचिदस्ति धनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥

(गीता ० ७।७)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

हे धनञ्जय! मभन्दा अर्को कोही पनि छैन। यो सारा संसार धागामा उनिएका मणिका दानाझैं मैमा उनिएका छन्।

यथा न तोयतो भिन्नास्तरंगाः फेनबुद्बुदा।
आत्मनो न तथा भिन्नं विश्वमात्मविनिर्गतम् ॥

(अष्टावक्र गीता ० २३)

जस्तो तरंग, फींज र बुद्बुद जलदेखि भिन्न छैनन् त्यस्तै आत्मादेखि उत्पन्न भएको विश्व आत्मादेखि भिन्न छैन।

यदिदं सकलं विश्वं नानारूपं प्रतीतमज्ञानात्।
सत्सर्वं ब्रह्मैव प्रत्यस्ताशेषभावनादोषम् ॥

(विवेक-चूडामणि ० २२९)

यो सम्पूर्ण विश्व जो अज्ञानले नाना प्रकारको प्रतीत भइरहेछ, समस्त भावनाहरूको दोषदेखि रहित निर्विकल्प ब्रह्म नै हो।

अखिल विश्व यह मम उपजाया।
सब पर मोही बराबरि दाया ॥

(तु ० रामायण)

यो समस्त संसार मैले उत्पन्न गरेको हुँ र सबैमाथि मेरो बराबर दया छ।

पुरुष एवेदं विश्वं कर्म तपो ब्रह्म परामृतम्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

एतद्यो वेद निहितं गुहायां सोऽविद्याग्रन्थिं विकिरतीह सोम्य ॥

(मु० २।१।१०)

यो सारा विश्व पुरुष नै हो; पुरुषदेखि भिन्न विश्व छैन। कर्म, तप ज्ञान पनि पुरुष नै हो। उनी पर र अमृतरूप ब्रह्म हुन्। उनलाई जो सम्पूर्ण प्राणीहरूको अन्तःकरणमा स्थित जान्दछ, हे सोम्य! त्यो यस लोकमा अविद्याको ग्रन्थिलाई छेदन गरिलिन्छ।

सब जग ईश्वररूप है, भलो बुरो नहि कोय।
जैसी जाकी भावना, तैसो हो फल होय॥

वास्तवमा यो संसार कस्तो छ भने जस्तो माटाको कार्य हो ता पनि घडा त्यसदेखि पृथक् हुँदैन, किनभने सबै तिरबाट मृत्तिकारूप हुनाको कारण घडाको रूप मृत्तिकादेखि पृथक हुँदैन। माटोदेखि फरक घडाको रूप कहिले पनि हुन सक्तैन। घडा बनाउनुभन्दा प्रथम पनि माटै नै छ, घडाको कार्य हुँदा पनि माटै छ, घडाको नाश हुँदामा पनि माटो नै हुन्छ। त्यस्तै यो संसार आदिमा पनि ब्रह्मैमा थियो, मध्यमा पनि ब्रह्मैमा स्थित छ, अन्तमा पनि ब्रह्मैमा गएर लीन हुन्छ।

हरिरेव जगज्जगदेव हरिः।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

इत्यादि कुरालाई जानी अर्थात् सीता राममय जगत्लाई देखेर बिहान उठ्ना साथ तुलसीदासजी—

सीय राममय सब जग जानी
करउँ प्रणाम जोरी जुग पानी ॥

यो दोहाको उच्चारण गरी सीतराममय जगत्लाई प्रणाम गर्नु हुन्थ्यो ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥

(गीता० ६।३०।)

जो मलाई सबै ठाउँमा देख्तछ औ सबैलाई मैंमा देख्तछ भने त्यसका निमित्त म नदेखिने हुन्न औ मेरो निमित्त त्यो नदेखिने हुँदैन ।

जबसम्म मानिसले ब्रह्म र जगत्लाई भिन्न देख्तछ तबसम्म भ्रम नष्ट हुँदैन [

दृष्टान्त—कुनै एकजना गृहस्थ थिए, उनको केवल एक स्त्री र ५ वर्षको पुत्र थियो। एक दिन उनले आफूलाई समेत गरी तीन जनाको निमित्त तीनओटा चिनीको बनाएको महात्मा किनेर घरमा ल्याएछन्। घरमा ल्याएर उनले आफ्नो पुत्रलाई भनेछन् कि एउटा महात्मा तँ खा एउटा तेरी आमा खान्छे एउटा म खान्छु भनी भने। त्यस्तैमा उनको घरमा तीन जना महात्मा पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

आइपुगेछन्। पहिलेदेखि नै उनी महात्मा पुरुषहरूलाई ज्यादा रुचाउँद थे। यस उसले महात्मालाई उनले यथोचित आदर—सत्कार गरी भोजन समेत तयार गराउन लगाए। उनी महात्मासँग दलानमा कुरा गरी बसिराखेका थिए। त्यस समयमा माथिबाट छोरा आएर बाबुलाई भन्यो, म एउटा महात्मालाई खान्छु। बाबुले भने, एकछिन पख् तँ एउटा महात्मालाई खालास तेरी आमा एउटा महात्मालाई खाली म एउटा महात्मालाई खाउँला। यति भनी उनी भोजन तयार भयो कि भएन भनी भान्छामा हेर्न गए। अनि ती तीन जना महात्माहरूले आपुस-आपुसमा भने, यसले त हामी तीन जनालाई मारी खाने बन्दो-बस्त गरेको रहेछ यहाँ नबसौं भनी भागे। महात्माहरू भागिग-एका देखी ती गृहस्थ फर्काउन दौडे। महात्माहरू, आफूहरूलाई समात्न आएको देखेर ज्यानमाराले हामीलाई समात्न आयो भनी कराए। महात्माहरूको शब्द सुनी धेरै मानिस जम्मा भई के भो के भो भनी भन्न लागे। महात्माले आफूहरूलाई ती गृहस्थले मार्ने प्रयत्न गरेको कुरा बताए। त्यसपछि ती गृहस्थको घरमा पुलिस सहित महात्माहरू र अरू दर्शक समेत कस्तो प्रयत्न गरेको रहेछ भनी हेर्न भेला भए। ती गृहस्थले भने, मैले तीनओटा चिनीको महात्मा किनेर ल्याएको थिएँ, त्यसैलाई छोराले म एउटा महात्मा खान्छु भन्दा मैले एकछिन पख तँ एउटा महात्मा खालास्, तेरी आमा एउटा महात्मा खाली र म एउटा महात्मा खाउँला भनेको हुँ भनी चिनीको महात्मालाई देखाइदिए। त्यो

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

देखी महात्मालाई आफूहरू भ्रममा परेको सम्झी अति लाज लाग्यो। जसरी एकै चिनीको तीनओटा नाम रूप राखी महात्मा बनाउनाले जसरी भ्रम भयो। त्यस्तै किसिमले एकै ब्रह्मको अनेक नामरूप हुँदा सबैलाई भ्रम भएको छ। चिनी भनेर जानेपछि चिनीको हात्ती, घोडा इत्यादि जति नामरूप भए पनि भ्रम हुँदैन। त्यस्तै ब्रह्मको स्वरूप बोध भएपछि नानात्त्व भ्रम नष्ट हुन्छ। शास्त्र मात्र पढेर पनि यो भ्रम नष्ट हुँदैन। यो भ्रम नष्ट गर्नको निमित्त उनै मायापति भगवान्को शरण पर्नुपर्छ। भागवतमा भनेको पनि छ—

ऋतेऽर्थं यत्प्रतीयेत न प्रतीयेत चात्मनि।
तद्विद्यादात्मनो मायां यथाभासो यथा तमः॥

दुइ चन्द्रमा आदि पदार्थ छैनन् ता पनि दृष्टिदोषले कहिले-कहिले देखिन जान्छ। चन्द्रमा आदि आभासको भाँति जो यो प्रपञ्च नभएर पनि प्रतीत हुन्छ र आत्मा नित्य विद्यमान रहेर पनि ताराहरूको मध्यवर्ती राहु नक्षत्र मण्डलमा रहेर पनि देखिदैन त्यस्तै राहुको भाँति आत्मा शरीरमा रहेर पनि त्यसको ज्ञात हुँदैन, यसमा कारण मेरो मायालाई नै जान्नु पर्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

जीव र ब्रह्मको एकत्व

परमात्मालाई जीवात्माको सहित कार्यरूप शरीरमा प्रविष्ट भएर नाम र रूप प्रकट गरी आफू अकर्ता, अभोक्ता भई तमासा हेर्न संकल्प उठेछ। अनि परमात्माले त्रिगुणमयी प्रकृतिलाई गर्भ धारण गर्ने माता तुलाई आफू बीज स्थापित गर्ने पिता बनी आफ्नै अंशले समान आख्यावान जीव उत्पन्न गर्नु भो। जीव परमात्माको अंश हुनाको कारण परमात्मादेखि भिन्न छैन। यदि भिन्नै वस्तु भएको भए परमात्मासँग कहिले पनि मिल्न सक्तैनथ्यो, अनि मुक्ति कसरी हुन्थ्यो ? जस्तै जलदेखि तरङ्ग भिन्न छैन, अग्निदेखि झिल्का भिन्न छैन, त्यस्तै परमात्मादेखि जीव भिन्न छैन। परन्तु जीवले भने आफ्नो उत्पत्तिकर्ता परमात्मालाई भूल्न गयो र परमात्मादेखि आफूलाई भिन्नै मानी म शरीर हुँ, म इन्द्रिय हुँ, यो मेरो हो, त्यो मेरो हो भनी भन्न लाग्यो। यसरी जीवले आफ्नो शुद्ध स्वरूप परमात्मालाई थाहा पाउन नसकी भूलमा प्राप्त भएको देखेर परमात्माले तिनलाई निजस्वरूप बोध गराउने उद्देश्यले वेदशास्त्र आदिको रचना गर्नु भो जसमा जीव परमात्मादेखि भिन्न छैन भनी व्याख्या गरिएको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

द्वा सुपर्णा सयुजा सखाया
समानं वृक्षं परिषस्वजाते ।
तयोरन्यः पिप्पलं स्वाद्वत्त्य-
नश्नन्नन्यो अभिचाकशीति ॥

(मु० ३।१।१)

साथसाथ रहने भएको तथा समान आख्यावान दुइ पक्षी एकै वृक्षको आश्रय गरेर रहन्छन् । त्यसमा एउटा चाहिं स्वादिष्ट (मधुर) पिप्पल (कर्मफल) को भोग गर्दछ र अर्को चाहिं भोग नगरी केवल हेरेर प्रकाशित रहन्छ ।

एको वशी सर्वभूतान्तरात्मा
एकं रूपं बहुधायः करोति ।
तमात्मस्थं येऽनुपश्यन्ति धीरा-
स्तेषां सुखं शाश्वतं नेतरेषाम् ॥

(कठ० २।२।१२)

जो एक सबैलाई:आफ्नो अधीन राख्ने भएको र सम्पूर्ण भूतहरूको अन्तरात्मा आफ्नो एक रूपलाई नै अनेक प्रकारको गर्दछ, आफ्नो बुद्धिमा स्थित त्यस आत्मदेवलाई जो धीर विवेकी पुरुष देख्तछ त्यसलाई नित्य सुख प्राप्त हुन्छ, अरूलाई होइन ।

सत्यं ज्ञानमनन्तं ब्रह्म । यो वेद
निहितं गुहायां परमे व्योमन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सोऽश्नुते सर्वान् कामान्
सह ब्रह्मणा विपश्चितेति ॥

(तै० २।१।१)

जो जीवात्मा आफ्नो बुद्धि र आत्मामा स्थित सत्य ज्ञान र अनन्त आनन्द स्वरूप परमात्मालाई जान्दछ त्यो त्यस व्यापक-रूप ब्रह्ममा स्थित भएर सबै कामना भोग गर्दछ यही मुक्ति हो।

अहं ब्रह्म परं धामं ब्रह्माहं परमं पदम्।
एवं समीक्षन्नात्मानमात्मन्याधाय निष्कले ॥

(श्रीमद्भागवत० १२।५।११)

जो म हुँ त्यही परमपदरूप ब्रह्म हो। जो परमपदरूप ब्रह्म हो त्यो म हुँ।

स यो ह वै तत्परमं ब्रह्मवेद ब्रह्मैव भवति।

(मु० ३।२।९)

जसले त्यो परमपद (ब्रह्मैवाहमस्मि) म ब्रह्म नै हुँ भन्ने जान्दछ त्यो ब्रह्म नै हुन्छ।

तस्यैवाहं ममैवासौ स एवाहमिति त्रिधा।

भगवान्कै म हुँ, मेरो भगवान् हुन्, भगवानै म हुँ।

अहं भगवान्न चान्यस्त्वं त्वमेवाहं विचक्ष्वभो।
न नौ पश्यति कवयश्छिद्रं जातु मनागपि ॥

(श्रीमद्भागवत० ४।२८।१)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

हे जीव ! जो म हुँ सो तिमी हौ। मदेखि तिमी भिन्न छैनौ। जो तिमी हौ सोही म हुँ। यस प्रकार तिमी आफूमा मेरो एकता विचार गरेर हेर। ज्ञानी जीव ईश्वरलाई एकै रूप मान्दछन्।

यत्परं ब्रह्म सर्वात्मा विश्वस्यायतनं महत्।
सूक्ष्मात्सूक्ष्मतरं नित्यं स त्वमेव त्वमेव तत्॥

(कैव० १।१६)

जो ब्रह्म सब प्राणीहरूको आत्मा, सम्पूर्ण विश्वको आधार सूक्ष्मभन्दा पनि सूक्ष्म र नित्य छ, त्यो तिमी नै हौ र तिमी त्यही नै हौ।

ईश्वर अंश जीव अबिनासी।
चेतन अमल सहज सुखरासी॥

(तु० रामायण)

ममैवांशो जीवलोके जीवभूतः सनातनः।

(गीता० १५।७)

जीवलोकमा जीव भएको मेरै सनातन अंश हो। इत्यादि प्रमाणबाट जीव परमात्मादेखि भिन्न रहेनछ, उनैको अंश रहेछ भन्ने कुरा र दुवैको एकत्व प्रतीतिमा मुक्ति हुँदो रहेछ भन्ने समेत थाहा भयो। अब जीवले परमात्मालाई आफूदेखि भिन्न देखे के हुन्छ भन्ने कुरालाई लिएर वर्णन गरिन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वल्पमप्यन्तरं कृत्वा जीवात्मपरमात्मनोः।
यः संतिष्ठति मूढात्मा भयं तस्याभिभाषितम् ॥
(अपरोक्षानुभूति ० ५२)

जो मूढ जीवात्मा र परमात्मामा अलिकति मात्र पनि अन्तर गर्दछ उसको लागि श्रुतिले भय बताएकी छन्।

अथोदरमन्तरं अथ तस्य भयं।
भवति द्वितीयाद्वै भयं भवति ॥

जो ब्रह्ममा र जीवमा अलिकति मात्र पनि भेद गर्दछ त्यसलाई भय प्राप्त हुन्छ किनभने भय भनेको अरूदेखि हुन्छ आफूदेखि हुँदैन।

स वै प्रियतमश्चात्मा यतो न भयमण्वपि।
इति वेद स वै विद्वान् यो विद्वान् स गुरुर्हरिः॥
(भगवत ० ४।२९।५१)

जसदेखि कसैलाई अणुमात्र पनि भय हुँदैन त्यो सबैको प्रियतम आत्मा हो। जुन पुरुषलाई यस्तो ज्ञान भएको छ त्यही सबैको गुरु र साक्षात् श्रीहरि पनि हो।

दृष्टान्त—सासू; बुहारी आफ्नो इष्टमित्र कहाँबाट घर फर्की आइरहेका थिए। त्यस्तैमा एउटा नवयुवक घोड़ा चढी आइपुग्यो। त्यस युवकलाई देखी सासूले भनिन्, मेरी बुहारी सानी भएकीले हिंड्न सकिन त्यस करण कृपया तपाईंले आफ्नो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

घोडामा चढाई फलानो ठाउँमा ओराली दिनु भए बेस हुने थियो। ती बूढियाको यस्तो कुरा सुनी युवकले भन्यो, म अर्काकी छोरी-बुहारीलाई घोडामा चढाउने यस्तो अनुचित काम गर्दिन भनी घोडा अघि बढायो। केही पर मात्र पुगेको थियो त्यसको मनमा नराम्रो विचार उत्पन्न भयो। अहो! मैले ठूलो भूल गरें। त्यसलाई घोडामा चढाई ल्याएर त्यसले अङ्गमा लगाएका सबै गहना खोसेर छोड्नु पर्ने भन्ने विचार गरी फर्कियो। बूढिया-लाई पनि विचार उत्पन्न भएछ र भन्दछिन्, अहो! मैले ठूलो भूल गरिछु। अपरिचित्त व्यक्तिसँग आफ्नो बुहारीलाई घोडामा चढाई पठाउने अभिप्राय गरें। यदि त्यसले मेरी बुहारी-लाई एकान्त स्थलमा लगी नारी धर्म नष्ट वा अङ्गमा लाएको गहना खोसेको भए के गर्ने? बरू त्यसले मेरो कुरालाई मञ्जूर गरेन ठीकै गऱ्यो। इत्यादि बूढिया विचार गर्दैथिइन्, त्यस्तैमा नवयुवक पनि आइपुग्यो र बूढियालाई तिम्री बुहारीलाई कहाँ पुऱ्याउने हो भनी सोध्यो? बूढिया भन्दछिन्, तिमीलाई जसले यस्तो बुद्धि दिई फर्काइपठाए, तिनैले मलाई पनि बुद्धि दिइ-सकेका छन्, भो अब फर्क म तिम्रो साथ मेरी बुहारी पठाउन्न।

सिद्धान्त—पहिले बूढियाको मन शुद्ध थियो र शुद्ध भावनाले नवयुवकको साथ आफ्नी बुहारीलाई घोडामा चढाई घर पठाउने संकल्प उठ्यो। त्यस नवयुवकको मन पनि पहिले शुद्ध थियो र बूढियाको उक्त कुरालाई नामञ्जूर गऱ्यो। पछि युवकमा कुचेष्टा उत्पन्न भयो, अनि बूढियामा पनि त्यस्तै भावना

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

उत्पन्न भयो । अर्थात् बूढियाले युवकलाई मनले संझिन्, युवकले बूढियाको कुरा मनले संझ्यो । मनरूपी तार जोडियो र उसको भावना उसलाई बोध भयो उसको उसलाई । आत्मा वायु जस्तै पूर्ण छ, केवल मन रूपी तार फरक छ ता पनि मिलाए मिलाउन सकिन्छ । मनलाई कसरी मिलाउन सकिन्छ भन्ने कुरालाई लिएर अर्को एक दृष्टान्त वर्णन गरिन्छ ।

मगध देशमा इन्द्रद्युम्न राजा थिए, उनकी रानी अहल्या नाम भएकी अति सुन्दर थिइन् । त्यसै शहरमा एक इन्द्र नाम गरेका सुन्दर ब्राह्मण पुत्र पनि रहन्थे । एक दिन एउटी दासीले अहल्या रानीलाई भनी कि पहिले पनि गौतमकी स्त्री अहल्या इन्द्रसँग भुलेकी थिइन् । त्यस्तै हजूरको नाम पनि अहल्या छ र यसै शहरमा बस्ने ब्राह्मण कुमारको नाम पनि इन्द्र छ । ती हजूर तुल्य रूपवान् छन् र हजूरले पनि तिनीसँग भुल्नु ठीक छ । रानीलाई दासीको मुखदेखि इन्द्र ब्राह्मणको रूप र गुण सुन्ने बित्तिकै उनीसँग भेट गर्ने ठूलो इच्छा भयो । दासी र सखीहरूद्वारा ती इन्द्रलाई आफ्नो दरबारमा ल्याउन लगाइन् र उनीसँग प्रेमले भुल्न लागिन् । दुवैमा ठूलो प्रेम बस्यो । इन्द्र र अहल्या दुवै परस्परको प्रेममा डुबी सबै कुरा बिर्से । राजाले यो कुरा थाहा पाई तिनीहरूको यस अनुचित प्रेमको विच्छेद गराउन धेरै कोशीश गरे तर सबै विफल भयो । राजाले रिसाएर ती दुवैलाई ठूलो यातना दिने निश्चय गरी कहिले रातमा पानीमा डुबाए, कहिले मत्ता हात्तीको खुट्टामा बाँधे, कहिले कोर्रा हाने,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कहिले अन्न र जलै दिएनन्। ती दुवैलाई परस्परको प्रेमको ध्यान चित्तमा गडेको हुनाले बाहिर जस्तो सुकै दुःखहरू आइपरे पनि थाहा भएन। दुवैको मन एक अर्काको ध्यानमा तल्लीन भएको हुनाले दुःखको अनुभव नै भएन। यस्तो अपूर्व घटना देखेर राजा सान्है आश्चर्यमा परे।

यस पछि इन्द्र ब्राह्मणले राजालाई भने कि—अहल्यामा चित्त गडेर तन्मय भएको मलाई जत्रो सुकै ठूलो दुःखले पनि बाधा गर्न सक्तैन। मेरो मनले दुःख नै थाहा पाउँदैन। त्यस्तै अहल्याको चित्त पनि म माथि गडेको छ। मैमा तन्मय हुनाको कारण उनीमा पनि दुःख थाहा हुँदैन।

ती ब्राह्मणको मुखदेखि यो कुरा सुनेर राजा साह्रै दुःखमा परे। राजाले दुवैको परस्परको प्रेमलाई छुट्याउन नसकेकोले भरतमुनिसँग प्रार्थना गरी वहाँबाट दुवैलाई नाश हुने श्राप दिलाए। तब दुवैले भने कि हामीमा जुन प्रेमले गर्दा दुवैको मन आफूमा नरही एउटाको अर्कोमा रहन गएको हुनाले एउटाको मृत्यु हुना साथ अर्काको पनि मृत्यु हुन्छ। यस कारण हे राजन! हामी दुवैको देह नष्ट भए पनि हाम्रो प्रेमको वियोग हुँदैन।

इन्द्र र अहल्या दुवैको शरीर श्रापले गर्दा सुकेको रुख ढलेझैं ढल्यो। दुवैको मन एक अर्कामा तन्मय भएकोले मृत्यु भएर पनि वियोग भएन। यस पछि ती दुवैले पक्षीको भाले-पोथी भएर जन्म लिए। अनि ब्राह्मणको कुलमा जन्म हुँदामा पनि दुवै दम्पती नै भए। यसरी ती दुवैको वियोग भएन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

यहाँ लेखकको उद्देश्य यो हो कि परस्परमा मनको मेल हुँदा त दुवैमा एकै भावना, एकै लक्ष, एकै ध्येय इत्यादि हुँदो रहेछ र मृत्यु हुँदा पनि वियोग हुँदो रहेनछ। त्यस्तै यो हाम्रो मन परमात्मामा गई परमात्मामा नै रहन गयो भने मन परमात्मा नै हुन्छ। परमात्मादेखि कहिले वियोग हुँदैन र स्वयं ब्रह्मै भइजान्छ। जस्तै गंगालाई समुद्रसँग मेल हुँदा म गंगा हुँ भन्ने भावना नरही स्वयं समुद्र नै हुन्छ त्यस्तै मन पनि ब्रह्ममा गई मिल्नाले ब्रह्मै हुन्छ। मन स्वयं ब्रह्मै भइसकेको स्थितिलाई लेख्न कलम नै रोकिएकोले यो लेखलाई यहीं नै समाप्त गरिन्छ।

आत्मा-अनात्मा विवेचन

आत्मा-अनात्माको विवेचन उपनिषद्हरूमा अत्यन्त सुन्दर रीतिले गरिएको छ। ऋषिहरूले चेतनलाई चार स्तरमा बताएका छन्। तीन निम्नकोटिका चैतन्यमा आत्माको निवास रहँदैन, परन्तु सबभन्दा उच्चकोटिको चैतन्यमा आत्मस्वरूपको तात्त्विक (वास्तविक) उपलब्धि हुन्छ। शरीर-चैतन्य, स्वप्न—चैतन्य तथा सुषुप्ति—चैतन्यदेखि सर्वथा पृथक् भएर आत्मचैतन्य आफ्नो शुद्ध अमिश्रित रूपले विद्यमान रहन्छ। यस सिद्धान्तलाई प्रतिपादित (बताएको) गर्नको लागि छान्दोग्यउपनिषद् (८।७)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

मा एक अति रोचक आख्यानको वर्णन गरेको छ। देवता तथा असुरहरूले आत्मतत्वको जिज्ञासाले प्रेरित भएर इन्द्र तथा विरोचनलाई प्रजापति कहाँ पठाए। प्रजापतिले ३२ व[illegible] ती दुवै-लाई कठोर तपस्या गर्न लगाई अनन्तर आत्मतत्व सिकाए कि आँखामा, जलमा तथा आदर्शमा (ऐना) जो पुरुष देखापर्छ त्यही आत्मा हो। विरोचनलाई यस शिक्षाले सन्तोष भयो अर्थात् शरीरलाई नै आत्मा निश्चय गरी फर्किआए। इन्द्र पनि विरोचनको साथमा फर्केका थिए तर अलिपर पुग्दा मनमा शङ्का उदय भयो कि सुन्दर अलङ्कारहरूले शरीरलाई भू.षत गर्दा आत्मा पनि भूषित प्रतीत हुन्छ, परन्तु शरीर नै आत्मा कसरी होला? यदि शरीरै आत्मा भए आत्माको र शरीरको तादा-त्म्य (उही स्वरूप) हुनु पर्ने। शरीर अन्धा भएमा अन्धै हुन्छ, नष्ट भएमा नष्ट हुने इत्यादि दोषले पूर्ण भएको शरीरलाई कसरी आत्मा मान्ने? इत्यादि शङ्का उत्पन्न भएकोले इन्द्र फर्की आएर शङ्का समाधान गर्नको लागि प्रजापतिलाई भने। त्यस पछि प्रजापतिले स्वप्न चैतन्यलाई आत्मा बताए। यस्तो सुनेर ती इन्द्र शान्तहृदयले फर्किआए। परन्तु देवताहरू कहाँ पुग्नु भन्दा अगाडि उनलाई यस्तो भय देखापर्‍यो, यद्यपि यो शरीर अन्धा भयो भने स्वप्न-शरीर पनि अन्धा हुन्छ र यदि दुबलो भयो भने त्यो दुबलो हुन्छ। तर यस्तो किसिमले आत्मालाई दोषपूर्ण मान्न सकिदैन। स्वप्नमा दुःखको अनुभव हुन्छ, आँखाबाट अश्रुधारा बग्छन्, परन्तु आनन्दरूप आत्मामा के दुःखले स्पर्श गर्दछ भन्ने कुरा

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding: I

स्वीकार गर्न सकिन्छ ? यस्तो विचार गरी इन्द्र पुनः फर्केर आउँदा प्रजापतिले सुषुप्तिकालमा विद्यमान चैतन्यलाई आत्मा बताए। परन्तु विचार गर्दा इन्द्रको मनमा शंका पुनः उदय भयो। सुषुप्तिकालमा न त आफ्नै सत्ताको ज्ञान रहन्छ न बाह्य वस्तुहरूको। त्यस समयमा जीव काठको बनाएर राखेको मानिस तुल्य चैतन्य-हीन प्रतीत हुन्छ। इत्यादि विचार गरी पुनः फर्किः आए। अन्तमा प्रजापतिले उनलाई वास्तविक तत्व सम्झाए कि यी तीनै चैतन्यदेखि पृथक् भूत जो उपाधिविरहित-शुद्ध चैतन्य छ त्यही आत्मा तद्रूप नै छ। आत्मा स्वचैतन्य रूप छ। भिन्न-भिन्न दार्शनिकहरूले भिन्न-भिन्न चैतन्यलाई नै आत्मा बताएका छन्, परन्तु वास्तविक आत्मा यी सबदेखि भिन्न शुद्ध चैतन्य रूप छ।

माण्डुक्य उपनिषद्मा आत्माको चार अवस्थाहरू मानी शुद्ध आत्मालाई तुरीय बताएको छ। जाग्रत्, स्वप्न तथा सुषुप्तिलाई आत्माको विभिन्न अवस्थाहरू मानेका छन्। जाग्रत् अवस्थामा आत्मा वस्तुहरूको अनुभव गर्दछ, स्वप्न अवस्थामा आभ्यन्तर मानस जगत्को अनुभव गर्दछ, सुषुप्ति अवस्थामा त्यो आफ्नो केवल आनन्द स्वरूपको अनुभव गर्दछ। यी तीनै अवस्थामा आत्माको अपर (तल्लो) अवस्थाहरूको सूचित गरिन्छ र यिनमा आत्मालाई क्रमसः विश्व तैजस तथा प्राज्ञ भनिन्छ। परन्तु यी तीनै अवस्थाहरूमा आत्माको अंशमात्रको परिचय प्राप्त हुन्छ परन्तु पूर्ण आत्मामा यी सब गुणहरूको अभाव हुन्छ जो यी अवस्थाहरूमा उपलब्ध (प्राप्त भएको) हुन्छन्। त्यस

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

समय न बाह्य चेतना रहन्छ न अन्तश्चेतना र दुवैको संमिश्रण न प्रज्ञा रहन्छ र न अप्रज्ञा रहन्छ। अदृष्ट, अग्राह्य, अव्यवहार्य अचिन्तनीय, नाम रहित केवल एक आत्माको सत्ताको नै भान हुन्छ, जहाँ समस्त बाह्य जगत् शान्त रहन्छ,-शान्त शिव, अद्वैत शेष रहन्छ यसलाई चतुर्थ भनिन्छ, यही आत्मा हो यसलाई नै जान्नुपर्छ। यस आत्मालाई जाग्रदादि अवस्थात्रयदेखि पृथक् हुनाको कारण चतुर्थ तुरीय भनिन्छ। यो आत्मा कूटस्थ अवि-कारी छ र यस कूटस्थ आत्माको निर्गुण ब्रह्मदेखि सर्वतोभावेन अभेद मानिन्छ। ओंकार यसै आत्माको वाचक अक्षर हो। यस प्रकार शुद्ध आत्माको वास्तविक स्वरूप निषेधमुखले नै वर्णित गर्न सकिन्छ।

विषय-सुख

सांसारिक विषय-सुख जति छन् तिनलाई भोगेर जीव कहिले पनि तृप्त र सुखी हुँदैन। सांसारिक विषय सुख जो जति छन् ती वस्तुस्वरूप सुख होइनन् र छायाँ सुखमात्र हुन् र क्षणिक छन्।

यथा हि पुरुषो भारं शिरसा गुरुमुद्वहन्।
तं स्कन्धेन स आधत्ते तथा सर्वाः प्रतिक्रियाः॥

(भागवत० ४।२६।३३)

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

जुन किसिम भारी शिरमाथि बोकेर लैजाने पुरुष, शिरको पीडादेखि छुट्नको लागि भारी काँधमा राख्तछ, त्यस्तै किसिम दुःखदेखि छुट्ने सबै उपाय हो। अर्थात् जस्तो भारीलाई काँधमा राख्नाले शिरको दुःख हट्तछ परन्तु काँधमा पीडा हुन लाग्छ त्यस्तै एउटा दुःखदेखि छुट्ने उपाय गर्दा मनुष्यलाई अर्कै दुःखको सामना गर्नु पर्ने हुन्छ ?

न जातु कामः कामानामुपभोगेन शाम्यति।
हविषा कृष्णवर्त्मैव भूय एवाभिवर्धते ॥
(मनु० २।९४)

नाना प्रकारका भोगहरूको इच्छाले र विषयहरूको उपभोगले भोग कहिले पनि शान्त हुँदैन झन आगो घिउको सम्बन्धले बढे॰ झैं बढदै जान्छ।

वासना एव संसार इति सर्वा विमुंच ताः।
(अष्टावक्रगीता० ८९)

विषयवासना नै संसार हो। यसकारण सर्व वासना छोड्नु पर्छ। वासनालाई त्याग्नासाथ संसारको त्याग हुन्छ।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥
(गीता० ५।२२)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

जो यी इन्द्रिय तथा विषयहरूका संयोगले उत्पन्न हुने भएका भोग छन् ती यद्यपि विषयी पुरुषहरूका भ्रमले मात्र सुखरूप भान हुन्छन्, यी निःसन्देह दुःखका हेतु र आदि–अन्तवान् अर्थात् अनित्य छन्। यसकारण हे कौन्तेय ! बुद्धिमान् विवेकी पुरुषहरू यी विषयसुखमा सुखी हुँदैनन्।

यही कुरालाई विचार गरी हामीले विषयसुखलाई विष जस्तो जानी त्याग्नु पर्छ। अनि मात्र हाम्रो कल्याण हुन्छ नत्र भने राजा ययातिले आफ्नो छोरा पुरुको आयु लिएर हजार वर्ष विषयभोग भोग्दा पनि तृप्त नभई झन इच्छा बढ्दै गएझैं हाम्रो पनि तृष्णा बढ्दै जाने हुन्छ।

दृष्टान्त—कुनै एक जना दाउरे दाउराको भारी बोकी आइर-हेको थियो। उसलाई पानीको तृषा लागेछ र दाउराको भारी बिसाई समुद्रमा पानी पिउन लाग्दा उसको दृष्टिमा एउटा मणि देखापरेछ। त्यो मणि प्राप्तिको प्रलोभनले गर्दा उसले त्यस गम्भीर समुद्रमा गोता लगाउन आरम्भ गरेछ; परन्तु बारंबार गोता लगाउँदा पनि मणि प्राप्त गर्न सकेन। उसले विचार गर्‍यो मैले बारंबार गोता लगाउँदा पनि के कारणले मणि प्राप्त हुन सकेन ? यदि मणि समुद्रमा नभएको भए यसरी प्रत्यक्ष देखिन पनि नपर्ने ? इत्यादि विचार गरी बारंबार गोता लगाउँदै गएमा कसो प्राप्त नहोला भनी पुनः आरम्भ गर्‍यो। गोता लगाउँदा लगाउँदा उसको शरीर पनि थाकिसक्यो तै पनि त्यो काम उसले छोडेन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यस्तैमा एउटा अनुभवी महात्मा स्नान गर्नको लागि त्यही समुद्रमा आए छन्। उनले दाउरेले बारंबार गोता लगाएको र हताश चित्तले बाहिर निस्केको देखे। दाउरेको अनुहार दुःखी जस्तो देखिन्थ्यो, त्यो मानौ कुन वस्तु प्राप्तिको निमित्त अत्यन्त व्यग्र भएको छ। महात्माले त्यसको नगीचै गएर सोधे—हे दाउरे दाइ! तिमी के को निमित्त यत्तिको व्यग्र भएका छौ र बारंबार समुद्रमा गोता लगाउँछौ? दाउरेको मनमा भने यस्तो विचार उत्पन्न भयो कि यदि मैले भेद खोलिदिएँ भने महात्माले मणिलाई झिकेर लैजानेछन्। अतः भेद खोल्नु ठीक छैन, शास्त्रमा भनेको पनि छ—

मनसा चिन्तितं कर्म वचसा न प्रकाशयेत्।
अन्यलक्षितकार्यस्य यतः सिद्धिर्न जायते॥

मनमा चिताएको कर्म वचनले प्रकाशित नगरोस्, अर्काले थाहा पाएको कार्य सिद्ध हुँदैन। यस्तो विचारले गरी महात्माको कुरालाई केही पनि उत्तर नदिई चूपचापसँग बस्यो।

यस्तैमा महात्माको दृष्टि पनि त्यस मणिमा पर्‍यो। मणिलाई देख्ना साथ महात्माले दाउरेले पानीमा गोता लगाएको रहस्य थाहा पाए। महात्माले भने—दाउरे दाइ! तिमीले गोता लगाएको त्यही मणि प्राप्तिको लागि होइन? अब भने भेद महात्माले थाहा पाएको जानी उसले पनि स्वीकार गर्नै पर्‍यो।

महात्मा—तिमीले गोता लगाएको कति समय भयो?

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

दाउरे—धेरै समय भयो।

महात्मा—तिमीले अन्दाजी कति गोता लगायौ होला ?

दाउरे—त्यसको केही गन्ती छैन, म यहाँ आएदेखि नै गोता लगाइरहेको छु।

महात्मा—केही हात पनि पऱ्यो कि ?

दाउरे—केही पनि परेन।

महात्मा—तब निरन्तर किन गोता लगाइराखेको त ?

दाउरे—गोता लगाउँदा-लगाउँदा कुनै समयमा मणि फेलापर्ला कि भनेर।

महात्मा—यस्तै प्रकार तिमी आफ्नो आयु भर गोता लगाउँदै रहे पनि तिमीलाई त्यो मणि मिल्ने छैन।

दाउरे—किन ?

महात्मा—तिमीले जो मणि देखेका छौ वास्तवमा त्यो त्यहाँ छँदै छैन।

दाउरे—यो तपाईं कस्तो कुरा गर्नु हुन्छ, त्यो त प्रत्यक्ष देखि-रहेको छ।

महात्मा—केहीं हाँसेर, अहिले नै केही समय पछि तिमीलाई सारा भेद ज्ञात हुन जानेछ। जहाँ तिमीले मणि देखेका छौ त्यहाँ अरू केही पनि छ कि ?

दाउरे—एउटा वृक्ष त देखिन्छ।

महात्मा—तब के त्यो वस्तु पानीमा छ, यदि त्यहाँ भएको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

भए यत्तिका चोटी गोता लगाउँदाखेरी वृक्षको पात सम्म त तिम्रो हात पर्न पर्छ कि ?

दाउरे—वृक्षको हाँगा, पात इत्यादि कुनै पनि मैले प्राप्त गर्न सकिन, परन्तु त्यो वस्तु त्यहाँ छैन भने फेरि कहाँ छ त ?

महात्मा—यदि वृक्ष समुद्रमा भएको भए अवश्य तिम्रो हातमा अरू थोक नभए पनि पात त फेला पर्थ्यो। यसकारण त्यहाँ वृक्ष छैन। त्यसैको पानीमा प्रतिबिम्ब मात्र परेको हो। यस्तो भनी महात्माले त्यस वृक्षको एउटा हाँगालाई समाती हल्लाइदिए, वृक्ष हल्लिएकोले पानीमा प्रतिबिम्बित वृक्ष पनि हल्लिएको देखेर उसले निश्चय गऱ्यो कि पानी भित्र वृक्ष, मणि केही पनि रहेनछ। अनि उसले महात्मालाई भन्यो—तपाईंले भन्नु भएको ठीक रहेछ, पानी भित्रको वृक्ष र मणि खाली प्रतिबिम्बमात्र रहेछ। त्यसलाई नै बिम्ब मानेर मैले आफ्नों धेरै समय नष्ट गरें। अब मलाई कृपापूर्वक त्यो बिम्बरूपमणि प्राप्त हुने उपाय बताउनुहोस्।

महात्मा—यदि तिम्रो यस मणिलाई प्राप्त नै गर्ने तीव्र इच्छा छ भने यस वृक्ष माथि चढेर हेर। प्रतिबिम्बमा जहाँ मणिको प्रतीति हुन्छ त्यसैको बिम्बभूत हाँगामा तिमीलाई त्यो मणि प्राप्त हुनेछ।

दाउरेले पनि वृक्षमाथि चढेर समुद्रमा हेर्दा त्यो मणिलाई वृक्षको सबैभन्दा अग्लो हाँगामा झुंडिरहेको छायाँ देख्यो र त्यही हाँगामा चढी मणि प्राप्त गऱ्यो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सिद्धान्त—यो संसार नै समुद्र हो, विषय नै त्यसमा रहेको जल हो, सुख नै मणिको छायाँ हो। यो जीव नै गोता लाउने भएको दाउरे हो, बारंबार जन्मनु मर्नु नै गोता लगाउनु हो, सद्‌गुरु नै महात्मा हुन्, दृढ वैराग्य नै किनाराको वृक्ष हो, साधन त्यस वृक्षमाथि चढनु हो र परमानन्दरूप परमात्माको स्वरूप नै वृक्षमा रहेको मणि हो।

हामीलाई पनि त्यही बिम्बभूत परमानन्दरूप मणि प्राप्त गर्नु परेको छ। त्यसको प्राप्तिको लागि केवल प्रतिबिम्ब स्वरूप विषय क्षणिक आनन्दमा नै भुल्न लाग्यौं भने यो जीवनमा मात्र होइन कि यस्तै अनेकौं जीवनमा पनि परमात्मालाई प्राप्त गर्न सक्तैनौं। हामीले त यस विषय आनन्दमा कहाँबाट प्रतिबिम्ब पर्न आएको रहेछ भनी त्यो आनन्दमा नभुली बिम्बरूप परमात्माको खोजी गर्नु पर्छ। त्यसको लागि दृढ वैराग्य धारण गरी गुरुले बताएको मार्ग अनुसार हिंडेमा अवश्य नित्यानन्दरूप परमात्मालाई प्राप्त गर्न सक्ने हुन्छौं।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्ती सन्यासी

कुनै एक शहरमा एक सन्यासी वेदान्तको व्याख्यान गरिरहेका थिए। उनको व्याख्यानलाई धेरै नरनारीहरूले सुनिरहेका थिए, व्याख्यानमा उनले भने कि—

पृथिव्यां यानि तीर्थानि स्नानदानेषु यत्फलम् ।
तत्फलं कोटिगुणितं ब्रह्मज्ञान समं हि न ॥

पृथ्वीमा भएका सब तीर्थमा स्नान, दान गरेका जति फल छन् ती करोडौंगुना फलले पनि ब्रह्मज्ञानको बराबरी हुन सक्तैन।

यसकारण हरिद्वार, प्रयागराज, नासिक, उज्जैन आदि स्थानहरूमा गई नभएको पैसा खर्च गरी गंगा, यमुना र गोदावरीमा स्नान गर्नु केही आवश्यकता छैन। यदि तिमीहरूलाई स्नान गर्न इच्छा छ भने तिमीहरूकै शरीरमा नै गंगा, यमुना बगिरहेकी छन्। यस्तो आफ्नो शरीरमै बगिरहेकी गंगा, यमुनामा स्नान नगरी भूतलमा बग्ने भएकी गंगा, यमुनामा स्नान गर्नु के काम ? मानिसको नाकको प्वाल तीन हुन्छन्। इडा देब्रे नाकको प्वाल हो र यहाँबाट गङ्गा बगेकी छन्। पिङ्गला दाहिने नाकको प्वाल हो र यहाँबाट यमुना बग्दछिन्। सुषुम्णा यो नाकको प्वाल अदृश्य छ यसैबाट सरस्वती बगेकीछन्। यिनै आफ्ना नाकका

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

प्वालबाट बगेकी गंगा, यमुना र सरस्वतीमा नै स्नान गर्नु पर्छ अनिमात्र कल्याण हुन्छ ।

यस्तैमा सन्यासीको व्याख्यान पनि समाप्त भयो र आफ्नो डेरामा आए। जुन गृहस्थको घरमा सन्यासी बसेका थिए त्यो गृहस्थलाई आजको व्याख्यान मनपरेन र उसले विचार गऱ्यो कि स्वामीले नाकमा गंगा, यमुना र सरस्वती बगेकीछन् भने, अब म स्वामीको परीक्षा गर्दछु। ती सन्यासी पनि खानपिन गरी कोठामा ढोका लगाई सुतेका थिए। त्यो गृहस्थले अरू व्याख्यान सुन्न आएका गृहस्थलाई पनि डाकिल्यायो र आफ्नो विचार प्रकट गऱ्यो। तिनीहरूले पनि स्वामीको परीक्षा लिन मञ्जूर गरे। त्यो घरधनीले बाहिरबाट ढोकामा तालचा लगाइ-दियो, जुन कोठामा स्वामी सुतिरहेका थिए। वैशाख ज्येष्ठको महीना भएकोले गर्मी अतिशय थियो। सुतेको तीन-चार घण्टा पछि ढोका खोल, ढोका खोल भनी स्वामी भित्रबाट कराउन लागे, परन्तु ढोका कसैले पनि खोलिदिएनन्। सबै चूपचापसँग बसिरहे। स्वामीले फेरि जोडसँग कराएर भने शीघ्र ढोका खोल मलाई तृषाले अति सताइरहेको छ। यसरी कराउँदामा पनि कसैले ढोका नखोलेकोले स्वामीले ढोकालाई लात्तीले हान्दै भने त्यहाँ जो भए पनि शीघ्र आएर ढोका खोल पानीको प्यासले गर्दा मेरो प्राण निस्केर जान आँट्यो। अन्तमा धेरै मानिसहरूको अगाडि त्यो घरपतिले तालचा खोलिदियो। ढोका खुल्नासाथ स्वामीजीले भयंकर क्रोध धारण गरी त्यस घरपतिलाई भने, कुन चाहिं मूर्ख-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding: I

पाजीले ढोका बन्द गरिदियो। मलाई भने प्यासले प्राण निस्केर जाला जस्तो भइसक्यो। त्यो घरपतिले हात जोडेर भन्यो, क्रोध नगर्नुहोस्, तपाईंको साथमा पानी छँदै थियो, त्यही पिएको भए भइहाल्दथ्यो। स्वामीजीले भने, हे मूर्ख! मसँग पानी कहाँ थियो, के तेरो टाउको पिउनु? घरपतिले भन्यो, हिजो तपाईंले स्वयं आफ्नो व्याख्यानमा भन्नु भएको थियो कि मानिसको नाकको प्वालबाट नै गंगा, यमुना र सरस्वती बगिरहेकी छन्, त्यहीं स्नान गर्नु भनी भन्नु भएको होइन? जब तपाईंकै घटमा गङ्गा, यमुना र सरस्वती बगिरहेकी छन् भने तपाईंलाई फेरि प्यासले किन सतायो? खूबसित पेट भरी पानी पिएको भए त भइहाल्दथ्यो नि। यस्तो कुरा सुनी स्वामीलाई लाज लाग्यो र तुरुन्त आफ्नो दण्ड—कमण्डलू लिएर अर्कै शहरको बाटो लागे।

स्वामीले व्याख्यान गरेको त ठीकै थियो, परन्तु वेदान्तको राम्रो ज्ञान नभएकोले उनलाई व्यवहारको निमित्त साकार वस्तु नै जरुरत पर्छ भन्ने कुरा थाहा थिएन। निराकार जलबाट न प्यास मेटिन्छ, न लुगा धुन, खेतीपाती आदि गर्नमा नै काम लाग्छ। तैसे भएर न हो निराकार ब्रह्म पनि सांसारिक कार्य गर्नको निमित्त साकाररूपमा त्रिगुणमायाले युक्त भएर प्रकट हुन्छन्। केवल शुद्ध ब्रह्म जगत् सृष्टिको कर्ता हुन नसक्नाको कारण मायाले युक्त हुनु पर्छ। यसै कुरालाई लिएर भागवतमा भनेको पनि छ—

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ।
तथापि लोकाप्ययसंभवाय यः
स्वमायया तान्यनुकालमृच्छति ॥
(८।३।८॥)

जसको जन्म, कर्म, नाम, रूप, अथवा गुण दोषादि केही पनि छैन, तथापि लोकको रचना र प्रलयको निमित्त जो समयानुसार आफ्नी मायालाई स्वीकार गरेर लिन्छन् ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥
(गीता० ४।८)

साधुहरूको रक्षा गर्न र बदमासहरूको नाश गर्न तथा धर्म स्थापन गर्न म युग-युगमा उत्पन्न हुन्छु ।

यस्तै किसिमले स्वामीजीले निराकार र साकारको वर्णन गरिदिएको भए उनलाई पानीको प्यासले सताएर कोठा भित्र बन्द भई रहनु पर्दैनथ्यो । निराकार र साकारको वर्णन यसै पुस्तकको प्रथम भागमा प्रकृति-पुरुषको विवेचन भन्ने लेखमा गरेको हुँदा यहाँ यतिमा नै समाप्त गरिन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वप्न-अवस्था

स्वप्नावस्था सूक्ष्म देह र रजोगुणबाट हुन्छ र यसको स्थान कण्ठ हो। स्वप्नावस्थामा यो जीवात्मा यस लोक र परलोक दुवै देख्तछ र त्यहाँ दुःख र आनन्द दुवैको उपभोग गर्दछ। यस अवस्थामा वासनामय नयाँ शरीरको रचना गरी जगत्‌लाई देख्तछ।

न तत्र रथा न रथयोगा न पन्थानो भवन्त्यथ
रथान् रथयोगान्पथः सृजते न तत्रानन्दा
मुदः प्रमुदो भवन्त्यथानन्दान्मुदः प्रमुदः सृजते।
न तत्र वेशान्ताः पुष्करिण्यः स्रवन्त्यो भवन्त्यथ
वेशान्तान् पुष्करिणीः स्रवन्तीः सृजते स हि कर्ता॥
(बृह० ४।३।१०)

त्यस अवस्थामा न रथ छ, न रथमा जोत्नको लागि अश्वादि छन् र न मार्ग छ। परन्तु त्यो रथ, रथमा जोत्न अश्वादि र रथको निमित्त मार्ग रचना गर्दछ। त्यस अवस्थामा आनन्द, मोद र प्रमोद हुँदैन ता पनि त्यो आनन्द, मोद र प्रमोदलाई रचना गर्दछ। त्यहाँ सानो-सानो कुण्ड, सरोवर र नदीहरू केही पनि छैनन्। त्यो कुण्ड, सरोवर र नदीको रचना गर्दछ-त्यही उसको कर्ता हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

स्वप्नमा पुरुष त सत्य नै हुन्छ, उसले असत्य स्वप्नकालीन स्त्री सृष्टि गरेको मिथ्या छ, परन्तु त्यो मिथ्या स्त्रीसँग भोगगरी आनन्द भोग गर्दछ। स्त्री संयोग मिथ्या हो ता पनि प्रातःकाल वीर्यले वस्त्र दूषित भएको देखिन्छ। यस्तै प्रकार आत्मा त सत्य नै छ किन्तु मायारूपिणी स्त्री र त्यसको साथ आत्माको संयोग मिथ्या छ, फेरि पनि त्यस असत्य संयोगले प्रकट भएको यो जगत् सत्य नै भान पर्छ, यस उसले यो सब कल्पनामूलक हो।

अत्रैष देवः स्वप्ने महिमानमनुभवति। यद्दृष्टं दृष्टमनुपश्यति श्रुतं श्रुतमेवार्थमनु शृणोति। देशदिगन्तरैश्च प्रत्यनु भूतं पुनः पुनः प्रत्यनु भवति दृष्टं चादृष्टं च श्रुतं चाश्रुतं चानुभूतं चानुभूतं च सच्चासच्च सर्वं पश्यति सर्वः पश्यति॥

(प्र० उ० ४।४।५)

यस स्वप्नावस्थामा यो देह आफ्नो विभूतिको अनुभव गर्दछ। यसकोद्वारा जाग्रत्—अवस्थामा जो देखेको हुन्छ त्यस देखेकोलाई नै देख्तछ, सुनेको कुरालाई नै सुन्दछ तथा दिशा—विदिशाहरूको अनुभव गरेको नै पुनः पुनः अनुभव गर्दछ। धेरै कुरा के यो विना देखेर देख्तछ, सुने बिना सुन्दछ, अनुभव गरे

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बिना अनुभव गर्दछ तथा सत् र असत् सबै प्रकारको पदार्थहरू-लाई देख्तछ र स्वयं पनि सर्वरूप भएर देख्तछ ।

य एष सुप्तेषु जागर्ति
कामं कामं पुरुषो निर्मिमाणः ।

(कठ० २।२।८)

यी नानाप्रकारका भोगहरू रचना गर्ने पुरुष अन्य सबै सुतेपछि स्वयं जागा रहेको हुन्छ । यस पुरुषलाई कामनाहरूको निर्माता भनेको छ ।

स्वप्न विषयको शंका—स्वप्नामा भोगको साधनरूप स्थूल देह त अचेत हुनजान्छ, फेरि त्यस समय सुखादिको भोग कसरी हुन्छ ? यदि मानौ कि त्यस समयमा यस व्यवहारको योग्य एक नवीन स्वप्न शरीर उत्पन्न हुन्छ त त्यसको सामग्रीको त सर्वथा अभाव छ, फेरि यो उत्पन्न कहाँबाट हुन्छ ? यदि यो केवल संकल्पजनित हो भनी मानौ भने पनि स्वप्नावस्थाको रमणको अनन्तर यस अचेत पडिरहेको स्थूल शरीरमा वीर्यपात भएको सत्य नै देखिन्छ ?

शंकाको परिहार—स्वप्नकालमा यस देहमा वीर्यपात हुने त्यति मात्र होइन, त्यसको अतिरिक्त भयवश भएर कहिले रुन थाल्दछ. कहिले बडबडाउन लाग्छ तथा कहिले हाँस्तछ र कहिले आफूलाई कृतकृत्य मान्न लाग्छ । आफ्नो पूर्व जाग्रत् अवस्थामा यसले जुन शरीर, युवती, घोडा, हात्ती, व्याघ्र एवं देशादि पदार्थ-

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

हरूको अनुभव गरेको हुन्छ त्यही आफ्नो संस्कार शरीरको आधार लिएर यो तिनीहरूको स्वप्नावस्थामा रचना गर्दछ। जाग्रत् र सुषुप्ति अवस्थाको सन्धिले यस भिन्न स्वप्नावस्थाको अनुभव हुँदैजान्छ। त्यस अवस्थामा यो पुरुष आफ्नो सब इन्द्रियहरूको विषयहरूलाई हटाएर आत्मज्योति हुन जान्छ अर्थात् इन्द्रियहरू बिना नै स्वयं विषय ग्रहण गर्दछ। त्यस समयमा यो अन्तरात्मा आफ्नो शरीरलाई कुनै सुन्दर शय्यामा सुताएर आफ्नो संस्काररूप विषयहरूलाई हेर्दै काहीं घुमिरहेको हुन्छ। तथा आफ्नो शय्यागत शरीरमा केवल श्वास-प्रश्वासमात्र राखी प्राणको रक्षामा छोडिराखेको हुन्छ, मृतकवत् हुन जानाको कारण उसलाई कुक्कुरादि हिंसक प्राणीले खाला कि भनेर।

यसको अतिरिक्त यो स्वप्नाअवस्थामा आफ्नै प्रभावले घोड़ा, रथ, नदी, तलाउ, क्रीडा स्थल, सुहृद, स्त्री, पुत्र, मित्रादिको रचना गर्दछ। स्वप्न अवस्थामा यो जाग्रत् अवस्थामा जीवित भएका कुनै आफ्नो सम्बन्धीलाई मृतक भएको देखेर अकस्मात् उदास हुन जान्छ र मरेकोलाई जीवित देखेर प्रसन्न हुन जान्छ। कसैको मृतक अवस्थाको स्मरण हुँदा हुँदै पनि उसको साथ कुराकानी समेत गर्दछ। यस कारण दुवै अवस्था एकै प्रकारको हुँदा पनि त्यसलाई दीर्घ र अल्प कालको अनुभवको अनुसार जाग्रत्लाई सत्य र स्वप्नालाई असत्य प्रतीत हुन्छ।

इत्यादि वर्णन गरे ता पनि स्वप्ना सर्वथा मिथ्या होइन,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

जसद्वारा भविष्यमा प्राप्त हुने शुभाशुभ लाभको परिचय संकेत रूपमा बोध हुन्छ । श्रुतिमा पनि भनेको छ—

यदा कर्मसु काम्येषु स्त्रियंꣳ स्वप्नेषु पश्यति ।
समृद्धिं तत्र जानीयात्तस्मिन्स्वप्ननिदर्शने ॥

(छा० उ० ५।२।८)

काम्य कर्मको प्रसङ्गमा स्वप्नाको दृश्यमा स्त्रीलाई देख्यो भने यो सम्झनु पर्छ कि जुन गरिने काम्यकर्मको भलीभाँति समृद्धि हुनेछ । तथा यो पनि भनिएको छ कि यदि स्वप्नामा कालो दाँत भएको पुरुषलाई देख्यो भने त्यो मृत्युको सूचक हुन्छ । यसबाट यो सिद्ध हुन्छ कि स्वप्ना सर्वथा व्यर्थ छैन, जो स्वप्नविज्ञानलाई जान्ने विद्वान् छन् तिनीहरू स्वप्नमा देखेको दृश्यको अनुसार भविष्यमा हुने शुभाशुभ घटनाहरूका सूचक बताउँदछन् । यस प्रकारले यहाँ यो पनि सिद्ध हुन्छ कि स्वप्नाको घटना जीवात्माको स्वतन्त्र रचना होइन, त्यो त निमित्तमात्रहो; वास्तवमा सब थोक जीवको कर्मानुसार त्यस परमेश्वरको शक्तिले नै हुन्छ ।

जीवात्मा ईश्वरको अंश भएको हुनाले ईश्वरको समान गुणले पूर्ण छ, परन्तु त्यो सब गुण जीवमा अदृश्य भई लुकेको छ । परब्रह्म परमेश्वरको निरन्तर ध्यान गर्नाले जीवको लुकेको त्यो महान गुण प्रकट हुन जान्छ । परमेश्वरको अराधनाको बिना आपसेआप त्यो गुण प्रकट हुनु असम्भव छ, किनभने यो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अनादि सिद्ध बन्धन र त्यसदेखि मुक्त हुनु उनै जगत्कर्ता परमेश्वरको अधीनमा छ।

यो जीवात्मा परमेश्वरको सबै गुणले पूर्ण छ ता पनि थाहा नपाउनु र प्रकट गर्न नसक्नु त्यो सबको मुख्य कारण जीवात्माको शरीरको साथ एकताको प्राप्त हुन जानु नै हो। यही यसको बन्धन हो र यो अनादिकालदेखि नै छ। यसको कारण जन्मजन्मान्तरको कर्मसंस्कारले परवश भएको यो जीव नाना योनिहरूमा जन्म लिन्छ, मर्छ तथा अनेक प्रकारको दुःखहरू उपभोग गरिरहन्छ।

सुषुप्ति

सुषुप्ति अवस्था कारणदेहको र तमोगुणको हो र यसको स्थान हृदय हो। सुषुप्ति अवस्थामा शरीर र इन्द्रियहरूको थकावट हट्दछ र मस्तसँग सुतेको हुन्छ। त्यो अवस्थामा जीवात्माको स्थिति कस्तो हुन्छ र कहाँ रहन्छ, यस विषयमा श्रुति भन्दछन्—जब जीव सुषुप्ति अवस्थामा प्राप्त हुन्छ, तब केही पनि जान्दैन, जो बहत्तर हजार हिता नाम गरेका नाडीहरू हृदयबाट निस्केर समस्त शरीरमा व्याप्त भइरहेका हुन्छन्, यसरी फैलेर यी समस्त शरीरमा व्याप्त भई शयन गरेका हुन्छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अथ यदा सुषुप्तो भवति यदा न कस्यचन वेद हिता नाम नाड्यो द्वासप्ततिसहस्राणि हृदयात्पुरीततमभिप्रतिष्ठन्ते ताभिः प्रत्यवसृप्य पुरीतति शेते स यथा कुमारो वा महाराजो वा महाब्राह्मणो वाऽतिध्नीमानन्दस्य गत्वा शयीतैवमेष एतच्छेते ।

(बृह० उ० २।१।१९)

यसको पश्चात् जब त्यो सुषुप्त हुन्छ, जुन समय त्यो कसैको विषयमा केही पनि जान्दैन, त्यस समय हिता नाम गरेका जो बहत्तर हजार नाडीहरू हृदयदेखि सम्पूर्ण शरीरमा व्याप्त भएर स्थित रहन्छन्, त्यसकाद्वारा बुद्धिको साथ गएर त्यो शरीरमा व्याप्त भएर शयन गर्दछ । त्यो जुन किसिम कुनै बालक अथवा महाराज तथा महाब्राह्मण दुःखलाई नष्ट गरी आनन्दको अवस्था प्राप्त गरेर शयन गरेका हुन्छन्, त्यस्तै किसिमले यो जीव शयन गरेको हुन्छ ।

तद्यत्रैतत्सुप्तः समस्तः सम्प्रसन्नः स्वप्नं न विजानात्यासु तदा नाडीषु सृप्तो भवतितं न कश्चन पाप्मा स्पृशति तेजसा हि तदा सम्पन्नो भवति ।

(छा० उ० ८।६।३)

यस्तो अवस्थामा जुन समय यो सुतेको छ—राम्ररी लीन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

भएको पुरुष सम्यक् (राम्रोसित) प्रकारले प्रसन्न स्वप्न देख्तैन। त्यस समय यो यी नाडीहरूमा गएको हुन्छ, तब यसलाई कुनै पाप स्पर्श गर्दैन र यो तेजले व्याप्त भएको हुन्छ।

तद्वा अस्यैतदतिच्छान्दा अपहतपाप्माऽभय ᳩं रूपम्। तद्यथा प्रियया स्त्रिया सम्परिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरमेवमेवायं पुरुषः प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरं तद्वा अस्यैतदाप्तकाममात्मकाम-मकाम ᳩं रूप ᳩं शोकान्तरम्।

(बृह० उ० ४।३।२१)

त्यो यसको कामरहित, पाप रहित र अभयरूप हो। जुन प्रकार आफ्नी प्रिय भार्यालाई आलिङ्गन गर्ने पुरुषलाई न कोही बाहिरको ज्ञान रहन्छ र नभित्रको रहन्छ, यस्तै किसिम यो पुरुष प्राज्ञात्ममा आलिङ्गित हुनाको कारण न कुनै बाहिरको विषय जान्दछ न भित्रको; यो उसको आप्तकाम, आत्मकाम, अकाम र शोक शून्य रूप हो।

इत्यादि वर्णहरूबाट यही थाहा हुन्छ कि नाडीहरूको मूल र यस जीवात्मा तथा परब्रह्म परमात्माको निवासस्थान हृदय हो; त्यही ठाउँमा सुषुप्तिमा जीवात्मा शयन गरेको हुन्छ, यसकारण जीवात्माको स्थिति हृदयस्थ नाडीहरूमा र परमात्मामा पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बताइन्छ, यसमा कुनै विरोध छैन। स्थानको एकताको कारण नै कहीं उसलाई ब्रह्मको प्राप्ति, कहीं प्रलयको भाँति परमात्माको साथ संयुक्त हुनु आदि भनिएको छ; परन्तु, इत्यादि भए ता पनि यहाँ यो सम्झनु हुन्न कि यो समाधि तुल्य मुक्तिको सहायक हो। यो त महान् तामसी सुखको उपभोग गराउने भएको अज्ञानमय स्थिति हो।

यदग्रे चानुबन्धे च सुखंमो हनमात्मनः।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥

(गीता० १८।३९)

जुन सुख साधन आदिदेखि अन्तसम्म आत्मालाई मोहमा पार्ने हुन्छ त्यो निद्रा, आलस्य र प्रमादबाट उत्पन्न भएको सुख तामस सुख हो।

स यदा तेजसाभिभूतो भवत्यत्रैष देवः
स्वप्नान्न पश्यत्यथ तदैतस्मिञ्शरीर
एतत्सुखं भवति।

(प्र० उ० ४।६)

जुन बखत यो मन तेजले आक्रान्त हुन्छ त्यस समय यो आत्मदेव स्वप्न देख्तैन। त्यस समय यस शरीरमा यो सुख हुन्छ। अर्थात् मन जब तेजले र उदानवायुले गरी दबेर जान्छ, अनि उदानवायुले इन्द्रियहरू सहित मनलाई हृदयमा लिएर गई मोहित गरिदिन्छ, तब सुषुप्ति अवस्था हुन्छ र स्वप्ना देखिदैन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

जुन वस्तु जसमा विलीन हुन्छ त्यो त्यहाँबाट प्रकट पनि हुन्छ। यो जीवात्मा सुषुप्तिको अन्त भएपछि परमात्माको निवास-स्थान हृदयबाट नै जाग्रत् हुन्छ, यस कारण जीवको लय हुने स्थान पनि त्यही हो, यो आपसेआप सिद्ध हुनजान्छ। यो जाग्नु परमात्माको व्यवस्थाबाट हुन्छ। जति समयसम्म उसको प्रारब्ध अनुसार सुषुप्तिको सुखभोग हुनुपर्छ त्यति समय पूरा भएपछि ती परमेश्वरको व्यवस्थाबाट जीवात्मा जाग्रत् हुन जान्छ, यहाँ यो कुरा बुझ्नु पर्छ। जुन जीवात्मा सुत्छ, त्यही जाग्छ। सुत्ने एउटा जाग्ने अर्को, यस्तो मान्नु ठूलो दोष हो। यस्तो देखिन्छ कि मनुष्य पहिले दिन जुन कर्मको आरम्भ गर्दछ, त्यसको शेष भागको पूर्ति दोस्रो—तेस्रो दिनसम्म गर्दै रहन्छ। आधा काम अर्कोले गरेको होस् र शेष आधा कामलाई आफैंले छोडेको सम्झेर त्यसको पूर्ति अर्कैले गर्नु यो हुन सक्तैन तथा जागा भएपछि पहिलेको सब कुराको स्मृतिको साथ—साथ यो पनि स्मरण आपसेआप हुन्छ कि जो अहिलेसम्म सुतेको थियो, त्यही म अब जागा भएको हुँ। जसलाई जे कर्म गर्न आज्ञा दिएको छ उसले त्यो कर्म पूरा गरी छोड्दछ। एउटालाई गर्न दिएको कर्म अर्काबाट पूरा हुन सक्तैन। यो सब कारणद्वारा यो सिद्ध हुन्छ कि जुन जीवात्मा सुषुप्तिकालमा विलीन हुन्छ, त्यही नै जाग्छ।

यस सुषुप्ति अवस्थाको द्रष्टा आफैलाई मान्नुपर्छ किनभने सुषुप्तिबाट जागेपछि यस्तो भन्दछौं कि म यस्तो सुखले सुतें कि मलाई केही पनि संझना रहेन भन्ने कुरा जागा भएपछि हामीलाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

स्मृति हुन्छ। यदि सुषुप्ति अवस्थामा सुखको भाव तथा प्रपञ्चको अभावको हामीले अनुभव नगरेको भए जागा भएपछि यस्तो कसरी भन्न सक्नु ? कि म आज राती यस्तो सुखले सुतें, मलाई केही पनि थाहा भएन। यदि त्यो अवस्थाको अनुभव नभएको भए थाहा पनि हुँदैनथ्यो। यसबाट यो सिद्ध हुन्छ कि त्यस अवस्थाको अनुभव हामीले गरेका रहेछौं र स्मृत भयो। अनुभव गरेको विषय नै स्मृति हुन्छ, अनुभव नगरेको कुराको स्मृत हुन असम्भव छ ! जस्तै कोही मानिस काशी गई विश्वनाथको मन्दिर, मणिकर्णिकाघाट देखेर उसले अनुभव गरेको हुन्छ तब त्यो मानिसलाई आफ्नो घरमा आए पछि पनि काशीमा देखेको विश्व-नाथको मन्दिर, मणिकर्णिकाघाट स्मृति गोचर हुन्छ। यस्तै किसिमले सुषुप्तिको अनुभव गरेकोले नै जागेपछि पनि स्मृति भएको हो।

दृष्टान्त—एकजना पुलिस रातमा मार्गमा बसी पहरा गर्दथ्यो। भोलिपल्ट बिहान उसलाई हाकिमले सोधे, रातको दुइबजे यस सड़कबाट भागेर को गएको थियो, त्यसलाई तैंले देखिस् ? पुलिस उत्तर दिन्छ कि त्यस समयमा त कोही पनि यहाँबाट भागेर गएको थिएन। पुलिसको उत्तरबाट यो सिद्ध हुन्छ कि भागेर जाने कोही पनि थिएन किन्तु कोही पनि नभएको देख्ने चाहिं पुलिस थियो तब त्यसले कोही पनि थिएन भन्न सक्यो। यदि पुलिस स्वयम् त्यस समय नभएको भए "कोही पनि थिएन" यस्तो कसले भन्दथ्यो ? यस्तै किसिमले निदाएको समय मैले

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

केही पनि जानिन भनी जागा भएपछि जो भनिन्छ यसबाट सिद्ध हुन्छ कि निद्राको समय कुनै द्वैत प्रपञ्च थिएन किन्तु प्रपञ्चको अभावलाई जान्ने भएको आत्मा स्वयम् थियो। सुषुप्ति अवस्थाको द्रष्टा आफ्नै स्वरूप आत्मा त्यस अवस्थामा साक्षी-रूपले रहेको हुन्छ। यी सब अवस्थाको साक्षी चैतन्य आत्मा स्वयम् आनन्दरूप रहेछु, म नभएको काल कहिले पनि रहेनछ, अर्थात् मेरो नाश कहिले पनि हुँदो रहेनछ नित्य मै नै रहेछु भनी हामीले जान्नुपर्छ।

जीवको मोहका सात अवस्थाहरू

अज्ञानका सात अवस्थाहरू नै जीवका सात प्रकारका मोहका अवस्थाहरू बन्न गएका छन्। यी अवस्थाहरूका अन्तर्गत अरू अनेक अवस्थाहरू छन्; परन्तु मुख्य यी सातै हुन्। क्रमशः १ बीजजाग्रत् २ जाग्रत् ३ महाजाग्रत् ४ जाग्रत्स्वप्न ५ स्वप्न ६ स्वप्नजाग्रत् ७ सुषुप्ति हुन्। आफ्नो आत्मस्वरूपमा न अडी चंचलतामा प्राप्त भई चित्तले अन्य पदार्थको चिन्तन गर्नु नै मोह हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बीजजाग्रत्—आदि शुद्ध चिन्मात्र (चेतनमात्र) अशब्दपद तत्त्वद्वारा चेतनताको अहं जुन हो त्यसको भविष्य जीव हुन्छ। त्यो सर्व पदार्थहरूको बीजरूप हो र त्यसको नाम बीजजाग्रत् हो।

जाग्रत्—त्यसको अनन्तर जो अहं र यो मेरो भन्ने इत्यादि दृढ हुन्छ र जन्म जन्मान्तरमा भासतछ त्यसको नाम जाग्रत् हो।

जाग्रत्स्वप्न—यो हो, म हुँ इत्यादि शब्दद्वारा तन्मय हुनु र जन्मान्तरहरूमा बसेको छदाँ जो मन स्फुरण हुन्छ। मनोराजमा त्यो स्फुरणलाई दृढ भासनुलाई जाग्रत्स्वप्न मानेको छ र चन्द्रमामा अर्को चन्द्रमा, सीपीमा चाँदी, मृग तृष्णाको जल इत्यादि विपरीत भासनु पनि जाग्रत्स्वप्न हो।

स्वप्न—निद्रामा जब मन फुर्न लाग्छ र त्यसदेखि नाना पदार्थ भासन लाग्दछन् अनि जब उठ्तछ तब भन्दछ कि मैले अल्पकालमा अनेक पदार्थ देखें। निद्राकालमा जो देखिएको थियो त्यसलाई असत्यरूप जाग्रतमा जान्न लाग्छ। त्यस निद्राकालमा मनको फुर्नुको नाम स्वप्न हो।

महाजाग्रत्—स्वप्नको समयमा दृढ प्रतीत हुन गई दीर्घकाल व्यतीत भएको यस्तो प्रतीत हुन जानु महाजाग्रत् हो।

स्वप्नजाग्रत्—महाजाग्रत्मा आफ्नो ठूलो शरीर देख्यो र उसैमा अहं मम भाव दृढ हुन गई आफैलाई सत्य ठानेर जन्म-मरण आदि देख्यो भने देह रहोस् अथवा नरहोस् उसको स्वप्नजाग्रत् हो। त्यस्तो स्वप्ना महाजाग्रत् रूपलाईमात्र प्राप्त हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सुषुप्ति—यी ६ अवस्थाहरूका जहाँ अभाव हुन्छन् र जड-रूप र भविष्यत् हुनुको नाम सुषुप्ति हो। त्यस अवस्थामा घास, ढुङ्गा, वृक्ष आदिमा स्थित हुनु जुन हो अज्ञानीको सप्तभूमिका हो, त्यसमा एकएकमा अवस्था भेद छ। स्वप्न चिरकालमा जाग्रत् रूप हुन जान्छ। त्यसको अन्तर्गत स्वप्नजाग्रत् जुन छ र फेरि त्यसको अन्तर्गत अर्कै छ। यस एकएकको अन्तर अनेक छन्। यो मोहको घनता हो यसमा जीवलाई भ्रम हुन्छ। जस्तो पानी तलभन्दा पनि तल बगेर जान्छ, त्यस्तै जीव मोहको अन्तर मोह नै पाउँछ। यो अज्ञानको अवस्था भनियो जसमा नाना प्रकारको मोह र भ्रम विकार छन्। यसदेखि विचार गरेर महात्मा पुरुषहरू पछि आत्मा विचार गरी निर्मल बोधवान् हुन जान्छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ईश्वर

कुनै एक महात्मा गाउँको नगीच बस्दथे। ती महात्मा कहाँ अनेक प्रकारका मानिसहरू गई प्रश्न गर्दथे। महात्मा पनि प्रश्न कर्ताहरूलाई यथोचित उत्तर दिन्थे। एक दिन एक प्रोफेसरले गएर महात्मासँग प्रश्न गरे। ईश्वर कहाँ बस्दछन्? कुन दिशामा मुख फर्काई बसेका हुन्छन्? उनी के गर्दछन्?

महात्माले एउटा कचौरामा दूध ल्याई प्रोफेसरलाई भने— यसमा मक्खन कहाँ छ? प्रोफेसर—सर्वत्र छ। महात्माले भने— यस्तै प्रकारले ईश्वर सर्वत्र व्याप्त छ जसरी दही मथनाले त्यस-देखि मक्खन निस्कन्छ, त्यस्तै भक्तहरू आफ्ना हृदयमा मथेर भग-वान्लाई प्रकट गर्दछन्। दोस्रो प्रश्नको उत्तर दिनाको निमित्त महात्माले बलेको दीपक ल्याएर प्रोफेसरलाई सोधे यस दीपकको मुख कता तिर फर्केको छ? प्रोफेसरले भने—सबैतिर छ। महा-त्माले भने—ठीक यस्तै किसिमले ईश्वरको प्रकाश पनि सर्वत्र फैलेको छ। तेस्रो प्रश्नको उत्तरमा महात्माले प्रोफेसरको साथमा आएको नोकरलाई बसेको ठाउँबाट उठाई त्यस ठाउँमा प्रोफेसर-लाई बस भने र उनको ठाउँमा नोकरलाई बसाले। यसमा उनले महात्मालाई भने के यस्तो तपाईंले गर्नुभएको? महात्माले भने— जसरी मैले नोकरको ठाउँमा मालिकलाई बसाएँ, यस्तै प्रकार

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

ईश्वर पनि मनुष्यको कर्मानुसार राजालाई रंक र रंकलाई राजा बनाउँदछन्।

यस्तो प्रमाणयुक्त उत्तर पाएकोमा प्रोफेसर अति खुसी भई महात्माको प्रशंसा गरी त्यस दिनदेखि वैदिक धर्मको महत्त्व बुझी बारंबार महात्मा कहाँ सत्सङ्ग गर्न जाने भए।

केही दिन पश्चात् महात्मा कहाँ एक नवयुवक गई प्रश्न गरे। ईश्वर किन देखिदैनन्? मानिस उनकै प्रेरणाले सब काम गर्दछन्। फेरि खराव काम गर्नेलाई किन दण्ड दिन्छन्? जीव र ईश्वरको तुलना महावाक्यमा एकै गरेको छ भनी पण्डितजीहरू भन्दछन्। यस्तो हो भने जीवलाई दण्ड दिनामा ईश्वर कसरी सामर्थ भए?

महात्माले विचार गरे कि शास्त्रप्रमाणद्वारा ईश्वरमा मन बुद्धि, नेत्र, श्रोत्र, वाक् इत्यादिका गम्य हुँदैनन् अर्थात् यिनीहरूबाट जान्न, देख्न र सुन्नमा आउँदैन भनौभने बुझ्न कठिन पर्नेछ र मैले दिएको शास्त्रप्रमाण निरर्थक हुने छ। यसकारण प्रत्यक्ष प्रमाणद्वारा सम्झाउनु पर्‍यो भनी एउटा ईंटको टुक्राले त्यस नवयुवकलाई हाने। त्यस पुरुषलाई घाउ त मामुली नै लागेको थियो, तर प्रश्नको उत्तर दिनुपर्नेमा उल्टो ढुङ्गाले आफूलाई हानेकोमा अति क्रोधित भई महात्मालाई भन्यो, यदि तपाईंमा मेरो प्रश्नको उत्तर दिने सामर्थ्य थिएन त मबाट यसको उत्तर हुन सक्दैन भनेको भए भई हाल्दथ्यो, ढुङ्गाले किन हान्नु पर्दथ्यो भनी पुलिसलाई उजुर गर्न गयो। पुलिस आई महात्मालाई पक्री

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

ठानामा लग्यो । ठानामा हाकिमले महात्मालाई किन यस पुरुष-लाई ढुङ्गाले हानेको भनी सोधे ? महात्माले भने—त्यसले सोधेको तीन प्रश्नको उत्तर दिएको हुँ । हाकिमले भने कसरी ? महात्माले भने—यस मनिष्यले मलाई घाउ लाग्यो भनी जो उजुर गऱ्यो, यसलाई लागेको घाउदेखि यसलाई जुन पीडा भयो त्यो म देख्न चाहन्छु । त्यस पीडालाई देखेर नै म यसलाई ईश्वर देखाउँनेछु । फेरि अर्को कुरा त यो छ कि मैले जे गरें त्यो ईश्वरको प्रेरणाले गरेको हुँ । त्यसकारण मैले यसलाई ढुङ्गाले हानेकोमा यो मलाई अपराधी किन सम्झन्छ ? यस्तै किसिमले ईश्वर पनि पापिष्ट-मूर्खलाई दण्ड दिन्छन् । फेरि यसको शरीर पनि माटोले बनेको हो र मैले पनि माटैले बनेको इंटको टुक्राले हानेको हुँ । तब माटोले माटोलाई कसरी दण्ड दिन सक्छ ? यस्तै प्रकार जीव ईश्वरको अंशबाट बनेको छ र ईश्वरदेखि भिन्न छैन ता पनि ईश्वर जीवलाई दण्ड दिनामा सामर्थ हुन्छन् । यस्तो प्रकारको उत्तर सुनेर हाकिम खुसी भए । महात्माले केवल बोध गराउँनाको उद्देश्यले ढुङ्गाले हानेका रहेछन् भनी उनलाई निर्दोषी ठहराएर छोडिदिए । त्यो नवयुवक पनि यस किसिमको उत्तर पाएकोमा हर्ष मानी महात्मालाई प्रणाम गरी घर फर्क्यो ।

यहाँ लेखकको यो भनाई छ कि आफ्नो हिन्दू धर्मलाई अव-हेलन गरी जुन हाम्रा बन्धुहरू पश्चिमी देशको रहन-सहन, धर्म-कर्मलाई अप्नाउँछन् त्यस्ताहरूलाई पण्डितजीहरूले राम्रो-सँग हाम्रो वैदिक धर्मको बोध गराइदिएको खण्डमा अवश्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उनीहरू पनि हाम्रै वैदिक धर्मलाई अप्नाउँने छन्। हिन्दूले हिन्दू-धर्म किन मन नपराउँनु ? यसमा पण्डितजीहरूले नै राम्रो बोध गराउन सक्नु पर्छ भन्ने भनाई हो।

उमेर घटाउने र बढाउने साधन

प्रिय पाठकहरू हो, यो एउटा अचम्भको तरीका योग विद्याद्वारा प्राप्त हुन आएको छ। जो हरेक परीक्षामा सिद्ध प्रतीत हुन्छ र यस कामलाई सम्झी ग्रहण गर्नाले हामी सबैलाई अति लाभदायक हुन आउँछ। जुन कुरा बुद्धि विचारमा आउँछ त्यसैलाई ठीक मानिन्छ।

योग सिद्ध पुरुषले आयुलाई घटाउनेबढाउने विषयमा यस्तो सहज मार्ग बताएका छन् जो भनेर मात्र काम बन्दैन। यदि हामी ती योगीको यस कुरालाई मानौं र त्यसको अभ्यास गरौं त निःसन्देह हाम्रो आयु बढ्न जान्छ किनभने यो युक्तिले हुन्छ। जुन थैलीमा सय रुपैयाँ राखेको छ, यदि त्यो रुपैयाँ खर्च नगरी त्यसै राखिरह्यो भने थैली सदैव भरी नै रहने छ। त्यहाँबाट झिक्दै खर्च गर्ने गर्‍यौं भने केही दिनमा नै थैली खालिहुन्छ भन्ने कुरा सर्व साधारणलाई समेत थाहा छ। यस्तो प्रकारले अब यस शरीर-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

रूपी थैलीमा २१६०० श्वास छ। हिसाब गर्दा प्रत्येक मनुष्यलाई १२० वर्षसम्म बाँच्नाको लागि शरीरभित्र रहेको छ। यदि त्यसदेखि १२ श्वास नित्य हिसाबले खर्च गर्‍यो भने यो दीर्घकाल चल्न सक्तछ। त्यसको सट्टा यदि १८-३२-६४ स्वरहरूको चालले नित्य खर्च गर्‍यो भने यो सिद्ध छ कि त्यो मानिस पाँचगुणा पहिले नै आयु समाप्त गर्दछ। यसको उदाहरण विद्यमान छ, जस्तै वेश्यागामी वा धेरै श्वास व्यय गर्ने पुरुष कति-चाँडै मरेर जान्छन्। कारण यो हो कि स्त्रीसंगम गर्नाले पुरुषको एक मिनेटमा ६४ श्वास चल्दछ। ४० थोपा रगतको एक थोपा वीर्य बन्दछ, एक पटकको मैथुन क्रियामा २० थोपा वीर्य पतन हुन्छ। २० थोपा वीर्य बन्नलाई ८०० सय थोपा रगत चाहिन्छ। अनुमान गर्दा झण्डै आधा चौथाई रगत जान्छ। साधारण चालमा एक मिनेटमा १५ श्वासको हिसाबले चल्दछ। विशेष परिश्रम पर्ने काम गर्नाले श्वास छिटो-छिटो चल्दछ, त्यस्तो कर्म गर्नाले शरीरको बल घट्न जान्छ किनभने श्वासलाई छिटो चलाउनु बलको क्षय गर्नु हो।

सिद्धान्त—यो हो कि जुन काम गर्नाले धुक्-धुक् आउँछ त्यस समयमा श्वास छिटो-छिटो चालले चलेको हुन्छ, त्यस्तो काम गर्नाले जीवको आयु घटेर जान्छ। अर्को कुरा मादक पदार्थको सेवन् गर्नाले अर्थात् जाँड, रक्सी, गाँजा, भाँग इत्यादिको सेवनले गर्मी हुने हुनाले श्वास छिटो चल्न गई उमेर घट्न जाने हुन्छ। यो योगशास्त्रको कथन हो र योगीहरूको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

मत हो । योगीराजहरूले स्वर साधन वा श्वासको गतिलाई पूर्ण गर्नाको निमित्त एक नियम यस्तो सुगम निर्माण गरेका छन् कि जसलाई धारण गर्नाले हामी आफ्नो शरीरमा श्वासको संख्या बढाउँन सक्तछौं । त्यस कर्मलाई प्राणायाम भन्दछन् । प्राणायामको बाहेक कसैमा पनि श्वासलाई बढाउने शक्ति हुँदैन ।

भावनाशक्ति

भावना अन्तःकरणको एक वृत्ति हो । सङ्कल्प, निश्चय, चिन्तन, मनन आदि यसका नाम हुन् । स्वभावको अनुसार भावना, भावनाको अनुसार इच्छा, इच्छाको अनुसार कर्म, कर्मको संस्कारहरूको अनुसार स्वभाव एवं स्वभावको अनुसार भावना हुन्छ । यस्तो प्रकारले यो चक्र घुमेर रहेको हुन्छ । सत्वगुणबाट उत्तम कर्म एवं उत्तम भावना पैदा हुन्छ र रजोगुण र तमोगुणको खराब कर्म एवं खराब भावनाको नाश गरिदिन्छ । अनि अन्तःकरण पवित्र हुनगई परमात्माको प्राप्ति हुन जान्छ ।

हात्ती इत्यादि बलवान् प्राणीहरूमा विचारको एकाग्रता हुनाले अर्थात् यस्तो र यतिको बल मेरो शरीरमा पनि छ अर्थात् म त्यस प्राणीको समान हुँ, अथवा त्यही म हुँ । यस्तो भावना गर्नाले साधक त्यस्तै बलवान् बन्न सक्तछ । यस्तै प्रकारले सिंह, व्याघ्र,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हात्ती, गैंडा, गोही, गरुड, वायु, जल, अग्नि वज्र, शस्त्र आदि पदार्थहरूको बलमा संयम गर्नाले तिनीहरूको तुल्य अपार बलको प्राप्ति हुन सक्तछ । यसको प्रत्यक्ष प्रमाण केही समय अघिसम्म राममूर्ति, श्रीकृष्ण मिशन, दोरास्वामी आदि मौजूद थिए । हेर, बिच्छीको दंश अणुमात्र हुन्छ, सारा शरीरलाई व्याकुल गरिदिन्छ । विद्युत अणुमात्र हुन्छ, तर ठूला-ठूला पर्वतहरूलाई लडाइदिन्छ । नाद (शब्द) अत्यन्त हलुका हुन्छ तर स्त्रीहरूको गर्भलाई खसालिदिन्छ । यस्तै प्रकार सूक्ष्म लिङ्ग शरीर अदृश्य भएर पनि यतिको बलवान् छ कि हजारौं मानिसदेखि जुन काम हुन सक्तैन त्यो एक सामान्य मानिस एक क्षणमा गरेर देखाउँछ । जब यस्तो सूक्ष्मशरीरमा यतिको अपार शक्ति भरेर रहेको छ भने उसमा विचारको संयम गर्नाले अर्थात् तदाकार (उही स्वरूपको) तद्रूप (उही स्वरूपको) भएर जाँदा साधकमा उपर्युक्त बल किन उत्पन्न नहुनु ? सूक्ष्मशरीरको साथ विद्युत शब्द एवं नादको घनीभूत संबन्ध हुनाले जुनजुन पदाथमा संयम गरिन्छ उसमा रहेको शक्तिको आकर्षण हुन सक्तछ ।

जो मानिस कुनै पनि कार्यलाई असम्भव मान्दैन उसको निमित्त कष्टसाध्य कार्य पनि सुखसाध्य बन्न जान्छ । यूरोपमा नेपोलियन बोनापार्टले यो कुरा प्रत्यक्ष गरेर देखाइदिएका थिए कि संसारमा भावना एउटा यस्तो वस्तु छ, जो अल्प बल भएकोलाई पनि महान् वीर र धीर बनाइदिन्छ । कहाँ यूरोपका ठूला-ठूला राजाहरूका अनेक सेना र कहाँ एकलो नेपोलियनको अति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

अल्प दल। केवल उत्साह र दृढ भावनाको बलले उनले सारा यूरोपलाई थर्काइदिएका थिए। नेपोलियनको यो सिद्धान्त थियो कि पुरुषको प्रयत्नबाट जुन सुकै कठिन कार्य पनि साध्य हुन-सक्छ, उसलाई असाध्य मानेर छोडिदिनु आफ्नो नामर्दपना र मूर्खताको परिचय दिनु हो। नेपोलियनको हृदयरूपी कोशमा असम्भव शब्दको कहीं स्थान नै थिएन। त्यस्तै नेपालमा पृथ्वी नारायण शाहको उपमा दिन सकिन्छ। नेपोलियनले जस्तो सांसा-रिक विजयको लागि कोशीश गरेका थिए, त्यस्तै आफ्नो कल्याण गर्न इच्छा भएका भक्तहरूले भगवत् प्राप्तिको दृढ भावना लिई कटिबद्ध हुनुपर्छ।

भगवान्मा विश्वास गर्नेलाई र भगवान्को चिन्तन गर्नेलाई त स्वयं भगवान् सहयोग दिनु हुन्छ, जस्तै अर्जुनलाई दिनु भएको थियो। भगवान् श्रीकृष्ण भन्नु हुन्छ—

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते।

(गीता० १०।१०)

ती सदा मेरा ध्यानमा लागेका प्रेमपूर्वक मेरो भजन गर्ने भक्तहरूलाई म बुद्धि योग दिन्छु जसद्वारा तिनीहरू ममा प्राप्त हुन्छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥
(गीता० ९।२२)

जो म बाहेक अरू केही पनि नजान्ने मानिस छन्, जो केवल मेरो ध्यान गरेर अरू केही कुराको वास्ता नराखेर मैलाई भज्दछन् ती बराबर म तिर लागिरहेकाहरूका निमित्त तिनले नपाउने वस्तु तिनलाई दिने र तिनीहरूसँग भएको वस्तुका रक्षा गर्ने भार पनि म आफै लिन्छु ।

अर्जुनलाई कार्यमा प्रवृत्त गराउन भगवान् उत्साहित तुल्याउनुहुन्छ ।

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ॥
(गीता० २।३)

हे अर्जुन ! नपुंसकतामा प्राप्त न हौ यो तिम्रो योग्य छैन । हे परंतप ! तुच्छ हृदयको दुर्बलतालाई त्याग गरेर युद्धको लागि खडा हो ।

यस्तै प्रकार हामीले पनि भगवान्को वचनलाई विश्वास मानी आफ्नो हृदयको दुर्वलतालाई त्याग्नु परेको छ अर्थात्—

नष्टो मोहः स्मृतिर्लब्धात्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥
(गीता० १८।७३)

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

हे अच्युत् ! तपाईंको अनुग्रहले मेरो मोह नाश भयो । म फेरि स्मरण पाउँन थालें । सब सन्देह नाश हुनाले म अब निःसन्देह भएर खडा छु । तपाईंको आज्ञा शिरोपर गरी त्यसलाई कार्यमा परिणत गर्ने सङ्कल्प गर्दछु भनेर जसरी अर्जुन युद्ध गर्न तयार भए हामीले पनि भगवान्को वचनलाई शिरोपर गरी काम, क्रोधरूपी शत्रुहरूसँग युद्ध गरी विजय प्राप्त गर्नु परेको छ । यसको लागि हामीले कटिबद्ध भएर भगवत्प्राप्ति गर्न कोशीश गर्नुपर्छ । हामी पनि भगवान्को अंश हुनाले आफूलाई बल हीन, बुद्धि हीन मान्नु हुन्न । अग्निको झिल्का जस्तै जीवात्मा परमात्माको अंश हो । जस्तै अग्निको स्यानो झिल्का पनि वायुको सहयोग पाई सारा ब्रह्माण्डलाई जलाउँन सक्तछ त्यस्तै यो जीवात्मा पनि सत्संगरूपी वायुको बलले समस्त पापहरूलाई जलाई संसार-समुद्रलाई गोपादको तुल्य नाघ्न सक्तछ । समुद्र नाघ्ने समयमा हनूमानले जुन किसिमले आफ्नो शक्तिलाई भूलेका थिए त्यस्तै हामीहरूले पनि आफ्नो शक्तिलाई भूलेका छौं । जाम्बवानले हनूमानको बल स्मरण गराउनासाथ उनले तुरुन्त समुद्र नाघे । हामीलाई पनि जब महात्माहरू हाम्रो स्वरूपको ज्ञान तथा शक्तिको स्मरण गराइदेलान् तब हामीमा संसार-समुद्र नाघ्ने शक्ति आउला । जस्तै बाँदरहरूमा समुद्र नाघ्ने शक्ति केवल हनूमानमा मात्र थियो त्यस्तै चौरासी लाख योनिमा संसार-समुद्र नाघ्ने शक्ति मनुष्य योनिमामात्र छ । जस्तो श्रीरामले हनूमानलाई पात्र सम्झेर आफ्नो औंठी दिई

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

पठाउनु भएको थियो, त्यस्तै नै भगवान्‌ले मनुष्यलाई नै आत्मोद्धारको अधिकार दिनु भएको छ। जबसम्म हामी आफ्नो क्षुद्र भावनाको अन्त गर्दैनौ र भगवान्‌ले दिएको अधिकार प्रयोग गर्दैनौ तबसम्म न देशको कल्याण गर्न सक्छौं न आत्मोद्धार नै गर्न सक्ने हुन्छौं।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

वेदान्त प्रक्रिया

(१) स्थूलदेह—को गुण सत्वगुण, अवस्था जाग्रत् र स्थान नेत्र हो । यसमा चौबीस तत्त्व हुन्छन् । पञ्चमहाभूत, अहङ्कार, बुद्धि, मूलप्रकृति, दश इन्द्रिय, मन र पञ्चतन्मात्रा । यसै स्थूल-देहको कोश अन्नमय हो ।

(२) सूक्ष्मदेह—को गुण रजोगुण, अवस्था स्वप्न र स्थान कण्ठ हो । यसमा सत्रह तत्त्व हुन्छन् । पाँच प्राण, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय तथा मन र बुद्धि । यसै शरीरको अन्तर्गतमा तीन कोश छन्, प्राणमय, मनोमय र विज्ञानमय ।

(३) कारणदेह—को गुण तमोगुण, अवस्था सुषुप्ति र स्थान हृदय हो । यसलाई आनन्दमय कोश मानिएको छ किनभने आनन्द-साथ सुतेको हुन्छ ।

(४) पञ्चतत्त्वमा आकाशबाट—श्रोत्र (कान) पैदा हुन्छ र देवता दिशाद्वारा शब्द सुनिन्छ, वाक् (वाणी) पैदा हुन्छ र देवता अग्निद्वारा बोल्नु क्रिया हुन्छ, व्यानवायु पैदा हुन्छ र देवता ईशानद्वारा रक्तसञ्चार क्रिया हुन्छ ।

वायुबाट—त्वचा (छाला) पैदा हुन्छ र देवता वायुद्वारा शीत, उष्ण आदि भएको थाहा हुन्छ, पाणि (हात) पैदा हुन्छ र देवता इन्द्रद्वारा लिनुदिनु क्रिया हुन्छ, अहङ्कार पैदा हुन्छ

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

र देवता रुद्रद्वारा अहन्ता पैदा हुन्छ, उदानवायु पैदा हुन्छ र देवता तत्पुरुषद्वारा खाएपिएको अन्नजललाई शरीरको भिन्न-भिन्न ठाउँमा पुऱ्याउने क्रिया हुन्छ।

तेजबाट—चक्षु (आँखा) पैदा हुन्छ र देवता सूर्यद्वारा रूप देखिन्छ, पाद (पाउ) पैदा हुन्छ र देवता वामनद्वारा हिंड्नु क्रिया हुन्छ, चित्त पैदा हुन्छ र देवता वासुदेवद्वारा चञ्चल क्रिया हुन्छ, समानवायु पैदा हुन्छ र देवता अघोरद्वारा खाएको अन्नलाई पचाउने क्रिया हुन्छ।

जलबाट—रसना (जिभ्रो) पैदा हुन्छ र देवता वरुणद्वारा स्वाद थाहा हुन्छ, पायु (गुदा) पैदा हुन्छ र देवता यमद्वारा मलत्याग क्रिया हुन्छ, बुद्धि पैदा हुन्छ र देवता ब्रह्माद्वारा निश्चय हुन्छ, अपानवायु पैदा हुन्छ र देवता वामदेवद्वारा मलमूत्र त्यागरूप क्रिया हुन्छ।

पृथ्वीबाट—घ्राण (नाक) पैदा हुन्छ र देवता अश्विनीकुमारद्वारा सुगन्धदुर्गन्ध थाहा हुन्छ, उपस्थ (लिङ्ग) पैदा हुन्छ र देवता प्रजापतिद्वारा विषयानन्द भोग क्रिया हुन्छ, मन पैदा हुन्छ र देवता चन्द्रमाद्वारा सङ्कल्पविकल्प हुन्छ, प्राणवायु पैदा हुन्छ र देवता सद्योजातद्वारा श्वासउच्छ्वास लिने क्रिया गर्दछ। इत्यादि प्रकारबाट थाहा हुन्छ कि पञ्चमहाभूतको र देवताको पारस्परिक सम्बन्ध भएकोले नै शरीरको जन्म र प्रत्येक क्रिया हुन्छ।

(५) पञ्चतन्मात्रा—शब्द, स्पर्श, रूप, रस र गन्ध।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

(६) सप्तधातु—रस, रक्त, मांस, मेदा, अस्थि, मज्जा तथा शुक्र।

(७) अभिमानी जीव—अविद्याको वशरहेको एउटा आत्मा छ त्यो अविद्या अनेक प्रकारको छ त्यसैलाई कारण शरीर भन्दछन्। स्थूलसूक्ष्मशरीरको कारणभूत सुषुप्ति अवस्था हुन्छ। यही कारण शरीरलाई म भनेर अभिमान गर्ने हुनाले प्राज्ञ भन्दछन् र यसैलाई जीव पनि भन्दछन्।

सत्रह तत्त्वले बनेको सूक्ष्मशरीरलाई तेज शब्दको वाच्य अन्तःकरणले उपलक्षित जो सूक्ष्मशरीर छ र स्वप्नावस्था हुन्छ, त्यसलाई अभिमान गरी म हुँ भन्ने तैजस भनिन्छ।

स्थूलदेहमा रहेको जुन हिरण्यगर्भ छ त्यसलाई वैश्वानर भन्दछन्। स्थूल देह र त्यसको जाग्रत् अवस्थाको व्यष्टिरूपले अभिमान गर्ने हुनाले विश्व भन्दछन्।

(८) जीव र ईश्वर—एकै चेतनमा बिम्बरूप हुनाको कारण ईश्वर भनिन्छ, तथा प्रतिबिम्ब स्वरूप हुनाको कारण जीव भनिन्छ। यहाँ एक जीववादको सिद्धान्तले अविद्यामा प्रतिबिम्बितको नाम जीव हो। तथा अनेक जीववादको सिद्धान्तले अन्तःकरणमा प्रतिबिम्बित हुनाको नाम पनि जीव हो। व्यावहारिक पदार्थहरूका उपादानकारण लूतातन्तु न्यायले ईश्वर हुन्। ईश्वरबाट प्राण, मन, सम्पूर्ण इन्द्रियहरू, आकाश, वायु, तेज र सम्पूर्ण पदार्थहरूको आधारभूत पृथ्वी उत्पन्न भएकोले ईश्वरलाई उपादानकारण मानिएको छ। प्रातिभासिक पदार्थहरूको उपादान

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

कारण जीव हो। स्वप्नमा जीव अनेक पदार्थहरूको सृष्टि गर्दछ तर त्यो सबै मिथ्या छ। त्यसकारण भ्रमात्मक पदार्थको जीव नै उपादान कारण हो।

(९) साक्षी—दुइ किसिमका हुन्छन्, जीवसाक्षी र ईश्वर-साक्षी। जीवसाक्षी अन्तःकरण उपहित चैतन्यको नाम हो र यो जीवसाक्षी प्रत्येक जीवात्माको भेदले भिन्न छ। माया-उपहित चैतन्यको नाम ईश्वरसाक्षी हो; ईश्वर एक छन् र उनको उपाधि-स्वरूप पनि एकै छ।

(१०) सत्ता—पारमार्थिक, व्यावहारिक र प्रातिभासिक भेदले पदार्थहरूका सत्ता तीन प्रकारका छन्। पारमार्थिक सत्ता ब्रह्मको हो। व्यावहारिक सत्ता आकाशादिका हुन्। प्रातिभासिक सत्ता शुक्तिरजतादिका हुन्। तीनै कालमा जसको नाश हुँदैन यस्तो सत्ता पारमार्थिक सत्ता हो। संसारदशामा जसको नाश हुँदैन यस्तो सत्ताको नाम व्यावहारिक सत्ता हो। एवं प्रतिभास अथवा भ्रान्तिदशामा मात्र देखिन्छ, यस्तो सत्ताको नाम प्रतिभा-सिक सत्ता हो।

(११) बिम्ब, प्रतिबिम्ब र आभास—बिम्ब भनेको वस्तुको स्वरूप हो, जस्तै सूर्य। ऐनामा परेको छायाँ सूर्यको प्रतिबिम्ब हो। त्यस प्रतिबिम्ब परेको ऐनाबाट जुन प्रकाश गई भित्तालाई प्रकाशित पार्छ त्यो प्रकाश वृत्तिज्ञान हो। यस्तो प्रकारले भित्तामा जो सामान्य प्रकाश र वृत्तिज्ञानको दोहरा प्रकाश यस्तो जीवात्मालाई विषयको ज्ञान हुँदाखेरी हुन्छ, अर्थात् विषयको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

चैतन्य र वृत्तिवच्छिन्न चैतन्यको संबन्ध हुँदाखेरी हुन्छ। यसको नाम घटादिको ज्ञान हो।

(१२) प्रलय चार प्रकारका छन् नित्य, प्राकृत, नैमित्तिक र आत्यन्तिक।

नित्यप्रलय—भनेको सुषुप्ति अवस्थाको नाम हो। सुषुप्तिमा सम्पूर्ण कार्य्यको प्रलय हुन्छ। जीवको धर्म-अधर्म तथा पूर्व संस्कारहरूको त्यस सुषुप्तिकालमा कारणरूपले स्थिति हुन्छ।

प्राकृतप्रलय—प्राणी समुदायको साथ कार्य्यब्रह्मको मुक्त हुनाले त्यस कार्य्यब्रह्मको आश्रित यावत् ब्रह्माण्ड तथा त्यस ब्रह्माण्डको अन्तर्वर्ती यावत् लोकहरू तथा ती लोकहरूको अन्तर्वर्ती हुने भएको स्थावर-जंगम भूत-भौतिक यावत् प्राणीहरूको प्रकृतिमा लय हुन्छ, किन्तु ब्रह्ममा हुँदैन। प्रकृतिमा विलय हुनाको कारण यसको नाम प्राकृतप्रलय हो।

नैमित्तिकप्रलय—कार्य्यब्रह्मको दिवस समाप्त हुनाले त्रिलोक अर्थात् भूर्लोक, भूवर्लोक र स्वर्लोकको विलयस्वरूप नैमित्तिक-प्रलय हो।

आत्यन्तिकप्रलय—ब्रह्मसाक्षात्कार भएपछि चौथो प्रलय हुन्छ, यो चौथो प्रलय मोक्षरूप छ। जुन जीवलाई तत्त्वसाक्षात्कार हुन्छ त्यो जीव भावलाई छोडेर ब्रह्ममा मिल्दछ। यसदेखि अतिरिक्त तीन प्रलयमा जीव केवल प्रकृतिमा मात्र लय हुन्छ, ब्रह्ममा हुँदैन र मोक्ष हुँदैन।

(१३) अस्ति, भाति, प्रिय, नाम र रूप—प्रत्येक पदार्थ-हरूमा यी पाँच रूप प्रतीत हुन्छन्। यिनमा अस्ति, भाति र प्रिय

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यी तीन अंश ब्रह्मको हो। किनभने "घटोस्ति" घट हो भनी भनिन्छ, तब घटमा अस्ति ता देखा पर्छ र जब भनिन्छ कि "अयं घटो भाति" यो घट भन्ने भान हुन्छ; तब घट जानिन्छ र "घट प्रियोस्ति" घट प्रिय छ अर्थात् काम लाग्नेछ जब यस्तो भनिन्छ तब घटमा प्रियता थाहा हुन्छ। यसकारण यी तीन ब्रह्मस्वरूप हुन्। शेष दुइ नाम र रूप भने कल्पित जगत्को स्वरूप हुनाको कारण मिथ्या छन्। जस्तै घटको नामरूप पटमा मिल्दैन, त्यस्तै एक वस्तुको नामरूप अर्को वस्तुमा मिल्दैन। जुन प्रकार देहमा आत्माको सच्चिदानन्दरूप सिद्ध हुन्छ, उस्तै किसिमले ब्रह्माण्डमा अस्ति, भाति र प्रियले ब्रह्मको अनुभव सिद्ध हुन्छ। अस्तिले सत्, भातिले चित्, प्रियले आनन्दले ब्रह्म र आत्माको एकता सिद्ध हुन्छ।

(१४) समाधिका दुइ भेद छन्—सविकल्प र निर्विकल्प। यसमा पनि सविकल्पका दुइ भेदछन्, दृश्यानुविद्ध र शब्दानुविद्ध।

दृश्यानुविद्ध समाधि—भनेको अन्तःकरणको सात्विक आदि वृत्तिमा काम, संकल्प, चिकित्सा, श्रद्धा, अश्रद्धा, धैर्य्य अधैर्य्य, लज्जा, भय आदि जो दृश्यछन्। आफूलाई यी सब वृत्तिहरूको साक्षी शुद्ध चैतन्यरूप जानीकन सदा यस्तै अनुसन्धान पूर्वक आत्माको अनुभव गर्नुलाई दृश्यानुविद्ध सविकल्प समाधि भनेको छ।

शब्दानुविद्ध समाधि—भनेको म असंग छु अर्थात् देह, इन्द्रिय, अन्तःकरण आदिमा रहेको छु ता पनि मेरो यिनीहरूसँग केही

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

सम्बन्ध छैन। जस्तै सूर्यको किरण जलमा, मूत्रमा, सुवर्णमा पर्छ ता पनि सूर्य त्यसमा लिप्त छैनन्। म सच्चिदानन्दरूप हुँ किनभने जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा मै नै छु मेरो कुनै अवस्थामा पनि नाश हुँदैन, यसकारण म सत् हुँ। जाग्रदादि तीनै अवस्थालाई जान्ने भएकोले चित् हुँ। जसमा दुःख भनेको लेश मात्र नभएकोले म आनन्दरूप हुँ। म स्वयं प्रकासरूप हुँ, म अरूलाई प्रकाश गर्दछु किन्तु मलाई प्रकाश गर्ने कोही पनि छैनन्। यसकारण म स्वयंप्रकाश हुँ, म द्वैतरहित छु अर्थात् मेरो स्वरूपमा द्वैत प्रपंचको लेश पनि छैन किनभने सर्व द्वैत प्रपंच कल्पित छन्। यसकारण म असंग, सत्, चैतन्य, आनन्द र स्वयं प्रकाशरूप हुँ। यस्तो आफूलाई उपर्युक्त विशेषण भएको जान्नुको नाम शब्दानुविद्ध सविकल्प समाधि हो।

निर्विकल्प समाधि—भनेको दृश्यानुविद्ध र शब्दानुविद्ध समाधिको अभ्यास गर्दागर्दै अन्तःकरणमा आनन्दरूप आत्माको ज्ञानानन्दको अनुभवको आवेषले काम, संकल्प आदि दृश्यवृत्तिहरूको अनुसन्धान छोडेर, म असंग आत्मा हुँ भन्ने इत्यादि शब्दलाई समेत छोडेर संकल्प रहित शान्त स्थितिमा पुग्नाको नाम निर्विकल्प समाधि हो।

जुन प्रकार वायु विना दीपक निश्चल रहन्छ उस्तै किसिमले निर्विकल्प समाधिमा पुगेको पुरुषको चित्त निश्चल रहन्छ। अर्थात् निर्विकल्प समाधिमा कुनै पनि द्वैत प्रपंच भान हुँदैन, यस निर्विकल्पमा चैतन्यरूप आत्माको स्पष्ट अनुभव हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

(१५) षट्सम्पत्ति—शम, दम, उपरति, तितिक्षा, श्रद्धा र समाधान। शम—वासनाको त्याग। दम-इन्द्रियलाई रोक्नु। उपरति-प्रपंचदेखि निवृत्ति हुनु। तितिक्षा-शीतोष्णादि द्वन्द, धर्मको सहनशीलता। श्रद्धा—ब्रह्मनिष्ठ गुरु तथा वेदान्त वाक्यमा विश्वास मान्नु। समाधान—चित्तको एकाग्रता।

(१६) षट्ऊर्मि—जन्म, मरण, भोक, प्यास, शोक र मोह। जन्म—स्थूलदेहको हुन्छ। मरण—स्थूलदेहको रूपान्तर। भोक-लाग्नाले प्राण एकदम ब्याकुल हुन्छ, यसकारण यो प्राणको धर्म हो। प्यास—लाग्नाले पनि प्राण ब्याकुल हुन्छ, यसकारण यो प्राणको धर्म हो, जल विना प्राणको रक्षा हुँदैन। शोकमनको धर्म हो। मोह—यो पनि मनको धर्म हो। जब मन जाग्रत् र स्वप्नावस्थामा रहन्छ अनि शोक र मोह उत्पन्न हुन्छ, तर सुषुप्ति अवस्थामा मन लय हुनाले शोक र मोह हुँदैन।

(१७) षट्विकार-जन्म, प्रकटता, वृद्धि, विपरिणाम, अपक्षय र मरण। जन्म—स्थूलदेहको हुन्छ। प्रकटता—स्थूलदेहको प्रकट भएपछि। वृद्धि—स्थूलदेहको बालक अवस्थाबाट बढदै जानु। विपरिणाम—यौवन अवस्थामा प्राप्त हुनु। अपक्षय—यौवनावस्थाबाट वृद्धावस्थामा प्राप्त हुन जानु। मरण—वृद्धावस्था पश्चात् स्थूलदेहको नष्ट भएर जानु।

(१८) षट्लिङ्ग—उपक्रमोपसंहार, अभ्यास, अपूर्वता फल, अर्थवाद र उपपत्ति। उपक्रमोपसंहार—प्रकरणद्वारा प्रतिपाद्य अर्थको प्रकरणको आदिअन्तमा प्रतिपादन गर्नुको नाम उपक्रमो-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

पसंहार हो। अर्थात् प्रकरणद्वारा प्रतिपाद्य एक, अद्वितीय, स्वगत, सजातीय र विजातीय भेददेखि रहित ब्रह्मवस्तुको निरूपण गरेको हुन्छ। उसको प्रकरणमा आदिमा निरूपण गरेर अन्तमा सर्व जगत् आत्मारूप हो भनीकन उपसंहार गरेको हुन्छ।

अभ्यास—प्रकरणद्वारा प्रतिपाद्य अद्वितीय ब्रह्मवस्तुको प्रकरणमा बारंबार निरूपण गर्नुको नाम अभ्यास हो। अर्थात् तत्, त्वं, असि, ब्रह्म आफैलाई मान्नु यो अभ्यास हो।

अपूर्वता—प्रकरणद्वारा प्रतिपाद्य अद्वितीय आत्मवस्तुको अर्को प्रमाणहरूद्वारा प्रतिपादन न हुनाको नाम अपूर्वता हो। जस्तो उपनिषद् श्रुति विना अरू प्रमाणहरूद्वारा ब्रह्मलाई अप्रतिपाद्य भनेको छ; अथवा ब्रह्मस्वप्रकाशरूप छ यसकारण उसलाई जान्नको लागि अन्य कुनै पनि प्रमाणको अपेक्षा छैन। यसकारण यही ब्रह्मको अपूर्वता हो।

फल—प्रकरणद्वारा प्रतिपादित आत्मज्ञान अथवा आत्मज्ञानको साधनरूप श्रवणादिकको अनुष्ठानको श्रुतिद्वारा वर्णनको साथ उहाँको उहाँ नै त्यसको प्रयोजनको वर्णनको फल भनिएको छ। जस्तै ब्रह्मनिष्ठ गुरुको उपदेशद्वारा शिष्य आत्मालाई जान्दछ,

"ब्रह्मलाई जान्ने वाला ब्रह्मरूप नै हुन्छ"

"आत्मतत्त्व जान्नेवाला शोकदेखि पार हुन्छ"

इत्यादि वाक्यहरूमा साधन र प्रयोजन एकै साथमा नै वर्णन गरिएका छन्। जस्तो ब्रह्मनिष्ठ गुरुको उपदेशचाहिं साधन हो,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

र आत्मालाई जान्नु प्रयोजन हो अर्थात् साधन र प्रयोजनको एकै साथमा वर्णनको नाम फल हो।

अर्थवाद–प्रकरणद्वारा प्रतिपादित अद्वितीय ब्रह्मरूपको स्थान-स्थानमा प्रशंसा गर्नुको नाम हो अर्थवाद। जस्तै समग्र प्रपंचको अधिष्ठानरूप ब्रह्मको नै श्रवण गर्नाले अश्रुत प्रपंचको पनि श्रवण हुन जान्छ। यस्तै प्रकार ब्रह्मलाई नै जान्नाले अज्ञातप्रपंच पनि जान्नमा आउँदछ। इत्यादि प्रशंसालाई अर्थवाद भनिन्छ।

उपपत्ति—प्रकरणद्वारा प्रतिपादित अद्वितीय आत्मवस्तुको दृष्टान्तहरूद्वारा प्रतिपादन गर्नुको नाम उपपत्ति हो। जस्तै सुवर्ण-लाई जान्नाले त्यसको विकाररूप सर्व अलंकारको बोध हुन्छ। कनककुण्डलादि अलंकार वास्तवमा कुनै वस्तु होइन किन्तु सर्व सुवर्ण नै हो। इत्यादि युक्ति दृष्टान्तहरूद्वारा नामरूपात्मक जगत्-को मिथ्यात्व निरूपण पूर्वक अद्वितीय ब्रह्मको प्रतिपादनको उपपत्ति भनिन्छ।

(१९) चित्तवृत्तिका–पाँच भेद हुन्छन् र हरेक वृत्तिका दुइ भेद हुन्छन्, क्लिष्ट र अक्लिष्ट। क्लिष्टले – अविद्यादि क्लेश-हरूलाई पुष्ट गर्दछ र योगसाधनमा विघ्न उत्पन्न गराउँछ। अक्लिष्टले – क्लेशहरूलाई क्षय गराउँछ र योगसाधनमा सहायक हुन्छ। पाँच वृत्तिहरू क्रमशः यिनै हुन्–प्रमाण, विपर्यय, विकल्प, निद्रा, स्मृति। प्रमाण वृत्तिको तीन भेद छन्।

प्रत्यक्षप्रमाण—अन्तःकरण र बहिरिन्द्रियहरूका साथ

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

विना कुनै व्यवधानको सम्बन्ध हुनाले जो भ्रान्ति तथा संशयरहित ज्ञान हुन्छ त्यो प्रत्यक्ष प्रमाणवृत्ति हो।

अनुमानप्रमाण—कुनै प्रत्यक्ष दर्शनको सहाराले युक्तिहरूद्वारा जो अप्रत्यक्ष पदार्थको स्वरूपको ज्ञान हुन्छ, त्यो अनुमान प्रमाणवृत्ति हो। जस्तै धूवाँ देखेर अग्निको ज्ञान र नदीमा बाढी आएको देखेर पानी परेछ भनी ज्ञान हुनु इत्यादि अनुमान प्रमाणवृत्ति हो

आगम प्रमाण—वेद-शास्त्र वचनलाई आगम मानेको छ। जो पदार्थ अन्तःकरण र इद्रियहरूदेखि प्रत्यक्ष छैन र जहाँ अनुमान पनि पुग्न सक्तैन, उसको स्वरूपको ज्ञान वेद, शास्त्र र महापुरुषहरूको वचनदेखि हुन्छ, त्यो आगम प्रमाणवृत्ति हो।

विपर्ययवृत्ति – कुनै पनि वस्तुको वास्तविक स्वरूपलाई नसम्झी त्यसलाई अर्कै वस्तु सम्झनु यो विपरीत ज्ञान नै विपर्ययवृत्ति हो, जस्तै सीपीमा चाँदीको प्रतीति हुनु हो।

विकल्पवृत्ति—केवल शब्दको आधारमा नभएको पदार्थको कल्पना गर्ने भएको जो चित्तको वृत्ति छ, त्यो विकल्पवृत्ति हो, जस्तै शशकश्रृङ्ग।

निद्रावृत्ति—जुन समय मानिसलाई कुनै पनि विषयको ज्ञान रहँदैन, केवल विषय ज्ञानको अभावको मात्र प्रतीति रहन्छ, त्यो ज्ञानको अभावको ज्ञान जुन चित्त वृत्तिको आश्रित रहन्छ, त्यो निद्रावृत्ति हो।

स्मृतिवृत्ति—उपर्युक्त प्रमाण, विपर्यय, विकल्प र निद्रा यी

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

चार प्रकारका वृत्तिहरूद्वारा अनुभवमा आएको विषयको जो संस्कार चित्तमा परेको हुन्छ, तिनीहरूको पुनः कुनै कारणवश स्फुरित हुन गै पदार्थको ज्ञान हुनु स्मृतिवृत्ति हो।

(२०) ब्रह्मको लक्षण—जसमा जगत्‌को उत्पत्ति, स्थिति र लय असाधारण धर्म हुन्छ त्यो ब्रह्म हो। यसमा अव्याप्ति, अतिव्याप्ति र असम्भव दोष हुँदैन।

अव्याप्ति—जो लक्षणको एक देशमा रहँदैन, त्यस धर्मलाई अव्याप्ति दोषले युक्त भनिन्छ। जस्तै कसैले जसमा कालो रङ्ग हुन्छ त्यो गाई हो भन्योभने त्यो कसरी ठीक हुन्छ ? गाई सेतो, कैलो, छिरबिरे आदि रङ्ग भएको पनि त हुन्छन्। कालो रङ्ग बाहेक अरू रङ्गको गाईमा लक्षण नरहनाको कारण यसलाई अव्याप्ति दोषले युक्त भनिन्छ।

अतिव्याप्ति—जो लक्षण गरिएकोमा भन्दा बढीमा जान्छ त्यो अतिव्याप्ति दोष हो। जस्तै कसैले सिंग भएको गाई हुन्छ भनी लक्षण गर्‍यो भने पनि ठीक हुन सक्तैन। सिंग त भैंसी, जरायो, खसी, बोका आदिमा पनि हुन्छन्। यो लक्ष्य गरेको वस्तुमा भन्दा पनि ज्यादामा भएकोले यसलाई अतिव्याप्ति दोष भनिन्छ।

असम्भव—जो बताएको लक्षणमा मिल्दैन त्यो असम्भवदोष हो। जसमा एउटा खुर हुन्छ त्यही गाई हो भनी लक्षण गर्‍यो भने पनि त्यो ठीक हुँदैन। किनभने एउटा खुर घोडाको मात्र हुन्छ गाईको हुँदैन, यो गाईको लक्षणमा निमिल्ने हुनाले यसलाई असम्भव दोषयुक्त लक्षण भनिन्छ। यी तीनै दोषदेखि रहित

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

सास्नावत्त्व लक्षण गाईको हो, सास्ना भनेको गाईको घाँटी मुनि झुण्डिएको माल हो।

(२१) लक्षणका दुइ भेद हुन्छन्—स्वरूपलक्षण र तटस्थलक्षण।

स्वरूपलक्षण—अर्थात् वस्तुको स्वरूप पनि वस्तुको लक्षण हो। सत्य, ज्ञान र आनन्द ब्रह्मको स्वरूपलक्षण हो।

तटस्थलक्षण—यावत् कालपर्य्यन्त अर्थात् पृथ्वी रहुन्ज्याल-सम्म नियमले लक्षण रहन्छ र तावत् कालपर्य्यन्त अर्थात् पृथ्वीको प्रलय अवस्थामा नरही व्यावर्तक हुन्छ त्यसको नाम तटस्थलक्षण हो। जस्तै पृथ्वीको गन्धतत्त्वलक्षण हो त्यो गन्ध पृथ्वीमा सर्वदा रहँदैन। किनभने प्रलयकालमा पार्थिव परमाणु-हरूमा तथा उत्पत्तिकालावच्छेदेन घटादि पार्थिव कार्यहरूमा गन्धको अभाव हुन्छ। यसकारण गन्धतत्त्व पृथ्वीको तटस्थल-क्षण हो, जस्तै प्रकृतिमा जगत्को जन्म, स्थिति र प्रलयको कारण हुनु ब्रह्मको तटस्थलक्षण हो।

(२२) विवर्त - भनेको सर्पको अधिष्ठान डोरीमा प्रतीत भएको प्रातिभासिक सत्ता हो।

(२३) चक्रकदोष—मैले जसको सेवा गरेको थिएँ, त्यसले अर्कैको सेवा गर्दथ्यो त्यो अर्कोले मेरो सेवा गर्‍यो। यस प्रकार चक्रकदोषमा सेव्य सेव्यगत्वको निश्चय हुँदैन।

अन्योन्याश्रयदोष - गाईको लक्षण गर्दा भैंसी भिन्न गाई हो भन्दा भैंसी चिन्न पर्ने हुन आउँछ र गाई भिन्न भैंसी हो भन्दा

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गाई चिन्न पर्ने हुन आउँछ । यहाँ गाई न चिनी भैंसी चिनिदैन, भैंसी नचिनी गाई चिनिदैन र अन्योन्याश्रयदोष हुन्छ । अथवा जुन फुलबाट कुखुरा उत्पन्न भयो त्यसै कुखुराले त्यो फुलपारेको हो भनेमा अन्योन्याश्रयदोष भनिन्छ ।

अनवस्थादोष—फुलबाट कुखुरा उत्पन्न भयो तर त्यो फुल अर्को कुखुराले पारेको हो । त्यस कुखुराको पनि फुलैबाट उत्पत्ति हुन्छ । यसबाट फुल पहिले भएको हो कि कुखुरा पहिले उत्पन्न भएको हो भनी टुङ्गो लाग्दैन यही अनवस्थादोष हो । अथवा बीजबाट अंकुर भयो अंकुरबाट बीज भयो भन्दा पहिले बीज भयो वा अंकुर भयो यसको टुङ्गो लाग्दैन । यसैलाई अनवस्थादोष भनिन्छ ।

आत्माश्रयदोष - म आफैं जन्मेको हुँ, अर्थात् मेरो उत्पत्तिको कारण मै हुँ भनेमा आत्माश्रयदोष हुन्छ ।

(२४) सृष्टि कारण—जुनसुकै कार्योत्पत्तिमा पनि निमित्तकारण र उपादानकारण मुख्य रहन्छन् । निमित्तकारण चेतन हुन्छ, उपादान जड जस्तै घटको निमित्त कारण कुमाले चेतन छ, उपादानकारण माटो जड छ । जो निमित्त हुन्छ त्यही कर्ता पनि हुन्छ । कर्तामा कार्य सम्बन्धी ज्ञान, चिकीर्षा तथा तदनुकूल कृति यी तीन हुन्छन् किनभने ज्ञान, इच्छा, कृति विना कोही पनि कर्ता हुन सक्तैन । वेदान्तमा ईश्वरलाई जगत्‌को अभिन्न निमित्तउपादानकारण वर्णन गरेको छ । जस्तै एउटै माकुरो जालकोप्रति जड अंशबाट उपादान र चेतन अंशबाट निमित्त-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

कारण छ, त्यस्तै ईश्वर पनि प्रकृति अंशबाट उपादान र चेतन अंशबाट निमित्त छ। अतएव मायाशवलित ईश्वर मात्रै जगत्‌को कारण हुन सक्तछ केवल शुद्ध ब्रह्म निष्क्रिय हुनाले र केवल प्रकृति जड हुनाले दुवै जगत्‌का कारण पृथक्-पृथक् रूपमा हुन सक्तैनन्। यसैले उक्त मायाशवलित जगत् कारण ईश्वरलाई वेदान्तमा तत्पदको वाच्य भनेको छ। यस्तो ईश्वर आफ्नू उपाधि-मायावृत्तिद्वारा सर्वज्ञ र मायाशक्तिद्वारा सर्वशक्ति सम्पन्न तथा उपादान हुनाले समस्त कार्यवर्गमा व्यापक पनि छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आत्मा-सम्बन्धी-प्रश्नोत्तर

(१) प्र०—आत्मा सामान्य प्रकाश समान हो भने अतः प्रकाश गर्ने दीपकको तुल्य जड भयो। सामान्यमा विशेषता हुँदैन र विशेषता बिना चैतन्य हुँदैन। फेरि शरीर पैदा हुनासाथ उसमा जीव प्रवेश हुनुको के प्रमाण छ ?

उ०—आत्मा सामान्य प्रकाश र दीपकको प्रकाशको तुल्य हुन सक्तैन। विशेषता बिना चैतन्य हुँदैन भन्ने यो नियम छैन। भौतिकमायिकपदार्थहरूका दृष्टान्तद्वारा सम्झाइएका जड चैतन्यदेखि आत्माको चैतन्य विलक्षण छ, त्यो कुनै प्रकारले पनि जड हुन सक्तैन। जूका एउटा खुट्टा उठाएर प्रथम एक स्थानमा राख्तछ, त्यो खुट्टा जब ठीकसँग अडिन्छ तब आर्को खुट्टा उठाउँछ अर्थात् जब नयाँ घर बनिसक्छ तब पुरानो घरलाई त्याग गर्दछ। यस्तै प्रकार जीव प्रथम शरीरलाई छोड्दछ। शरीर उत्पन्न भएपछि त्यहाँ जीव प्रवेश गर्ने होइन कि जीव सहित नै स्थूल शरीर उत्पन्न हुन्छ।

(२) प्र०—म को हुँ कसको सहारामा अडेको छु ? जाग्रदादि अवस्था भनेको के हो ? कसको हो र ती अवस्थाहरू के हुन् ? भावना अनुसार फल हुन्छ भने राजा हुनाको भावना गर्दा राजा किन होइदैंन ?

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

उ० — अज्ञानलाई हटाएर विचारदृष्टिले हेर्‍यो भने तिमी स्वयं सच्चिदानन्द ब्रह्म हौ, यस्तो सच्चिदानन्द परब्रह्म कसैको सहाराले रहेको छैन, त्यो त महान् विभु, अव्यक्त हुनाले आफ्नै महिमामा रहेको छ। जाग्रदादि अवस्थाहरूका व्यवहार जीवका रहने स्थानरूप हुन्। ती अवस्थाहरू स्थूल, सूक्ष्म र कारण-शरीरका हुन्। परन्तु तीनै अवस्थाका कारण जीवका हुन् भनी मानेको छ, ती तीनै अवस्थाका फल मुमुक्षुहरूलाई आत्मबोध गराउनाका निमित्त हुन्। मलिन र अदृढ भावनाले राजा हुने इच्छा सफल हुँदैन, परन्तु निर्मल दृढता र तीव्रताले जो भावना हुन्छ त्यो अनुसार अवश्य फल प्राप्त हुन्छ।

(३) प्र०—शूरवीर कसलाई भन्ने ?

उ०—जो संसारी शत्रुहरूलाई जित्न सक्छ, त्यो शूरवीर होइन, परन्तु जो मन र इन्द्रियहरूलाई जित्न सक्छ त्यो शूरवीर हो : जो रणमा जय लाभ गर्दछ त्यसलाई शूरवीर भनिदैन। शूरवीर त्यही हो जो इन्द्रियदेखि जय प्राप्त गर्छ। जो शास्त्र पढ्न सक्छ, त्यसलाई पण्डित भन्न सकिदैन, पण्डित त्यही हो, जो धर्मको आचरण गर्दछ। जो खूब बोल्न सिपालु छ, त्यो वक्ता होइन, वक्ता त्यही हो, जो अर्कालाई हित हुने कुरा भन्दछ। जो धन दान गर्दछ, त्यो दानी होइन, दाता त्यो हो जो अर्काको सन्मान गर्दछ।

(४) प्र०—कुन धर्म सँधै फल दिने हुन्छ एवं जसलाई वश गर्नाले मानिस अपशोच गर्दैन त्यो पदार्थ के हो ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

उ०—आफ्नो इष्टमा तनमन दिई भजन गर्नु सोही धर्म फलदायक हुन्छ । मनलाई वशमा राख्नाले अपशोच कहिले पनि हुँदैन ।

(५) प्र०—मोह, मान, आलस्य शोक भनेको के हो ?

उ०—धर्ममा चित्त नदिनु मोह हो, मै हुँ भन्नु मान हो, धर्मलाई छोड्नु आलस्य हो, अज्ञानको नाम शोक हो ।

(६) प्र०—त्यो कुन अग्नि हो जो दाहक शक्तिले रहित छ र अग्नि-रूप छ र जसदेखि अग्निको उत्पत्ति भएको छ ?

उ०—त्यो चिद्अणु हो, त्यो अग्नि जस्तै प्रकाशरूप छ र कसैलाई जलाउँदैन । ज्ञान नै उसको प्रकाश हो । अग्नि पनि उसैदेखि उत्पन्न भएको हो र सबै ठाउँमा उही नै छ । प्रलयमा सब भूत उसैमा लीन हुन्छन् । पुष्कलमेघ एकट्ठा होउन् ता पनि उसलाई आवरण गर्न सक्तैनन् । त्यो सदा प्रकाश र ज्ञानरूप छ, आकाशभन्दा पनि निर्मल छ । सबैलाई सत्ता दिने पनि उही नै हो र सूर्यादिक पनि उसैको प्रकाशले प्रकाश हुन्छन्, त्यो अनुभवरूप छ र नेत्र बिना आभासित हुन्छ । यस्तो हृदयरूपी मन्दिरको दीपक आत्मा अनन्त र परम प्रकाशरूप छ र मन र इन्द्रियहरूका विषयदेखि रहित छ, त्यही त्यो अग्नि हो ।

(७) प्र०—त्यो के हो जो अनेक जन्मको प्रयत्नले प्राप्त हुन्छ र जो त्यसलाई पाएर पनि केही पनि पाएको हुँदैन सबै थोक पाएको पनि हुन्छ ।

उ०—जो अनेक जन्मको पुण्यले र अनेक यत्नले पाइन्छ त्यो

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

आत्मज्ञान हो। जो यसलाई पाउँदछ तै पनि उसले केही पाएको छैन र सबै थोक पायो। पाएर पनि केही पाएको छैन भनेको मतलब त्यो अर्को वस्तु होइन आफ्नै आत्मा हो जो पहिले पनि आफ्नो थियो अहिले पनि आफ्नै भएको हुनाले के पायो भन्नु ? सबै थोक पायो भनेको मतलब यो हो कि उसलाई पाएपछि ब्रह्माण्डमा अर्को कुनै चीज पाउन बाँकी रहँदैन, त्यो त्यही आत्मा हो।

(८) प्र०—कसैकसैले भनेका छन् कि संसारको उत्पत्ति-कर्ता ब्रह्म होइनन् उनी त निराकार छन्। यदि उनी उत्पत्तिकर्ता हुन् भने किन देखिदैनन् ? त्यसैले यो संसार स्वयं उत्पत्ति भएको हो भनी मानेका छन् के त्यो ठीक हो ?

उ०—ब्रह्म निराकार भएकोले उनलाई साकार पदार्थ जस्तै यो आँखाले देख्न सकिदैन। जो निराकार र शून्य ब्रह्म छन् उनैबाट संसारको उत्पत्ति र नाश हुन्छ। जस्तै शून्य आकाशमा वायु, तेज, जल र पृथ्वी स्थित छन् र उत्पन्न र लीन पनि हुन्छन्। यी सबै कार्यमा ती महाकारण ईश्वर सर्वत्र परिपूर्ण भइरहेका छन्। उनीदेखि सिवाय अर्को कोही छैन। कर्ता भइकन पनि उनी अकर्ता छन्, उनको त के कुरा, वासना रहित हुनाले जीव कर्ता भएर पनि अकर्ता हुन्छ। तर मलाई भने यो प्रश्नको उत्तर दिन पनि मन लाग्दैन, जुन पुरुषमा यस्तो उल्टो भावना हुन्छ त्यो मूर्ख र नास्तिक हो। कारण नभई कार्य हुँदैन। जस्तै भोक्ता बिना भोग हुँदैन। द्रष्टा बिना दृश्य हुँदैन। पिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

विना पुत्र कहाँबाट जन्मन्छ, यस्तो प्रश्न गर्ने पुरुष जो छ त्यो आफूलाई मेरो उत्पत्तिकर्ता कोही छैन भनी आफैंलाई किन मान्दैन। एउटा विषयको कुनै चीज पनि कर्ता नभई बन्दैन। त्यो बनाउने मानिसलाई नदेख्दैमा कर्ता नभई बनेको हो भनी कोही भन्न सक्छ ? यस्तै एउटा ईश्वरको अस्तित्व नभई त संसारको उत्पत्ति हुन्छ न कुनै प्राणीहरू नै जीवित रहन सक्दछन्।

(९) प्र०—जीव कर्ता-भोक्ता र अकर्ता-अभोक्ता दुवै थोक हुन सक्छ ?

उ०—अज्ञान अवस्थामा जीव जति पुण्य र पापकर्म गर्दछ त्यो सबै मैले नै गरेको हुँ भनी घमण्ड गर्दछ अर्थात् आफूलाई कर्ता मान्दछ, त्यसको फल त्यो यसै जन्ममा वा आर्को जन्ममा अवश्य भोग गर्दछ।

ज्ञान प्राप्त भएपछि जो जति कर्म गर्दछ त्यो कर्म मेरो होइन स्थूल देहको हो, म त अकर्ता आनन्दस्वरूप उत्पति र मरणदेखि रहित भएकोले म त्यो ब्रह्म हुँ। जसको नाश कहिले हुँदैन र शुभाशुभकर्मले स्पर्श गर्न सक्तैन भनी निश्चयले कर्मफलको आशा नराखी आफू अकर्ता भई कर्म गर्ने हुनाले त्यो ज्ञानी जीव कर्ता भईकन पनि अकर्ता-अभोक्ता हुन्छ। उसले भोग भोग्न फेरि जन्म लिनु पर्दैन र मुक्त हुन्छ। त्यसकारण एउटै जीव अवस्था अनुसार कर्ता-भोक्ता र अकर्ता-अभोक्त दुवै थोक हुन सक्छ।

(१०) प्र०—सब वेदशास्त्रहरूको सिद्धान्त पनि यही हो कि ?

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

उ०—अवश्य, ब्रह्म सत्य छ, जीव जीव होइन, जीव ब्रह्मरूप हो र आर्को होइन। यही सब शास्त्रहरूको सारतत्व हो।

(११) प्र०—प्राणी बन्धनबाट कहिले छुट्तछ ?

उ०—उसलाई कसैले आधुनिक चोरहरूलाई झैं बन्धन अथवा झ्यालखानामा हालेको छैन, आफैं आफ्नो स्वरूपलाई भूलेर विषय बन्धनमा परेको छ। जुन दिन आफूलाई आत्मा, असङ्ग, अभोक्ता र चैतन्य स्वरूप हुँ भनी जान्दछ ऊ बन्धनदेखि छुट्तछ। त्यस अवस्थामा उसलाई कसैले छुटाउँन पर्दैन आफैं छुट्तछ, अर्थात् आफ्नो स्वरूपको ज्ञान हुनु नै मुक्ति हुनु हो।

(१२) प्र०—जीव र ईश्वरको कहिले भेट हुन्छ ?

उ०—जब जीव अविद्या र मायालाई त्याग गर्दछ तब ईश्वर र जीवको मेल हुनजान्छ। यी दुवैका मेलमा केवल अविद्या र माया, बाधक छन्।

(१३) प्र०—लोभ, क्रोध, मोह आदिलाई दुःख दिने हुन् भनी जानेर पनि जीव किन त्याग गर्दैन ? संसार र सांसारिक सब पदार्थ ईश्वर रचित हो भने लोभ, क्रोध, मोहादिक पनि त ईश्वरले नै रचेको हुनुपर्छ ? त्यसलाई जीव कसरी हटाउँन सक्छ ?

उ०—लोभ, क्रोध, मोह आदिलाई दुःखदायक हो भनी जीव जान्दछ, यो भाव हमेशा रहँदैन, यसकारण त्यो जानेर पनि त्यसलाई छोड्न सक्तैन। जस्तै श्मशानको वैराग्य, वैराग्यरूप होइन, यस्तै दुःखमा लोभादिक दुःखरूप हो भनी यस्तो जान्नाले मात्र त्यो छोड्न सकिन्न। जब दुःखको भाव सदा बनिरहन्छ

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

तब जीव लोभादिकलाई छोड्न समर्थ हुन्छ। अनादि अविद्याको आधारमा संसारको सृष्टि ईश्वरबाट भएको हो। त्यसपछि जीव आफ्नो कर्मानुसार आफ्नो संसार आफैं रचना गर्दै आएकोछ। यसकारण यहाँ ईश्वरलाई दोष दिनु ठीक छैन। यसै किसिमले लोभादिक पनि जीवैमा छ र जीवभाव वासनाको रचना हो। यसकारण जीव आफ्नो वासना छोड्न सक्छ, उसलाई छोड्नमा जीव स्वतन्त्र छ। संसार र संसारको पदार्थ र संसारको कर्ता सबै थोक जीवको छायाँको स्वरूप हो। आफ्नो शुद्ध आत्मतत्वमा स्थित हुनासाथ आफ्नो वासनाको क्षय गर्दछ अनि परब्रह्ममात्र शेष रहन जान्छ।

(१४) प्र०—ज्ञानमात्र सत्य र मोक्षको साधन हो भने कर्म, उपासना (भक्ति), आदिको बिधान बताउने भएका शास्त्रको के अर्थ ?

उ०—निश्चय ज्ञान नै मोक्षसाधन हो। कर्म र उपासना उसको अङ्ग हो, कर्मको अधिकारीलाई कर्म र उपासनाको अधिकारीलाई उपासना फल दिने भएकोले उनीहरूका लागि असत्य नभई ज्ञानमा सहायक हुन्छन्। संसारमा सबै मानिस एकै प्रकारका छैनन्, सबै मानिसलाई तीन वर्ग बनाएर हरेक वर्गलाई अलग-अलग उपदेश गरेको छ। कर्म र उपासनाको फल ज्ञानको फलको समान अन्तिम छैन। जति हुन सक्छ उसलाई उति नै कल्याण गर्नको निमित्त शास्त्रमा कर्म र उपासनाको बिधान छ। ती दुवै गर्नाले ज्ञानको अधिकारी हुन्छ, कर्म र

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

उपासनाको विधान सत्यको तरफ लिएर जाने, प्रेरणा गर्ने भए-कोले धेरै जसो अधिकारीहरूका लागि सफल हुन्छ।

(१५) प्र०—जीव किन डराउँछ ?

उ०—जीव अज्ञानले डराउँछ। वास्तवमा उसलाई कसैको पनि भय छैन। वास्तवमा, एक आफ्नो आत्माको सिवाय आर्को कुनै केही छँदैछैन, फेरि डर र भय कसको ? साँचो कुरा त सब आपतहरूको जड यही मन हो। वास्तवमा न बन्धन छ न मोक्ष। दुवै मनका सङ्कल्पमात्र हुन्। मन शान्त भएपछि त्यो शान्त हुन्छ। जुन प्रकार बालक आफ्नै छायाँ देखेर डराउँछ, त्यस्तै किसिमले यो जीव आफ्नै संकल्पहरूदेखि डराउँछ।

(१६) प्र०—यो संसार असार र महामलिन छ, फेरि मनुष्य यसको मोहममतामा किन भुलेको छ ? यसलाई त्याग किन गर्दैन ?

उ०—जो मनुष्य मोहममतामा भुलेको छ, उसलाई मलिन वस्तुहरूमा घृणा हुँदैन। जुन किसम च्यामेले फोहोरलाई देखेर अथवा उठाएर पनि घिन मानी दिकदार हुँदैन, उस्तै किसिमले मोहममतामा भुलेका गृहस्थहरूलाई यस्तै गृहस्थाश्रममा पनि हुँदैन जो महादुर्गन्धको स्थान र दुःखशोकको भण्डार छ। जसको अन्तःकरण मोह र ममताले मैलो भइसकेकोछ उसलाई संसारमा असार वस्तु नै मन पर्छ र त्यो त्यसबाट मुक्त हुन इच्छा गर्दैन। जसको अन्तःकरण सत्सङ्गद्वारा शुद्ध

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

भइसकेको छ उसलाई गृहस्थाश्रममा घृणा हुन्छ र त्याग गर्न सक्छ।

(१७) प्र०—जीवलाई संसारमा विशेष गरेर दुःख नै दुःख हुन्छ भने जीवलाई दुःख दिनाको निमित्त यस्तो दुनियाँ ईश्वरले किन रचना गरेको ?

उ०—सृष्टि सबैलाई एक समान दुःखरूप हुँदैन, यसकारण सृष्टि दुःखरूप नै हो भन्न पनि ठीक पर्दैन। वस्तुतः सुखदुःख जगत्मा छैन, केवल जीवको भावमात्र हो। शास्त्रहरूमा जो संसारको उत्पत्ति बताएको छ त्यो संसारको संकुचित अवस्था-देखि विकसित अवस्था हो। यदि विकासलाई नै उत्पत्ति माने त जीवको पूर्वकर्मको अनुसार ईश्वर उसलाई रचना गर्ने हुन्। ईश्वर आफ्नो लागि केही पनि बनाउँदैनन्, यसकारण उनी कर्ता भएर पनि अकर्ता छन्। ईश्वर ब्रह्मस्वरूप हुन्। जीवको दृष्टिमा जीवको समष्टिभाव उसलाई सम्झाउने ईश्वर हुन्। जीव आफ्नो संसारलाई आफैं रचना गर्ने चाहिं हो। उत्पत्ति कर्म र उपासनाको निमित्तमा उपयोगी हुनाले शास्त्रहरूले बताएका छन्, उत्पत्तिको निमित्त बताएका छैनन्। उत्पत्तिकै निमित्त बताएको हुँदो हो त उत्पत्तिको कथन भिन्नभिन्न प्रकार हुँदैनथ्यो। जीवलाई दुःख दिनका निमित्त ईश्वरले जगत् बनाएका होइनन्।

(१८) प्र०—आत्मा अशुद्ध कसरी भयो ? आत्मा शुद्ध-स्वरूप हो भने अशुद्धस्वरूप जीव कसरी भयो ? जडमाया चेतन-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

आत्मालाई अशुद्ध गर्न सक्तिन, स्वयं अशुद्ध पनि हुन सक्तैन र आर्को अशुद्ध गर्ने पनि कोही छैन ?

उ०—आत्मालाई शुद्ध र जीवलाई अशुद्ध जो भनिन्छ त्यो मुमुक्षुहरूलाई उपदेशको निमित्त हो। वस्तुतः आत्मा र जीव भिन्न छैनन्, यसकारण शुद्धाशुद्ध पनि छैनन्। वस्तु अनिर्वचनीय छ, उसको लक्ष राखी जो जो शब्द र युक्तिहरू वर्णन गरेका छन् ती संकेत र इसारा स्वरूप भएकाले व्यर्थ छैनन्, यसकारण लक्षको पश्चात् ती शब्द र युक्तिहरू स्वयं हराउँछन्। आत्मालाई अशुद्ध कसैले गरेका छैनन्। उसमा जो अशुद्धता देखिन्छ त्यो मायाको भावमा परेको देखिन्छ, माया आत्मालाई अशुद्ध गर्न सक्तिन, न आत्मा स्वयं अशुद्ध हुन्छ। वस्तुरूप एकै हुनाले आर्को कोही अशुद्ध गर्ने छैन।

(१९) प्र०—जो जति बाहिरी क्रिया हुन्छ त्यो पहिले मनमा उत्पन्न हुन्छ। बिना मनमा नआई बाहिरी क्रिया कसरी सम्भव हुन्छ ?

उ०—नाटकका पात्रहरूमा जस्तो सबै प्रकारका बाहिरी व्यवहार हुन्छन्, परन्तु तिनका मनमा अभिनयबुद्धिका अतिरिक्त कोही वास्तविकता हुँदैनन्, यस्तै प्रकार शीतोष्ण, सुखदुःख आदि प्रियअप्रिय सबै पदार्थका सम्बन्धमा उनमा समभाव रहन्छ। सबमा एक अखण्ड नित्य भगवत्स्वरूप समता सदा—सर्वदा सर्वत्र बनिरहन्छ।

(२०) प्र०—जीव, आत्मा र परमात्मामा भेद के छ ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

७०—प्राणीमात्रको जीव संज्ञा हो। स्थूल, सूक्ष्म एवं कारण यी तीन प्रकारका व्यष्टि शरीरदेखि एक, दुइ र तीनैमा सम्बद्ध चेतनको नाम "जीव" हो। यी तीनै शरीरको सम्बन्धदेखि रहित व्यष्टि—चेतनको नाम आत्मा हो। यसलाई कूटस्थ पनि भनिन्छ। शुद्ध सच्चिदानन्दघन, गुणातीत अक्षर ब्रह्मलाई परमात्मा भनिन्छ। आकाशको दृष्टान्तद्वारा उक्त ती तीनैका भेद केहीकेही बुझ्न सकिन्छ। जुन आकाश अनन्त घटहरूमा समानरूपले व्याप्त रहेको छ, उसलाई वेदान्तको परिभाषामा महाकाश भनेको छ र जो कुनै एक घटको भित्र सीमित छ उसलाई घटाकाश भनेको छ। महाकाश समकक्ष परमात्मा हो, घटाकाशको समकक्ष आत्मा अथवा शुद्ध चेतन छ र जलले भरिएको घड़ाको भित्र रहने जलसहित आकाशको स्थानमा जीवलाई सम्झनुपर्छ। यसलाई जीवात्मा पनि भनिन्छ। स्थूल, सूक्ष्म एवं कारण यी तीनै प्रकारका शरीरदेखि एक, दुइ वा तीनै शरीरमा सम्बन्ध हुनाले जीव संज्ञा हुन्छ। यिनमा पनि कारणशरीरको साथ त जीवको अनादि सम्बन्ध छ, महासर्गको आदिमा उसको सूक्ष्मशरीरको साथ सम्बन्ध हुन जान्छ, जो महाप्रलय पर्यन्त रहन्छ र देव—तिर्यक—मनुष्यादि योनिले संयुक्त हुँदा उसको स्थूलशरीरको साथ सम्बन्ध हुन्छ। एक शरीरलाई छोडेर जब यो जीव अर्को शरीरमा प्रवेश गर्दछ, त्यस समय पहिला शरीर छोड्ने र अर्को शरीरमा प्रवेश गर्नुको बीचको समयमा उसको सम्बन्ध सूक्ष्म र कारण दुवै शरीरमा रहन्छ र जब यो कुनै योनिको साथ सम्बद्ध रहन्छ,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

त्यस समय यसको स्थूल, सूक्ष्म र कारण तीनै शरीरमा सम्बन्ध रहन्छ।

(२१) प्र०—सुखदुःख कसलाई हुन्छ? शरीरलाई वा आत्मालाई? यदि शरीरलाई हुन्छ भने शरीर त जड पदार्थहरूबाट बनेको छ, जड पदार्थहरूलाई सुख-दुःखको अनुभव कसरी हुन सक्छ? शरीर त मरण भएपछि पनि केही कालको लागि कायम नै रहन्छ, त्यस समय उसलाई केही पनि अनुभूति हुँदैन। उसो भए सुख-दुःखको अनुभूति आत्मालाई हुन्छ भनौं भने पनि युक्तिङ्गसत थाहा हुँदैन; किनभने गीता आदि शास्त्रहरूमा आत्मालाई निर्लेप, साक्षी एवं जनम-मरण तथा सुखदुःखादिले रहित छ भनी वर्णन गरेको छ। यसको अतिरिक्त चीर-फाड गर्ने समयमा डाक्टरहरू रोगीलाई क्लोरोफार्म सुँघाएर बेहोश गरिदिन्छन्। आत्मा त त्यस समयमा पनि मौजूद रहन्छ फेरि रोगीलाई कष्टको अनुभव किन हुँदैन?

उ०—सुख-दुःखको भोक्ता न केवल शरीर हो र न शुद्ध आत्मा नै हो। तब फेरि यसको भोक्ता को हो त भन्ने प्रश्न उठन् सक्छ। त्यसको उत्तर यो हो कि शरीरको साथ सम्बद्ध भएको यो जीव नै सुख-दुःखको भोक्ता हो। गीतामा पनि भनेको छ—

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान् गुणान्
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु।

(१३।२१)

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रकृतिमा स्थित भएको पुरुष नै प्रकृतिदेखि उत्पन्न त्रिगुणात्मक पदार्थहरूको भोक्ता हो र यी गुणहरूका संग नै जीवात्माको असल-खराब योनिहरूमा जन्म लिनु हो ।

योगसूत्रमा पनि महर्षि पातञ्जलिले यस्तै कुरा बताउँनु भएको छ—

द्रष्टृदृश्ययोः संयोगो हेयहेतुः ।

(यो० द० २।१७)

द्रष्टा र दृश्य अर्थात् पुरुष र प्रकृतिको संयोग नै हेय अर्थात् दुःखको हेतु हो।

यस संयोगको कारण अविद्या अर्थात् अज्ञान हो—

तस्य हेतुरविद्या ।

(यो० द० २।२४)

अज्ञानको कारण नै चेतन आत्मालाई म देह हुँ भनी यस्तो मान्न लाग्छ र सुखीदुःखी बन्द छ । यस अविद्यारूप कारणको नाश भएपछि उक्त संयोगरूप कार्यको पनि नाश हुन जान्छ, यसै आत्मालाई कैवल्य अर्थात् मोक्ष भनिन्छ—

तदभावात् संयोगाभावो हानं तद्दृशेः कैवल्यम् ।

(यो० द० २।२५)

समाधि, मस्त निद्रा, सुषुप्ति तथा मूर्च्छाको समय सुख-दुःखको अनुभव हुँदैन । यसको कारण यो छ कि त्यस समयमा मन-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

बुद्धि जो सुख-दुःखको अनुभूति द्वार हो त्यो आफ्नो कारणरूप प्रकृतिमा लीन हुन्छ। यसकारण डाक्टरहरू चीर-फाडको समय क्लोरोफार्म आदिको प्रयोग गरेर कृत्रिम मूर्च्छाको स्थिति ल्याउँद्छन्। महाप्रलयको समय जब जीवको केवल कारणशरीरको साथ सम्बन्ध रहन्छ, त्यस समयमा पनि सुख-दुःखको अनुभव हुँदैन। सुख-दुखको अनुभव सूक्ष्मशरीरकोसाथ सम्बन्ध हुनाले मात्र हुन्छ। अतएव जाग्रत्-अवस्था अथवा स्वप्नावस्थामा नै सुख-दुःखको अनुभव हुन्छ। स्वप्नावस्थामा स्थूल-शरीरको साथ सम्बन्ध नरहे पनि मन-बुद्धिको साथमा त सम्बन्ध अवश्य रहन्छ। अतएव त्यस समयमा जीवलाई प्रत्यक्षवत् नै सुख-दुःखको अनुभूति हुन्छ।

(२२) प्र०—तपले नै म संसारको उत्पत्ति गर्दछु, तपले नै कल्पको अन्तमा त्यसलाई आफूमा लीन गर्दछु र तपले नै त्यस-लाई पालन गर्दछु, ईश्वर तप नै मेरो वीर्य र वल हो भनी विष्णु-भगवान्‌ले श्रीमद्भागवतमा ब्रह्माजीलाई भन्नु भएको छ। वेदान्ती-हरू संसारलाई मनले कल्पना गरेको हो भन्दछन्। अब कुन कुरालाई सत्य मान्ने ?

उ०—दुवै कुरा ठीक छन्, किनभने विष्णुभगवान्‌ले त्यसो नभनेको भए कर्मको महत्व पनि केही रहँदैनथ्यो। ज्ञानवान्‌का लागि मनको संकल्पबाट सृष्टि भएको हो। कर्मनिष्ठाका लागि भगवान्‌ले सृष्टि गर्नु भएको हो। जस्तै एकै मृगतृष्णा ज्ञानीहरूका निमित्त अकर्ता, अज्ञानीहरूका निमित्त कर्ता हुन जान्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

चित्तको वृत्ति रोकिएमा मन निश्चल शान्त हुन्छ । मनको स्पन्द शान्त भएमा संसारको लय हुन्छ । संसार मनले कल्पना गरिएको हो । कल्पना गर्ने नभएपछि कल्पना गरिने वस्तु पनि हुँदैन, त्यस्तै संसार हो ।

(२३) प्र०—जीवको कति जाति हुन्छ र कति भेद हुन्छ ?

उ०—आत्मरूपले जीव एकै छ; परन्तु शरीरको सम्बन्ध भेदले उसका अनन्त जातिहरू छन् । स्वेदज, अण्डज, उद्भिज र जरायुज भेदले अनन्त भेद भै चौरासी लाख जातिहरू मानिएका छन् ।

(२४) प्र०—कर्ता-हर्ता भगवान् हुन कि होइनन् ?

उ०—शरीरको कर्ता-हर्ता त ईश्वर हुन् । जीव आत्मरूपले अनादि छ, उसको कर्ता कोही पनि छैन ।

(२५) प्र०—जीव र कर्म एकै वस्तु हो कि भिन्नभिन्न छ ?

उ०—जीव र कर्म एकदम भिन्न छ । जीव चेतन र नित्य छ । कर्म जड र अनित्य छ ।

(२६) प्र०—जीवको साथ कम छ कि छैन ?

उ०—जीवको कर्म अनादि छ र जबसम्म उसलाई सम्यक् ज्ञान हुँदैन तबसम्म साथमा रहन्छ ।

(२७) प्र०—गति कति प्रकारका हुन्छन् ?

उ०—गति अर्थात् मुक्ति दुइ किसिमका हुन्छन् ? शरीर रहेर पनि सम्यक् ज्ञान प्राप्त भयो भने जीवनमुक्ति हुनसक्छ, जीवित अवस्थामा नै त्यो पुरुष मुक्त हुनजान्छ । यसकारण

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding

त्यसलाई जीवनमुक्त भन्दछन्। त्यसको शरीरको कार्य पनि प्रारब्धानुसार चलेर रहन्छ। यस्तो जीवन्मुक्त स्थिति बताउँदै भगवान् श्रीकृष्ण भन्नु हुन्छ–हे अर्जुन! जो पुरुष सत्त्वगुण, रजोगुण र तमोगुणका कार्यरूप मोहमा प्रवृत्त हुँदा पनि न खराब मान्दछ र न निवृत्ति हुँदा पनि उसलाई आकांक्षा नै गर्दछ, जो साक्षीको सदृश्य स्थित गुणहरूकोद्वारा विचलित गराउँन सकिन्न र गुण नै गुणमा रहन्छ भनी सम्झेको छँदा सच्चिदानन्दघन परमात्मामा एकै भावले स्थित रहन्छ, त्यस स्थितिबाट कहिले विचलित हुँदैन र जो निरन्तर आत्मभावमा स्थित भई सुखदुःखलाई समान सम्झन्छ तथा माटो, ढुङ्गा र सुवर्णमा समान भाव भएको र धैर्यवान् छ तथा जो प्रिय—अप्रियलाई बराबर मान्दछ, आफ्नो निन्दा–स्तुतिको पनि समान सम्झन्छ, मानअपमानमा सम छ, शत्रु–मित्रमा पनि सम छ, त्यस्ता पुरुषलाई कर्तापनको अभिमान रहित भएको हुन्छ, यस्ता पुरुषलाई गुणातीत भनिन्छ र गुणातीत नै जीवनमुक्त हो। आर्को विदेहमुक्ति मरणको अनन्तर हुन्छ। अत्यन्त माथिल्लो स्थितिमा मर्ने चाहिंको यही गति हुन्छ। अर्थात् जो अन्तकालमा यस निष्ठामा स्थित भई ब्रह्म नै आफूलाई मानिरहेको हुन्छ।

(२८) प्र०—उद्देश्यहीन एवं निष्काम कर्ममा के अन्तर छ?

उ०—उद्देश्यहीन कर्म एवं निष्काम कर्म दुइ पृथक् वस्तु हुन्। उद्देश्यहीन कर्म व्यर्थ हुनाको कारण प्रमादस्वरूप, तमोगुणको कार्य एवं आत्मामा हानि पुराउने हुन्छ। शास्त्रमा यसलाई निषेध गरिएको छ, परन्तु निष्काम कर्मले भने अन्तःकरणलाई पवित्र तुल्याउँछ, परमात्माप्राप्तिमा सहायक बनी कर्मबन्धनदेखि छुटाउँछ। निष्काम कर्म उद्देश्यहीन होइन, किन्तु फलेच्छा रहित अवश्य हुन्छ। जुन किसिम एक नोकर स्वामीको आज्ञा–पालन

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्नलाई कर्तव्य मानेर स्वामीलाई प्रसन्न गर्नाको लागि कर्म गर्दछ, उसको उद्देश्य केवल मालिकलाई प्रसन्न गर्नु र उनको आज्ञा पालन गर्नुमा छ। यसको अतिरिक्त उ कर्मको कुनै फलमा केही सम्बन्ध राख्तैन। फलको भोगी त मालिक नै हुन्छ। यस्तै किसिमले परमपिता परमेश्वरको आज्ञापालन गर्दै कर्मफलको इच्छा त्याग गरेर केवल भगवत्प्रीत्यार्थ कर्तव्य पालन गरेको कर्म निष्काम कर्म हुन्छ, यिनमा आसक्ति र ममताको स्थान रहँदैन।

(२९) प्र०—गन्तव्य स्थानको निश्चय बिना मार्गमा हिंड्नु कसरी सम्भव हुन्छ ? किनभने प्रायः यस्तो देखिन्छ कि कुनै पनि कार्य लक्ष्य स्थिर नगरीकन हुँदैन ?

उ०—उत्तम उद्देश्य यानी परमात्माको प्रसन्नताको लक्ष्य राखेर कर्म गर्नु पर्छ। उद्देश्य राख्नु पाप होइन। इच्छा, कामना, आसक्ति र ममता यी पापका मूल हुन्।

(३०) प्र०—प्रायः यस्तो हुन्छ कि मन जता जान्छ इन्द्रियहरू पनि उतै जान्छन्, मनको आज्ञा बिना कर्मइन्द्रियहरू केही कर्म गर्न समर्थ हुँदैनन्, यदि गरिहाले पनि ठीक हुँदैन। यदि मन नै ईश्वरमा लागिरह्यो भने इन्द्रियहरू सांसारिक काम कसरी गर्न सक्छन् ? फेरि 'तनले काम, मनले राम' 'मच्चित्ता मद्गतप्राणाः' को साथ 'युध्यस्व' कसरी हुन्छ ?

उ०—यद्यपि आरम्भमा 'तनले काम, मनले राम' अति कठिन छ, किनभने यो स्वाभाविक कुरा हो कि मन जता जान्छ इन्द्रियहरू पनि उतै जान्छन्, परन्तु विशेष अभ्यास गर्नाले यस स्वभावको परिवर्तन हुन सक्छ अर्थात् यो बानी बदलिन सक्छ। भगवान् श्रीकृष्णले गीतामा भन्नु भएको छ—

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

. In Public Domain. Digitization by eGangotri.Funding:

(१)

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पित मनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥

(८।७)

हे अर्जुन ! तिमी सबै समय निरन्तर मेरै स्मरण गर र युद्ध पनि गर, यस किसिमले मन-बुद्धि ममा अर्पण गर्नाले तिमी निःसन्देह मैमा नै प्राप्त हुनेछौ ।

यदि यस्तो सम्भव नहुँदो हो त भगवान् यसलाई निर्देश नै कसरी गर्नु हुन्च्यो ? यदि युद्ध गर्दागर्दै पनि भगवान्मा मन बुद्धि लगाउँन सकिन्छ भने अरू कामहरू गर्दा भगवान्मा मन-बुद्धि लगाउँनमा कुन कठिनताको कुरा हो र ?

मनको मुख्य वृत्तिलाई ईश्वरमा लगाएर गौणवृत्तिले अन्य कार्यहरू गर्नु त साधारण कुरा हो, सहज साध्य छ, किनभने मनुष्यहरूमा प्रायः यस्तो देखिन्छ कि मन कुनै ठाउँमा रहेको छँदा पनि पुस्तक पढिरहेका हुन्छन् । अतः इन्द्रियहरूका कार्य मन अर्कै ठाउँमा रहोस ता पनि हुन सक्छ ।

(३१) प्र०—यो प्राण कहाँबाट उत्पन्न हुन्छ ? कुन किसिमले यस शरीरमा आउँछ ? तथा आफ्नो विभाग गरेर कुन प्रकार स्थित हुन्छ ? फेरि कुन तरीकाले बाह्य एवं आभ्यन्तर शरीरधारण गर्दछ ?

उ०—प्राण आत्माबाट उत्पन्न हुन्छ । जुन किसिमले मनुष्य शरीरदेखि छायाँ उत्पन्न हुन्छ, त्यस्तै किसिमले आत्मामा प्राण व्याप्त छ तथा यो मनोकृत सङ्कल्पादिले शरीरमा आउँदछ ।

जुन किसिमले लोकमा राजा नै ग्रामादिमा अधिकारीहरू-लाई नियुक्त गर्दछन् कि फलानोफलानो ग्रामहरूमा बसी त्यहाँ हेरचाहा गरोस् भन्ने उद्देश्यले । यस्तै किसिमले मुख्य प्राण पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो भेदस्वरूप चक्षु आदि अन्य प्राणहरूलाई अलगअलग तिनका स्थानका अनुसार स्थापित गर्दछ यानी नियुक्त गर्दछ।

त्यो (प्राण) गुदा र उपस्थमा अपानवायुलाई नियुक्त गर्दछ र मुख तथा नाकद्वारा निक्लेर नेत्र एवं श्रोत्रमा स्वयं स्थित हुन्छ तथा मध्यमा समान रहन्छ। यो समानवायुले नै खाएको-पिएको पदार्थहरूलाई समभावले शरीरको सर्वत्र भागमा पुऱ्याउँछ। त्यस जठराग्निबाट दुइ नेत्र, दुइ कर्ण, दुइ नासारन्ध्र र एक रसना यी सात ज्वालाहरू उत्पन्न हुन्छन्।

यो आत्मा—आत्मा सहित लिङ्गदेह अर्थात् जीवात्मा हृदयमा यानी कमलको जस्तो आकारवान् मांसपिण्डदेखि परिच्छिन्न हृदयाकाशमा रहन्छ। यस हृदयदेशमा एकसयएक नाडीहरू छन्। त्यसमा एकएकको सयसय शाखाहरू छन् र त्यसमध्य प्रत्येकका बहत्तरबहत्तर हजार प्रतिशाखा नाडीहरू छन्। यी सब नाडीहरूमा व्यानवायु संचार गर्दछ।

तथा ती एकसयएक नाडीहरूमध्य सुषुम्णा नाम गरेको एक ऊर्ध्वगामिनी नाडी छ, त्यस एककोद्वारा नै माथितिर जाने भएको अर्थात् चरणदेखि शिरसम्म सञ्चार गर्ने भएको उदानवायु (जीवात्माको) पुण्य कर्म यानी शास्त्रोक्त कर्मले देवादि स्थान-रूप पुण्यलोक प्राप्त गरिदिन्छ तथा त्यसदेखि विपरीत पापकर्म-द्वारा पापलोक अर्थात् तिर्यग्योनि आदि नरकमा लिएर जान्छ तथा पुण्य पाप दुवै प्रकारका (मिश्रित) कर्महरूद्वारा उसलाई मनुष्यलोक प्राप्त गराउँछ।

निश्चय आदित्य नै बाह्य प्राण हुन्। उनै यस चाक्षुषनेत्रेन्द्रियस्थित प्राणमा अनुग्रह गर्दै उदित हुन्छन्। पृथ्वीमा जो देवता छन् तिनले पुरुषको अपानवायुलाई आकर्षण गरेकाछन्। यी दुवैका बीचमा जो आकाश छ त्यो समान छ र वायु नै व्यान हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: M

DATE DUE

प्रतः जसको
ीन भएको
जान्छ।
ो सहित नै
त्तिमा प्राप्त
द्रियवृत्तिवान्
तेज अर्थात्
साथ सम्मि-
ण नै त्यस
ो अभिप्राय

को पुत्रपौत्रा-
शरीर पतित
उ असर हुन्

श्वधा।

यामृत-
इति ॥
पनिषद् ३।१२

प्राण … स्थान, व्यापकता एवं बाह्य र आध्या … को स्थिति जानेर मनुष्य अमरत्व प्राप्त ग … गरिलिन्छ।

सर्वे … नः सर्वे सन्तु निरामयः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः॥

❀ समाप्त ❀

NR66
G-07

lepal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding: I

वाल्मीकिविद्यापीठपुस्तकालयः

8685

AUTHOR गौतमे रामबहादुर

TITLE वेदान्त - संग्रह

NRCG
GOT
2018

8689

सरस्वती नःसुभगा मयस्करत्
महेन्द्र-संस्कृत-विश्वविद्यालयः
म
MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

प्रस्तुत 'वेदान्त-संग्रह' पुस्तकको
एक बाँकी छ, त्यो पनि
यथाशीघ्र नै प्रकाशित
हुनेछ ।

पुस्तक पाइने ठेगाना :—

रत्न पुस्तक भंडार	भोटाहिटी, काठमाडौं
हरेक पुस्तक भंडार	,, ,,
श्री रत्नदास श्रेष्ठ	,, ,,
लेखकको घर	लाजिम्पाट, काठमाडौं

मूल्य:— ने० रु० ३ ।
भा रु० २ ।

मुद्रक—महादेव प्रसाद, दीपक प्रेस १७।२७८ नईसर वाराणसी ।

epal Sanskrit University, Balmeeki Campus, Kathman